# संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारुप महासन्धिबाट रेडप्लसका लागि जारी गरिएका सुरक्षण सिद्धान्तहरूको नेपालमा सम्बोधन र पालना गरिएको सम्बन्धी पहिलो सूचना-सारांश

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र

वैशाख २०८२

# संयुक्त राष्ट्र संघीय जलवायु प्रारुप महासन्धिबाट जारी गरिएका सुरक्षण सिद्धान्तहरूको नेपालमा सम्बोधन र पालना गरिएको सम्बन्धी पहिलो सूचना-सारांश

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल काठमाण्डौ

वैशाख २०८२

# कार्यकारी सारांश

करिब एक दशकको अन्तर्राष्ट्रिय छलफल र वार्तापछि डिसेम्बर २०१३ मा पोल्याण्डको वार्सामा सम्पन्न संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारुप महासन्धि (युएनएफसीसीसी) का पक्षराष्ट्रहरूको १९औं सम्मेलनमा रेडप्लसका प्रमुख विषयहरू पारित गरियो[1] भने यिनलाई सम्बन्धी पेरिस सम्झौता, २०१५ मा समेत समावेश गरियो[2]। रेडप्लस यस महासन्धि अन्तर्गतको अन्तर्राष्ट्रिय न्यूनीकरण नीति हो । वन विनाश र वनको क्षयीकरणबाट हुने उत्सर्जन घटाउनु वन कार्बन संचितिको संरक्षण गर्नु, वनको दिगो व्यवस्थापन गर्नु र वन कार्बन संचिति अभिवृद्धि गर्नु नै रेडप्लसको उद्देश्य हो । यी उद्देश्यहरू महासन्धिको धारा २ मा उल्लिखित उद्देश्य (जलवायु प्रणालीमा मानवका हानिकारक क्रियाकलापबाट सिर्जित समस्या रोक्न सक्ने गरी वायुमण्डलमा हरितगृह ग्यासको अनुपातलाई स्थिर राख्ने) उद्देश्य अनुरुप छन् ।यस अनुसार रेडप्लसमा सहभागी हुने विकासशील देशले वनबाट हुने कार्बन उत्सर्जन घटाई न्युनीकरण गरे बापत आर्थिक प्रोत्साहन प्राप्त गर्दछन् ।

रेड प्लसको उद्देश्य विश्व तापमानलाई सीमित गर्नु मात्र नभई विकासशील देशहरूमा दिगो विकास लक्ष्यहरू हासिल गर्न सहायता गर्नु पनि हो। तथापि, रेडप्लसलाई सावधानी पूर्वक तर्जुमा र कार्यान्वयन गर्न सकिएन भने यसले लाखौंका संख्यामा रहेका वनमा आश्रित समुदाय, आदिवासी जनजाति, स्थानीय समुदाय र सामाजिक रूपमा सीमान्तकृत समूहहरूलाई जोखिममा पार्न सक्छ भन्ने चिन्ता पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूले व्यक्त गर्दै आएका छन् । यस्ता सम्भावित वातावरणीय र सामाजिक जोखिमहरूको कारणले गर्दा रेडप्लसको ढाँचामा "सुरक्षण" को महत्व स्वीकार गरिएको हो। यस अनुरुप सन् २०१० मा मेक्सिकोको क्यानकुन शहरमा आयोजित महासन्धिका पक्षराष्ट्रहरूको १६ औं सम्मेलनले रेडप्लस सम्बन्धी सातवटा विस्तृत सुरक्षण सिद्धान्तहरूमा सहमति भयो। यी सिद्धान्तहरूलाई युएनएफसीसीसीका रेडप्लस सुरक्षण सिद्धान्त वा क्यानकुन सिद्धान्त भनिन्छ । क्यानकुनमा सहमति भएको रेडप्लस सम्बन्धी निर्णय महासन्धि अन्तरगतको दीर्घकालीन सहकारी कार्यक्रमको तदर्थ कार्यदलको प्रयासबाट भएको हो । सो निर्णयको परिच्छेद ७० मा रेडप्लस उल्लेख गरिएको छ भने सुरक्षणहरू उक्त निर्णयको परिशिष्ट १ को परिच्छेद २ मा वर्णन गरिएको छ[3]।

युएनएफसीसीसी अन्तर्गत रेड प्लसमा संलग्न विकासशील देशहरूले नतिजामा आधारित भुक्तानी पाउनका लागि देहायका तीनवटा आधारभूत सुरक्षण सम्बन्धी आवश्यकताहरू पूरा गर्नुपर्दछ[4] :

1. **क्यानकुन सुरक्षण:** देशहरूले सम्पूर्ण रेड प्लस प्रक्रिया भरी सातवटा क्यानकुन सुरक्षण सिद्धान्तको सम्बोधन र सम्मान गर्नु पर्दछ ।

---

[1] https://redd.unfccc.int/fact-sheets/warsaw-framework-for-redd.html

[2] https://unfccc.int/sites/default/files/english_paris_agreement.pdf

[3] https://unfccc.int/resource/docs/2010/cop16/eng/07a01.pdf#page=12

[4] Ibid; https://unfccc.int/resource/docs/2011/cop17/eng/09a01.pdf

2. **सुरक्षण सूचना प्रणाली:** क्यानकुन सुरक्षणका सिद्धान्तहरूको कसरी संबोधन र सम्मान गरिएको हुन्छ सो सम्बन्धी जानकारी गराउने राष्ट्रिय प्रणालीको स्थापना गर्नु पर्दछ ।

3. **सूचनाको सारांश:** रेड प्लस कार्यान्वयनको सम्पूर्ण प्रक्रियामा क्यानकुन सुरक्षण सिद्धान्तहरूको कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारी गराउन सूचनाको सारांश प्रतिवेदन पेश गर्नु पर्दछ।

यी आवश्यकताहरू र अन्य सुरक्षण सम्बन्धी नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुरक्षण सम्बन्धी राष्ट्रिय दृष्टिकोणको कार्यविधि तर्जुमा गरिएको छ, जसमा देहायका तीनवटा मुख्य बुँदाहरु समावेश छन्:

1. नीति, कानून र नियमावली: क्यानकुन सिद्धान्तका साथै अन्य सुरक्षणका उपाय सहित रेडप्लस कार्यक्रम कार्यान्वयन गर्न के के आवश्यक छन् भन्ने विषय लिखित रुपमा नीति, कानून र नियमावलीमा व्यवस्था भएको हुनु पर्ने ।

2. संस्थागत व्यवस्था: यस्ता नीति, कानून र नियमावलीको ब्यबहारमै कार्यान्वयनको सुनिश्चितता हुने गरी संगठनहरुको अधिकार, कार्यविधि र क्षमताको व्यवस्था मिलाउने । व्यवस्था: सम्बन्धित नीति, कानून र नियमहरू कार्यान्वयन हुने सुनिश्चित गर्न संस्थाहरूको अधिकार, प्रक्रिया र क्षमता निर्धारण गर्ने।

3. सूचना प्रणाली र सूचना प्रणालीको स्रोत: रेडप्लस कार्यक्रमको सम्पूर्ण कार्यान्वयन प्रक्रियमा क्यानकुन सुरक्षणका सिद्धान्तहरू कसरी सम्बोधन र सम्मान गरिएका छन् भन्ने विषयमा जानकारी संकलन गर्ने र उपलब्ध गराउने।

नेपालले रेडप्लस कार्यक्रममा सहभागी हुने तयारी सन् 2007 मा बालीमा सम्पन्न पक्ष राष्ट्रहरूको १३ औं सम्मेलनबाट बाली कार्ययोजना पारित भए पछि नै शुरु गरेको हो । यो प्रक्रिया नेपालले सन् 2008 मा विश्व बैंकबाट संचालित फरेष्ट कार्बन पार्टनरसिप फ्यासिलिटीमा रेड परियोजनाको प्रारम्भिक अवधारणा पत्र (आरपिन)[5] पेश गरे पश्चात औपचारिक रुपमा शुरु भएको हो ।यस लगत्तै नेपाल अक्टोबर 2009 मा युन-रेडको अवलोकनकर्ता सदस्य पनि बन्यो।

नेपालले रेडप्लस तयारी परियोजनाका पहिलो र दोस्रो चरण सफलतापूर्वक पूरा गरेपछि कार्यान्वयन चरणमा प्रवेश गरेको हो। यस क्रममा फेब्रुअरी 2021 मा विश्व बैंकसँग उत्सर्जन न्यूनीकरण भुक्तानि संझौता (अर्पा) मा हस्ताक्षर गरियो । सो अनुसार तराइ भूपरिधिका 13 जिल्लामा कार्यान्वयन भएको नेपालको पहिलो न्युनीकरण कार्यक्रमबाट नतिजामा आधारित भुक्तानिको दावी गरिएको छ । नेपालले 2018 जूनदेखि 2021 डिसेम्बरसम्मको अवधिमा उत्सर्जन न्यूनीकरण गरे बापत पहिलो किस्ता सन् 2025 को दोस्रो अर्ध वार्षिकमा प्राप्त गर्ने अपेक्षा गरिएको छ । यो भुक्तानि विश्व बैंकले उत्सर्जन न्यूनीकरणको अनुमोदन र प्रमाणीकरण गरेपछि प्राप्त हुनेछ।

नेपाल अहिले विश्वका केही विकसित पक्षराष्ट्रहरु समेत मिलेर रेडप्लसका लागि गठन गरिएको "वन वित्तको वृद्धिबाट उत्सर्जन न्यूनीकरण" ( लिफ गठबन्धन) मा सहभागी भई दोस्रो रेडप्लसको तयारी गरिरहेको छ ।यस अन्तर्गत रेडप्लसका लागि संरचना (आर्किटेक्चर फर रेडप्लस) र सुरक्षण सम्बन्धी वातावरणीय उत्कृष्टता मापदण्ड (आर्ट-ट्रिज) समेत पर्दछन् । संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठन (एफ ए ओ) र वातावरण कार्यक्रम (युनेप) को प्राविधिक

[5] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal_FCPF_R-PIN_Final_submitted_31-07-08.pdf

सहयोगमा रेड कार्यान्वयन केन्द्रले सुरक्षण सूचना प्रणाली सहित यस लिफ गठबन्धन कार्यक्रमलाई अगाडि बढाइरहेको छ ।

यस पहिलो सूचना-सारांशको मुख्य उद्देश्य भनेको सन् २०१८ देखि २०२३ को अवधिमा रेडप्लस कार्यान्वयन गर्दा क्यानकुन सुरक्षणका उपायहरू कसरी सम्बोधन र सम्मान गरिएका छन् भन्ने बारे जानकारी उपलब्ध गराउनु हो। यस अनुसार नेपालले सुरक्षण उपायहरूको कार्यान्वयन र सूचना-सारांश तयार गरी युएनएफसीसीसीको निर्णय संख्या 9/सीपी19 अन्तर्गतको आवश्यकता पूरा गरेको छ । यो सूचना-सारांशबाट सोही महासन्धिको निर्णय संख्या 2/सीपी17 अनुसार नतिजामा आधारित भुक्तानी पाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवालाहरूसँग सुरक्षण सम्बन्धी प्रगतिको जानकारी गराउन मदत पुग्दछ ।

माथि उल्लिखित सामान्य उद्देश्यका अतिरिक्त सूचना-सारांशको विशिष्ट उद्देश्यहरू देहाय बमोजिम छन्:

- रेडप्लस कार्यान्वयन गर्दा क्यानकुन सुरक्षणका उपायहरू सम्बोधन र सम्मान गर्ने विषयमा राष्ट्रिय परिस्थिति सम्बन्धी जानकारी गराउने।
- प्रत्येक सुरक्षण उपायको विवरण राष्ट्रिय परिस्थिति अनुसार दिने।
- राष्ट्रिय परिस्थिति अनुसार सुरक्षण उपायहरू सम्बोधन र सम्मान गर्न नेपालको सुरक्षण सूचना प्रणाली सहित के कस्ता संस्थागत व्यवस्था, प्रणाली र प्रक्रियाहरू छन् तिनको बारेमा जानकारी गराउने।
- प्रत्येक सुरक्षण उपायलाई कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारी राष्ट्रिय परिस्थितिअनुसार प्रस्तुत गर्ने।

यो सूचना-सारांश आदिवासी जनजाति र स्थानीय समुदायका प्रतिनिधिहरू सहित विभिन्न सरोकारवाला समूहहरूसँग छलफल गरी तयार गरिएको हो। यसले राष्ट्रिय रेडप्लस सुरक्षण उपाय संरचनामा रहेका केही रिक्तताहरू पहिचान गरेको छ र तिनलाई सम्बोधन गर्नका लागि आवश्यक उपायहरू सुझाएको छ।

यो सूचना-सारांश सन् २०१८-२०२३ अवधिका लागि तयार गरिएको हो तापनि यसमा हालै संशोधन गरिएका प्रमुख नीति, कानून र नियमावलीहरूबारे समेत जानकारी दिइएको छ । साथै सन् २०२३ पछि सुरक्षण उपायहरूलाई सम्बोधन र सम्मान गर्ने गरी विकास भइरहेका वा लागू भइरहेका केही महत्त्वपूर्ण उपायहरूको विवरण पनि यसमा दिइएको छ।

यी उपायहरूको थप विवरण र सुरक्षण सिद्धान्तको कार्यान्वयनलाई अझ प्रभावकारी बनाउन गरिने आगामी कदमहरूको विवरण क्रमिक रूपमा आउने अन्य सूचना-सारांशहरूमा उपलब्ध गराइनेछ।

# दस्तावेजमा प्रयोग भएका संक्षिप्त शव्दहरूको रुप

| | |
|---|---|
| अर्पा | इमिशन रिडक्सन पेमेन्ट एग्रिमेन्ट (उत्सर्जन न्यूनीकरण भुक्तानी संझौता) |
| अ.दु.अ.आ. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| आ.एल.ओ.सी. | इन्टर्न्यास्नल लेबर अर्गनाइजेशन कन्भेन्सन (अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि) |
| आर्ट | आर्किटेक्चर फर रेडप्लस ट्रान्जेक्सन्स (लिफ संयन्त्रले रेडप्लस कारोबारका लागि अबलम्बन गरेको कार्यविधि) |
| आरपीपी | रेडिनेश प्रिपेरेशन प्रोपोजल (रेडप्लस तयारीको प्रस्तावना) |
| आरपीन | रेडिनेस प्रिपेरेशन प्लान (रेडप्लसको तयारी योजना वा अवधारणा-पत्र) |
| इआरपीडी | इमिशन रिडक्शन प्रोग्राम डकुमेन्ट (उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्ताबेज) |
| एफपिक | फ्रि प्रायर इन्फर्म्ड कन्सेन्ट (स्वतन्त्र पूर्व सूचित सहमति वा मञ्चूरी) |
| एफसीपीएफ | फरेष्ट कार्बन पार्टनरसिप फ्यासिलिटी (विश्व बैंकको रेडप्लस कार्यक्रम संचालन गर्ने संयन्त्र) |
| एकोफन: | साझेदारी वन उपभोक्ता महासंघ, नेपाल |
| ट्रीज | द रेडप्लस इन्भाइरन्मेन्टल एक्सिलेन्स स्ट्यान्डर्ड (रेडप्लसको वातावरणीय उत्कृष्टता मापदण्ड) |
| डी.व.का. | डिभिजन वन कार्यालय |
| फेकोफन: | सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल |
| नेफिन: | नेपाल आदिवासी जनजाति महासंघ |
| युएनएफसीसीसी | युनाइटेड नेशन्स फ्रेमवर्क कन्भेन्शन अन क्लाइमेट चेन्ज (संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारूप महासन्धि) |
| रेडप्लस: | विकासशील देशमा वन विनाश र वनको क्षयीकरण घटाई वन कार्बन संचितिको संरक्षण, वनको दिगो व्यवस्थापन र वन कार्बन संचितिको वृद्धि गरी वनबाट हुने उत्सर्जन घटाउने वा हटाउने र सो बापत भुक्तानी लिने-दिने विश्वब्यापी व्यवस्था |
| लिफ | लोअरिङ इमिसन्स बाइ एक्सिलिरेटिङ फरेष्ट फाइनान्स (वित्त बढाई उत्सर्जन घटाउने)--- विकसित देशहरू र निजी क्षेत्र मिली संयुक्त रुपमा रेडप्लसको कार्यक्रम संचालन गर्ने संयन्त्र |
| सीबीडी | कन्भेन्सन अन बायोलोजिकल डाइभर्सिटी (जैविक विविधता महासन्धि) |

# विषय सूची


**कार्यकारी सारांश ........ iii**

**दस्तावेजमा प्रयोग भएका संक्षिप्त शव्दहरूको रुप ........ vi**

**अध्याय १: परिचय ........ 1**

१.१ अन्तर्राष्ट्रिय नीतिको रुपमा रेडप्लस ........ 1

१.२ संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारूप महासन्धि अन्तर्गत रेडप्लस सुरक्षणका आवश्यकताहरू ........ 2

१.३ सुरक्षणको सम्बोधन र पालना सम्बन्धी प्रष्टीकरण ........ 4

१.४ युएनएफसीसीसीबाट सूचना-सारांश सम्बन्धी निर्देशन ........ 4

१.५ यस सूचना सारांशको उद्‌देश्य र समयावधि ........ 5

१.६ सूचना-सारांशको तर्जुमा प्रक्रिया ........ 6

**अध्याय २. नेपालको सन्दर्भमा रेडप्लस ........ 8**

२.१ नेपालको रेडप्लस विकास क्रम र संस्थागत व्यवस्था ........ 8

२.२ राष्ट्रिय रेडप्लस रणनीति ........ 11

२.३ नेपालको वनहरूको अवस्था ........ 12

२.३.१ नेपालका वनस्पति तथा पर्यावरणीय क्षेत्रहरू ........ 12

२.३.२ वन अधिकार र व्यवस्थापन प्रणाली ........ 14

२.४ अन्य पारिस्थितिकीय प्रणाली र जैविक विविधता ........ 14

२.५ वन विनाश र वनको क्षयीकरणका कारणहरू ........ 15

२.६ नेपालको वन आधार तह (२०००-२०१०) ........ 18

२.७ नेपालको रेडप्लसका पहलहरू ........ 19

२.७.१ विश्व बैंकको अन्तर्गत एफसीपीएफ रेडप्लस तयारी परियोजना ........ 19

२.७.२ विश्व बैंकको एफसिपीएफ अन्तर्गत उत्सर्जन न्यूनीकरण कार्यक्रम ........ 20

**अध्याय ३. रेडप्लस सुरक्षणका लागि नेपालले लिएको दृष्टिकोण ........ 25**

३.१ परिचय ........ 25

३.२ सुरक्षण प्रति नेपालको दृष्टिकोणका मुख्य तत्वहरू ........ 26

३.२.१ नेपालको सुरक्षण दृष्टिकोणका उद्‌देश्यहरु ........ 27

३.२.२ नेपालको सुरक्षण दृष्टिकोणको दायरा ........ 28

३.३ सुरक्षण सम्बन्धी प्रमुख प्रक्रिया र उपकरणहरू....................................................................32
३.३.१ रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन..................................................................32
३.३.२ स्वतन्त्र पूर्व सूचित सहमति (एफपिक) ..........................................................................32
३.३.३ लाभको बाँडफाँट ..................................................................................................34
३.३.४ गुनासो संबोधन संयन्त्र..............................................................................................37
३.३.५ विश्व बैंकको एफसीपीएफ अन्तर्गत विकास गरिएका सुरक्षण सम्बन्धी दस्तावेजहरू ........................39
**अध्याय ४: नेपालको सुरक्षण सूचना प्रणाली.........................................................................42**
४.१ परिचय र उद्देश्य...........................................................................................................42
४.२ सुरक्षण सूचना प्रणालीका जानकारी र कार्यहरू..........................................................................42
४.४ संस्थागत व्यवस्था ........................................................................................................44
**अध्याय ५: नेपालमा क्यानकुन सुरक्षणको सम्बोधन र पालना.......................................................45**
अनुसूची १: मस्यौदा सूचना सारांशमा परामर्श प्रक्रिया र अनलाइन पृष्ठपोषण...........................................132
अनुसूची २: रेडप्लससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि संझौताहरू...............................................................152
अनुसूची३. एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि गुनासो सम्बोधन संयन्त्र ...................................153
अनुसूची ४: नेपालका लागि क्यानकुन सुरक्षणका सिद्धान्त, मापदण्ड र सूचकहरू .........................................159
अनुसूची ५: अध्याय ५ मा सन्दर्भ दिइएका तथ्याङ्कहरूको तालिका ...........................................................173

**चित्रहरू**

चित्र नं. 1नेपालमा रेडप्लसको संस्थागत संरचना ............................................................................ 9
चित्र नं. 2 नेपालको २०००-२०१० को अवधिमा वार्षिक हरितगृह ग्यास उत्सर्जन र अवशोषण ............................19
चित्र नं. 3 विश्व बैंक तर्फको उत्सर्जन न्यूनीकरणको लाभ बाँडफाँट व्यवस्था तथा कोष प्रवाह संयन्त्र.................36
चित्र नं.4 रेडप्लस कार्यक्रमका लागि प्रस्तावित गुनासो सम्बोधन संयन्त्र (स्रोत: एफसीपीएफको इएसएमएफ)......156

**तालिकाहरू**

तालिका नं. 1 राष्ट्रिय निर्देशक समितिको संरचना...........................................................................10
तालिका नं. 2राष्ट्रिय रेडप्लस समन्वयन समितिको संरचना ..........................................................................10
तालिका नं.3 नेपालका वनस्पति प्रकार र पारिस्थितिक क्षेत्रको विवरण .........................................................13
तालिका नं.4 विभिन्न अध्ययन/रणनीतिहरूबाट पहिचान भएका कारणहरूको संक्षिप्त विवरण ...........................15
तालिका नं. 5 विश्वबैंकको एफसीपीएफ कार्यक्रम तर्फ अनुमानित उत्सर्जन न्यूनीकरण ....................................20
तालिका नं.6 एफसीपिएफसंग भएको संझौता बमोजिम अनुगमन-प्रतिवेदनको समयावधि र कूल उत्सर्जन ...........21
तालिका नं.7 उत्सर्जन न्यूनीकरण सम्झौता र प्रतिवेदन पेश गर्ने अवधि ......................................................22

तालिका नं. 8 लिफ गठबन्धन अन्तरगतको न्यूनीकरण कार्यक्रमको सारांश....................................................23
तालिका नं.9 नेपालमा रेडप्लससंग सम्बन्धित नीति, कानून र नियमहरू........................................................28
तालिका नं. 10 संकटासन्नताका आधारमा आदिवासी जनजातिहरूको वर्गीकरण................................................77
तालिका नं.11 एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि प्रस्तावित गुनासो सम्बोधन संयन्त्रको सारांश 157
तालिका नं. 12 आ.व. २०२२/२३ मा अ.दु.अ.आ.मा दर्ता तथा फर्यौट भएका उजुरीहरूको विवरण.......................173
तालिका नं.13 वन तथा वातावरण मन्त्रालयको शासकीय सुधार शाखामा प्राप्त उजुरी/गुनासोको विवरणहरू ........174

# अध्याय १: परिचय

## १.१ अन्तर्राष्ट्रिय  नीतिको रुपमा रेडप्लस

लामो अन्तर्राष्ट्रिय छलफल र वार्तापछि वन विनाश र वनक्षयीकरणबाट हुने उत्सर्जन घटाउने  वन कार्बन सञ्चितिको संरक्षण गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने कार्यलाई सन् २०१३ मा वार्सा फ्रेमवर्क[6] र २०१५ मा पेरिस  सम्झौतामा[7] समावेश गरियो। हाल रेडप्लस  युएनएफसीसीसी (अन्तर्गतको एक अन्तर्राष्ट्रिय  न्यूनीकरण नीति हो।

महासन्धिको धारा २ मा उल्लेख गरिएको "जलवायु प्रणालीमा मानवका हानिकारक क्रियाकलापबाट सिर्जित समस्या रोक्न सक्ने गरी वायुमण्डलमा हरितगृह ग्यासको अनुपातलाई स्थिर राख्नु" नै रेडप्लसको उद्देश्य हो । । यस पहलमार्फत न्यूनीकरणमा योगदान गर्ने देशहरूले वनमा आधारित उत्सर्जन घटाउने र कार्बन-सञ्चिति बढाए बापत वित्तीय प्रोत्साहन प्राप्त गर्दछन्।

रेडप्लसमा पाँच प्रमुख गतिविधिहरू समावेश छन्[8]:
(क) वन विनाशबाट हुने उत्सर्जन घटाउने।
(ख) वन क्षयीकरणबाट हुने उत्सर्जन घटाउने।
(ग) वन कार्बन-सञ्चितिको संरक्षण गर्ने।
(घ) वनको दिगो व्यवस्थापन गर्ने।
(ङ) वन कार्बन-सञ्चिति अभिवृद्धि गर्ने।

रेडप्लस  कार्यहरू भन्नाले यी गतिविधिहरूलाई कार्यान्वयन गर्न योजना गरिएका वा कार्यान्वयन भइरहेका राष्ट्रिय वा प्रादेशिक नीतिहरू र उपायहरू जनाउँछ। यसमा राष्ट्रिय रणनीति र कार्यक्रम, क्षमता अभिवृद्धि, प्रादेशिक परियोजना, नीतिहरू र कानून निर्माण आदि समावेश हुन्छन्।

विकासशील देशहरूले रेड प्लसमा सहभागी हुनका लागि, पक्षराष्ट्रहरूको सम्मेलनको निर्णय 1/सी.पी.16, परिच्छेद 71 अनुसार, तलका पाँच संभागहरू तयार गर्नु पर्दछ[9]:
क. संस्थागत र कार्यान्वयन सम्बन्धी व्यवस्था।
ख. राष्ट्रिय रणनीति वा कार्य योजना।
ग. राष्ट्रिय वन उत्सर्जन आधार तह  वा वन आधार तह

---

[6] https://redd.unfccc.int/fact-sheets/warsaw-framework-for-redd.html

[7] https://unfccc.int/sites/default/files/english_paris_agreement.pdf

[8] https://unfccc.int/resource/docs/2011/cop17/eng/09a01.pdf

[9] https://unfccc.int/sites/default/files/english_paris_agreement.pdf

घ. बलियो र पारदर्शी राष्ट्रिय वन अनुगमन प्रणाली।

ङ. सुरक्षण सूचना प्रणाली: रेडप्लस कार्यान्वयनका क्रममा क्यानकुन सुरक्षणका उपायहरू कसरी सम्बोधन र सम्मान गरिएका छन् भन्ने जानकारी उपलब्ध गराउने प्रणाली।

यस प्रक्रियालाई अगाडि बढाउन, संयुक्त राष्ट्रसंघीय सहकार्य कार्यक्रम अन्तरगतको युन-रेड, विश्व बैंकको फरेष्ट कार्बन पार्टनरशिप फ्यासिलिटी, लिफ गठबन्धन र अन्य धेरै अन्तर्राष्ट्रिय संगठनहरूले रेडप्लस नीतिहरू र कार्यक्रमहरूको विकास, परीक्षण र विस्तारलाई सहयोग गर्दै आएका छन्।

## १.२ संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारूप महासन्धि अन्तर्गत रेडप्लस सुरक्षणका आवश्यकताहरू

अन्तर्राष्ट्रिय समुदायबीच यो व्यापक रूपमा स्वीकार गरिएको छ कि रेडप्लसले न्यूनीकरण गर्ने मात्र नभई यो विकासशील देशहरूमा दिगो विकास लक्ष्यहरू हासिल गर्न सहयोग गर्ने एक प्रगतिशील अवधारणा हो। तर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला र समुदायहरूले यसबारे चिन्ता पनि व्यक्त गरेका छन् कि यदि रेडप्लसलाई सावधानीपूर्वक तर्जुमा र कार्यान्वयन गरिएन भने यसले लाखौं वनमा-आश्रित मानिसहरू, आदिवासी जनजाति, स्थानीय समुदाय, सामाजिक रूपमा सीमान्तकृत समूहहरू र जैविक विविधता माथि जोखिम निम्त्याउन सक्छ।यसैले, रेडप्लस कार्यान्वयनका गतिविधिबाट वातावरणीय र सामाजिक जोखिम सिर्जना हुन सक्छ भन्ने सावधानी सहित संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिका पक्षराष्ट्रहरूले सहमति जनाएका छन् कि यसले कार्बन फाइदा मात्र नभई सामाजिक र वातावरणीय लाभहरू पनि दिन सक्छ। यी छलफलहरूले रेडप्लसको संरचनामा सुरक्षण उपायहरूको महत्वलाई औपचारिक रूपमा मान्यता प्रदान गरेको छ।

सन् २०१० मा मेक्सिकोको क्यानकुन शहरमा सम्पन्न पक्षराष्ट्रहरूको १६ औं सम्मेलनमा रेडप्लस सम्बन्धी जोखिमहरू कम गर्ने र लाभहरू प्रवर्द्धन गर्ने उद्देश्यले सातवटा सुरक्षण सिद्धान्तहरूमा सहमति भयो। यी सिद्धान्तलाई संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धिको सुरक्षण वा क्यानकुन सुरक्षण[10] भनिन्छ, जसअनुसार:

रेडप्लस कार्यक्रम लागु गर्दा (परिच्छेद 70 मा उल्लिखित) देहायका सुरक्षा उपायहरूलाई प्रवर्द्धन र समर्थन गर्नुपर्छ:

(क) कार्यक्रमहरू राष्ट्रिय वन कार्यक्रमहरूको उद्देश्य र सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि/सम्झौतासँग मेल खाने हुनु पर्दछ।

(ख) राष्ट्रिय कानुन र सार्वभौमिकतालाई ध्यानमा राख्दै पारदर्शी र प्रभावकारी राष्ट्रिय वनको शासकीय संरचना हुनुपर्दछ।

(घ) आदिवासी जनजाति र स्थानीय समुदायहरूको ज्ञान र अधिकारको सम्मान गर्ने, सम्बन्धित अन्तर्राष्ट्रिय दायित्व, राष्ट्रिय परिस्थिति र कानूनलाई ध्यानमा राख्ने, साथै संयुक्त राष्ट्रसंघीय महासभाद्वारा स्वीकृत "आदिवासी

---

[10] क्यानकुनमा सहमति गरिएको निर्णय महासन्धि अन्तर्गत दीर्घकालीन सहकार्य सम्बन्धी अस्थायी कार्यदलको कार्यसम्पादनको नतिजाको एक अंश हो। उक्त पाठको उपदफा ७० मा रेडप्लस (रेडको प्लस पक्ष सहित) उल्लेख गरिएको छ, र सुरक्षणको विषय दीर्घकालीन सहकार्य सम्बन्धी अस्थायी कार्यदलको निर्णयको अनुसूची १को उपदफा २ वर्णन गरिएका छन्।

जनजातिहरूको अधिकारसम्बन्धी घोषणा" लाई मान्यता दिने हुनु पर्दछ।

(घ) सरोकारवालाहरू, विशेषगरी आदिवासी जनजाति र स्थानीय समुदायहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्नु पर्दछ।

(ङ) कार्यक्रमहरू प्राकृतिक वन र जैविक विविधताको संरक्षणसँग सुसंगत हुनु पर्दछ भने प्राकृतिक वनलाई रूपान्तरण नगरी प्राकृतिक वन र तिनका पारिस्थितिकीय सेवाहरूको संरक्षण र प्रवर्द्धन गर्ने, साथै सामाजिक र वातावरणीय लाभहरू अभिवृद्धि गर्ने हुनु पर्दछ।

(च) उत्सर्जन न्यूनीकरणको कार्यमा स्थायित्व हुनु पर्दछ ।

(g) एक स्थानमा उत्सर्जन घटाउदा अर्को स्थानमा उत्सर्जन गराई "उत्सर्जनको स्थानान्तरण" गर्नु हुदैन ।

यी क्यानकुन सुरक्षणका सिद्धान्तहरू सन् 2010 मा स्वीकृत भएपछि, सन् २०११ मा डर्बनमा आयोजित पक्ष राष्ट्रहरूको १७ औं सम्मेलनमा रेडप्लसमा सहभागी हुने देशले यी सुरक्षणका सिद्धान्त कसरी सम्बोधन र सम्मान गरेका छन् भन्ने विषयमा सुरक्षणको सारांश प्रस्तुत् गर्नु पर्दछ[11] भनी निर्णय भएको छ (निर्णय १२/सीपी.17)।

युएनएफसीसीसी अन्तर्गत रेड प्लसमा संलग्न विकासशील देशहरूले नतिजामाआधारित भुक्तानी पाउनका लागि देहायका तीनवटा आधारभूत सुरक्षा सम्बन्धी आवश्यकताहरू पूरा गर्नुपर्दछ[12] :

2. **क्यानकुन सुरक्षण:** देशहरूले सम्पूर्ण रेड प्लस प्रक्रियाभरि सातवटा क्यानकुन सुरक्षण सिद्धान्तको सम्बोधन र सम्मान गर्नु पर्दछ ।

4. **सुरक्षण सूचना प्रणाली:** क्यानकुन सुरक्षणका सिद्धान्तहरूको कसरी संबोधन र सम्मान गरिएको हुन्छ सो सम्बन्धी जानकारी गराउने राष्ट्रिय प्रणालीको स्थापना गर्नु पर्दछ ।

5. **सूचनाको सारांश:** रेड प्लस कार्यान्वयनको सम्पूर्ण प्रक्रियामा क्यानकुन सुरक्षण सिद्धान्तहरूको कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारी गराउन सूचनाको सारांश प्रतिवेदन पेश गर्नु पर्दछ।

त्यसपछि, २०१३ मा पोल्याण्डको वार्सामा भएको पक्षराष्ट्रहरूको १९ औं सम्मेलनमा सुरक्षणको सारांशलाई राष्ट्रिय प्रतिवेदनको प्रावधानसँग तालमेल मिलाउनु पर्ने र महासन्धिको वेब प्लेटफर्म मार्फत उपलब्ध गराउनु पर्ने निर्णय गरियो । राष्ट्रिय प्रतिवेदन चार-चार वर्षमा एकपटक बुझाउनु पर्ने भनिएको छ। साथै, निर्णय १२/सीपी १९, परिच्छेद २ र ३ अनुसार कुनै पनि देशले आफ्नो सूचनाको सारांश कुनै पनि समयमा स्वेच्छाले महासन्धिको वेब प्लेटफर्ममा बुझाउन सक्ने निर्णय गरियो[13]। साथै, वार्सा सम्मेलनको निर्णय अनुसार सूचनाको सारांश पेश नगरी कुनै पनि देशले नतिजामा आधारित वित्त प्राप्त गर्न सक्दैनन्।

---

[11] https://unfccc.int/resource/docs/2011/cop17/eng/09a01.pdf

[12] https://unfccc.int/resource/docs/2010/cop16/eng/07a01.pdf#page=12; https://unfccc.int/resource/docs/2011/cop17/eng/09a01.pdf

[13] https://unfccc.int/resource/docs/2013/cop19/eng/10a01.pdf#page=3

## १.३ सुरक्षणको सम्बोधन र पालना सम्बन्धी प्रष्टीकरण

युएनएफसीसीसीले "सम्बोधन गर्ने" र "सम्मान वा पालना गर्ने" भन्ने शब्दहरूको आधिकारिक परिभाषा दिएको छैन। तर अन्तर्राष्ट्रिय स्तरमा यी अवधारणाहरूका लागि प्रचलित कार्यगत परिभाषाहरू विकसित भएका छन्[14]:

- "सुरक्षणहरूको संबोधन" भन्नाले वन शासन तथा रेडप्लस सम्बन्धी सम्भावित लाभ र जोखिमहरू सम्बोधन गर्ने नीति, कानून र नियमहरू र सम्बन्धित संस्थागत व्यवस्थाहरूको दस्तावेजमा लेखिएको अवस्था लाई बुझाउछ।
- "सुरक्षणको पालना" भन्नाले त्यस्ता नीति, कानून, नियम र संस्थागत व्यवस्थाहरू व्यवहारमा कार्यान्वयन र प्रवर्तन हुने कुरालाई जनाउनुका साथै सो विषयले क्यानकुन सुरक्षणका सिद्धान्तहरूले तल्लो तह सम्मै ल्याउने सकारात्मक परिणामलाई समेत जनाउदछ।

नेपाल एउटा रेडप्लसमा अग्रणी सहभागिता जनाउने मुलुक भएकाले यी अन्तर्राष्ट्रिय स्तरमा मान्य परिभाषाहरूलाई देहाय बमोजिम अपनाएको छः

- नेपालमा क्यानकुन सुरक्षणलाई सम्बोधन गर्ने भन्नाले –वन शासन, रेडप्लस र सातवटै क्यानकुन सुरक्षणका सिद्धान्तलाई नीति, कानून, नियम र कार्यविधिमा समावेश गर्नु, अनुमोदन गर्नु र तिनलाई कार्यान्वयन गर्न संस्थागत संरचना स्थापना गर्नु भन्ने बुझिन्छ।
- नेपालमा क्यानकुन सुरक्षणलाई सम्मान गर्ने भन्नाले यी नीति, कानून, नियम र कार्यविधिहरूलाई व्यवहारमा लागू र प्रवर्तन गर्नु भन्ने बुझिन्छ भने यसले रेडप्लस कार्यक्रमबाट मानिस वा वातावरणलाई हानि नगरी सामाजिक र वातावरणीय लाभ बढाउने कार्यलाई समेत बुझाउछ।

## १.४ युएनएफसीसीसीबाट सूचना-सारांश सम्बन्धी निर्देशन

सूचना-सारांश भन्नाले देशहरूले तयार गर्ने प्रतिवेदन हो, जसमा रेडप्लस कार्यको तर्जुमा र कार्यान्वयन प्रक्रिया भरि राष्ट्रिय परिस्थितिको आधारमा क्यानकुन सुरक्षणका सिद्धान्त कसरी सम्बोधन र सम्मान गरिएका छन् भन्ने जानकारी प्रस्तुत हुन्छ।

यद्यपि सूचना-सारांशको महासन्धिले अनिवार्य रूपमा तोकेको छैन । तथापि पक्षराष्ट्रहरूको २१ औं सम्मेलनमा भएको निर्णय (17/सीपी.21) अनुसार यस विषयमा देहायको मार्गदर्शन गरेको छ[15]:

- कुन रेडप्लस गतिविधि वा गतिविधिहरू सूचना-सारांशमा समावेश छन् भन्ने जानकारी।
- रेडप्लसमा सहभागी मुलुकहरूले सूचना-सारांशमा सम्भव भएमा तलका तत्वहरू समावेश गर्न प्रोत्साहित गरिन्छः

  (क) सुरक्षणका उपाय सम्बोधन र सम्मान गर्न राष्ट्रिय परिस्थिति सम्बन्धी जानकारी।

---

[14] https://www.un-redd.org/sites/default/files/2021-10/REDD%20Info-Brief_REVISED%204Nov.pdf

[15] https://unfccc.int/resource/docs/2015/cop21/eng/10a03.pdf#page=13

(ख) राष्ट्रिय परिस्थितिअनुसार प्रत्येक सुरक्षणका उपायको विवरण, ।

(ग) सुरक्षण सूचना प्रणाली सहित सुरक्षण उपाय सम्बोधन र सम्मान गर्न प्रयोग भइरहेका प्रणाली र प्रक्रियाको विवरण।

(घ) प्रत्येक सुरक्षण उपायको कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारी।

- मुलुकहरूले सुरक्षा उपाय सम्बन्धी अन्य आवश्यक जानकारी पनि दिन प्रोत्साहित गरिन्छ।
- मुलुकहरूले क्रमागत उपाय अपनाउँदै सूचना-सारांशमा दिइने जानकारीलाई निरन्तर सुधार गर्न प्रोत्साहित गरिन्छ।

## १.५ यस सूचना सारांशको उद्देश्य र समयावधि

नेपालको पहिलो सूचना-सारांशको मुख्य उद्देश्य भनेको २०१८ देखि २०२३ सम्म रेडप्लस  कार्यान्वयन प्रक्रियाभरि सबै क्यानकुन सुरक्षण उपायहरू कसरी सम्बोधन र सम्मान गरिएका छन् भन्ने संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्नु हो। यो कार्य युएनएफसीसीसीको निर्णय  9/सीपि 19 अनुसार आवश्यक छ, जसको उद्देश्य निर्णय 2/सीपी17 अनुरूप नतिजामा आधारित भुक्तानी प्राप्त गर्न हो[16]।

अन्य विशिष्ट उद्देश्यहरू देहाय बमोजिम छन्:

- नेपालले सुरक्षण उपाय अपनाउने प्रक्रियामा गरेको प्रगति र हासिल भएका उपलब्धिहरूको जानकारी दिनु।
- सुरक्षण उपाय सम्बन्धी अद्यावधिक जानकारीलाई सार्वजनिक रूपमा प्रसारित गर्नु।
- युएनएफसीसीसीको  निर्देशन अनुसार सूचना-सारांशमा समावेश गर्नुपर्ने देहायका अन्य जानकारी प्रस्तुत गर्नु[17]
    - रेडप्लस कार्यान्वयन गर्दा क्यानकुन सुरक्षा उपाय सम्बोधन र सम्मान गर्ने राष्ट्रिय परिस्थिति।
    - प्रत्येक सुरक्षण उपायको विवरण।सुरक्षण उपाय सम्बोधन र सम्मान गर्ने प्रणाली र प्रक्रियाको विवरण, जसमा सुरक्षण सूचना प्रणाली पनि समावेश हुन्छ।
    - प्रत्येक सुरक्षणका उपाय कसरी सम्बोधन र सम्मान गरिएको हो भन्ने जानकारी।

यस सूचनाको सारांशले नेपालको रेडप्लस सुरक्षण उपायका संरचना र कार्यान्वयनमा केही खाडलहरू पनि पहिचान गरेको छ र तिनलाई सम्बोधन गर्ने उपायहरूको सुझाव दिएको छ। आगामी सूचना-सारांशहरूमा यी उपायहरूको कार्यान्वयनबारे थप जानकारी दिइने अपेक्षा गरिएको छ।

---

[16] https://unfccc.int/resource/docs/2011/cop17/eng/09a01.pdf

[17] https://unfccc.int/resource/docs/2011/cop17/eng/09a02.pdf#page=16

## १.६ सूचना-सारांशको तर्जुमा प्रक्रिया

नेपालले आफ्नो सूचना-सारांश तयारीको प्रारम्भ सन् 2020 मा सुरु गरेको हो । यसको साथसाथै सुरक्षण सूचना प्रणालीको समेत विकास भइरहेको थियो। यो समयमा एफसीपीएफ रेडप्लसको तयारी परियोजनाको दोस्रो चरण कार्यान्वयन गर्दै गर्दा तराइ भूपरिधिका 13 जिल्ला मा उत्सर्जन न्यूनीकरणका कार्यक्रमको तर्जुमा समेत भइरहेको थियो ।

- मार्च 2021 मा, रेड कार्यान्वयन केन्द्रले एक परामर्शदाता संस्था नियुक्त गरी सूचनाको सारांशको प्रारम्भिक मस्यौदा तयार गर्न लगायो, तर यो प्रक्रिया कोभिड महामारीका कारण प्रभावित भयो।
- सन् 2022 मा नेपालले सूचना-सारांशको मस्यौदाको पुनरावलोकन र अद्यावधिक सुरु गर्यो।

सूचना-सारांश तर्जुमा प्रक्रियाका मुख्य चरणहरू:

- युएनएफसीसीसीको सुरक्षण सूचना प्रणाली र सूचना-सारांश सम्बन्धी निर्णय र मार्गदर्शन, साथै युएन रेड कार्यक्रमले विकास गरेका विभिन्न दस्तावेजहरूको पुनरावलोकन ।
- सन् 2021-2022 मा विकास र स्थापन भएको सूचना-सारांशको मस्यौदा, सुरक्षण सूचना प्रणाली दस्तावेज र सुरक्षण सूचना प्रणालीको वेब-पोर्टलको समीक्षा।
- रेड कार्यान्वयन केन्द्रको समन्वयमा, युएन रेड कार्यक्रमको सहयोगमा सूचना-सारांश मस्यौदा तयार ।
- विज्ञ समीक्षकहरूको सुझाव र टिप्पणी समेट्दै मस्यौदा परिमार्जन ।
- परिमार्जित मस्यौदा सार्वजनिक वेबसाइटमार्फत उपलब्ध गराई सुझाव, टिप्पणी र प्रतिक्रिया संकलन।
- आदिवासी जनजाति र स्थानीय समुदायका प्रतिनिधिसहित सरोकारवालाहरूको सहभागितामा राष्ट्रिय स्तरमा परामर्श तथा समीक्षा गोष्ठी आयोजना ।
- सरोकारवालाहरूको प्रतिक्रिया र सुझाव समेट्दै सूचना-सारांशको अन्तिम प्रतिवेदन तयार ।

सूचना-सारांशको मस्यौदा प्रक्रियासम्बन्धी विस्तृत जानकारी, अनलाइन सार्वजनिक टिप्पणी अवधि र गोष्ठीमा प्राप्त प्रतिक्रिया परिशिष्ट १ मा समावेश गरिएको छ।

यस परामर्श प्रक्रियामा झन्डै ५० जना सहभागी भए, जसमा सरकारी तथा गैर-सरकारी सरोकारवाला संस्थाहरू प्रतिनिधित्व गरेका थिए।

- गैर-सरकारी सरोकारवाला सहभागीहरू: आदिवासी जनजाति महासंघ, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी उपभोक्ता महासंघ, हिमवन्ती, पारिवारिक निजी वन संघ, कवुलियती वन समूहहरू, दलित महासंघ, वनपैदावार उद्योग व्यवसायी महासंघ ।

- सरकारी सरोकारवाला सहभागीहरू: वन तथा वातावरण मन्त्रालय र मातहतका विभाग तथा केन्द्रहरू, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय योजना आयोग, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका वन मन्त्रालयहरू, तथा गाउँपालिका राष्ट्रिय महासंघ ।

# अध्याय २. नेपालको सन्दर्भमा रेडप्लस

## २.१ नेपालको रेडप्लस विकास क्रम  र संस्थागत व्यवस्था

संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तन प्रारुप महासन्धि, जैविक विविधता महासन्धि (सीबीडी), क्योटो अभिसन्धि र अन्य अन्तर्राष्ट्रिय सम्झौताका पक्षराष्ट्रका रूपमा नेपालले सन् २००७ मा बालीमा आयोजित जलवायु महासन्धिको पक्षराष्ट्रको   १३औं सम्मेलनमा बाली कार्ययोजना स्वीकृत भएपछि रेडप्लसयात्राको सुरुवात गर्‍यो। यो प्रक्रिया औपचारिक रूपमा २००८ मा सुरु भयो, जब नेपाल विश्व बैंकको फरेष्ट कार्बन पार्टनरसिप फ्यासिलिटीको सदस्य बन्यो र वन तथा वातावरण मन्त्रालय ले रेडप्लसको अवधारणापत्र पेश गर्‍यो[18]। अक्टोबर २००९ मा नेपाल युन-रेड कार्यक्रमको पर्यवेक्षक देशका रूपमा सहभागी भयो र २०१६ मा पक्षराष्ट्रको १६ औं सम्मेलन अन्तर्गत स्वीकृत पेरिस सम्झौता अनुमोदन गर्‍यो, जुन रेडप्लस प्रक्रियामा एउटा महत्त्वपूर्ण कोशेढुंगा मानिन्छ।

नेपाल सरकारले रेडप्लस तयारीका विभिन्न गतिविधिहरूको योजना, तर्जुमा र कार्यान्वयनका लागि  तीन तहको संस्थागत संरचना स्थापना गर्‍यो[19]। सन् २००८ को अन्त्यतिर साविकको वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा  एकाइ स्थापना गरियो भने सो एकाइलाई सन्  २०१५ रेड कार्यान्वयन केन्द्रमा रुपान्तरण गरियो । यससँगै, सरकार, विज्ञ, दातृ निकाय र नागरिक समाजको प्रतिनिधित्व भएको  बहुसरोकारवाला रेड कार्यसमूह गठन गरिनुका साथै अन्तरमन्त्रालय उच्चस्तरीय रेड संयन्त्रको स्थापना गरियो।

राष्ट्रिय रेडप्लस  रणनीति ( २०१८-२०२२) मा पनि विभिन्न सरोकारवालाको सहभागिता सुनिश्चित गर्न बनाइएका संयन्त्रहरूको उल्लेख गरिएको छ, जसमा आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको समेत सहभागिता हुने व्यवस्था गरिएको छ।

वन तथा वातावरण मन्त्रालयका मन्त्रीको अध्यक्षतामा रहेको राष्ट्रिय रेडप्लस निर्देशक  समिति नै रेडप्लसको उच्चस्तरीय नीतिगत संस्था हो। यसले वर्षमा कम्तीमा एकपटक बैठक गर्ने  र रेडप्लस  सम्बन्धी नीतिहरू र कार्यक्रमलाई विभिन्न क्षेत्र तथा सरोकारवालाबीच समन्वयमा ल्याउने कार्य गर्दछ। यसले समग्र नीतिगत निर्देशन मात्र होइन, सञ्चालन कार्यविधि र सदस्यता सम्बन्धी विषयलाई पनि हेर्ने गर्दछ, साथै आवश्यक परे विशेषज्ञ, संस्था वा व्यक्तिलाई पर्यवेक्षकका रूपमा आमन्त्रण गर्न सक्छ। यस समितिमा आदिवासी जनजाति तथा स्थानीय समुदायसहित सबै सरोकारवालाको प्रतिनिधित्व हुन्छ। यसको सदस्य संरचना तालिका १ मा दिइएको छ।

फेब्रुअरी २०२० मा राष्ट्रिय रेडप्लस  समन्वय समिति  गठन गरिएको छ, जसले विभिन्न क्षेत्र र सरोकारवालाबीचको समन्वय सुनिश्चित गर्छ। यसले अनुसन्धान प्रतिवेदन स्वीकृति, रेड प्लसकार्यक्रमको कार्यान्वयन तथा अनुगमन जस्ता प्राविधिक विषयमा निर्णय गर्ने गर्दछ। यस समितिको अध्यक्षता मन्त्रालयका सचिवले गर्ने व्यवस्था छ। यसमा

[18] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal_FCPF_R-PIN_Final_submitted_31-07-08.pdf

[19] सन् २०२४-२५ मा रेड रणनीति पुनरावलोकन हुदा संस्थागत संरचना परिवर्तन हुन सक्ने संभावना रहेको छ ।


सम्बन्धित सरकारी निकाय, आदिवासी जनजाति संगठन, निजी क्षेत्र लगायतका प्रतिनिधिहरूको प्रतिनिधित्व हुन्छ। यसको विस्तृत संरचना तालिका २ मा दिइएको छ।

यसका अतिरिक्त दुई अतिरिक्त संयन्त्रहरू पनि छन् । यिनीहरू बहु-सरोकारवाला मञ्च र रेडप्लस सम्बन्धी नागरिक समाज र आदिवासी संगठनहरूको गठबन्धन हुन् । यी संयन्त्रहरू महिला, आदिवासी जनजाति संगठनहरू, मधेसी, दलित, र नागरिक समाज समेतका सरोकारवालाबीच ज्ञान आदानप्रदान र रेडप्लस सम्बन्धी सुझाव-आदानप्रदानका लागि स्थापना गरिएका हुन्।

नेपालको प्रत्येक प्रदेशमा २१ सदस्यीय प्रादेशिक रेड प्लस समन्वय समिति गठन गरिएको छ, जसलाई वन, वातावरण तथा सम्बन्धी विषय हेर्ने मन्त्रालय अन्तर्गत राखिएको छ। प्रादेशिक तहमा वन निर्देशनालयहरूमा रेड प्लस डेस्क स्थापना गरिएका छन्, जसले जिभिजन वन कार्यालयका साथै प्रदेश र जिल्ला तहमा रेडप्लस कार्यक्रम/गतिविधि कार्यान्वयन र समन्वय गर्ने कार्य गर्दछन्।

राष्ट्रिय रेड रणनीति (२०१८-२०२२) मा रेडप्लस गतिविधिको अनुगमनका लागि मापन, प्रतिवेदन र प्रमाणीकरण प्रणालीको संक्षिप्त व्यवस्था गरिएको छ। यसले वन व्यवस्थापन गरिरहेका स्थानीय समुदायलाई रेडप्लस गतिविधिको अनुगमनमा सहभागी गराउने र प्रादेशिक स्तरमा नियमित/आवधिक कार्बन अनुगमन गर्ने व्यवस्था गर्दछ। नेपालको रेड प्लसको संस्थागत संरचना चित्र १ मा देखाइएको छ[20]।

**चित्र नं. 1नेपालमा रेडप्लसको संस्थागत संरचना**




[20] https://www.redd.gov.np/page/institutional-mechanism-for-redd-nepal

तालिका नं. 1 राष्ट्रिय निर्देशक समितिको संरचना

| क्र.सं. | व्यक्ति / संस्था | पद |
|---|---|---|
| १ | माननीय मन्त्री, वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| २ | सचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| ३ | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ४ | सचिव, ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय | सदस्य |
| ५ | सचिव, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | सदस्य |
| ६ | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ७ | सचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| ८ | सचिव, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | सदस्य |
| ९ | मन्त्रालयबाट मनोनयन भएका वन स्रोत व्यवस्थापनमा संलग्न महिला, आदिवासी जनजाति, स्थानीय समुदाय, मधेसी, दलित तथा निजी क्षेत्रका सञ्जाल/संस्थाबाट प्रतिनिधिहरू (कम्तीमा दुई महिला सहित अधिकतम ६ जना), | सदस्य |
| १० | प्रदेश सचिवहरू, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (७ प्रदेश) | सदस्य |
| १२ | मन्त्रालयबाट मनोनयन गरिने स्थानीय तहहरूको सञ्जालबाट प्रतिनिधि (कम्तीमा एक महिला सहित ३ जना), | सदस्य |
| १३ | प्रमुख, राष्ट्रिय रेड केन्द्र | सदस्य-सचिव |

तालिका नं. 2राष्ट्रिय रेडप्लस समन्वयन समितिको संरचना

| क्र.सं. | व्यक्ति / संस्था | पद |
|---|---|---|
| १ | सचिव, वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| २ | सह-सचिव, व्यवस्थापन महाशाखा | सदस्य |
| ३ | सह-सचिव, वातावरण तथा जैविक विविधता महाशाखा | सदस्य |
| ४ | सह-सचिव, योजना, अनुगमन तथा समन्वय महाशाखा | सदस्य |
| ५ | सह-सचिव, सहभागितामूलक वन व्यवस्थापन महाशाखा | सदस्य |
| ६ | सह-सचिव, वन तथा जलाधार महाशाखा | सदस्य |
| ७ | सह-सचिव, प्रशासन महाशाखा | सदस्य |
| ८ | महानिर्देशक, वन तथा भू-संरक्षण विभाग | सदस्य |
| ९ | महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| १० | महानिर्देशक, वनस्पति विभाग | सदस्य |
| ११ | महानिर्देशक, वातावरण विभाग | सदस्य |

| | | |
|---|---|---|
| १२ | प्रमुख, केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | सदस्य |
| १३ | मन्त्रालयबाट मनोनयन गरिने वन स्रोत व्यवस्थापनमा संलग्न आदिवासी जनजाति, स्थानीय समुदाय, मधेसी, दलित तथा निजी क्षेत्रका सञ्जाल/संस्थाबाट प्रतिनिधिहरू (कम्तीमा तीन महिला सहित अधिकतम ९ जना), | सदस्य |
| १४ | प्रमुख, राष्ट्रिय रेड केन्द्र | सदस्य-सचिव |

## २.२ राष्ट्रिय रेडप्लस रणनीति

राष्ट्रिय रेडप्लस  रणनीति विकास गर्नु वर्सा फ्रेमवर्क अन्तर्गतका चार आधार स्तम्भहरूमध्ये एक हो ।यो नतिजामा आधारित भुक्तानी पाउनका लागि युएनएफसीसीसीको शर्त हो ।  नेपालले राष्ट्रिय रेड रणनीति विकास प्रक्रिया रेडप्लस तयारी परियोजनाको पहिलो चरणको कार्यान्वयन अवधिमा सुरु गरेको हो। यस अवधिमा भूमि-अधिकार, परम्परागत वन स्रोतहरूमा पहुँच, कार्बन अधिकार, वन शासन, लाभ वितरण र सुरक्षण सम्बन्धी केही महत्वपूर्ण सवालहरू पहिचान गरिएका थिए[21]।

सन् २०१४ मा राष्ट्रिय रेड रणनीतिको प्रारम्भिक मस्यौदा तयार पारियो र त्यसपछि स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा, मुलुकका सबै भौगोलिक क्षेत्रहरूमा सम्बन्धित सरोकारवालाहरूसँग व्यापक परामर्शहरू गरियो। यी परामर्शहरूले दोस्रो मस्यौदा रणनीति तयार पार्न सहयोग गरे, जसलाई प्राविधिक समितिबाट समीक्षा गरियो। यसै आधारमा अन्तिम संस्करण तयार पारियो र तत्कालीन रेडप्लस कार्यसमूह तथा रेडप्लस उच्चस्तरीय निकायद्वारा समीक्षा भएपछि २०१८ अप्रिलमा नेपाल सरकारबाट स्वीकृत गरियो।वन विनाश र वन क्षयीकरणका कारकहरू, वनको आधार तह, रणनीतिक वातावरणीय तथा सामाजिक मूल्यांकन र आर्थिक मोडलिङ्ग सम्बन्धी अध्ययनहरूले राष्ट्रिय रेड रणनीति विकासका लागि आधारभूत जानकारी उपलब्ध गराए।

राष्ट्रिय रेड रणनीतिको उद्देश्य भनेको वन विनाश र क्षयीकरणका कारकहरूलाई सम्बोधन गर्ने नीतिहरू र कार्यक्रमहरूको विकासमार्फत नेपालका वनको कार्बन अवशोषण क्षमता बढाउनु हो। यो रणनीति वन नीति (२०१५), वन क्षेत्र रणनीति (२०१६-२०२५) र नेपालको पहिलो राष्ट्रिय निर्धारित योगदान (२०१६) लगायत मुलुकको दीगो विकास उद्देश्यहरूको सिद्धान्तसँग मेल खाने गरी विकास गरिएको हो । यस रणनीतिमा दूरदृष्टि, मिशन, उद्देश्यहरू, १२ वटा रणनीतिहरू र ७० वटा कार्ययोजनाहरू समेटिएका छन्[22]।

राष्ट्रिय रेड रणनीतिको स्वीकृतिले तराई भूपरिधिका १३ जिल्लाका लागि नेपालको पहिलो उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज (इआरपीडी)[23] डिसेम्बर २०१८ मा स्वीकृत गर्ने बाटो खोलेको हो। त्यसपछि, नेपाल सरकार (अर्थ मन्त्रालय)

---

21 https://www.forestcarbonpartnership.org/system/files/documents/R-PP_Nepal_revised_October.pdf

22 https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20National%20REDD%2B%20Strategy.pdf

23 https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ERPD%2024May2018final_CLEAN_0.pdf

र विश्व बैंकबीच २०२१ फेब्रुअरीमा सम्पन्न उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताबाट नेपाल रेडप्लसको कार्यान्वयन चरणमा प्रवेश गर्यो।

सन् २०२४-२५ मा रेड कार्यान्वयन केन्द्रले युएन रेड कार्यक्रमको प्राविधिक सहयोगमा रणनीतिको पुनरावलोकन र अद्यावधिक प्रक्रिया सुरु गर्यो। यस पुनरावलोकनमा संघीय र प्रादेशिक स्तरका सरकारी निकायहरू, नागरिक समाजहरूका सञ्जाल, महिलासम्बन्धी संगठनहरू, दलित, मधेसी र निजी क्षेत्रका प्रतिनिधिहरूलाई समावेश गर्दै १० वटा परामर्शहरू गरिएको थियो। यी परामर्शहरू २०२४ मार्च-मे बीच सम्पन्न भए र २१८ जना सहभागी भए।

यस पुनरावलोकनले राष्ट्रिय रेड रणनीति र प्राथमिक कार्यहरूको कार्यान्वयन प्रगतिबारे जानकारी दिएको छ, साथै अपर्याप्त समन्वय, दक्ष जनशक्तिको अभाव, ज्ञान र क्षमता अभाव, र सीमित वित्तीय स्रोत जस्ता चुनौतीहरूलाई औंल्याएको छ। नयाँ रणनीतिले लिनु पर्ने उद्देश्यका बारेमा  देहायका सुझावहरू प्राप्त भएका छन् :

- कार्यान्वयन व्यवस्थापनमा स्पष्ट भूमिका र जिम्मेवारी तोक्दै संघ, प्रदेश र स्थानीय तहबीच समन्वय तथा सहकार्यलाई बलियो बनाउन रणनीतिक मार्गदर्शन प्रदान गर्ने।
- संरक्षण, विकास र दिगो वन व्यवस्थापनका अवरोधहरूको विश्लेषण गर्ने शैलीमा  सुधार गरी उत्सर्जन न्यूनीकरण तथा कार्बन अवशोषण दुवै बढाउने र गैर-कार्बन लाभहरूलाई प्रवर्द्धन गर्ने।
- राष्ट्रिय क्षेत्रीय तथा बहु-क्षेत्रीय नीतिहरू र कानुनी प्रावधानहरूलाई रेडप्लस  सम्बन्धी अन्तर्राष्ट्रिय स्तरका नयाँ नीतिहरू र पहलहरूसँग समायोजन गर्न एकीकृत मार्गदर्शक फ्रेमवर्क तयार गर्ने।

यो पुनरावलोकनको आधारमा संशोधित राष्ट्रिय रेड रणनीति तयार हुँदैछ, जसले रेडप्लस  प्रक्रियामा हालैका अन्तर्राष्ट्रिय विकासहरू र नेपालका कानुनी ढाँचामा भएका परिवर्तनहरूलाई प्रतिबिम्बित गर्नेछ। यसमा राष्ट्रिय वन नीति (२०७५), वन ऐन (२०७६), वन नियमावली (२०७९), राष्ट्रिय वातावरण नीति (२०७६), वातावरण संरक्षण ऐन (२०७६), वातावरण संरक्षण नियमावली (२०७७), नेपालको दोस्रो राष्ट्रिय निर्धारित योगदान, राष्ट्रिय  नीति (२०७६) र खुद-शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति (२०७८) समावेश छन्।

## २.३ नेपालको वनहरूको अवस्था

### २.३.१ नेपालका वनस्पति तथा पर्यावरणीय क्षेत्रहरू

नेपालमा पाइने छ वटा फरक-फरक प्रकारका वनस्पतिहरूलाई ११ वटा पर्यावरणीय क्षेत्रमा विभाजन गरिएको छ (तालिका ३)। वृक्ष सुधार तथा बीउ केन्द्रका अनुसार, नेपालमा ३५ प्रकारका वनहरू पाइन्छन्। यी ३५ प्रकारका वनहरू प्रायः देहायका १० प्रमुख वन पारिस्थितिकीय प्रणाली समूहमा वर्गीकृत गरिएका छन्[24]:

[24] https://www.mofe.gov.np/uploads/documents/tnc-nepalv21629966891pdf-7343-817-1658827818.pdf

**तालिका नं.3 नेपालका वनस्पति प्रकार र पारिस्थितिक क्षेत्रको विवरण**[25]

| वनस्पति प्रकार | पर्यावरणीय क्षेत्र | उचाई |
|---|---|---|
| पर्वतीय खर्क र झाडी क्षेत्र | हिमाल पारिको झाडी/चरणक्षेत्र | |
| | पश्चिम उच्च हिमाली झाडी/चरणक्षेत्र | ३,७०० मि - ४,४०० मि |
| | पूर्वी उच्च हिमाली झाडी/चरणक्षेत्र | ४,००० मि - ४,५०० मि |
| | उत्तर-पश्चिम उच्च हिमाली झाडी/चरणक्षेत्र | ४,००० मि भन्दा माथि |
| उच्च पहाडि कोणधारी वन | हिमाल पारिको उच्च पहाडि कोणधारी वन | |
| | पश्चिम हिमाली उच्च पहाडि कोणधारी वन | ३,००० मि - ४,००० मि |
| | पूर्वी हिमाली उच्च पहाडि कोणधारी वन | ३,००० मि - ४,००० मि |
| शीतोष्ण चौडापाते वन | हिमाली उपोष्णकटिबंधीय चौडापाते वन | १,००० मि - २,००० मि |
| उष्णकटिबंधीय वन/उपोष्णकटिबंधीय कोणधारी वन | हिमालयी उपोष्णकटिबंधीय सल्लोको वन | १,००० मि - २,००० मि |
| उपोष्णकटिबंधीय चौडापाते वन | हिमालयी उपोष्णकटिबंधीय चौडापाते वन | ५०० मि - १,००० मि |
| चरणक्षेत्र, घासे मैदान र झाडी | तराई-दुआर घाँसेमैदान र चरणक्षेत्र | ५०० मि भन्दा तल |

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वन स्रोत मूल्याङ्कन गर्ने आधिकारिक लिने निकाय हो। यसले सन् २०२२ मा राष्ट्रिय भू-आवरण अनुगमन प्रणाली विकास गरी राष्ट्रिय भू-आवरण अनुगमन सम्पन्न गर्यो । यस अनुसार सन् २००० देखि २०१९ सम्मका भू-आवरण नक्सा उत्पादन गरिएको छ। यस प्रतिवेदनले देशका सबै भौगोलिक क्षेत्रमा राष्ट्रिय र प्रादेशिक स्तरमा विस्तृत भू-आवरण तथ्याङ्क र भू-आवरण परिवर्तन विश्लेषण प्रदान गर्दछ। सन् २०१९ सम्ममा, ६,१६६,७६६ हेक्टर (देशको कुल भू-भागको ४१.६९%) वनले ढाकेकोमा झाडी बुट्यान क्षेत्र ५३५,१७९ हेक्टर अर्थात् ३.६२% पाइएको छ। वन र झाडी मिलेर देशको कुल भू-भागको ४५.३१% ढाकेका छन्।

[25] https://www.mofe.gov.np/uploads/documents/forest-biodiv-watshed-mgmtvra-20211633697969pdf-0572-555-1658827523.pdf

यस प्रतिवेदन अनुसार समग्रमा, २०१४ देखि २०१९ सम्म वनको  क्षेत्रफल ०.५७% ले बढेको छ भने झाडी क्षेत्र ०.७६% ले घटेको छ[26]।

नेपालको समग्र वनमा जम्मा कार्बन सञ्चिति १,०५४९७०००० १ अर्ब ५ करोड ४९ लाख ७० हजार  टन (औसत १७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ[27]। यस कुल सञ्चिति मध्ये रूखका भागहरू (जसमा जीवित, मरेका ठाडा रूख, सुकेको काठ, र भुइँमुनि रहेको जैविक पदार्थ समावेश छन्) ६१.५३%, वन माटो ३७.८०%, र पात/जडिबुटी तथा अन्य फोहर ०.६७% रहेका छन्।

### २.३.२ वन अधिकार  र व्यवस्थापन प्रणाली

नेपालमा वन अधिकारका आधारमा वन दुई प्रकारका वन छन्। निजी व्यक्तिको जग्गा धनी पुर्जा भएको जग्गामा रोपिएको वा व्यवस्थापन गरिएको वनलाई "निजी वन" भनिन्छ। निजी वन बाहेकका सबै वनहरूलाई "राष्ट्रिय वन" भनिन्छ, जसको जमिनको  स्वामित्व सरकारसँग रहन्छ।

राष्ट्रिय वनलाई प्रचलित कानुन अनुसार वन अधिकारका आधारमा विभिन्न व्यवस्थापन प्रणालीअन्तर्गत देहाय अनुसार वर्गीकरण गरिन्छ :

1. सरकारद्वारा व्यवस्थापित वन-संरक्षित क्षेत्र  समेत
2. सामुदायिक वन-मध्यवर्ती सामुदायिक वन समेत
3. साझेदारी वन
4. कबुलियती वन
5. धार्मिक वन

देशको करिब २५% वन क्षेत्र संरक्षित क्षेत्र प्रणालीअन्तर्गत (जस्तै राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष) व्यवस्थापन गरिएको छ। साथै, राष्ट्रिय निकुञ्जको अधिकारक्षेत्र बाहिर पनि १० वटा वन क्षेत्रहरूलाई "वन संरक्षण क्षेत्र" का रूपमा व्यवस्थापन गरिएको छ।

## २.४ अन्य पारिस्थितिकीय प्रणाली र जैविक विविधता

नेपालले २०२१ मा संयुक्त राष्ट्रसंघीय  प्रारुप  महासन्धिमा बुझाएको तेस्रो प्रतिवेदनमा[28] अन्य पारिस्थितिकीय प्रणाली र जैविक विविधताको विवरण प्रस्तुत गरिएको छ, जुन यस खण्डमा संक्षेपमा दिइएको छ।विश्वमा पहिचान भएका विभिन्न ८६७ स्थल  पारिस्थितिकीय क्षेत्र मध्ये १२ वटा क्षेत्र नेपालमा पर्दछन्। देशले विश्वको करिब ०.१% भूभाग ओगटेको भए पनि विश्वमा पाइने वनस्पतिका ३.२% र जन्तुका १.१% यहाँ पाइन्छ। यसमा ५.२% स्तनधारी, ९.५% चराहरू, ५.१% खुला बीज हुने वनस्पति र  र ८.२% अपुष्पक वनस्पति समावेश छन्।नेपालमा ३१२ प्रजातिका फूलफूल्ने

---

26 https://frtc.gov.np/uploads/files/Studyper cent20Reportper cent20Inner-final.pdf

27 https://frtc.gov.np/downloadfile/state%20%20forest%20of%20Nepal_1579793749_1579844506.pdf

28 https://www.mofe.gov.np/uploads/documents/tnc-nepalv21629966891pdf-7343-817-1658827818.pdf

बोटबिरुवा, १६० प्रजातिका जनावर (एक प्रजाति स्तनधारीसहित), एक प्रजातिको चराचुरुङ्गी, र १४ प्रजातिका उभयचर तथा सर्प प्रजाति नेपालमा मात्र पाइएका छन् । उच्च हिमाली घाँसे मैदान विशेष गरी रैथाने प्रजातिका दृष्टिले महत्वपूर्ण छन्।

नेपालमा कुल ११८ प्रकारका पारिस्थितिकीय प्रणाली छन्। प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूमा अग्ला घाँसेमैदान, सिमसार, र १० प्रमुख वन पारिस्थितिकीय प्रणाली (जस्तै उष्णकटिबन्धीय, उप-उष्णकटिबन्धीय चौडापाते वनदेखि उच्च हिमाली घाँसेमैदान) पर्छन्। उष्णकटिबन्धीय साभाना वा घासे मैदान र उच्च हिमाली घाँसेमैदान जैविक विविधताले अत्यन्त धनी छन्।नेपालका सिमसारहरू, जसमा १० वटा अन्तराष्ट्रिय महत्वका सूचीमा समावेश छन्, धेरै लोपोन्मुख वनस्पति र जनावरहरूको वासस्थान हुन्। यी स्थलहरू विश्वस्तरीय लोपोन्मुख र आप्रवासी चराहरूका लागि पनि विश्राम स्थलको रूपमा रहेका छन्।

देश कृषिजन्य बाली, तिनका जंगली नातेदार, घरपालुवा जनावरका प्रजाति र किसिमहरूको विविधताले पनि धनी छ। देशमा पाइने ५५० भन्दा बढी खाद्य महत्वका वनस्पति पाइन्छन् भने तिनको करिब आधा अहिले पनि खेति गरिन्छ । नेपालको वागबानी विविधतामा करिब ४०० प्रजाति र उप-प्रजाति पाइन्छन् जसमा ४५ प्रजातिका मौसमी फलफूल छन्। देशमा ११ प्रकारका विभिन्न आलुका प्रजाति सहित करिब २०० प्रजातिका तरकारीहरू खेती गरिन्छ।तर, यी मध्ये ५४ प्रजातिका जंगली स्तनधारी, १८ प्रजातिका हिमाली रूखहरू सहित धेरै वनस्पति र जनावर प्रजाति लोपोन्मुख अवस्थामा छन् । चराचुरुङ्गीहरू सबैभन्दा बढी लोपोन्मुख समूहमध्येका हुन्। नेपालका आधाभन्दा बढी राष्ट्रिय स्तरमा लोपोन्मुख चरा प्रजाति तल्लो तटीय क्षेत्रका वनहरूमा पाइन्छन् भने चौथाइभन्दा बढी सिमसार क्षेत्रमा बसोबास गर्दछन्।

## २.५ वन विनाश र वनको क्षयीकरणका कारणहरू

सन् २०१० मा नेपालको रेडप्लस तयारीको प्रस्तावनामा[29] गरिएको प्रारम्भिक विश्लेषण अनुसार वन विनाश र वनको क्षयीकरणका कारणहरू विविध, जटिल र भौगोलिक क्षेत्रअनुसार फरक-फरक छन्। विश्लेषणले नौ प्रत्यक्ष कारण र धेरै अप्रत्यक्ष कारणहरू (जस्तै जनसंख्या वृद्धि, गरिबी, भूमिहीन अवस्था, आर्थिक वृद्धि) पहिचान गरेको थियो। तराइ भूरिधि रणनीति र कार्ययोजना २०१५-२०२५ ले पाँच प्रमुख कारणहरू पहिचान गरेको छ (तालिका ४)। त्यस्तै, तराइ भूपरिधिकै लागि तयार गरिएको इआरपीडीले छ प्रमुख कारक र १० अन्तर्निहित कारणहरू पहिचान गरेको छ।यिनै अध्ययनहरू र प्राप्त परामर्श समेतको आधारमा राष्ट्रिय रेड रणनीति (२०१८) ले वन विनाश र वनको क्षयीकरणका नौ प्रमुख कारकहरू र १० अन्तर्निहित कारणहरू पहिचान गरेको छ।यी विभिन्न अध्ययन र दस्तावेजमा दिइएका वन विनाश र वनको क्षयीकरणका कारकहरू र अन्तर्निहित कारणहरूलाई देहायको तालिकामा संक्षेपमा प्रस्तुत् गरिएको छ :

**तालिका नं.4 विभिन्न अध्ययन/रणनीतिहरूबाट पहिचान भएका कारणहरूको संक्षिप्त विवरण**

| कारकहरू | अन्तर्निहित कारणहरू |
|---|---|
| **राष्ट्रिय रेड रणनीति, २०७४** | |

[29] https://www.forestcarbonpartnership.org/system/files/documents/R-PP_Nepal_revised_October.pdf

| कारकहरू | अन्तर्निहित कारणहरू |
| --- | --- |
| १. दिगो नहुने गरी अवैध वनपैदावार संकलन<br>२. वन डढेलो<br>३. पूर्वाधार विकास<br>४. अत्यधिक र अनियन्त्रित चरिचरण<br>५. कमजोर वन व्यवस्थापन<br>६. शहरीकरण र पुनर्वास<br>७. वन अतिक्रमण<br>८. खनिजजन्य पदार्थको उत्खनन (बालुवा, ढुंगा, चट्टान समेत)<br>९. वाह्य मिचाहा वनस्पतिको विस्तार | • जनसंख्याको असमानुपातिक वितरण र बसाई सराई ।<br>• नीतिगत कमी कमजोरी, कमजोर कार्यान्वयन र विभिन्न नीतिहरुका बीचमा समन्वयको कमी र दोहोरो क्षेत्राधिकार ।<br>• गरिवी र जीविकोपार्जनका लागि सिमित अवसर मात्र प्राप्त हुनु ।<br>• वन स्रोतमाथिको उच्च निर्भरता र माग तथा आपूर्तिका बीचमा भिन्नता ।<br>• वन नीति तथा कानूनमा वन स्रोतमाथिको पूर्णाधिकार सुनिश्चितताको कमी ।<br>• कमजोर सुशासन र राजनीतिक प्रतिवद्धताको कमी ।<br>• सरोकारवालाहरु बीच कमजोर समन्वय र सहकार्यको कमी ।<br>• दक्ष मानवीय स्रोतको अपर्याप्तता र व्यवस्थापन क्षमताको कमी ।<br>• वनसम्बन्धी अध्ययन अनुसन्धानमा कम प्राथमिकता ।<br>• र प्राकृतिक प्रकोपजन्य जोखिम न्यूनीकरण गर्ने रणनीतिमा कमजोरी । |
| **तराइ भूपरिधिको उत्सर्जन न्यूनीकरण कार्यक्रम (२०१७), जिल्ला, क्षेत्र र राष्ट्रिय सरोकारवालाहरूको परामर्शबाट** | |
| १. दिगो नहुने गरी काठदाउराको अवैध संकलन<br>२. अत्यधिक चरिचरण<br>३. वन डढेलो<br>४. वन अतिक्रमण<br>५. पुनर्वास<br>६. पूर्वाधार विकास | • जनसंख्याको असमानुपातिक वितरण र बसाई सराई ।<br>• नीतिगत कमी कमजोरी, कमजोर कार्यान्वयन र विभिन्न नीतिहरुका बीचमा समन्वयको कमी र दोहोरो क्षेत्राधिकार ।<br>• गरिवी र जीविकोपार्जनका लागि सिमित अवसर मात्र प्राप्त हुनु ।<br>• वन स्रोतमाथिको उच्च निर्भरता र माग तथा आपूर्तिका बीचमा भिन्नता ।<br>• वन नीति तथा कानूनमा वन स्रोतमाथिको पूर्णाधिकार सुनिश्चितताको कमी ।<br>• कमजोर सुशासन र राजनीतिक प्रतिवद्धताको कमी । |

| कारकहरू | अन्तर्निहित कारणहरू |
|---|---|
| | • सरोकारवालाहरु बीच कमजोर समन्वय र सहकार्यको कमी ।<br>• दक्ष मानवीय स्रोतको अपर्याप्तता र व्यवस्थापन क्षमताको कमी ।<br>• वनसम्बन्धी अध्ययन अनुसन्धानमा कम प्राथमिकता ।<br>• र प्राकृतिक प्रकोपजन्य जोखिम न्यूनीकरण गर्ने रणनीतिमा कमजोरी । |
| **तराइ भूपरिधि रणनीति तथा कार्ययोजनाTerai (२०१५-२०२५)** | |
| १. दिगो नहुने गरी काठदाउराको अवैध संकलन<br>२. अत्यधिक चरिचरण<br>३. दाउरा संकलन<br>४. वन डढेलो<br>५. वनक्षेत्रको अन्य भूउपयोगमा परिवर्तन (अतिक्रमण, पुनर्वास र पूर्वाधार) | • दिगो आपूर्ति हुन सक्ने भन्दा बढी वनपैदावरको माग<br>• जनसंख्या वृद्धि<br>• कमजोर आपूर्ति श्रृंखला<br>• तराइ क्षेत्रमा चौपायाको संख्यामा वृद्धि |
| **नेपालमा वन विनाश र वनको क्षयीकरणका कारक र कारणहरू बारे बुझाइ: रेडप्लस सम्बन्धी भावी नीति र कानून सम्बन्धमा युएन रेडले गरेको अध्ययन (२०१४)** | |
| १. अवैध काठ कटानी<br>२. वन अतिक्रमण<br>३. दाउरा संकलन<br>४. सडक निर्माण<br>५. वन डढेलो<br>६. खानी उत्खनन<br>७. चरिचरण | • गरिवी र वनमा अत्यधिक निर्भरता<br>• वनपैदावारको बढ्दो माग<br>• असुरक्षित भूमि अधिकार<br>• कमजोर शासन र कानूनको कार्यान्वयन<br>• जनसंख्या वृद्धि<br>• राजनीतिक अस्थिरता<br>• वन व्यवस्थापनमा प्रवधिको कम प्रयोग |
| **रेडप्लसको तयारी परियोजना प्रस्ताव (२०१०)** | |
| १. वन र वनपैदावारमा अत्यधिक निर्भरता (काठ, दाउरा र गैरकाष्ठ वनपैदावार)<br>२. वनपैदावारको अवैध कटानी<br>३. दिगो नहुने कटानी<br>४. वन डढेलो<br>५. वन अतिक्रमण | • गरिवी र वैकल्पिक जीविकोपार्जनको अभाव<br>• कमजोर शासकीय व्यवस्था र कानूनको कार्यान्वयन<br>• काठ दाउरा वितरणको अप्रभावकारी प्रणाली<br>• सीमापार क्षेत्रमा वनपैदावारको उच्च माग<br>• अनुसन्धान र विकासका लागि अपर्याप्त बजेट |

| कारकहरू | अन्तर्निहित कारणहरू |
| --- | --- |
| ६. अत्यधिक चरिचरण<br>७. पूर्वाधार विकास<br>८. पुनर्वास<br>९. मिचहा वनस्पतिको विस्तार | • राजनीतिक हस्तक्षेप<br>• अस्पष्ट भूमि अधिकार, नीति र योजना |

## २.६ नेपालको वन आधार तह (२०००-२०१०)

संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको सन्दर्भमा रेडप्लसका नतिजाहरू वन आधार उत्सर्जन तह वा वन आधार तहसँग तुलना गरिन्छ[30]। यसरी वन आधार तहले रेडप्लस गतिविधिहरूको कार्यसम्पादन मूल्याङ्कन गर्नको लागि एक मापदण्ड तोक्छ, जसले देशहरूलाई आफ्नो उत्सर्जन कटौती र कार्बन अवशोषणको मापन, प्रतिवेदन र प्रमाणीकरण गर्न तथा नतिजामा-आधारित भुक्तानी दावी गर्न सहयोग गर्दछ।संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिले वन आधार उत्सर्जन तह वा वन आधार तह दुबैलाई मान्यता दिएको छ । तथापि नेपालले वन आधार उत्सर्जन तहलाई केवल उत्सर्जन घटाउने गतिविधिहरूका रुपमा र वन आधार तहलाई उत्सर्जन घटाउने र वनमा कार्बन भण्डारण बढाउने दुवै गतिविधिका रुपमा परिभाषित गरेको छ ।

नेपालले आफ्नो पहिलो राष्ट्रिय वन आधार तह (२०००-२०१०) संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिमा २०१७ मा पेश गरेको थियो[31]। यस आधार तहमा खुद कार्वन उत्सर्जन र अवशोषणलाई दृष्टिगत गरी रुखको जमीन माथि र जमीन मुनि रहेको जैविक पिण्डको मात्र कार्बन गणना गरिएको छ । सन् २००० र २०१० को अवधिमा वन विनाश र वृक्षारोपणबाट वार्षिक उत्सर्जन र अवशोषण क्रमशः ९२९,३२५ टन कार्बनडाइअक्साइड बराबर र -१५१,०७७ टन कार्बनडाइअक्साइड बराबर अनुमान गरिएको छ।सोही अवधिमा वाकी बसेको वनमा दिगो नहुने गरी संकलन गरिएको दाउराबाट वार्षिक ४०८,५०० टन कार्बनडाइअक्साइड बराबर उत्सर्जन भएको अनुमान गरिएको छ।

यस प्रकार, वन आधार तहले निम्नानुसार वार्षिक उत्सर्जन र अवशोषणको अवस्था प्रस्तुत् गरेको छ :

- वन विनाश: ९२९,३२५ टन कार्बनडाइअक्साइड बराबर प्रति वर्ष
- वनको क्षयीकरण: ४०८,५०० टन कार्बनडाइअक्साइड बराबर प्रति वर्ष
- वन सुधार/वृद्धि: -१५१,०७७ टन कार्बनडाइअक्साइड बराबर प्रति वर्ष


(चित्र 2 मा नेपालको २०००-२०१० को वार्षिक हरितगृह ग्यास उत्सर्जन र अवशोषणको अवस्था देखाइएको छ)

---

30 निर्णय १२/सीपी.१७: https://unfccc.int/resource/docs/2011/cop17/eng/09a02.pdf#page=16

31 https://redd.unfccc.int/media/finalfrlnepal_jan2018.pdf

**चित्र नं. 2 नेपालको २०००-२०१० को अवधिमा वार्षिक हरितगृह ग्यास उत्सर्जन र अवशोषण**




## २.७ नेपालको रेडप्लसका पहलहरू

### २.७.१ विश्व बैंकको अन्तर्गत एफसीपीएफ रेडप्लस तयारी परियोजना

नेपालको रेडप्लस तयारी परियोजना प्रस्ताव सन् २०१० मा एफसीपीएफद्वारा स्वीकृत गरिएको थियो[32] र यसलाई कार्यान्वयन गर्न विश्व बैंकको रेडिनेस फण्डबाट ३४ लाख अमेरिकी डलर अनुदान सहायता प्राप्त भएको थियो । यसको पहिलो चरण २०१० मा सुरु भई २०१५ मा सम्पन्न भयो।नेपालको रेडिनेस प्याकेज[33] २०१६ मा एफसीपीएफको सहभागी सभाबाट स्वीकृत भयो भने सो बापत थप ५० लाख अमेरिकी डलर समेत अनुमोदित भयो[34]। कोभिड महामारीको कारण यो प्याकेजको कार्यकाल डिसेम्बर २०२१ सम्म थपियो, जसले गर्दा नेपालले २०१५ देखि २०२१ सम्म रेडप्लस रेडिनेसको दोस्रो चरणको कार्यान्वयन जारी राख्न सक्यो।रेडप्लस तयारीको प्रस्तावनामार्फत नेपालले विभिन्न महत्वपूर्ण चरणहरू पार गरेको छ, जसमध्ये देहायका महत्वपूर्ण रहेका छन्: वनको आधार तहको तयारी र पेश; मापन, प्रतिवेदन र प्रमाणीकरण प्रणालीको विकास; रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कनको तर्जुमा; वन विनाश र वनको क्षयीकरणका कारकहरूको अध्ययन;राष्ट्रिय रेडप्लस रणनीतिको तर्जुमा ।

---

32 https://www.forestcarbonpartnership.org/system/files/documents/R-PP_Nepal_revised_October.pdf

33 https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20R-Package-Final-%20August%2016%202016.pdf

34 https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20R-Package-Final-%20August%2016%202016.pdf

## २.७.२ विश्व बैंकको एफसिपीएफ अन्तर्गत उत्सर्जन न्यूनीकरण कार्यक्रम

सन् २०१३ मा, नेपाल सरकारले तराइ भूपरिधिका तत्कालीन १२ र हाल १३ जिल्लाका लागि उत्सर्जन न्यूनीकरण कार्यक्रम अवधारणा टिप्पणी तयार गरी एफसीपीएफ को कार्बन कोषमा पेश गरियो[35]। उक्त टिप्पणी अप्रिल २०१४ मा ब्रसेल्समा भएको कोषको को ९औँ बैठकमा स्वीकृत भयो र कार्यसूचीमा समावेश गरियो।सन् २०१५ मा विश्व बैंकसँग १ करोड ४० लाख टन कार्बनडाइअक्साइड बराबरको उत्सर्जन न्यूनीकरण इकाइको प्रस्तावित बिक्री र खरीदको लागि इच्छापत्रमा हस्ताक्षर गरेपछि, २०१८-२०२३ क्रेडिटिंग अवधिको लागि तयार गरिने उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत नेपालले न्यूनीकरण दस्तावेज तयार गर्न ६ लाख पचास हजार अमेरिकी डलर बराबरको अनुदान सहायता प्राप्त गर्यो।

नेपालले सन् २०१८ मा राष्ट्रिय रेड रणनीति स्वीकृत गरे पश्चात् कार्बन कोषको जुन २०१८ मा पेरिसमा बसेको १८ औं बैठकबाट उत्सर्जन न्यूनीकरण दस्तावेज पनि स्वीकृत भयो।फेब्रुअरी २०२१ मा नेपालले विश्व बैंकसँग उत्सर्जन न्यूनीकरण भुक्ताती संझौतामा हस्ताक्षर गरेपछि रेडप्लसको कार्यान्वयन चरणमा औपचारिक रुपमा प्रवेश गर्यो[36]। यस सम्झौता अन्तर्गत नेपालले तराइ भूपरिधिका १३ जिल्लामा कार्यान्वयन भएको उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट उत्पादित उत्सर्जन न्यनीकरणको प्रमाणीकरण पछि नतिजामा आधारित भुक्तानी प्राप्त गर्ने व्यवस्था छ । यो उत्सर्जन कार्यक्रम मधेश, बागमती, गण्डकी, लुम्बिनी, र सुदुर पश्चिम गरी पाँच प्रदेशका १३ जिल्लामा लागू भइरहेको छ भने यसमा करिब २४ लाख हेक्टर वनको क्षेत्रफल रहेको छ । यो उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट सन् २०१८-२०२७ को दस वर्ष अवधिमा ३ करोड ५६ लाख टन कार्बनडाइअक्साइड बराबरको उत्सर्जन न्यूनीकरण हुने अपेक्षा गरिएको छ। यसमा रेडप्लसका सातवटा क्रियाकलापहरूबाट कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ (तालिका ५) । यी कार्यक्रमहरू जिल्ला, क्षेत्रीय र राष्ट्रिय स्तरमा व्यापक परामर्श, र महिला, स्थानीय समुदाय, आदिवासी/जनजाति, दलित, र अन्य सीमान्तकृत समुदायको सहभागितामा तर्जुमा गरिएका हुन्।

**तालिका नं. 5 विश्वबैंकको एफसीपीएफ कार्यक्रम तर्फ अनुमानित उत्सर्जन न्यूनीकरण**

| रेडप्लसका क्रियाकलाप | लक्ष्य | अपेक्षित उत्सर्जन न्यूनीकरण (दश लाख टन कार्बन बराबर) |
|---|---|---|
| **१. पारम्परिक र प्रथागत अभ्यासमा आधारित गरी सामुदायिक र सहकारी वनको व्यवस्थापन प्रथा सुधार** | ३३६,०६९ हेक्टर | १९.० |
| **२. राष्ट्रिय वनलाई सामुदायिक र सहकारी वन प्रयोगकर्ता समूहलाई हस्तान्तरण गरेर स्थानीय स्तरमा वन शासन** | २००,९३७ हेक्टर | ९.३ |

[35] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ER-PIN%20CF9.pdf

[36] https://www.forestcarbonpartnership.org/system/files/documents/FCPF%20Carbon%20Fund%20ERPA-Nepal%20Tranche%20A.pdf

| | | |
|---|---|---|
| **३. विस्तार सेवा र वित्तमा पहुँच सुधारेर निजी क्षेत्रको वानिकी कार्यक्रम विस्तार** | ३०,१४१ हेक्टर | ०.९ |
| **४. (क) वैकल्पिक ऊर्जाको पहुँच विस्तार (बायोग्यास)** | ८८,६२९ एकाइ | २.५ |
| **४. (ख) वैकल्पिक ऊर्जाको पहुँच विस्तार (सुधारिएको चुल्हा)** | १६,९६२ चुल्हा | ०.१ |
| **५. गरिब-पक्षपातपूर्ण लीजहोल्ड वानिकी कार्यक्रम स्केल अप** | १२,०५६ हेक्टर | ०.७ |
| **६. पूर्वाधार विकाससँग सम्बन्धित वन रूपान्तरण घटाउन एकीकृत भू-उपयोग योजना सुधार** | ११,७३६ हेक्टर | ३.२ |
| **७. संरक्षित क्षेत्रहरूको व्यवस्थापन क्षमता सुदृढीकरण** | ६ संरक्षित क्षेत्र | – |
| **जम्मा** | | **३५.६** |

अनिश्चितताबाट हुन सक्ने नोक्सानी घटाएर ३ करोड ५६ लाख टन मध्ये सन् २०१८-२०२४ अवधिका लागी ९० लाख टन कार्बनडाइअक्साइड बराबरका उत्सर्जन न्यूनीकरण एकाइका लागि प्रति एकाइ क्रेडिटको अमेरिकी डलर ५ का दरले अधिकतम अमेरिकी डलर ४ करोड ५० लाख सम्मको विश्व बैंकसंग करार संझौता गरिएको हो [37]। (तालिका ६)।

**तालिका नं.6 एफसीपिएफसंग भएको संझौता बमोजिम अनुगमन-प्रतिवेदनको समयावधि र कूल उत्सर्जन** [38]

| क्र.सं. | अवधि | न्यूनतम उत्सर्जन न्यूनीकरण (टन कार्बन बराबर) | कूल उत्सर्जन न्यूनीकरण (टन कार्बन बराबर) |
|---|---|---|---|
| १ | २२ जुन २०१८ देखि ३१ डिसेम्बर २०२१ सम्म | ४०,००,००० | ४०,००,००० |
| २ | १ जनवरी २०२२ देखि ३१ डिसेम्बर २०२४ सम्म | ५०,००,००० | ९०,००,००० |

[37] https://www.forestcarbonpartnership.org/system/files/documents/FCPF%20Carbon%20Fund%20ERPA-Nepal%20Tranche%20B.pdf

[38] Ibid

नेपालले सन् २०२३ मा तराइ भूपरिधिको पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन पेश गरेको छ, जसले सन् २०१८ जुनदेखि सन् २०२१ डिसेम्बरसम्मको अवधि समेट्छ। उक्त प्रतिवेदन हाल प्रमाणीकरण तथा मान्यकरण प्रक्रियामा रहेको छ। नेपालले सन् २०२५ को दोस्रो अर्धवार्षिक अवधिमा नतिजामा आधारित भुक्तानीको पहिलो किस्ता प्राप्त गर्ने अपेक्षा गरेको छ। तालिका ७ मा पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदनको विषयवस्तुको सारांश प्रस्तुत गरिएको छ।

**तालिका नं.7 उत्सर्जन न्यूनीकरण सम्झौता र प्रतिवेदन पेश गर्ने अवधि** [39]

| | |
|---|---|
| **कार्यक्रमको नाम र मुलुक:** | जनता र वन: नेपालको तराइ भूपरिधिमा दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरण कार्यक्रम |
| **प्रतिवेदन अवधि:** | २२-०६-२०१८ देखि ३१-१२-२०२१ सम्म |
| **उत्सर्जन न्यूनीकरणको कूल एकाइ:** | २३,१०,३१९ टन कार्बनडाइअक्साइड बराबर |
| **अनिश्चितता बापत छुट्याइएको न्यूनीकरण परिमाण** | ४,८५,३६१ टन कार्बनडाइअक्साइड बराबर |
| **पुन: उत्सर्जन होला कि भन्ने जोखिम ध्यानमा राखी छुट्याइएको परिमाण** | ३,०२,५४२ टन कार्बनडाइअक्साइड बराबर |
| **पुन: उत्सर्जन होला कि भन्ने जोखिम ध्यानमा लागि छुट्याइएको थप परिमाण** | १,३७,५१९ टन कार्बनडाइअक्साइड बराबर |
| **प्रस्तुत गरिएको मिति:** | १४-०९-२०२३ |

### २.७.३ लिफ गठबन्धन अन्तरगतको उत्सर्जन न्यूनीकरण कार्यक्रम

नेपालले हाल लोअरिङ इमिसन थ्रो एक्सिलरेटिङ फरेष्ट फाइनान्स (छोटकरीमा "लिफ") अन्तर्गत आफ्नो दोस्रो उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि प्रस्तावना तर्जुमा गरिरहेको छ, जसअन्तर्गत रेडप्लस कारोबारको ढाँचा र वातावरणीय उत्कृष्टता मापदण्ड (छोटकरीमा "आर्ट-ट्रीज") मा दर्ता प्रक्रिया पनि समावेश गरिएको छ।नेपालले सन् २०२१ नोभेम्बरमा आयोजित जलवायु महासन्धिका पक्षराष्ट्रहरूको २६ औं सम्मेलनमा लिफ गठबन्धनको तर्फबाट इमर्जेन्टसंग आशय-

[39] https://www.forestcarbonpartnership.org/sites/default/files/documents/nepal_ermr_ghg_accounting_nov_2023_final.pdf

पत्र आदान-प्रदान गरेको थियो[40]। त्यसपछि सन् २०२२ फेब्रुअरीमा[41] ट्रीज अवधारणा नोट पेश गरिएको र सन् २०२२ डिसेम्बरमा लिफ गठबन्धनसंग सँग चार वर्षे (सन् २०२२-२०२६) क्रेडिटिङ अवधिका लागि समझदारी पत्रमा हस्ताक्षर गरिएको थियो[42]।उक्त कार्यक्रम बागमती, गण्डकी र लुम्बिनी प्रदेशका ३६ जिल्लालाई समेट्ने क्षेत्राधारित कार्यक्रममार्फत कार्यान्वयन गरिनेछ, जसले देशको कुल वन क्षेत्रको ५१.९ प्रतिशत भूभाग समेट्छ।रेड कार्यान्वयन केन्द्रले संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन र वातावरण कार्यक्रमको प्राविधिक सहयोगमा युएन रेड कार्यक्रमअन्तर्गत ट्रीज दर्ता दस्तावेज  तयार गरी सन् २०२४ मा आर्ट-ट्रीज सचिवालयमा पेश गरेको छ। ट्रीज दर्ता दस्तावेजमा आधारित लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको सारांश तालिका ८ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. 8 लिफ गठबन्धन अन्तरगतको न्यूनीकरण कार्यक्रमको सारांश**

| **नेपालमा लिफ गठबन्धन अन्तर्गत क्षेत्रगत उत्सर्जन न्यूनीकरण कार्यक्रमको सारांश** | |
|---|---|
| **उत्सर्जन न्यूनीकरण कार्यक्रमको क्षेत्र** | नेपालको बाग्मती, गण्डकी र लुम्बिनी प्रदेश अन्तर्गतको वन क्षेत्र  जसले लगभग ७० लाख हेक्टर भू-भाग (नेपालको कुल क्षेत्रफलको ४१.३३%) ओगटेको छ। |
| **ट्रीज गणना क्षेत्र** | लगभग ३६.४ लाख हेक्टर वन क्षेत्र जसमध्ये ७८.६% राष्ट्रिय वन अन्तर्गत र २१.४८% संरक्षित क्षेत्र व्यवस्थापन प्रणाली अन्तर्गत पर्दछ। |
| **वन आधारतहको अवधि** | ०१/०१/२०१७ - ३१/१२/२०२१ |

[40] https://resources.leafcoalition.org/wp-content/uploads/2021/12/Letter-of-Intent_Nepal.pdf

[41] https://art.apx.com/mymodule/ProjectDoc/Project_ViewFile.asp?FileID=63&IDKEY=f903q4jsafkasjfu90amnmasdfkaidflnmdf9348r09dmfasdff86877

[42] https://resources.leafcoalition.org/wp-content/uploads/2022/12/MOA-Nepal-Emergent-signed.pdf

| | |
|---|---|
| **गणना अवधि र उत्सर्जनको ट्रीज गणना तह** | ०१/०१/२०२२ - ३१/१२/२०२६<br><br>• वन विनाशबाट हुने उत्सर्जन (सन् २०१७-२०२१): ८५१,९६९ टन कार्बनडाइअक्साइड बराबर<br>• वन क्षयीकरणबाट हुने उत्सर्जन (सन् २०१७-२०२१): ३,५९१,७४६ टन कार्बनडाइअक्साइड बराबर<br>• ५ वर्षे ऐतिहासिक सन्दर्भ अवधि (सन् २०१७-२०२१) मा कुल उत्सर्जन: ४,४४३,७१५ टन कार्बनडाइअक्साइड बराबर<br>• ५ वर्षे गणना अवधिका लागि क्रेडिटिङ स्तर : ४,४४३,७१५/५ = ८८८,७४३ टन कार्बनडाइअक्साइड बराबर |
| **उत्सर्जन न्यूनीकरण कार्यक्रममा समावेश गरिएका रेडप्लसका क्रियाकलाप र कार्बनका स्रोत** | १. वन विनाशबाट हुने उत्सर्जनको न्यूनीकरण<br>२. वन क्षयीकरणबाट हुने उत्सर्जनको न्यूनीकरण<br>३. वृक्षारोपण र पुनर्वृक्षारोपणबाट कार्बन संचितिको वृद्धि<br>यसमा रुखको जमीन माथि र मुनिको जैविक पिण्डमा रहेको कार्बनको गणना गरिन्छ । |

# अध्याय ३. रेडप्लस सुरक्षणका लागि नेपालले लिएको दृष्टिकोण

## ३.१ परिचय

देश सुहाउदो सुरक्षण भनेको कुनै देशले आफ्नै विशिष्ट आवश्यकता र परिस्थितिलाई ध्यानमा राखेर रेडप्लस को सामाजिक र वातावरणीय लाभ बढाउन र जोखिम घटाउन विकास र कार्यान्वयन गर्ने दृष्टिकोण हो[43]। प्रत्येक देशको सुरक्षण फरक राष्ट्रिय परिस्थितिहरू, नीति र सरोकारवालाहरूको दृष्टिकोणमा आधारित हुनेछ, जसले सुरक्षणका उपायहरूको परिभाषा, उद्देश्य, क्षेत्रफल र कार्यान्वयनको स्तरलाई समेट्छ[44]।देश सुहाउदो सुरक्षण प्रायः सरकारद्वारा सरोकारवालाहरू सँगको परामर्शमार्फत विकसित गरिन्छ, र देशको रेडप्लस प्रक्रियाका लागि महत्वपूर्ण सामाजिक-आर्थिक मुद्दा र वातावरणीय चासोहरूलाई ध्यानमा राखिन्छ। देश सुहाउदो सुरक्षणका तीन मुख्य भागहरू देहाय बमोजिम छन्[45] :

1. नीति, कानुन र नियम: क्यानकुन र अन्य सुरक्षणका उपायहरूसँग सुसंगत रूपमा रेडप्लस तर्जुमा र कार्यान्वयनलाई समर्थन गर्न आवश्यक दस्तावेजहरू।
2. कार्यान्वयनका लागि संस्थागत व्यवस्था: सम्बन्धित नीति, कानून र नियमलाई व्यवहारमा कार्यान्वयन गर्न जिम्मेवार संस्थाहरूको अधिकार, प्रक्रिया र क्षमता।
3. सूचना प्रणाली र स्रोतहरू वा सुरक्षण सूचना प्रणाली: रेडप्लस कार्यहरूको कार्यान्वयनको क्रममा सुरक्षणका उपायहरू कसरी सम्बोधन र सम्मान गरिँदैछ भन्ने जानकारी सङ्कलन र उपलब्ध गराउने प्रणाली।

देश सुहाउँदो सुरक्षणको विकासका लागि कुनै निश्चित ढाँचा छैन, तर युएन रेड कार्यक्रमले प्रारम्भिक अनुभवहरूमा आधारित केही सामान्य चरणहरू सिफारिस गरेको छ[46], जस्तै: उद्देश्य, क्षेत्र र स्तरको परिभाषा; क्यानकुन सुरक्षण उपायहरूको राष्ट्रिय प्रसंगमा स्पष्टिकरण; वर्तमान नीति, कानून र नियमको मूल्याङ्कन र सुदृढीकरण; नयाँ नीति, कानून र नियम वा प्रक्रियाको विकास; संस्थागत क्षमताको मूल्याङ्कन र सुदृढीकरण; र सुरक्षण सूचना प्रणालीको स्थापना र सञ्चालन।

क्यानकुन सुरक्षणका उपायहरूको राष्ट्रिय सन्दर्भमा स्पष्टीकरण वा व्याख्या अत्यन्त महत्वपूर्ण पक्ष हो। क्यानकुन सुरक्षणका उपायहरू फराकिला मुख्य सिद्धान्तहरूको समष्टि हुन्, जसलाई देशीय सन्दर्भमा विशिष्ट विषयगत मुद्दा, नीति, कानून र नियम, परिभाषा र मापदण्डहरूमा व्याख्या गर्न आवश्यक हुन्छ। यस्तो स्पष्टीकरणले सुरक्षणका

---

[43] युएन रेडको "देश सुहाउदो सुरक्षण" को परिभाषा: https://www.un-redd.org/glossary/country-approach-safeguards#:~:text=A%20country%20approach%20to%20safeguards%20refers%20to%20the,order%20to%20respond%20to%20safeguards%20requirements%20for%20REDD%2B

[44] https://redd.unfccc.int/uploads/2234_6_country-approaches-info-brief-final__282_29.pdf

[45] https://www.un-redd.org/sites/default/files/2021-10/Concept%20Brief%20Country%20Approach%20to%20Safeguards-1.0-EN%20(360803).pdf

[46] https://www.un-redd.org/sites/default/files/2021-10/Concept%20Brief%20Country%20Approach%20to%20Safeguards-1.0-EN%20(360803).pdf

उपायहरूको संबोधन र सम्मान किन आवश्यक छ भन्ने सम्बन्धमा सरोकारवालाहरूका बिच साझा बुझाइ बिकास गर्न मदत गर्दछ ।

## ३.२ सुरक्षण प्रति नेपालको दृष्टिकोणका मुख्य तत्वहरू

नेपालले सन् १९९२ मा रियो डे जेनेरियोमा आयोजित पृथ्वी सम्मेलनको सदस्य भएबाटै देशमा संचालित विकास परियोजना र कार्यक्रममा वातावरणीय र सामाजिक सुरक्षणका उपायहरूलाई गम्भीरता पूर्वक लागू गर्दै आएको छ। नेपाल युएनएफसीसीसी, सीबीडी, एजेन्डा २१ को सदस्य पनि हो भने यसले  वन व्यवस्थापन, संरक्षण र दिगो विकासमा विश्वव्यापी सहमतिको प्रतिवद्धता समेत पालना गर्दछ[47]।

नेपालको रेडप्लस सुरक्षणको दृष्टिकोणको विकास रेडप्लसमा प्रारम्भिक सहभागिताका चरणहरूबाटै  सुरु भएको हो। सरकारको नेतृत्वमा रेडप्लस  कार्यक्रम र उत्सर्जन कम हुने भू-उपयोगको  सामाजिक र वातावरणीय कार्यसम्पादनको विश्वसनीय प्रतिवेदनलाई समर्थन गर्ने सन् २००९ मा सुरु भएको रेडप्लस सामाजिक तथा वातावरणीय मापदण्ड पहलमा सहभागिता जनाउदै नेपालले बहु-सरोकारवाला प्रक्रियामार्फत स्वेच्छिक उत्कृष्ट अभ्यास मापदण्ड विकास गर्यो । एफसीपीएफ रेडप्लस तयारी परियोजना र एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत गरिएको कार्यले पनि नेपालको देश सुहाउदो सुरक्षणको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। नेपालले एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि उत्सर्जन न्यूनीकरण परियोजना अवधारणापत्र र उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज विश्व बैंकका वातावरणीय र सामाजिक सुरक्षण नीति र क्यानकुन सुरक्षणका उपायहरू अनुसार तयार गरेको हो। यसमा रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन र वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयार पारियो, जसले पृष्ठपोषण तथा गुनासो संबोधन संयन्त्र र पुनर्बास नीतिको ढाँचा जस्ता उत्सर्जन न्यूनीकरण कार्यक्रमका विभिन्न सुरक्षणका प्रक्रियाहरुको पद्धती पनि स्थापना गऱ्यो।उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि लैंगिक कार्ययोजना र लाभ बाँडफाँट योजना[48] पनि सरोकारवालासँगको परामर्श प्रक्रियामा विकास गरियो, जसलाई नतिजामा आधारित भुक्तानी प्राप्त भएपछि कार्यान्वयनमा लगिने छ। लाभ बाँडफाँट योजना समय-समयमा संशोधन र अद्यावधिक हुँदै आएको छ भने यसको सबैभन्दा पछिल्लो संस्करण अक्टोबर २०२४ मा सरकारद्वारा स्वीकृत भएको हो।

नेपालले २०१८ मा राष्ट्रिय रेड रणनीति तर्जुमा र स्वीकृत गर्यो, जसले क्यानकुन सुरक्षणका उपायहरूको सम्मान र सम्बोधन गर्नुका साथै हरित जलवायु कोष, विश्वव्यापी वातारणीय सुविधा, खाद्य तथा कृषि कार्यक्रम, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, विश्व संरक्षन संघ, विश्व बैंक जस्ता साझेदार संस्थाहरुका सुरक्षणका नीति र मापदण्डहरू पनि समावेश गरेको छ। चुरे उत्थानशील आयोजनाले  २६ नदी प्रणालीमा आयोजना कार्यान्वयन गर्न वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना, आदिवासी जनजाति समावेशीकरण योजना र सामाजिक समावेशीकरण व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिरहेको छ।

---

[47] https://digitallibrary.un.org/record/144461?v=pdf

[48] https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

हाल भइरहेका  प्रस्तावित लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम जस्ता पहलहरूले पनि नेपालको सुरक्षणका प्रक्रियामा योगदान पुऱ्याएका छन्। सन् २०२३ मा रेड कार्यान्वयन केन्द्रले तर्जुमा गरेको वन क्षेत्रको रेडप्लस र उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि स्वतन्त्र पूर्वसूचित सहमति मार्गदर्शनलाई सन् २०२४ मा स्वीकृत गरिएको छ । यस्ता दस्तावेजहरूले लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका परामर्श प्रक्रियालाई मार्गदर्शन गर्नेछन्। एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम को लाभ बाँडफाँट योजनामा आधारित रही लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजनाको मस्यौदा तयार गरिएको छ । यस मस्यौदालाई  जिल्ला, प्रदेश र राष्ट्रिय स्तरका सरोकारवालासँगको परामर्श मार्फत अन्तिम रुप दिइनेछ ।

यो सूचनाको सारांश दस्तावेजले देशको विशिष्ट सिद्धान्त, मापदण्ड र सूचकाङ्कहरू अर्थात् रेडप्लस कार्यान्वयन, नीति, कानून र नियममा संशोधन र आर्ट-ट्रीज सुरक्षणका आवश्यकतासँग मेल खाने गरी परिमार्जित गरिएको क्यानकुन सुरक्षणका उपायहरूको स्पष्टिकरण समेटेको छ [49]।यस सम्बन्धी विस्तृत विवरण अध्याय ५ मा प्रस्तुत गरिएको छ।

### ३.२.१ नेपालको सुरक्षण दृष्टिकोणका उद्देश्यहरु

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकता र मापदण्डहरूसँग मेल खाने गरी नीतिगत तथा कानुनी संरचनाको सुधार र समन्वय गर्नु, कार्बन तथा गैर-कार्बन लाभहरू अधिकतम रूपमा उपयोग गर्नु; संस्थागत क्षमता तथा अन्तर-समन्वय अभिवृद्धि गर्नु; र देशको वातावरणमैत्री विकास प्रक्रिया सुनिश्चित गर्न वन क्षेत्रको सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सुदृढ गर्नु नै नेपालको रेडप्लस सुरक्षण सम्बन्धी दृष्टिकोणका मुख्य उद्देश्य रहेको छ (राष्ट्रिय रेड रणनीतिका उद्देश्य ४ र रणनीति ११)[50]।

यसका अतिरिक्त, राष्ट्रिय रेड रणनीति (२०१८) का रणनीतिक कार्यहरूमा समेटिएका अन्य विशिष्ट तथा सान्दर्भिक उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

१. सबै रेडप्लस कार्यक्रम तथा क्रियाकलापहरूमा सामाजिक तथा वातावरणीय सुरक्षण उपायहरूको एकीकरण र सुनिश्चितता गर्नु।
२. अधिकारवाला, विशेषतः आदिवासी जनजाति तथा स्थानीय समुदायहरूका लागि स्वतन्त्र, पूर्वसूचित सहमति सम्बन्धी दृष्टिकोण अवलम्बन गर्नु।
३. वन क्षेत्रमा बसोबास गर्ने भूमिहीन (सुकुम्बासी) व्यक्तिहरूका लागि वैकल्पिक पुनर्स्थापना व्यवस्थाहरू विकास तथा कार्यान्वयन गर्नु।
४. राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाहरूका लागि वन क्षेत्र प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण  तथा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।

---

[49] सुरक्षण सूचना प्रणाली वेभसाइटमा उपलब्ध छ: http://sis.redd.gov.np/sis/documents/knowledge-center

[50] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20National%20REDD%2B%20Strategy.pdf

५. सुदृढ मापन, अनुगमन, प्रतिवेदन तथा प्रमाणीकरण संयन्त्र सहितको सुरक्षा सूचना प्रणाली तथा राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना तथा सञ्चालन गर्नु।

### ३.२.२ नेपालको सुरक्षण दृष्टिकोणको दायरा

जसरी माथि खण्ड ३.२ मा भनिए झैं, विकास परियोजना/कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा वातावरणीय र सामाजिक सुरक्षणका उपायहरूको सम्मान र सम्बोधन गर्नु नेपालको लागि महत्वपूर्ण रहदै आएको छ । सुरक्षण सम्बन्धी व्यवस्था नेपालको संविधान (२०७२) र राष्ट्रि वन नीति, २०७५, राष्ट्रिय वातावरण नीति, २०७६, राष्ट्रिय नीति, २०७६, वनक्षेत्रको रणनीति (२०१६-२५) र खुद शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति (२०२१) जस्ता नीतिहरूमा समेत समावेश छन्। तसर्थ, नेपालमा सुरक्षणको दृष्टिकोण केवल रेडप्लस कार्यहरूमा मात्र सीमित छैन।

सुरक्षणका उपायहरू सबै रेडप्लस क्रियाकलापमा लागू गरिनुका साथै राष्ट्रिय रेड रणनीति (२०१८) मा पहिचान गरिएका रणनीति र कार्ययोजना, र वन क्षेत्र बाहिर रहेका कृषि, जलविद्युत, पूर्वाधार विकास लगायत अन्य भू-उपयोगका क्षेत्रहरूमा समेत प्रवर्धन गर्ने सरकारको योजना छ । विभिन्न विकास साझेदारहरूको वातावरणीय र सामाजिक सुरक्षणका नीति समेत आवश्यता अनुसार कार्यान्वयनमा सहजीकरण गरिएको छ र गरिनेछ ।उदाहरणका लागि, खाद्य तथा कृषि संगठनद्वारा संचालित हरित जलवायु कोषबाट अनुदान प्राप्त चुरे उत्थानशील आयोजनामा हरित जलवायु कोष र खाद्य तथा कृषि संगठनका सुरक्षण सम्बन्धी नीतिहरू समेत अवलम्बन गरिएका छन्[51] ।

नेपालको सुरक्षणका दृष्टिकोणसँग सम्बन्धित केही सुरक्षणका नीति र मापदण्डहरू देहाय बमोजिम रहेका छन्:

- संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि अन्तरगतको क्यानकुन सुरक्षणको सिद्धान्त
- विश्व बैंकको वातावरणीय तथा सामाजिक निर्देशिका र एफसीपीएफ कार्बन फन्डको पद्धतिगत निर्देशिका
- हरित जलवायु कोषको वातावरणीय र सामाजिक सुरक्षण
- आर्ट-ट्रीज सुरक्षणका उपायहरू

### ३.२.३ रेडप्लस सुरक्षणका लागि नेपालका प्रमुख सान्दर्भिक नीति, कानून र नियम

तलको तालिकामा रेडप्लस सुरक्षणसँग सम्बन्धित नेपालका केही प्रमुख नीति, कानून तथा नियमावलीहरूको समग्र अवलोकन प्रस्तुत गरिएको छ। यी नीति, कानुन तथा नियमावलीहरूबारे थप जानकारी तथा तिनको विशिष्ट सुरक्षण उपायहरूसँगको सम्बन्ध अध्याय ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.9 नेपालमा रेडप्लससंग सम्बन्धित नीति, कानून र नियमहरू**

---

[51] एफएओको वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचाले परियोजनाको दस्तावेजलाई मार्गदर्शन गरेको छ ।

| नाम | संक्षिप्त विवरण |
|---|---|
| **नेपालको संविधान (२०७२)**[52] | संविधानले आफ्ना नागरिकहरूको वातावरणीय तथा सामाजिक अधिकारहरूलाई मान्यता दिई सामाजिक न्याय तथा समावेशी शासन प्रणाली अवलम्बन गर्दै वर्ग, जाति, क्षेत्र, भाषा, धर्म तथा लैङ्गिक आधारमा हुने कुनै पनि प्रकारको भेदभाव अन्त्य गरी ती अधिकारहरूको संरक्षण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। |
| **वातावरण संरक्षण ऐन (२०७६)**[53] | यस ऐनले मानव, वन्यजन्तु, वनस्पति, प्रकृति तथा भौतिक संरचनाहरूमा पर्ने प्रतिकूल प्रभावहरू न्यूनीकरण गर्दै, सामाजिक प्रणाली, आर्थिक तथा मानवीय गतिविधिसमेत समग्र वातावरणको संरक्षणमार्फत दिगो विकास लक्ष्यहरू हासिल गर्ने उद्देश्य राखेको छ। यस ऐनमा सम्बन्धी प्रावधानहरू समावेश गरिनुका साथै नेपाल सरकारले कार्बन व्यापारमा सहभागी हुने अधिकार प्रदान गरेको छ। |
| **वातावरण संरक्षण नियमावली (२०७७)**[54] | यो वातावरण संरक्षण ऐन (२०७६) कार्यान्वयन गर्ने नियमावली हो। यसमा जैविक विविधता संरक्षण र कुनै पनि विकास परियोजना अगाडि बढाउनु अघि वातावरणीय प्रभाव मूल्यांकन गर्ने आवश्यकता र संस्थागत व्यवस्थाहरू समावेश छन् । |
| **राष्ट्रिय वन नीति (२०७६)**[55] | यो वन क्षेत्र सम्बन्धी नीतिहरू, रणनीतिहरू, कार्यक्रम/परियोजनाहरू, तथा कानूनी र नियामक साधनहरूको लागि मार्गदर्शक दस्तावेज हो । यसका मुख्य रणनीतिहरूमा सबै सरोकारवालाहरूको सहभागितामा वन स्रोतहरूको स्थायी व्यवस्थापन; जैविक विविधता र वन पारिस्थितिकीय सेवाहरू संरक्षण गर्दै आर्थिक विकासमा योगदान दिन वन क्षेत्रको उत्पादकत्व वृद्धि समावेश छन्। यसले अन्तर्राष्ट्रिय जलवायु वित्तको लागि उत्सर्जन न्यूनीकरण परियोजनाहरूको तर्जुमा गर्न सकिने व्यवस्था समेत गरेको छ । |
| **वन ऐन (२०७६)**[56] | यस ऐनले राष्ट्रिय वनहरूको व्यवस्थापनको लागि कानूनी ढाँचा प्रदान गरेको छ । यसमा भू-स्वामित्व र वन संरक्षणका प्रावधानहरू समावेश छन्, र नेपाल सरकारको कार्बन अधिकार (धारा ४४) र वन विकास कोषको स्थापना र संचालन (धारा ४५) को प्रावधान छ । |

[52] https://ag.gov.np/files/Constitution-of-Nepal_2072_Eng_www.moljpa.gov_.npDate-72_11_16.pdf

[53] https://www.fao.org/faolex/results/details/en/c/LEX-FAOC202860/

[54] https://dpnet.org.np/resource-detail/1821#:~:text=The%20Environment%20Protection%20Regulation%202077,environmental%20impact%20assessment%20(EIA)

[55] https://dpnet.org.np/resource-detail/1864

[56] https://faolex.fao.org/docs/pdf/nep202856.pdf

| | |
|---|---|
| **वन नियमावली (२०७९)**[57] | यो वन ऐन (२०७६) कार्यान्वयन गर्ने नियमावली हो। यस नियमावलीमा वन विकास कोषको गठन, लाभको बाँडफाँट, कार्बन व्यापारका प्रावधानहरू, र वन प्रशासनका लागि संस्थागत व्यवस्थाहरू समावेश छन्। |
| **वन क्षेत्र रणनीति (२०७३-२०८२)**[58] | यस रणनीतिको उद्देश्य पाँच प्रमुख नतिजाहरू प्राप्त गर्नु हो: वन उत्पादनहरूको स्थायी उत्पादन र आपूर्ति; जैविक विविधतामा सुधार; जलाधार र पारिस्थितिकीय सेवाहरूको संरक्षण; राष्ट्रिय आर्थिक विकासमा वृद्धि; र समावेशी र जवाफदेही वन क्षेत्रका संघ संस्थाहरू । |
| **नेपालको दीर्घकालीन खुद शून्य उत्सर्जन रणनीति (२०७८)**[59] | यो पेरिस सम्झौता कार्यान्वयन गर्ने देशको रणनीति हो। 'वन र अन्य भू-उपयोग' क्षेत्रको लागि, २०४५ सम्म शून्य उत्सर्जनको लक्ष्य प्राप्त गर्न नेपालले अघि बढाउनुपर्ने विभिन्न कार्यहरू उल्लेख गरिएको छ । उदाहरणका लागि वनको क्षेत्रफल बढाउने र कायम राख्ने, वृक्षारोपण, डढेलो घटाउने उपायहरू, दिगो वन व्यवस्थापन अभ्यासहरू विस्तार गर्ने, कृषिवन, ऊर्जा-कुशल प्रविधिहरू, र सुधारिएको अनुगमन र तथ्याङ्क प्रणालीहरू। |
| **राष्ट्रिय नीति (२०७६)**[60] | यसले जलवायु उत्थानशील समाज निर्माण गर्न विभिन्न क्षेत्रहरूका लागि नीतिगत मार्गदर्शन प्रदान गर्दछ। वन, जैविक विविधता र जलसंभार संरक्षणको लागि प्रस्तावित रणनीतिक कार्यहरूमा SFN अपनाएर वन कार्बन अवशोषण वृद्धि; जलवायु प्रेरित जोखिम प्रभावित क्षेत्रहरूमा कृषिवानिकी विकास; र REDD+ र स्वच्छ विकास प्रक्रियाबाट प्राप्त कार्बन भण्डारणको वित्तीय लाभ न्यायोचित रूपमा वितरण गर्ने समावेश छन्। |

### ३.२.४ नेपालमा रेडप्लस सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू

नेपालले रेडप्लससँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित रहेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरू अनुमोदन गरेको छ। एफसीपीएफको उत्सर्जन न्यूनीकरण कार्यक्रम र राष्ट्रिय रेड रणनीति (२०१८) मा उल्लेख गरिए अनुसार, नेपालको रेडप्लस प्रक्रियासँग सम्बन्धित प्रमुख अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरू परिशिष्ट २ मा प्रस्तुत गरिएको छ।नेपालमा कार्यान्वयन हुने रेडप्लस क्रियाकलापहरूसँग सबैभन्दा सान्दर्भिक रहेका अन्तर्राष्ट्रिय

---

[57] https://www.mofe.gov.np/uploads/documents/%E0%A4%B5%E0%A4%A8-%E0%A4%A8%E0%A4%BF%E0%A4%AF%E0%A4%AE%E0%A4%BE%E0%A4%B5%E0%A4%B2%E0%A5%80-%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%AF1656843781pdf-2202-765-1658748113.pdf

[58] https://www.mofe.gov.np/uploads/documents/forestry-sector-strategy-2016-20251526466721pdf-7869-771-1658747252.pdf

[59] https://www.mofe.gov.np/uploads/documents/nepal-lts-document-uploaded-in-unfccc1653986846pdf-0523-253-1657876086.pdf

[60] https://www.mofe.gov.np/uploads/documents/climatechangepolicyenglishpdf-9975-841-1660734867.pdf

महासन्धि तथा सम्झौताहरू यस खण्डमा संक्षेपमा वर्णन गरिएको छ, साथै अध्याय ५ को सुरक्षण उपायहरू अन्तर्गत पनि ती महासन्धिहरूबारे चर्चा गरिएको छ।यी सन्धि सम्झौताहरू देहाय बमोजिम छन् :

- **युएनएफसीसीसी**: यस महासन्धिको पक्षराष्ट्र भएकाले नेपालले उत्सर्जन घटाउने प्रतिबद्धता र क्यानकुन सुरक्षणका उपायहरू अवलम्बन गर्नुपर्दछ।
- **पेरिस सम्झौता (२०१५)**: १२ डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा आयोजित पक्षराष्ट्रहरूको २१ औं सम्मेलनले पारित गरेको यो एक कानूनी रुपमा बाध्यकारी अन्तर्राष्ट्रिय संझौता हो । नेपाल सहित १९६ राष्ट्रहरूले यसमा हस्ताक्षर गरेका छन् ।
- **आ.एल.ओ.सी. नं.१६९[61]:** आदिवासी जनजातिहरूको महासन्धि १९८९ को छोटकरी नाम नै आ.एल.ओ.सी. १६९ हो । नेपाल यस महासन्धिको पक्षराष्ट्र हो । यसमा हस्ताक्षर गर्ने सरकारले आदिवासी जनजातिहरूको अधिकार, संस्था, सम्पत्ति, श्रम, संस्कृति, र वातावरणको संरक्षणका लागि विशेष उपायहरू अवलम्बन गर्ने प्रतिवद्धता जनाएको हुन्छ । यस महासन्धि अन्तर्गत कुनै पनि विकास परियोजनाले आदिवासी जनजातिहरूमा पार्ने सम्भावित प्रभावको मूल्याङ्कन गर्नुपर्छ र सरकारहरूले उपयुक्त अवस्थामा सम्बन्धित समुदायसँग सहकार्य गर्दै सामाजिक, आध्यात्मिक, सांस्कृतिक, र वातावरणीय प्रभावको अध्ययन सुनिश्चित गर्नु पर्दछ ।
- **संयुक्त राष्ट्रको आदिवासी जनजातिहरूको अधिकार सम्बन्धी घोषणा (२००७)[62]:** आदिवासी जनजातिहरूका अधिकार सुरक्षित राख्ने उद्देश्यले यो घोषणा गरिएको हो। यसले सदस्य राष्ट्रहरूलाई आदिवासी जनजातिहरूसँग मिलेर विश्वव्यापी मुद्दाहरू समाधान गर्न प्रोत्साहित गर्दछ र उनीहरूको सांस्कृतिक पहिचान, भाषा, रोजगारी, स्वास्थ्य, शिक्षा लगायतका व्यक्तिगत र सामूहिक अधिकार तय गर्दछ। नेपालले यसमा मतदान गरी समर्थन जनाएको छ।
- **सीबीडी र रामसार महासन्धि:** यी सम्झौताहरू पनि नेपालमा रेडप्लसका लागि सान्दर्भिक छन्। सीबीडीको मुख्य उद्देश्य जैविक विविधताको संरक्षण, यसको दिगो उपयोग, र आनुवंशिक स्रोतको उपयोगबाट प्राप्त हुने लाभको न्यायोचित वितरण हो। अन्तराष्ट्रिय महत्वका सिमसार सम्बन्धी रामसार महासन्धिको मुख्य उद्देश्य भनेको "सबै भेगका ताल र माटोको संरक्षण र बुद्धिमत्तापूर्ण उपयोगबाट स्थानीय तथा राष्ट्रिय कार्यहरू र अन्तर्राष्ट्रिय सहकार्य मार्फत दिगो विकास हासिल गर्न योगदान गर्नु" हो।
- **मरुभूमीकरण रोकथाम सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (१९९४)[63]:** यस महासन्धिमा नेपाल सहित १९७ राष्ट्रहरूले हस्ताक्षर गरेका छन्। यसले भूमिको क्षयीकरण र खडेरीको सवाललाई सम्बोधन गर्दछ र दीगो भूमि व्यवस्थापनद्वारा यसका प्रभावहरू कम गर्ने लक्ष्य राख्दछ।

---

[61] http://www.ilo.org/global/publications/ilo-bookstore/order-online/books/WCMS_171810/lang--en/index.htm

[62] https://www.un.org/development/desa/indigenouspeoples/declaration-on-the-rights-of-indigenous-peoples.html

[63] https://catalogue.unccd.int/936_UNCCD_Convention_ENG.pdf

## ३.३ सुरक्षण सम्बन्धी प्रमुख प्रक्रिया र उपकरणहरू

यस खण्डमा नेपालमा लागू हुने केही प्रमुख सुरक्षा उपाय प्रक्रिया र उपकरणहरूको विवरण दिइएको छ।

### ३.३.१ रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन

रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन भनेको कुनै नीति, योजना वा कार्यक्रमसँग सम्बन्धित वातावरणीय र सामाजिक जोखिम, प्रभाव, र मुद्दाहरूको व्यवस्थित अध्ययन हो[64]। यो राष्ट्रिय स्तरमा मात्र नभई प्रादेशिक स्तरमा समेत लागू हुन सक्छ। नेपालको सम्भावित राष्ट्रिय रेडप्लस रणनीतिहरूको रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन २०१४ मा रेडप्लस रेडिनेस परियोजनाअन्तर्गत सम्पन्न भएको थियो। यसमा जिल्ला र राष्ट्रिय स्तरमा सरोकारवालासँग परामर्श गरी रेडप्लस रणनीति विकल्पहरू र वन सम्बन्धी मुद्दाहरूमा दृष्टिकोण संकलन गरिएको थियो। यसको तर्जुमा गर्दा सम्बन्धित सरकारी निकाय, निजी क्षेत्र, गैरसरकारी संस्था, आदिवासी जनजाति समुदाय र विपन्न तथा सीमान्तकृत समुदायको सहभागिता रहेको थियो ।

## ३.३.२ स्वतन्त्र पूर्व सूचित सहमति (एफपिक)

प्रस्तावित रेडप्लस कार्यान्वयन गर्दा आदिवासी जनजाति र अन्य समुदायहरू आफ्नो जमिन वा प्राकृतिक-सांस्कृतिक स्रोतको पहुँच गुमाउने वा शोषणको जोखिममा रहने संभावना हुन सक्छ। यस्तो जोखिमलाई संबोधन गर्न रेडप्लस लागू गर्दा उनीहरूको स्वतन्त्र पूर्वसूचित सहमति लिनु उपयुक्त हुन्छ । क्यानकुन सुरक्षण सिद्धान्त खासगरी आदिवासी जनजाति र स्थानीय समुदायका अधिकारमा केन्द्रित छ, यद्यपि यस सिद्धान्तले स्पष्ट रूपमा एफपिकको उल्लेख गरेको छैन । स्वतन्त्र पूर्वसूचित सहमतिले आदिवासी जनजाति र स्थानीय समुदायलाई प्रभावित गर्न सक्ने कुनै कार्यक्रम वा परियोजनाको निर्णय गर्दा यस्तो प्रभावलाई ध्यानमा राखेर मात्र गर्नु पर्छ भन्ने सुनिश्चित गर्दछ । स्वतन्त्र पूर्वसूचित सहमतिमा देहायका अन्तर्सम्बन्धित विषयहरू समावेश हुन्छन्[65]:

- स्वतन्त्र : आफ्नो सहमति सम्बन्धी निर्णय गर्न आदिवासी जनजाति स्वतन्त्र छन् ।
- पूर्व : परियोजना कार्यान्वयन हुनु अगाबै आदिवासी जनजातिले उनीहरूलाई प्रभावित गर्न सक्ने परियोजनाका बारेमा निर्णय लिन पाउछन् ।
- सूचित : आदिवासी जनजातिलाई आफूले दिने निर्णय सम्बन्धी विषयमा पर्याप्त र चाहे जति सूचना माग गर्ने अधिकार अधिकार हुन्छ ।
- सहमति: प्रभावित समुदायले आफ्नै निर्णय प्रक्रियाबाट गरेको सामूहिक र स्वायत्त सहमति वा निर्णय ।

नेपालमा, विशेषगरी वन क्षेत्रसहित विभिन्न कार्यक्रमहरूमा सहभागिता सम्बन्धी आदिवासी जनजाति तथा स्थानीय समुदायका अधिकारहरूको पहिचान र सम्मान गर्नका लागि एफपिकलाई एक महत्वपूर्ण का माध्यमका रूपमा

---

64 https://www.forestcarbonpartnership.org/system/files/documents/Annex%201%20-%20Nepal%20draft%20SESA%20and%20ESMF%20Reports.pdf

65 https://openknowledge.fao.org/server/api/core/bitstreams/a5ca44db-0cdd-43a4-bf87-9e063e6d8252/content

लिइन्छ। नेपालमा धेरैजसो मौजुदा नीति, ऐन तथा नियमावलीहरूमा एफपिक  सम्बन्धी प्रत्यक्ष वा परोक्ष आवश्यकताहरू र प्रावधानहरू समावेश छन्। यिनमा नेपालको संविधान (२०७२), वन नीति (२०७५), वन ऐन (२०७६), वन नियमावली (२०७९), वातावरण संरक्षण ऐन (२०७६) तथा वातावरण संरक्षण नियमावली (२०७७) पर्दछन्। यसका अतिरिक्त, नेपालले अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९ अनुमोदन गरेको छ र आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्रको पक्षमा मतदान गरेको छ, जसले विकास परियोजनाहरूको परिकल्पना तथा कार्यान्वयनमा  एफपिकको आवश्यकता सुनिश्चित गर्दछ।

तराई भूपरिधिको इआरपीडी तर्जुमा गर्दा विभिन्न स्थानीय परामर्शहरू आयोजना गरिएका थिए र सहभागीहरूसँग उनीहरूको सहमति माग गरिएको थियो (यद्यपि त्यतिबेला वन क्षेत्रमा एफपिकको सम्बन्धी प्रष्ट मार्गदर्शनहरू उपलब्ध थिएनन्)। नेपालमा पहिलो हरित जलवायु कोषको परियोजनाका रुपमा रहेको चुरे उत्थानशील आयोजना अन्तर्गतका २६ वटा नदी प्रणालीहरूका लागि आदिवासी जनजाति योजना तयार तयार गर्दा एफपिकको प्रक्रिया अवलम्बन गरिएको थियो।

रेड कार्यान्वयन केन्द्रले सरोकारवालाहरूको सहभागितामा वन क्षेत्रमा लागू हुने "रेडप्लस तथा उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि एफपिक**को** मार्गदर्शन" तर्जुमा गरेको छ (यो मार्गदर्शन सन् २०२४ मा वन तथा वातावरण मन्त्रालय बाट स्वीकृत भएको हो, यसमा भविष्यमा थप परिमार्जन गर्न सकिने अवसर पनि छ)। यस मार्गदर्शनको मुख्य उद्देश्य रेडप्लस कार्यक्रम/परियोजनाहरूको विकासबाट प्रभावित हुन सक्ने आदिवासी जनजाति तथा स्थानीय समुदायबाट एफपिकको प्राप्त गर्ने क्रममा अवलम्बन गर्नुपर्ने चरणहरू स्पष्ट रूपमा निर्धारण गर्नु हो।यस मार्गदर्शनले आदिवासी जनजाति र दलित, परम्परागत/प्रथाजनित अधिकार, तथा परम्परागत ज्ञान लगायतका प्रमुख अवधारणाहरूको परिभाषा प्रदान गरेको छ । साथै, एफपिकको प्रक्रियाको तयारी, सूचना आदान-प्रदान तथा सहमति प्राप्त गर्ने सन्दर्भमा सिफारिस गरिएका देहायका चरणहरू पनि यसमा उल्लेख गरिएको छः

• तयारी चरण: एफपिक प्रक्रियाका लागि आवश्यक पर्ने क्षेत्रहरू तथा कुन कार्यक्रम वा क्रियाकलापका लागि एफपिक आवश्यक छ भन्ने पहिचान गर्ने प्रारम्भिक छानबिन; अधिकार, अधिकारवाला तथा सरोकारवालाहरू (वन उपभोक्ता समूह, आदिवासी जनजाति तथा अन्य समुदाय सदस्यहरू सहित), भू-उपयोग र ज्ञानको नक्साङ्कन; प्रक्रियाका लागि उपयुक्त निर्णय गर्ने संस्थाहरू तथा प्रतिनिधिहरूको पहिचान; आदिवासी जनजाति तथा स्थानीय समुदायका लागि उपलब्ध अधिकार, सान्दर्भिक सहयोग संरचना, माध्यम तथा कानुनी सल्लाह सम्बन्धी जानकारी तयार गर्नु; प्रस्तावित एफपिक प्रक्रियाका सबै प्रमुख तत्वहरू समेट्ने योजना वा प्रस्ताव विकास गर्नु र अधिकारवाला/सरोकारवालाहरूसँग छलफल गरी सहमति गर्नु; तथा पारदर्शी, समयोचित र सांस्कृतिक रूपमा उपयुक्त तरिकाले सूचना सामग्री तयार गरी सार्वजनिक गर्नु।

• एफपिक प्रक्रिया सुनिश्चित गर्न छलफल गर्ने;  प्रस्तावित रेडप्लस क्रियाकलाप सम्बन्धमा सूचना आदान-प्रदान गरी प्रतिक्रिया प्राप्त गर्ने**;** अधिकार, उपलब्ध सहयोग तथा गुनासो समाधान संयन्त्र के कस्तो छ भन्ने बारेमा पूरा बुझाइ छ छैन त्यसको सुनिश्चित गर्ने र सरोकारवालामा ज्ञान तथा क्षमता अभिवृद्धि गर्ने ।

• कार्यान्वयन हुने रेडप्लस क्रियाकलाप, सम्भावित वातावरणीय तथा सामाजिक पक्षमा पर्ने सक्ने सकारात्मक र नकारात्मक प्रभाव, गुनासको सुनवाइ र संबोधनको उपायहरू, लाभ बाँडफाँटका व्यवस्था, सम्भावित स्थानान्तरण/पुनर्वास लगायतका विषयहरू सहितका जानकारी जस्ता एफपिकका प्रक्रिया अवलम्बन गरी सहमति प्राप्त गर्नका लागि परामर्श गर्ने ।

• परामर्शपछिको अनुगमन तथा एफपिक को निरन्तरता।

यो मार्गदर्शन बागमती, गण्डकी र लुम्बिनी प्रदेशका लागि विकास गरिएको लिफ उत्सर्जन कार्यक्रमको परामर्श चरणमा प्रयोग गरियो। उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गतका ३६ जिल्लामा स्थानीय परामर्शहरू २०२४ को डिसेम्बरमा सम्पन्न भएका थिए, र प्रदेशस्तरीय तथा राष्ट्रियस्तरीय [प्रमाणीकरण] गोष्ठीहरू २०२५ को अप्रिलमा सम्पन्न भएका थिए।

एफपिक मार्गदर्शन एक **परिवर्तनशील दस्तावेज** भएकाले कार्यान्वयनका क्रममा प्राप्त अनुभव, सरोकारवालाहरू–विशेषगरी आदिवासी जनजाति तथा सामुदायिक वन संगठनहरू–बाट प्राप्त प्रतिक्रिया र सुझावहरूको आधारमा यसमा समयक्रममा परिमार्जन गर्दै लगिनेछ।

### ३.३.३ लाभको बाँडफाँट

**रेडप्लसका लागि लाभ बाँडफाँट** भन्नाले अन्तर्राष्ट्रिय कोषहरू वा कार्बन बजार मार्फत हस्तान्तरण हुने वित्तीय प्रोत्साहनहरू प्राप्तकर्ता देशभित्रका विभिन्न सरोकारवालाहरूबीच कसरी बाँडफाँट गरिन्छ भन्ने कुरालाई जनाउँछ[66]। विभिन्न सन्दर्भमा लाभ बाँटफाँट बिभिन्न प्रक्रियाबाट गर्न सकिन्छ । यो खासगरी भू-स्वामित्व प्रणाली, कानुनी तथा संस्थागत ढाँचाहरू, भू-उपयोग परिवर्तनका कारकहरू र इतिहास, तथा राजनीतिक अवस्थामा समेत निर्भर रहन्छ।[67]लाभ बाँडफाँट सम्बन्धी व्यवस्था सम्बन्धित रेडप्लस परियोजना वा कार्यक्रमका उद्देश्यहरू, वित्तीय स्रोत साधन, तथा रेडप्लस कार्यान्वयनमा संलग्न जग्गाधनीहरू र अन्य सरोकारवालाहरूमा पनि निर्भर गर्दछ। कुन लाभग्राहीलाई कति अंश प्रदान गर्ने भन्ने निर्धारण प्रक्रिया जटिल हुन्छ र यसले भविष्यको कार्यसम्पादनका लागि प्रोत्साहन उपलब्ध गराउने कि विगतको कार्यसम्पादनका लागि पुरस्कार दिने भन्ने विषय, अधिकारमा आधारित दृष्टिकोण, तथा कार्यान्वयनका लागतहरू जस्ता पक्षहरूलाई समेत समेटेको हुन्छ [68]।

**नेपालमा लाभ बाँडफाँटका कानूनी आधारहरू**

नेपालको संविधान (२०७२), वन ऐन (२०७६), वन नियमावली (२०७९), वातावरण संरक्षण ऐन (२०७६), अन्तरसरकारी वित्तीय व्यवस्था ऐन (२०७४), राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन (२०७४) र स्थानीय सरकार सञ्चालन ऐन (२०७४) रेडप्लसको लाभ बाँडफाँटका मुख्य कानूनी आधारहरू हुन् । यी कानून तथा नियमावलीका प्रावधानहरू यस सूचना सारांशको अध्याय ५ मा विस्तृत रूपमा छलफल गरिएको छ। वन नियमावली (२०७९) अनुसार रेडप्लसको लाभको बाँडफाँट वन विकास कोष मार्फत गरिने व्यवस्था गरिएको छ ।वन नियमावलीको नियम ११५(१) व्यवस्था बमोजिम स्थानीय सरकार, निजी वनधनी, वन उपभोक्ता समूह, र प्रभावित समुदायको सहभागितामा तयार

---

[66]https://www.forestcarbonpartnership.org/system/files/documents/9a.%20Knowledge%20Sharing%20Panel%202%20-%20Benefit%20Sharing%20Mechanisms%20for%20REDD%2B.pdf

[67] https://documents1.worldbank.org/curated/en/824641572985831195/pdf/Benefit-Sharing-at-Scale-Good-Practices-for-Results-Based-Land-Use-Programs.pdf

[68]https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

गरिएको लाभको बाँडफाँट योजना अनुसार वन तथा वातावरण मन्त्रालयले देहाय बमोजिम लाभको बाँडफाँट गर्ने प्रावधान छ:

लाभ बाँडफाँट योजना अनुसार वितरण प्रतिशत:

1. कोष व्यवस्थापनका लागि : १०%
2. वन व्यवस्थापनमा संलग्न संस्था/समूहका लागि: ८०%
3. निजी वनधनीका लागि : ५%
4. वन उपभोक्ता समूह बाहिरका वनमा आश्रित घरपरिवारका लागि : ५%

एफसीपीएफ उत्सर्जन न्यूनीकरण र लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना यिनै राष्ट्रिय कानुनी ढाँचाका साथै कार्बन मापदण्डमा आधारित भई तयार गरिएका छन् ।

## एफसीपीएफ (विश्व बैंक तर्फ) उत्सर्जन न्यूनीकरणका लागि लाभ बाँडफाँट योजना

एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट सृजित उत्सर्जन न्यूनीकरणका एकाइहरूका लागि प्राप्त हुने अपेक्षित नतिजामा आधारित भुक्तानीको लाभ बाँडफाँट गर्न तयार गरिएको लाभ बाँडफाँट योजना[69] स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहमा आदिवासी जनजाति, स्थानीय समुदाय र नागरिक समाज संगठनहरू  सहित सरकार, निजी क्षेत्र तथा सामाजिक र प्राविधिक विषयगत विज्ञहरू जस्ता बहु-सरोकारवालाहरूको सहभागितामा आयोजना गरिएका तल्लो तहदेखि माथिल्लो तहसम्मका सहभागितामूलक परामर्श प्रक्रियामार्फत विकास गरिएको हो।


लाभ बाँडफाँट योजना सरोकारवालाहरूसंगको अन्तर्क्रियात्मक विधिबाट तर्जुमा गरिएको हो । यस अन्तर्गत प्रारम्भमा मस्यौदा योजनालाई सरोकारवालाहरुसंग परामर्श गर्दा प्राप्त भएका सुझाव र चासोहरूलाई ध्यानमा राखी परिमार्जन तथा सुदृढ गरिएको हो। यी परामर्श प्रक्रियाहरूको परिणामस्वरूप प्रत्येक सरोकारवाला समूहलाई वितरण गरिने प्रतिशतमा संशोधन गर्न लाभ बाँडफाँट योजना पुनरावलोकन गरिएको छ। यसको सबैभन्दा पछिल्लो संस्करण नेपाल सरकारबाट हालै स्वीकृत गरिएको योजना हो[70]।चित्र ३ मा लाभ वितरण व्यवस्था तथा कोष प्रवाह संयन्त्र देखाइएको छ।

---

[69]https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

[70]https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

**चित्र नं. 3 विश्व बैंक तर्फको उत्सर्जन न्यूनीकरणको लाभ बाँडफाँट व्यवस्था तथा कोष प्रवाह संयन्त्र**




(स्रोत: विश्व बैंक तर्फको उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना)

## प्रस्तावित लिफ उत्सर्जन कार्यक्रमको लाभ बाँडफाँड योजना

माथि वर्णन गरिएका विश्व बैंक तर्फको एफपिक प्रक्रियासंग मिल्दो जुल्दो गरी सहभागितामूलक परामर्श प्रक्रियाबाट लिफ कार्यक्रमका लागि समेत लाभ बाँडफाँड योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ। दुबै कार्यक्रमको केही भौगोलिक क्षेत्र समेत एउटै पर्न गएको सन्दर्भमा विश्व बैंक तर्फको लाभ बाँडफाँट योजनालाई आधार मानेर लिफको योजनाको मस्यौदा तयार गरिएको हो।यसको साथै लिफको लाभ बाँडफाँट योजना तयार गर्दा लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम लागू भएका जिल्लाहरूमा विद्यमान सामाजिक, आर्थिक तथा राजनीतिक परिस्थितिहरूको

अन्तरनिर्भरता, कानुनी ढाँचा, तथा लिफ गठबन्धन र आर्ट-ट्रीजका पूर्वशर्तहरूलाई विचार गरिएको छ। प्रस्तावित भुक्तानी ढाँचा र वितरण प्रणाली मूलत: वन विनाश र वन क्षयीकरणका आधारभूत कारण तथा कारक तत्वहरूलाई सम्बोधन गर्ने दीर्घकालीन समाधानमा योगदान पुऱ्याउने, कार्बन सञ्चिति अभिवृद्धि गर्न स्थानीय क्षमताको सुदृढीकरण गर्ने, तथा कानुनी ढाँचालाई मजबुत बनाउने कुरामा केन्द्रित रहेको छ। लाभ बाँडफाँट योजना सम्बन्धी छलफलहरू हाल पनि जारी छन्, जसअन्तर्गत कोष प्रवाह संयन्त्र, सामुदायिक वन उपभोक्ता समूहहरू (CFUGs), आदिवासी जनजाति तथा अन्य स्थानीय समुदायका सदस्यहरूको भूमिका सम्बन्धी विषयहरू समावेश छन्, र यसलाई २०२५ मा अन्तिम रूप दिने अपेक्षा गरिएको छ।

## ३.३.४ गुनासो संबोधन संयन्त्र

सबै परियोजनाहरूले, तिनको तर्जुमा वा कार्यान्वयन जे भए पनि, वातावरणीय र सामाजिक जोखिमहरू बोकेका हुन्छन्। परियोजना गतिविधिहरूबाट प्रभावित सरोकारवालाहरूको चासो सम्बोधन गर्न गुनासो संबोधन संयन्त्र सञ्चालनमा हुनु आवश्यक छ।रेडप्लसका लागि, युएन रेड कार्यक्रम ले गुनासो संबोधन संयन्त्र लाई यसरी परिभाषित गरेको छ: *"रेडप्लस गतिविधिहरूको कार्यान्वयनबाट आफ्नो अधिकार प्रभावित हुन सक्ने समूह र व्यक्तिहरूका गुनासो वा विवादहरू संवाद, वार्ता, मध्यस्थता वा मेलमिलाप मार्फत प्राप्त गरी संबोधन गर्ने औपचारिक वा अनौपचारिक माध्यम नै गुनासो संबोधन संयन्त्र हो"*[71] । गुनासो संबोधन संयन्त्रले सरोकारवालाहरूलाई आफ्नो चासो व्यक्त गर्न र गुनासो दर्ता गर्न उत्प्रेरित गर्दछ, साथै रेडप्लस क्रियाकलापहरूको तर्जुमा र कार्यान्वयन सुनिश्चित गर्न मद्दत गर्दछ। (रेडप्लसका लागि गुनासो संबोधन सम्बन्धी थप जानकारीको लागि तलको बक्स 1 हेर्नुहोस्)

बाक्स १: रेडप्लस गुनासो संबोधन संयन्त्रहरूका सिद्धान्त र उत्तम अभ्यासहरू

**बक्स १: रेडप्लसका लागि गुनासो संबोधन संयन्त्र सम्बन्धी सिद्धान्त तथा उत्कृष्ट अभ्यासहरूको सारांश***

रेडप्लस कार्यान्वयनको सन्दर्भमा प्राप्त हुने गुनासोहरू विभिन्न विषयसँग सम्बन्धित हुन सक्छन् । ती मध्ये गतिविधि कार्यान्वयन सम्बन्धी उजुरी तथा सुझाव, एफपिक प्रक्रिया, भूमि तथा वनसम्बन्धी अधिकार, अतिक्रमण, सूचनामा पहुँच, लाभ बाँडफाँड, परम्परागत अभ्यास, सामाजिक समावेशीकरण, तथा वातावरणीय प्रभावहरू आदि समावेश छन्। गुनासो संबोधन संयन्त्रहरू प्रभावकारी, दिगो तथा सुरक्षा उपाय सहितका रेडप्लस कार्यक्रम तथा परियोजनाहरूका महत्त्वपूर्ण अवयव हुन्। यसले सरोकारवालाहरूलाई आफ्ना चिन्ता व्यक्त गर्न र उजुरी दर्ता गर्न अवसर प्रदान गर्दछ, ती गुनासोहरू समयमै र पारदर्शी ढङ्गले सम्बोधन भएको सुनिश्चित गर्दछ, तथा रेडप्लस कार्यहरूको निरन्तर तर्जुमा र कार्यान्वयन प्रक्रियामा ती विषयहरूलाई समेट्न मद्दत गर्दछ। गुनासो संबोधन संयन्त्रहरू निम्न विशेषतायुक्त हुनुपर्दछ:

- **वैध:** लक्षित सरोकारवाला समूहहरूको विश्वास प्राप्त गर्ने र गुनासो समाधान प्रक्रियाको निष्पक्ष सञ्चालनप्रति उत्तरदायी हुने।
- **सुलभ:** सबै सम्बन्धित सरोकारवाला समूहहरूमा जानकारी भएको र पहुँचमा अवरोध भोग्ने व्यक्तिहरूलाई

[71] https://www.un-redd.org/glossary/grievance-redress-mechanism-grm#:~:text=Grievance%20redress%20mechanism%20%28GRM%29%20Definition%20The%20formal%20and,be%20affected%20through%20the%20implementation%20of%20REDD%2B%20activities

आवश्यक सहयोग उपलब्ध गराउने।

• **पूर्वानुमानयोग्य:** प्रत्येक चरणका लागि अनुमानतित समय-सीमा सहित स्पष्ट र बुझ्न सक्ने प्रक्रियाको जानकारी गराउने साथै उपलब्ध प्रक्रिया, सम्भावित नतिजा र कार्यान्वयनको अनुगमन गर्ने उपायहरूबारे स्पष्टता प्रदान गर्ने।

• **न्यायोचित:** गुनासोकर्ता पक्षहरूले आवश्यक सूचना, परामर्श र विज्ञताका स्रोतहरूमा यथोचित पहुँच पाउने सुनिश्चित गर्न प्रयास गर्ने।

• **पारदर्शी:** गुनासोको प्रगतिबारे सम्बन्धित पक्षहरूलाई जानकारी गराइ रहने र संयन्त्रको कार्यसम्पादन सम्बन्धी पर्याप्त सूचना उपलब्ध गराउने।

• **अधिकार-अनुकूल:** नतिजा र उपचारहरू अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानव अधिकारहरूसँग अनुरूप भएको हुनु पर्दछ।

• **निरन्तर सिकाइको स्रोत:** संयन्त्र सुधार गर्न तथा भविष्यका गुनासो र क्षतिहरू रोक्न सिकाइहरूलाई आत्मसात गर्ने।

• **सहभागिता र संवादमा आधारित:** तर्जुमा र कार्यसम्पादनमा सम्बन्धित सरोकारवाला समूहहरूसँग परामर्श गर्ने र संवादलाई गुनासो समाधानको प्रमुख माध्यम बनाउने।

गुनासो संबोधन संयन्त्रहरूमा विभिन्न अवयवहरू समावेश हुन्छन्, जस्तै: पारदर्शी गुनासो दर्ता प्रणाली; गुनासोको वैधता मूल्याङ्कन; गुनासो विश्लेषण तथा मूल्याङ्कन; समस्या समाधानका वैकल्पिक उपायहरू; गुनासोको अनुगमन, ट्र्याकिङ र प्रतिवेदन; तथा संस्थागत सिकाइ र प्रणालीगत समस्याहरूको पहिचान।

* तलको सामाग्रीमा आधारित: *https://www.ohchr.org/sites/default/files/Documents/Issues/Business/A-HRC-17-31_AEV.pdf*

नेपालको संविधान (२०७२) ले न्यायमा पहुँच तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित गरेको छ र विभिन्न तहका अदालतहरू तथा विशेष अदालत वा न्यायाधिकरणहरू सहितको न्यायिक प्रणालीलाई मार्गदर्शन गरेको छ। यस सूचनाको सारांशको अध्याय ५ मा अन्य सान्दर्भिक नीतिगत, कानुनी तथा नियामक प्रावधानहरू पनि विस्तृत रूपमा छलफल गरिएको छ, जसमा सहभागितामूलक दृष्टिकोणको व्यवस्था गर्ने स्थानीय सरकार सञ्चालन ऐन (२०७४) **तथा** कानुनी सहायता ऐन (२०५४) समावेश छन्।

मुलुक तथा वन क्षेत्रभित्र मौजुदा गुनासो समाधान संयन्त्रहरू नै नेपालको रेडप्लस गुनासो संबोधनका आधार हुन्। यस अन्तर्रगत अर्ध-औपचारिक दृष्टिकोण अवलम्बन गरिएको छ, जसमा गुनासो सम्बोधनका लागि न्यायिक तथा व्यवहारिक दुवै प्रक्रिया प्रयोग गरिन्छ । वन क्षेत्रसम्बन्धी नीति, कानून तथा मार्गनिर्देशनहरूले गुनासो प्राप्ति, प्रतिवेदन र समाधानको व्यवस्था गरेका छन् (उदाहरणका लागि: राष्ट्रिय वन नीति (२०७५), वन क्षेत्रको रणनीति (२०१६-२०२५), वन ऐन (२०७६) **र** वन नियमावली (२०७९)), जसले नागरिकहरूलाई वन शासनसम्बन्धी गुनासो सम्बन्धित निकायमा पेश गर्न प्रोत्साहन गर्ने र ती गुनासोहरू समयमै तथा प्रभावकारी रूपमा समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिने व्यवस्था गर्दछ।

स्थानीय तहमा, रेडप्लस सम्बन्धी गुनासो वा विवाद दर्ता गर्न विभिन्न माध्यमहरू उपलब्ध छन्। उदाहरणका लागि, वन ऐन (२०७६) अन्तर्गत हरूलाई मुद्दा हेर्ने र समाधान गर्ने अधिकार छ; स्थानीय सरकारका उपप्रमुख/उपाध्यक्षहरूलाई पनि विवाद समाधान गर्ने अधिकार छ; कुनै पनि सरकारी कार्यालयमा रहेको गुनासो

पेटिकामार्फत; राष्ट्रिय सतर्कता केन्द्रमार्फत; तथा प्रदेश र जिल्ला तहमा रहेका रेडप्लस डेस्कहरू मार्फत गुनासो दर्ता गर्न सकिन्छ।

रेडप्लस सम्बन्धी गुनासो दर्ताका लागि देहायका विशेष माध्यमहरू उपलब्ध छन् :

- रेड कार्यान्वयन केन्द्रको वेबसाइटमा उपलब्ध सम्पर्क फाराम (http://www.redd.gov.np/contact) तथा सम्पर्क विवरण (info@redd.gov.np, टेलिफोन: ०१५३३९१२६ - टोल-फ्री नम्बर)।
- सुरक्षण सूचना प्रणालीको सम्पर्क पृष्ठ (http://sis.redd.gov.np/sis/contact-us)।
- राष्ट्रिय हेलो सरकार प्लेटफर्म: https://gunaso.opmcm.gov.np/home।

रेडप्लसका लागि विशेष रूपमा गुनासो समाधान प्रणाली विकास गर्न रेड कार्यान्वयन केन्द्रले सन् २०१५ मा पृष्ठपोषण तथा गुनासो समाधान संयन्त्रको निर्माण सम्बन्धी अध्ययन गरेको थियो।विश्व बैंकको उत्सर्जन न्यूनीकरण कार्यक्रमको पृष्ठपोषण तथा गुनासो समाधान संयन्त्र माथि उल्लिखित विद्‌यमान प्रणालीहरूको आधारमा तयार गरिएको हो, जसको उल्लेख वातावरणीय तथा सामाजिक व्यवस्थापन ढाँचा तथा इआरपीडीमा समेत उल्लेख गरिएको छ। विश्व बैंकको उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि पृष्ठपोषण तथा गुनासो समाधान संयन्त्रको संरचना र अवयवहरू अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

यस्तै प्रकारको पृष्ठपोषण तथा गुनासो समाधान संयन्त्र र संरचना लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रममा पनि लागू गरिनेछ । यस सम्बन्धमा परामर्श प्रक्रियाहरूमा सरोकारवालाहरूलाई गुनासो तथा प्रतिक्रिया कसरी पेश गर्ने भन्नेबारे जानकारी उपलब्ध गराइएको छ। यसका अतिरिक्त, यी संयन्त्रहरूको थप समीक्षा तथा सुदृढीकरण २०२५ मा गर्ने योजना रहेको छ।

### ३.३.५ विश्व बैंकको एफसीपीएफ अन्तर्गत विकास गरिएका सुरक्षण सम्बन्धी दस्तावेजहरू

यस खण्डमा नेपालको एफसीपीएफ कार्यक्रमसँग सम्बन्धित एक प्रमुख उपकरणका रुपमा वातावरणीय र सामाजिक व्यवस्थापन खाका सम्बन्धमा प्रस्तुत् गरिएको छ। यसबाहेक, एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमअन्तर्गत विकास गरिएका अन्य सुरक्षण सम्बन्धी देहायका दस्तावेजहरू समेत रहेका छन्:

1. वातावरणी तथा सामाजिक प्रतिबद्‌धता योजना: यो नेपाल (ऋणीका रुपमा) र विश्व बैंकबीचको कानूनी हैसियत भएको सम्झौता हो। तोकिएको अवधिभित्र बैंकलाई चित्त बुझ्दो हुने गरी परियोजनाले पालना गर्नु पर्ने शर्त, प्रक्रिया र कार्यहरू एउटा संक्षिप्त दस्तावेजमा समेट्ने गरी यसलाई तयार गरिएको हुन्छ ।
2. लैंगिक कार्ययोजना ।
3. लाभ बाँडफाँट योजना: माथि ३.३.३ खण्डमा छलफल गरिएको छ।

**वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका**

नेपालले एफसीपीएफको कार्बन कोष अन्तर्गत उत्सर्जन न्यूनीकरण परियोजना अवधारणापत्र र उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज तयार गर्दा विश्व बैंकका सातवटा सुरक्षण नीतिहरू  प्रस्तावित उत्सर्जन न्यूनीकरण कार्यक्रमका

लागि लागू गरिएका हुन्। यी नीतिहरूको पालना गर्दै उत्सर्जन न्यूनीकरण परियोजना अवधारणापत्र[72] र उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज[73] तयार गरियो भने एक वातावरणीय र सामाजिक व्यवस्थापन खाका[74] विकास गरी अनुमोदन गरियो, जुन कार्यविधिगत रूपरेखाको शर्त अनुरूप रहेको थियो[75] ।

वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचाको मुख्य उद्देश्य भनेको उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको क्रममा देखा पर्न सक्ने वातावरणीय तथा सामाजिक विषय र प्रभावहरूको प्रभावकारी व्यवस्थापनका लागि रूपरेखा प्रदान गर्नु हो।

यस वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचाका विशेष उद्देश्यहरू देहाय बमोजिम छन्:

- प्रस्तावित सातवटा रणनीतिक हस्तक्षेप तथा उत्सर्जन कार्यक्रम क्षेत्रमा कार्यान्वयन हुने क्रियाकलापहरूका सम्भावित वातावरणीय र सामाजिक जोखिम तथा प्रभावहरूको छनोट गर्नु;
- पहिचान गरिएका सम्भावित सामाजिक र वातावरणीय प्रभावहरूको निवारणका लागि आवश्यक नीति, उपाय र शासन सम्बन्धी रिक्तता पहिचान गर्नु;
- पहिचान गरिएका प्रभावहरूलाई विश्व बैंकका वातावरणीय तथा सामाजिक सुरक्षण नीतिहरू र क्यानकुन सुरक्षण सिद्धान्तसँग तुलना गर्नु ;
- सम्भावित वातावरणीय तथा सामाजिक प्रभावहरूको निवारण र व्यवस्थापनका लागि उपयुक्त रूपरेखा प्रस्ताव गर्नु;
- कार्यक्रमका गतिविधिहरूको सामाजिक र वातावरणीय पक्षहरूको प्रभावकारी व्यवस्थापनका लागि आधारभूत दिशानिर्देश र प्रक्रियाहरू उपलब्ध गराउनु।

वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा तर्जुमा गर्ने क्रममा व्यापक परामर्श गरिएको थियो, जसमा सरोकारवालाहरूसँगका छ वटा स्थानीय-स्तरका गोष्ठी समावेश थिए। साथै, वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचा तर्जुमा प्रक्रियामा उत्सर्जन न्यूनीकरण परियोजना अवधारणापत्रका लागि सातवटा, उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजका लागि ४३ वटा, र "रेडप्लसमा लैंगिक मूलप्रवाहीकरण" सम्बन्धी एफसीपीएफ समर्थित अध्ययनका लागि सातवटा परामर्शहरू पनि आयोजना गरिएका थिए।

यस वातावरणीय र सामाजिक व्यवस्थापन ढाँचामा निम्न योजनाहरू समावेश छन्:

---

[72] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ER-PIN%20CF9.pdf

[73] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ERPD%2024May2018final_CLEAN_0.pdf

[74] https://www.forestcarbonpartnership.org/system/files/documents/NEPAL%20ER%20Program%20ESMF%20October%202019%20for%20FCPF%20website.pdf

[75] https://www.forestcarbonpartnership.org/system/files/documents/fcpf_carbon_fund_methodological_framework_revised_2020_final_posted.pdf

- आदिवासी तथा संकटासन्न समुदायका लागि विकास रूपरेखा
- लैंगिक मूलप्रवाहीकरण योजना
- मर्यादित काम सम्बन्धी योजना रूपरेखा
- पुनर्वास सम्बन्धी नीति रूपरेखा
- गुनासो संबोधन संयन्त्रको व्यवस्था

# अध्याय ४: नेपालको सुरक्षण सूचना प्रणाली

## ४.१ परिचय र उद्देश्य

संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिको निर्णय (निर्णय १२/सीपी.17) अनुसार नेपालले आफ्नो सुरक्षण सूचना प्रणाली विकास गरेको हो। यसको उद्देश्य भनेको रेडप्लस कार्यहरूको कार्यान्वयन भरि क्यानकुन सुरक्षण सिद्धान्तको कसरी सम्बोधन र सम्मान गरिएको छ भन्नेबारे जानकारी उपलब्ध गराउनु हो।यो प्रणाली पहिलो पटक रेडप्लस तयारी परियोजनाको दोस्रो चरण (२०१९) मा शुरु गरिएको थियो तापनि कोभिड महामारीका कारण केही रोकियो । तथापि, २०२१ भित्र सीमित जानकारी र कार्यक्षमता सहित यस प्रणालीलाई निर्माण र स्थापना गर्न संभव भयो।

सुरक्षण सूचना प्रणालीको उद्देश्य युएनएफसीसीसीद्वारा तोकिएका र नेपालको सन्दर्भमा स्पष्ट गरिएका सामाजिक तथा वातावरणीय सुरक्षणहरू कसरी सम्बोधन र सम्मान गरिएको छ भन्ने जानकारीको संकलन, भन्डारण र सार्वजनिकीकरण गर्नु हो।यस सुरक्षण पोर्टलले रेडप्लस कार्यक्रमहरूको सामाजिक र वातावरणीय प्रभावलाई नियमित रूपमा अनुगमन गर्छ र सुरक्षण कसरी पालना गरिएको छ भन्नेबारे जानकारी संप्रेषण गर्छ। सुरक्षण सूचना प्रणाली नेपालको रेडप्लस सम्बन्धी गुनासो समाधान संयन्त्रसँग पनि जोडिएको छ, जसले सरोकारवालाको पृष्ठपोषण र गुनासो के कसरी र कति संकलन तथा सम्बोधन भएको छ भन्नेबारे जानकारी दिनेछ।यस प्रणालीमा सुरक्षण सूचना सम्बन्धी जानकारी एक वेबसाइट मार्फत उपलब्ध गराइन्छ र प्रत्येक सुरक्षणसँग सम्बन्धी प्रमुख सिद्धान्त, मापदण्ड, र सूचकका आधारमा निर्माण गरिएको हुन्छ, जुन सुरक्षणको राष्ट्रिय व्याख्यासँग मेल खाने गरी तयार पारिएको हुन्छ।

## ४.२ सुरक्षण सूचना प्रणालीका जानकारी र कार्यहरू

सुरक्षण सूचना प्रणालीका लागि आवश्यक प्रारम्भिक जानकारी सातवटा क्यानकुन सुरक्षण सिद्धान्तका आधारमा परिभाषित गरिएको छ।सन् २०२१ रेड्प्लसको समग्र कार्यान्वयन प्रक्रियमा सुरक्षण सिद्धान्तहरूको कसरी संबोधन र पालना गरिएको छ भन्ने बारेमा सबै सरोकारवालाहरूले नेपाली र अंग्रेजी दुबै भाषामा पढ्न सक्ने गरी सन् २०२१ मा http://sis.redd.gov.np/sis वेबसाइटको स्थापना गरिएको छ।

तर हालसम्म यस प्लेटफर्ममा सुरक्षणसँग सम्बन्धित तथ्याङ्कहरू पूर्ण रूपमा प्रविष्टि भई सकेको छैन । यी सूचनाहरू देहायका विभिन्न स्रोतहरूबाट आउनेछन् :

- राष्ट्रिय वन सूचना प्रणाली र अन्य वनसम्बन्धी तथ्याङ्क (उदाहरणका लागि प्राकृतिक वन सम्बन्धी तथ्याङ्क, सामुदायिक वन सम्बन्धी तथ्याङ्क आदि);
- सुरक्षणसँग सम्बन्धित नीति, रणनीति र कानूनी दस्तावेजहरू (उदाहरणका लागि राष्ट्रिय रेड रणनीति, वन नियमावली, सूचनाको हक सम्बन्धी ऐन आदि);
- नेपालका अन्य क्षेत्र र निकायहरूबाट प्राप्त तथ्याङ्क (उदाहरणका लागि जातीय समुदायहरूको जनसङ्ख्या, संरक्षित क्षेत्र सम्बन्धी तथ्याङ्क आदि);
- एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम, लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम लगायत रेडप्लस सम्बन्धी विभिन्न दस्तावेजहरू (उदाहरणका लागि एफपिक प्रक्रिया, गैर-कार्बन लाभसम्बन्धी प्रतिवेदन आदि)।

यस वेबसाइटमा जानकारी प्रसारका सुविधा सँगै गुनासो दर्ता र ट्र्याकिङ गर्ने सुविधा पनि छ (तर हाल पूर्ण रूपमा संचालनमा आएको छैन)। यसमा सुरक्षण सूचना प्रणाली र गुनासो सुनवाइ संयन्त्रका संस्थागत व्यवस्थाहरू रेडप्लस कार्यान्वयनका लागि राष्ट्रिय रेड रणनीति (२०१८) मा तोकिएका व्यवस्थासँग मिल्दोजुल्दो गरी राखिएका छन्। सुरक्षण सूचना प्रणालीको संस्थागत व्यवस्थाबारे थप जानकारी खण्ड ४.३ मा प्रस्तुत गरिएको छ।

सुरक्षण सूचना प्रणालीका देहायका पाँच प्रमुख कार्यहरू हुन्छन्:

1. **सूचना संकलन:**
   यसले सुरक्षणसँग सम्बन्धित सबै प्रावधानहरूको पहिचान र संकलन प्रक्रियालाई जनाउँछ। साथै, यसमा वन क्षेत्रसँग सम्बन्धित विद्यमान सूचना प्रणालीहरूको जानकारी पनि समावेश हुन्छ। रेडप्लस कार्यान्वयनकर्ताहरू (सरकारभित्रका निकायहरू सहित) सूचनाका प्राथमिक स्रोत हुन्छन्। सुरक्षण सूचना प्रणाली वनसम्बन्धी तथ्याङ्क आदान-प्रदानका लागि राष्ट्रिय वन सूचना प्रणालीसँग पनि जोडिनेछ।

2. **सूचना एकीकरण :**
   यसले संकलित जानकारीलाई एकीकृत गरेर सुरक्षण सूचना प्रणालीको डाटाबेसमा राख्ने प्रक्रिया जनाउँछ। आधुनिक प्रविधिको प्रयोग गरेर यसलाई अद्यावधिक (थप्न, संशोधन गर्न र मेट्न) गर्न सकिनेछ। यो रेड कार्यान्वयन केन्द्रको जिम्मेवारीमा हुनेछ।

3. **सूचना विश्लेषण:**
   संकलन र एकीकरण भएपछि सूचनालाई सरोकारवालामा प्रसारण गर्नु अघि विश्लेषण गर्नुपर्छ। यसमा मुख्य जानकारी निकाल्ने, विवरण दिने, ढाँचा पहिचान गर्ने, र सामान्यिकृत जानकारी तयार गर्ने प्रक्रिया पर्दछन्। यो पनि रेड कार्यान्वयन केन्द्रको जिम्मेवारीमा हुनेछ। ।

4. **सूचनाको पुनरावलोकन र प्रमाणीकरण:**
   सुरक्षण सूचना प्रणालीमा देखाइने जानकारी गुणस्तरीय हुनुपर्छ। जिल्ला तथा प्रदेश स्तरमा यसका लागि प्रदेश रेडप्लस फोकल पोइन्टहरू जिम्मेवार हुन्छन् भने केन्द्र स्तरमा रेड कार्यान्वयन केन्द्र जिम्मेवार हुन्छ।

5. **सूचनाको प्रसारण:**
   यसले सुरक्षण सूचना प्रणालीबाट उत्पादित जानकारीलाई नियमित रूपमा वेबसाइटमार्फत सार्वजनिक गर्ने प्रक्रिया जनाउँछ। यी सूचनाहरू प्रयोग गरी सूचनाको सारांश तथा अन्य प्रतिवेदन तयार गर्न सकिन्छ।

6. **गुनासो दर्ता र सम्बन्धित निकायमा पेश:**
   सुरक्षण सूचना प्रणालीको अर्को महत्त्वपूर्ण कार्य रेडप्लस सम्बन्धी गुनासो संबोधन संयन्त्र अन्तर्गत गुनासो दर्ता र तिनको संबोधनका लागि सम्बन्धित अधिकारी वा निकाय सम्म पुर्याउनु हो। कुनै पनि सरोकारवालाले वेबसाइट, टोल-फ्री नम्बर, इमेल वा सामाजिक सञ्जालमार्फत आफ्नो गुनासो वा प्रश्न दर्ता गर्न सक्छन्। यी गुनासाहरू रेड कार्यान्वयन केन्द्रका सुरक्षण सूचना प्रणाली संचालन गर्ने प्रशासकले प्राप्त गर्छन् र सम्बन्धित निकायसम्म पुर्‍याइन्छ।

## ४.४ संस्थागत व्यवस्था

वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको रेड कार्यान्वनय केन्द्र नेपालमा रेडप्लस कार्यान्वयनको समन्वय तथा सहजीकरण गर्ने जिम्मेवार निकाय हो। यसको दायित्वअन्तर्गत **सुरक्षण सूचना प्रणाली**को समग्र निगरानी पनि पर्दछ, जसमा वेबसाइटमा प्रस्तुत गर्नुपर्ने सुरक्षण उपाय सम्बन्धी सूचनाको संकलन, भण्डारण तथा विश्लेषण, साथै नियमित अद्यावधिक र मर्मतसम्भारको समन्वय समावेश छन्। रेड कार्यान्वयन केन्द्रले सुरक्षण सूचना प्रणाली अद्यावधिक प्रक्रिया समन्वय गर्न प्रदेश वन निर्देशनालयहरूलाई जिल्लासँग (जहाँ डी.व.का.हरू जिम्मेवार छन्) तथ्याङ्क संकलनका लागि समन्वय गर्न साथै रेडप्लस परियोजना कार्यान्वयनकर्ताहरू र अन्य मन्त्रालयहरू सहितका सरोकारवालाहरूलाई पनि तथ्याङ्क संकलन गर्न अनुरोध गर्न सक्दछ ।

सुरक्षण सूचना प्रणालीमा प्रविष्ट गरिने तथ्याङ्क जिल्ला, प्रादेशिक तथा केन्द्रीय तहमा संकलन हुनुपर्दछ। स्थानीय/जिल्ला तहको जानकारीका लागि डी.व.का.हरू हरू **र** प्रादेशिक रेडप्लस सम्पर्क व्यक्तिहरू जस्ता प्रमुख तथ्याङ्क संकलकहरुहरूले सुरक्षण सूचना प्रणालीमा प्रत्यक्ष रूपमा तथ्याङ्क प्रविष्ट गर्न सक्छन्। राष्ट्रिय तहको सूचनाका लागि वन तथा वातावरण मन्त्रालय **तथा** रेड कार्यान्वयन केन्द्र लगायतका केन्द्रीय निकायहरूले तथ्याङ्क प्रविष्ट गर्न सक्छन्।

प्रादेशिक रेडप्लस सम्पर्क व्यक्तिहरुले जिल्ला तथा प्रादेशिक तहबाट प्लेटफर्ममा पेश गरिएका तथ्याङ्कहरूको समीक्षा/जाँच गर्छन् भने अन्य निकायहरूबाट पेश गरिएका तथ्याङ्कहरूको समीक्षा/जाँच रेड कार्यान्वयन केन्द्रले गर्दछ। पेश हुन आएका सुरक्षण सम्बन्धी सूचनाहरूको रेड कार्यान्वयन केन्द्रले विश्लेषण गर्छ, र प्रमाणीकरणपछि ती सूचनाहरू सुरक्षण सूचना प्रणालीमा प्रस्तुत गर्न सकिन्छ। सूचनाको सारांश जस्ता प्रतिवेदनहरूमा सुरक्षण सूचना प्रयोग गर्नु पर्दा  सरोकारवालाहरूबाट समेत समीक्षा गरिनु पर्दछ।

सन् २०२४-२०२५ को अवधिमा सुरक्षण सूचना प्रणालीलाई थप सञ्चालनयोग्य तथा सुदृढ बनाउने उद्देश्यले विभिन्न क्रियाकलापहरू कार्यान्वयन गरिएका छन् । यिनमा  उदाहरणका लागि गुणस्तर सञ्चालन कार्यविधि  तथा प्रयोगकर्ता दिग्दर्शनको मस्यौदा गरिएको छ **।** प्रस्तावित गुणस्तर सञ्चालन कार्यविधि  अनुरूप सुरक्षण सूचना प्रणाली प्लेटफर्ममा सूचना प्रविधिको स्तरोन्नति पनि गरिनेछ। साथै, रेड कार्यान्वयन केन्द्र, डिभिजन वन कार्यालाय लगायत प्रमुख सरोकारवालाहरुलाई  सुरक्षण सूचना प्रणालीको सञ्चालन तथा तथ्याङ्क प्रविष्टिसम्बन्धी **तालिम** सञ्चालन गरिनेछ।

# अध्याय ५: नेपालमा क्यानकुन सुरक्षणको सम्बोधन र पालना

यस अध्यायमा नेपालको सुरक्षण सम्बन्धी सिद्धान्त, मापदण्ड र सूचकहरू प्रस्तुत गरिएको छ। यसका साथै सन् २०१८ देखि २०२३ सम्मको अवधिमा केन्द्रित रही प्रत्येक सुरक्षण उपायलाई कसरी सम्बोधन र पालना गरिएको छ, यसमा कसको के भूमिका र जिम्मेवारी छन्, के के रिक्तताहरू रहे र ती रिक्तताहरू संबोधन गर्न के के गरियो भन्ने बारेमा जानकारी गराइएको छ ।

यहाँ प्रस्तुत गरिएका सिद्धान्त, मापदण्ड र सूचकहरू नेपालको राष्ट्रिय सन्दर्भमा सुरक्षणहरूको व्याख्या हुन्। यीनलाई रेडप्लस कार्यान्वयन, परिमार्जित नीति-कानून-नियम तथा आर्ट-ट्रीज जस्ता नयाँ मापदण्डहरूका हालका विकाससँग मेल खाने गरी परिमार्जन गरिएको छ। यी सिद्धान्त, मापदण्ड र सूचकहरूको सूची अनुसूची ४ मा पनि दिइएको छ।

यस सूचनाको सारांशमा देखाइएका सिद्धान्त, मापदण्ड र सूचकहरू नेपालले पहिले विकास गरेको सुरक्षण वातावरणीय मापदण्डमा मूलत: आधारित छन् तापनि यिनीहरू रेडप्लस र सुरक्षणसँग सम्बन्धित नयाँ विकासहरू तथा सुरक्षण सूचना प्रणालीको सञ्चालनलाई ध्यानमा राखी परिमार्जन गरिएको छ। यी सिद्धान्त, मापदण्ड र सूचकहरूलाई सूचनाको सारांश तयार गर्दा आयोजना गरिएका परामर्श प्रक्रियाहरुमा समीक्षा गरी अन्तिम रूप दिइएको हो।

तलको तालिका सिद्धान्त, मापदण्ड र सूचकहरूको राष्ट्रिय व्याख्याका आधारमातयार गरिएको हो। यसमा सिद्धान्त, मापदण्ड र सूचकहरूका प्रमुख तत्वहरू समेटिएको संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ। तर, यस सूचनाको सारांशमा प्रत्येक सूचकका आधारमा अलग-अलग विवरण दिइएको छैन । विशेष गरी पालनासम्बन्धी जानकारी अझै सबै सूचकहरूका लागि पूर्ण रूपमा उपलब्ध छैन।

**सुरक्षण (क): रेडप्लस सम्बन्धी सबै कार्यहरू राष्ट्रिय वन कार्यक्रम र सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूका उद्देश्यसँग परिपूरक वा तिनीहरूसँग मेल खाने हुनु पर्दछ।**

**व्याख्यात्मक टिप्पणी:**

नेपालको रेडप्लस रणनीति र कार्यक्रमहरूले वन, वातावरण तथा विकास सम्बन्धी राष्ट्रिय कार्यक्रमहरूको उद्देश्यसंग परिपूरक हुनुका साथै यिनीहरुसंग मेल खान्छन् । साथै यिनीहरू नेपाल पक्षराष्ट्र रहेका अन्तर्राष्ट्रिय महासन्धिहरूका उद्देश्यहरूसँग पनि मेल खान्छन्।

**व्याख्याका मूल तत्वहरू:**

- नेपालको रेडप्लस रणनीति र कार्यक्रमहरू वन, जैविक विविधता, वातावरणीय संरक्षण, विकास र सुशासन सम्बन्धी राष्ट्रिय नीतिहरू तथा कार्यक्रमहरूसँग नबाझिने खालका छन् ।
- नेपालको रेडप्लस रणनीति र कार्यक्रमहरू नेपाल पक्षराष्ट्र भएको रेडप्लससंग सम्बन्धित र लागू हुने अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूका उद्देश्यहरूसँग नबाझिने खालका छन्।

**भूमिका र जिम्मेवारीहरू**

- नेपालको वन स्रोतहरूको व्यवस्थापन संघीय वन तथा वातावरण मन्त्रालय र यसअन्तर्गतका निकायहरूका साथै सम्बन्धित प्रदेश मन्त्रालयहरू र डी.व.का.हरू मार्फत गरिन्छ। वन तथा वातावरण मन्त्रालय तथा यसको महाशाखाहरू ( तथा व्यवस्थापन महाशाखा, वातावरण तथा जैविक विविधता महाशाखा, र योजना अनुगमन तथा समन्वय महाशाखा) वन, जैविक विविधता र वातावरणसँग सम्बन्धित विभिन्न नीतिहरू र कार्यक्रमहरू विकास गर्ने जिम्मेवार निकायहरु हुन् । रेडप्लस कार्यक्रमहरू राष्ट्रिय नीतिहरू/कार्यक्रमहरू र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि तथा सम्झौताहरूसँग बाझिएका छैनन् भन्ने सुनिश्चित गर्ने जिम्मेवारी उनीहरूको हो।

- नेपालमा रेडप्लसको अनुगमन र कार्यान्वयनका लागि तीन तहको संस्थागत संयन्त्र स्थापना गरिएको छ, जसमा समावेश छन् :

    1. **बहु-क्षेत्रीय राष्ट्रिय रेडप्लस निर्देशक समिति**: वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा रहने यस समितिले रेडप्लस कार्यक्रम/परियोजनाहरूलाई अनुमोदन गर्दछ।

    2. **बहु-सरोकारवाला राष्ट्रिय रेडप्लस समन्वय समिति**: वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा रहने यस समितिले रेडप्लस कार्यक्रमहरूको कार्यान्वयन र अनुगमन सहितका प्राविधिक विषयमा निर्णय गर्दछ।

    3. **रेड कार्यान्वयन केन्द्र** : वन तथा वातावरण मन्त्रालय अन्तर्गत सहसचिवको नेतृत्वमा स्थापना गरिएको यस केन्द्रमा रेडप्लस गतिविधिहरूलाई वन क्षेत्रका नीति तथा कानूनी ढाँचासँग सुसंगत हुने गरी तर्जुमा र कार्यान्वयन गराउने जिम्मेवारी रहेको छ। समन्वयकारी निकायको रूपमा यसले राष्ट्रिय रेड रणनीति र रेडप्लस कार्यक्रमहरूको योजना, विकास, कार्यान्वयन, र अनुगमन गर्छ। यसले प्रदेश तथा जिल्ला स्तरका रेडप्लस योजनालाई राष्ट्रिय रेड रणनीति अन्तर्गतका प्राथमिकतासँग जोड्ने कार्य पनि गर्छ। रेड कार्यान्वयन केन्द्रलाई तथा व्यवस्थापन महाशाखाले प्राविधिक सहयोग प्रदान गर्छ।

- सन् २०१८ मा गठन गरिएको तथा व्यवस्थापन महाशाखाले सबै सम्बन्धी नीति तथा कार्यक्रमहरूको समन्वय गर्ने भूमिका खेल्छ, जसमा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग नबाझिने विषयको सुनिश्चितता गर्ने कार्य पनि पर्दछ। यस महाशाखाले सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको निर्माणमा नेतृत्व दिन्छ, तिनको कार्यान्वयन सरकारी तथा गैर-सरकारी संस्थाहरूसँग मिलेर गर्छ, र तिनको अनुगमन गर्छ। यसले संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका लागि सम्पर्क बिन्दुको जिम्मेवारी पनि निर्बाह गर्दछ।

- वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण तथा जैविक विविधता महाशाखा भने रेडप्लसका लागि महत्त्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि मध्ये सीबीडी लगायत वातावरण र जैविक विविधता सम्बन्धी महासन्धि र अभिसन्धिको सम्पर्क बिन्दु हो । यस महाशाखाले जैविक विविधतासम्बन्धी राष्ट्रिय कानुन कार्यान्वयन गर्दछ भने नेपालको जैविक विविधता रणनीति र कार्यान्वयन योजना तथा सीबीडीका लागि राष्ट्रिय प्रतिवेदनहरू तयार गर्दछ।

- रेड कार्यान्वयन केन्द्रको समन्वयमा नागरिक समाज सञ्जाल र बहु-सरोकारवाला मञ्च परिचालन हुन्छ।

- प्रादेशिक स्तरका साथै स्थानीय स्तरमा वन तथा वातावरण सम्बन्धी शाखा वा समन्वय समितिहरूले रेडप्लस कार्यक्रमहरूको समन्वय गरी आफ्नो अधिकारक्षेत्र भित्र राष्ट्रिय रेड रणनीति कार्यान्वयन गर्छन्।

- समुदाय स्तरमा सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन उपभोक्ता समूहहरूले आफ्ना अधिकारक्षेत्रमा रेडप्लस कार्यक्रमहरू कार्यान्वयन गरी राष्ट्रिय वन कार्यक्रम र अन्तर्राष्ट्रिय महासन्धि/सम्झौताका उद्देश्यहरू हासिल गर्न सहयोग पुर्याउछन् ।

**सिद्धान्त (क): रेडप्लस रणनीति र कार्यक्रमहरू मौजुदा स्थानीय तथा राष्ट्रिय कानुनहरूसँग मेल खाने किसिमका छन् र सम्बन्धित राष्ट्रिय नीति तथा कार्यक्रमहरूका साथै अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा अन्य संझौताहरूसँग बाझिएका छैनन् ।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**राष्ट्रिय नीति र कार्यक्रमहरूसँग तादात्म्यता**

- नेपालको कानुनी ढाँचाले वन क्षेत्रबाट हुने उत्सर्जन घटाउने र हटाउने कार्यलाई समर्थन गर्दछ, जसमा कार्बन व्यापार पनि समावेश छ। २०७२ मा घोषणा गरिएको नेपालको संविधानले वनबाट प्राप्त कार्बन सेवाहरूलाई मान्यता दिएको छ र यसलाई संघको अधिकारको सूची (अनुसूची ५) मा राखेको छ[76]।

- वातावरण संरक्षण ऐन, २०७६ को धारा २(झ) मा उत्सर्जन "न्यूनीकरण" लाई मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य भनी परिभाषित गरिएको छ[77]। त्यसै गरी दफा २८ अनुसार, नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणका लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यवसायिक निकाय वा निजी क्षेत्रसंग हुने कार्बन ब्यापारमा भाग लिन सक्ने व्यवस्था छ (दफा २८)। वातावरण संरक्षण नियमावली, २०७७ ले पनि नेपाल सरकारले वनको दिगो व्यवस्थापन मार्फत घटेको कार्बन उत्सर्जन वा बढेको कार्बन सञ्चितिलाई राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्न सक्ने व्यवस्था गरेको छ (नियम २८, उपनियम १) ।

- राष्ट्रिय वन नीति, २०७५ वन क्षेत्रको शासकीय व्यवस्थाका लागि प्रमुख नीति दस्तावेज हो [78]। यो वातावरण तथा सम्बन्धी नीति तथा कार्यक्रमहरूका साथै ऐन नियमहरूको परिपूरक नीति पनि हो । यस नीतिको मुख्य उद्देश्य वन क्षेत्रको दिगो र समावेशी व्यवस्थापन हो भने यसले सामुदायिक, कवुलियती, वन संरक्षण क्षेत्र, मध्यवर्ती, धार्मिक र निजी वनलाई सामाजिक, आर्थिक र वन पारिस्थितिकीय सेवाहरू प्रदान गर्ने आवश्यक स्रोतको रूपमा पहिचान गरेको छ, जसमा वन पैदावारको उत्पादन समेत पर्दछ। यस नीतिको दफा ८.५(झ) मा अन्तर्राष्ट्रिय जलवायु वित्तका लागि उत्सर्जन न्यूनीकरण परियोजनाहरूको विकास गर्ने र सँग लड्न वनको महत्त्वलाई मान्यता दिएको छ।

---

[76] https://lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf

[77] https://faolex.fao.org/docs/pdf/nep202860.pdf

[78] https://www.mofe.gov.np/uploads/documents/ban-niti1554873640pdf-6074-801-1658747050.pdf

- वन ऐन, २०७६[79] ले कार्बन सेवाहरूलाई वन पारिस्थितिकीय प्रणालीबाट उत्पन्न वातावरणीय सेवाहरू मध्ये एकको रूपमा मान्यता दिएको छ। दफा ४४ (उपदफा १क र १ख) ले संघीय सरकारलाई कार्बन सेवाबाट प्राप्त लाभहरूको व्यवस्थापन, उपयोग र वितरणका लागि उपयुक्त व्यवस्था गर्न विशेष अधिकार दिएको छ। त्यसै गरी वन नियमावली, २०७९ को नियम १०७ मा कार्बन सेवाको व्यवस्थापनका विषयहरू समेटिएको छ।
- राष्ट्रिय योजना आयोगद्वारा जारी गरिएको पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१)[80] र वर्तमान सोह्रौं योजना (२०८१/८२-२०८५/८६)[81] दुवैमा वन क्षेत्रका लागि योजनाहरू समावेश छन्। पन्ध्रौं योजना *अनुसार वनक्षेत्रको दीर्घकालीन सोच भनेको* "दिगो वन व्यवस्थापन र उद्यमशीलता मार्फत समृद्धि र सुखमा योगदान"हो । *त्यसैगरी* "वनपैदावार र सेवाबाट प्राप्त आय, वनमा आधारित उद्योगहरू, र पर्यापर्यटन मार्फत मूल्य अभिवृद्धि र न्यायोचित वितरण गर्दै वातावरणीय सन्तुलन र दिगो विकासलाई प्रवर्द्धन गर्नु" *वन क्षेत्रको लक्ष्य रहेको छ । यसका लागि* वन, जैविक विविधता, र जलाधारको दिगो र सहभागितामूलक व्यवस्थापनमा आधारित योजना लागू गर्ने उल्लेख *गरिएको छ ।* यस योजनाले रेडप्लसलाई राष्ट्रिय र प्रादेशिक दुवै लक्ष्य प्राप्त गर्न प्रमुख कार्यक्रमहरू मध्ये एकको रूपमा उल्लेख गरेको छ।वन तथा वातावरण मन्त्रालयबाट जारी गरिएको नेपालको राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२०२२) ले वन तथा जैविक विविधताको व्यवस्थापनका आवश्यकताहरूका अतिरिक्त संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धिका निर्णय लगायतका बहुपक्षीय वातावरणीय सन्धी सम्झौताहरूको अनुकूल रहेको छ। पृष्ठभूमिको अध्ययन, सरोकारवालासँगको परामर्श, र पुनरावलोकन प्रक्रियाबाट रेड रणनीतिलाई राष्ट्रिय विकास, र वन नीतिहरूसँग मेल खाने गरी तर्जुमा गरिएको छ ।

  राष्ट्रिय रेडप्लस रणनीति (२०१८-२२)[82] को पहिलो मस्यौदा सन् २०१४ मा वन तथा वातावरण मन्त्रालयको सुपरीवेक्षण र रेड कार्यान्वयन केन्द्रको पहलमा स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरका परामर्शहरूबाट तयार गरिएको हो । यस पहिलो मस्यौदामा प्राविधिक समितिले समीक्षा गरी दोस्रो मस्यौदा तयार गर्यो । सो मस्यौदा उपर पुन: परामर्श गरी रणनीतिलाई अन्तिम रुप दिइयो। रेडप्लस तयारी चरणका विभिन्न अध्ययनहरू, जस्तै: वन विनाश र क्षयीकरणका कारकहरू, वनको आधार तह, रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन[83], आर्थिक मोडेलिङ, कार्बनको स्वामित्व, भूमिको राजनीतिक अर्थव्यवस्था र नेपालको वनको मूल्य, एवं मापन, प्रतिवेदन र प्रमाणीकरण दस्तावेजहरूबाट राष्ट्रिय रेड रणनीति तर्जुमा गर्दा महत्वपूर्ण जानकारी लिइएको छ। रेडप्लसका सन्दर्भमा नीति तथा कानुनहरूको पुनरावलोकनले रणनीतिको आधार तयार गर्नुका साथै कानुनी ढाँचामा रहेका रिक्तताहरू पनि पहिचान गर्‍यो। राष्ट्रिय र अन्तर्राष्ट्रिय आवश्यकताहरू र मापदण्डसँग तालमेल मिलाउदै नीति र कानुनी ढाँचालाई सुधार र सुसंगत बनाउनु; कार्बन र गैर-कार्बन लाभहरूको उपयोग गर्नु; संस्थागत क्षमता र समन्वय बढाउनु; वन क्षेत्रको शासन, लैंगिक समानता र सामाजिक समावेशीकरण सुदृढ बनाउनु आदि राष्ट्रिय रेड रणनीतिका उद्देश्यहरू हुन्। राष्ट्रिय रेड

[79] https://faolex.fao.org/docs/pdf/nep202856.pdf

[80] https://npc.gov.np/images/category/15th_plan_English_Version.pdf

[81] https://npc.gov.np/images/category/25012706265316TH%20PLAN%20English%20transaltion%202081%20final%20for%20web.pdf

[82] https://redd.gov.np/post/national-redd-strategy-2018

[83] https://www.forestcarbonpartnership.org/system/files/documents/Annex%201%20-%20Nepal%20draft%20SESA%20and%20ESMF%20Reports.pdf

रणनीति को क्रियाकलाप ९.२ मा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग मेल खाने गरी कानुनी ढाँचालाई पहिचान र समन्वय गर्ने विषय उल्लेख छ ।

- राष्ट्रिय रेड रणनीति (२०१८-२२) को उद्देश्य भनेको वन विनाश र वनको क्षयीकरणका चालकहरूलाई सम्बोधन गर्ने नीति र कार्यक्रमहरूलाई मार्गदर्शन गर्नु हो, जसले अन्ततः नेपालको वनको कार्बन सञ्चिति क्षमता सुधार गर्दछ । रणनीतिलाई नेपालको दिगो विकास लक्ष्यहरूलाई योगदान पुग्ने गरी तर्जुमा गरिएको छ। राष्ट्रिय रेड रणनीतिको एउटा मार्गदर्शक सिद्धान्तमा रेडप्लसलाई राष्ट्रिय विकास लक्ष्य र रणनीतिसँग मेल खाने गरी कार्यान्वयन गरिने उल्लेख छ ।

- रणनीतिले रेडप्लसका सन्दर्भमा नीति (२०११), भू-उपयोग नीति (२०१५), जैविक विविधता रणनीति र कार्ययोजना (२०१४), वन नीति (२०१५), वन क्षेत्रको रणनीति (२०१६-२०२५), र राष्ट्रिय निर्धारण योगदान (2016) जस्ता विभिन्न नीति र कानूनहरू पहिचान गरेको छ । यी मध्ये धेरै प्रमुख नीतिहरू र रणनीतिहरू २०१८ पछि अद्यावधिक भएका छन् र ती २०२४-२०२५ मा समीक्षा र परिमार्जन गरिने राष्ट्रिय रेड रणनीतिमा समाहित गरिनेछन् । यस्ता परिमार्जन भएका केही राष्ट्रिय नीति, कानून र नियमहरूमा राष्ट्रिय नीति (२०७६), नेपालको खूद शून्य उत्सर्जन दीर्घकालीन रणनीति (२०२१), र भू-उपयोग ऐन (२०७६) समावेश छन्। राष्ट्रिय रेड रणनीति को संशोधन, नीति, कानून र नियम र वन परिवर्तनका चालकहरूको अद्यावधिक विश्लेषण र सरोकारवालासँगको परामर्शले राष्ट्रिय रेड रणनीति राष्ट्रिय सन्दर्भसँग मेल खान्छ र राष्ट्रिय नीति तथा कार्यक्रमहरूसँग बाझिएको छैन भन्ने सुनिश्चित गर्दछ।

- सम्बन्धित निकायहरू बीचको प्रभावकारी संचार र समन्वयले गर्दा नेपालको रेडप्लस कार्यक्रम राष्ट्रिय नीति तथा कार्यक्रमसँग मेल खाने गरी अगाडि बढेको देखिन्छ। उदाहरणका लागि, राष्ट्रिय रेड रणनीति अन्तर्गत वन तथा वातावरण मन्त्रालयले संघ र प्रदेश स्तरमा तहगत संस्थागत संयन्त्र स्थापना गरेको छ, जसले रेडप्लस क्रियाकलापहरूको अनुगमन र कार्यान्वयन गर्छ (राष्ट्रिय, उप-राष्ट्रिय र समुदाय स्तरमा जिम्मेवारीका लागि माथि उल्लेखित भूमिका तथा जिम्मेवारी खण्ड हेर्नुहोस्)।

**सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूसँग तादात्म्यता**

- नेपाल सन्धि ऐन, २०४७ अनुसार नेपाल पक्षराष्ट्र रहेका अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूको कार्यान्वयनलाई रेडप्लसका कार्यक्रमले मान्यता दिने र प्रवर्द्धन गर्ने काम गर्छन् भन्ने नेपालले सुनिश्चित गर्नु पर्दछ । सन्धि ऐन अनुसार कुनै पनि अन्तर्राष्ट्रिय महासन्धि वा सम्झौतामा नेपाल पक्षराष्ट्र पार्टी भएको वा देशले अनुमोदन वा समर्थन गरेको अवस्थामा सो सन्धि अन्तर्गतका दायित्वहरू पूरा गर्नु अनिवार्य छ। साथै, मौजुदा कानूनहरू नेपाल पक्ष राष्ट्र भएका सन्धि वा संझौतासंग बाझिएमा बाझिएको हद सम्म खारेज भई सन्धिका प्रावधान लागू हुन्छ भन्ने पनि व्यवस्था छ (दफा ९)[84]।

[84] "सन्धि" भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तरसरकारी संगठन बीच लिखित रुपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउनेछ (सन्धी ऐन, २०४७)।

- राष्ट्रिय वन नीति, २०७५ अनुसार वन तथा वातावरणसँग सम्बन्धित र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि संझौताहरूको कार्यान्वयनका लागि आवश्यक कानुनी ढाँचा, संस्थागत व्यवस्था र क्षमता वृद्धिको व्यवस्था गरिनुका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय सहकार्य प्रवर्द्धन गरिने विषय उल्लेख छ (रणनीति ८.८.५)।

- वृहद रणनीतिहरूको सन्दर्भमा नेपालको खुद-शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति (२०२१) पेरिस सम्झौताको धारा ४, उपधारा १९ अनुसार तर्जुमा गरिएको हो। नेपालको दोस्रो राष्ट्रिय निर्धारित योगदान (२०२०) मा सन् २०३० सम्म ५०% तराई र भित्री तराईका वन तथा २५% मध्यम पहाडी र हिमाली वनलाई दिगो रूपमा व्यवस्थापन गर्ने लक्ष्य राखिएको छ, जसमा रेडप्लस पहलहरूबाट प्राप्त आम्दानीको उपयोग गर्ने समेत उल्लेख गरिएको छ ।

- कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले नेपाल पक्ष वा हस्ताक्षरकर्ता भएको अन्तर्राष्ट्रिय महासन्धि, सन्धि र सम्झौताहरूको सूची प्रकाशित गरेको छ[85]। राष्ट्रिय रेड रणनीति (२०१८) ले नेपालमा रेडप्लस सन्दर्भमा सम्बन्धित धेरै अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरू पहिचान गरेको छ (जसलाई संशोधित राष्ट्रिय रेड रणनीति मा अद्यावधिक गर्न सकिन्छ)। उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूले पनि सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरू पहिचान गर्छन् र तिनमा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग मेल खाने क्रियाकलापहरूको तर्जुमा गर्ने अपेक्षा राखिन्छ।एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई उदाहरणको रूपमा लिने हो भने इआरपीडीले रेडप्लसका सन्दर्भमा आकर्षित हुने नेपालले हस्ताक्षर गरेका महासन्धि र सम्झौताहरूको सूची उल्लेख गरेको छ[86]। एफसीपीएफ उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज र राष्ट्रिय रेड रणनीति (२०१८) अनुसार रेडप्लससंग सान्दर्भिक १२ वटा प्रमुख अन्तर्राष्ट्रिय महासन्धि/सम्झौताहरूको सूची अनुसूची २ मा दिइएको छ।

- संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि, आदिवासी जनजाति सम्वन्धी संयुक्त राष्ट्र संघीय घोषणा, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९, सीबीडी, पहुँच र लाभ बाँडफाँट सम्बन्धी नागोया अभिसन्धि लगायतका राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्णयहरू अनुरुप सरोकारवालासँगको परामर्शमा एफपिक प्राप्त गरेर मात्र रेडप्लस कार्यक्रम सन्चालन गर्ने बारे राष्ट्रिय रेड रणनीतिले प्रतिवद्धता जनाएको छ । सन् २०२४ मा सरोकारवालासँगको परामर्श प्रक्रियाबाट तर्जुमा गरिएको रेडप्लसका लागि एफपिक मार्गदर्शनको मस्यौदाले पनि यस लक्ष्यलाई समर्थन गर्दछ, जुन हाल लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रमा परीक्षण भइरहेको छ।

## यस सुरक्षणलाई कसरी पालना गरिएको छ ?

### राष्ट्रिय नीति कार्यक्रमहरूसँग तादात्म्यता

- राष्ट्रिय वन, , वातावरण तथा वन क्षेत्र रणनीति अन्तर्गत २०१८ मा राष्ट्रिय रेडप्लस रणनीति तर्जुमा गरी कार्यान्वयन गरिएको थियो। तथापि राष्ट्रिय रेड रणनीतिले राष्ट्रिय वन, वातावरण तथा अन्य विकास सम्बन्धी नीति तथा कानूहहरुका उद्देश्यमा के कति सहयोग पुर्याएको छ भनी समीक्षा गरिएको छै । यद्यपि, २०२४

[85] https://www.moljpa.gov.np/wp-content/uploads/2019/04/List-of-Multilateral-Treaties-Signed-by-Nepal.pdf

[86] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ERPD%2024May2018final_CLEAN_0.pdf

मा राष्ट्रिय रेड रणनीतिको पुनरावलोकन गरियो । सोही अनुसार नयाँ राष्ट्रिय रेड रणनीति २०२५-२०३५ तर्जुमा गरिएको छ, जुन हाल सरकारी स्वीकृतिको  प्रक्रियामा रहेको छ।

- तराइ भूपरिधिमा कार्यान्वयन गरिएको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका सातवटा रेडप्लस सम्बन्धी क्रियाकलापहरू राष्ट्रिय वन नीतिहरू, कार्यक्रमहरू र राष्ट्रिय रेड रणनीति (२०१८) का उद्देश्यहरूसँग मेलखाने वा परिपूरक भएका छन्। उदाहरणका लागि, पाँचौँ क्रिया कलापका रुपमा रहेको गरिबमुखी कवुलियती वनको विस्तारलाई लिन सकिन्छ । गरिवमुखी कवुलियती वन नेपालमा एउटा विशिष्ट वन व्यवस्थापन पद्धति हो, जुन २००२ को कवुलियती वन नीति[87] अन्तर्गत विस्तार गरिएको हो, जसले हैसियत विग्रिएको वन पारिस्थितिकीय प्रणालीको पुनर्स्थापना र स्थानीय जीविकोपार्जन सुधार गर्ने लक्ष्य राख्दछ ।
- लिफ उत्सर्जन कार्यक्रमका लागि प्रस्ताव गरिएका रेडप्लसका क्रियाकलापहरू पनि  प्रमुख राष्ट्रिय तथा प्रादेशिक नीति तथा कार्यक्रमहरूका उद्देश्यहरूसँग मिलाउने र तिनलाई सहयोग गर्ने गरी विकास गरिएको छ। विशेष गरी सामुदायिक वन विस्तार, दिगो वन व्यवस्थापन भएका वन क्षेत्रको विस्तार, र कार्बन तथा गैर-कार्बन लाभहरूको न्यायोचित वितरण सुनिश्चित गर्न ध्यान दिइएको छ। कार्यक्रम क्षेत्रका डी.व.का.हरूले उत्सर्जन घटाउने र हटाउने क्षमतामा वृद्धि हुनेगरी वार्षिक कार्ययोजना र गतिविधिहरू तर्जुमा र  कार्यान्वयन गर्ने गरेका छन्।

**सान्दर्भिक र सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूका उद्देश्यहरूसँग तादात्म्यता**

- नेपालले सन् २०२१ मा संयुक्त राष्ट्रसंघीय  प्रारुप  महासन्धिमा आफ्नो तेस्रो राष्ट्रिय प्रतिवेदन पेश गरेको थियो, जसमा देशमा रेडप्लसको भूमिका उत्सर्जन घटाउने कार्यसँग सम्बन्धित गरिएको छ।
- नेपालका रेडप्लस  कार्यहरूको  तर्जुमा र कार्यान्वयन सम्बन्धित सन्धि र सम्झौताहरूका उद्देश्यलाई समर्थन गर्ने गरी गरिएको छ, तर रेडप्लस  कार्यान्वयन र तिनका परिणाम सम्बन्धी पूर्ण जानकारी भने अध्ययन गर्न बाँकी छ।
- संयुक्त राष्ट्रसंघीय  प्रारुप  महासन्धि, सीबीडी, पेरिस सम्झौता, आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र, र अन्तराष्ट्रिय श्रम संगठनको महासन्धि नं.169 लगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरू अनुसार रेडप्लस  कार्यहरूले असर गर्न सक्ने आदिवासी जनजाति समुदायहरूको स्वतन्त्र, पूर्व सूचित सहमति लिनु आवश्यक छ ।  रेडप्लसका लागि स्वतन्त्र, पूर्व सूचित सहमति सम्बन्धी मार्गदर्शन राष्ट्रिय रेड रणनीति को सिफारिसअनुसार तयार गरिएको छ र हाल स्वीकृति प्रक्रियामा छ। विस्तृत जानकारी सुरक्षा उपाय ग अन्तर्गत दिइएको छ।
- एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कार्यान्वयन भइरहेका रेडप्लस  क्रियाकलापहरू सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौताका प्रावधानहरूलाई ध्यानमा राखी तर्जुमा गरिएका हुन्। उदाहरणका लागि, यस कार्यक्रमको सातौँ क्रियाकलाप भनेको विद्यमान संरक्षित क्षेत्रहरूको व्यवस्थापन सुधार गर्नु हो, जसले सीबीडीका उद्देश्यहरू पूरा गर्न सहयोग पुर्‍याउँछ। त्यस्तै, दिगो वन व्यवस्थापन र सामुदायमा आधारित वन व्यवस्थापन

[87] https://faolex.fao.org/docs/pdf/NEP217729.pdf

कार्यक्रम विस्तार गर्ने क्रियाकलापहरूले पेरिस सम्झौता अन्तर्गत दोस्रो नेपालले पेश गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदानमा वन क्षेत्रका लक्ष्यहरू हासिल गर्न सहयोग पुर्‍याउँछन्। एफसीपीएफको कार्यविधि निर्देशिका र विश्व बैंकका सुरक्षण नीतिहरूको आधारमा यस कार्यक्रमका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन रूपरेखा[88] र लाभ बाँडफाँट योजनाका[89] साथै रेडप्लस प्रक्रियासंग सम्बन्धित सबै अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरू (उदाहरणका लागि पेरिस सम्झौता र क्यानकुन सुरक्षण उपायहरू) र कार्यविधि[90] ध्यानमा राखी विकास गरिएको छ।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि प्रस्तावित क्रियाकलापहरू पनि सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरूका उद्देश्यसँग मेल खाने गरी तर्जुमा गरिएका छन्। उदाहरणका लागि:
  - वन डढेलो व्यवस्थापन, पुनर्स्थापना र सहजीकृत प्राकृतिक पुनरुत्पादन र चरण व्यवस्थापन (क्रमशः प्रस्तावित क्रियाकलाप २, ३ र ७) ले संयुक्त राष्ट्र संघीय वन मञ्च अन्तर्गत संयुक्त राष्ट्र संघीय वन रणनीतिक योजना (२०१७-२०३०) को वन सम्बन्धी विश्वव्यापी गन्तव्य नं. १ र सम्बन्धित परिमाणात्मक लक्ष्यहरू हासिल गर्न मद्दत गर्छ[91]।
  - मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र संरक्षित क्षेत्र समर्थन (क्रमशः प्रस्तावित क्रियाकलाप ६ र १०) ले संकटापन्न वन्यजन्तु र वनस्पतिको अन्तराष्ट्रिय व्यापार सम्बन्धी महासन्धि र सीबीडीका उद्देश्यहरू हासिल गर्न मद्दत गर्दछन् । उदाहरणका लागि, यसले विश्वव्यापी जैविक विविधता ढाँचाको लक्ष्य १ (जैविक विविधता ह्रास कम गर्न सबै क्षेत्रहरूको योजना र व्यवस्थापन), लक्ष्य ३ (भूमि, पानी र समुद्रको ३०% संरक्षण) र अन्य लक्ष्यहरू पूरा गर्न सहयोग पुर्‍याउँछन्।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा सुरक्षण सिद्धान्तलाई कसरी सम्बोधन र पालन गरिनु पर्छ भन्ने कुरा स्पष्ट पारेका छन् । यो विषयमा भविष्यमा अझ विस्तृत रूपमा प्रष्ट पार्दै लगिने छ:

**मापदण्ड क१:रेडप्लस रणनीति तथा कार्यक्रमहरू राष्ट्रिय वन, वातावरण, र विकाससम्बन्धी प्रमुख नीति, कार्यक्रम तथा सम्बन्धित कानुनी प्रावधानहरूको उद्देश्यसँग मेल खान्छन् वा ती उद्देश्यहरू प्राप्त गर्न सहयोग पुर्‍याउँछन्।**

- क1.1 रेडप्लस रणनीति र कार्यक्रमसँग सम्बन्धित वन, वातावरण र विकास सम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरूलाई पहिचान गरी रेडप्लस कार्यहरू यी नीतिहरूसँग मेल खाने सुनिश्चित गरिएको छ (सम्बोधन)

---

[88] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ESMF%20Advanced%20Draft%20June%2016-2018_0.pdf

[89] https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

[90] https://www.forestcarbonpartnership.org/system/files/documents/fcpf_carbon_fund_methodological_framework_revised_2020_final_posted.pdf

[91] वनको सुरक्षा, पुनर्स्थापना, वृक्षारोपण तथा पुनःरोपण सहित दिगो वन व्यवस्थापन मार्फत विश्वव्यापी रूपमा वन आवरणको क्षतिलाई उल्ट्याउने, तथा वन क्षयीकरण रोक्नका लागि प्रयासहरू सुदृढ गरी जलवायु परिवर्तन न्यूनीकरणमा वनक्षेत्रको योगदान अभिवृद्धि गर्ने।

- क1.2 रेडप्लस   रणनीति र कार्यक्रमहरू वन, वातावरण र विकाससम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरू तथा सम्बन्धित कानुनी प्रावधानहरूसँग अनुपालन हुने सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाइएको छ (सम्बोधन)
- क1.3 रेडप्लस   रणनीति र कार्यक्रमहरू वन, वातावरण र विकास सम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरू र कार्यक्रमहरूको उद्देश्यसँग मेल खान्छन् र तिनलाई समर्थन गर्छन् (पालन)

**मापदण्ड क२:रेडप्लस   रणनीति र कार्यक्रमहरू साथै वन, वातावरण, विकास र गरिबी निवारण क्रियाकलापहरू कार्यान्वयन गर्ने नीति तथा कार्यान्वयन निकायहरूबीच प्रभावकारी सञ्चार र समन्वय रहेको छ:**

- क2.1 रेडप्लसका लागि बहुपक्षीय संयन्त्रहरू स्थापना भई सञ्चालनमा छन् (सम्बोधन)
- क2.2 राष्ट्रिय, प्रादेशिक र/वा परियोजना स्तरमा रेडप्लस कार्यक्रम कार्यान्वयन सम्बन्धी संयुक्त निर्णयहरूको संख्या (पालन)
- क2.3 अन्तरक्षेत्र सहकार्य मार्फत कार्यान्वयन गर्न तर्जुमा गरिएका रेडप्लस कार्यहरूको संख्या र कार्यान्वयनमा रहेका कार्यहरूको संख्या (पालन)

**मापदण्ड क३: रेडप्लस रणनीति र कार्यक्रमहरू नेपालले अनुमोदन गरेका सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र संझौताहरूका उद्देश्यसँग मेल खान्छन् वा तिनलाई हासिल गर्न योगदान पुर्याउछन् :**

- क3.1 सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि, सन्धि र नीतिहरू पहिचान गरी रेडप्लस रणनीति र कार्यक्रमहरू तिनीहरूसंग तादात्म्य रहेको सुनिश्चित गरिएको छ (सम्बोधन)
- क3.2 रेडप्लस   रणनीति र कार्यक्रमहरू अन्तर्राष्ट्रिय महासन्धि, संझौता तथा सम्बन्धित कानुनी प्रावधानहरूसँग अनुपालन हुने सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाइएको छ (सम्बोधन)
- क3.3 रेडप्लस रणनीति र कार्यक्रमहरू अन्तर्राष्ट्रिय महासन्धि, संझौता र सम्बन्धित कानुनी प्रावधानहरूको उद्देश्यसँग अनुपालन गर्छन् र तिनलाई समर्थन गर्छन् (पालन)
- क3.4 लैङ्गिक समानता सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिहरूसँग सुसंगत हुने गरी रेडप्लस   रणनीति, कार्यक्रम तथा वन योजनाहरूले समान कामको लागि समान ज्याला जस्ता लैङ्गिक समानता सम्बन्धी प्रमुख प्रावधानहरूलाई समावेश गरेका छन् (पालन)

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- राष्ट्रिय रेडप्लस   रणनीति २०१८-२०२२ को अवधि २०२२ मा समाप्त भएको छ, र यसपछि नयाँ नीतिहरू, कानुन र नियमावलीहरू जारी भएका छन्। सन् २०२४ मा राष्ट्रिय रेड रणनीतिको समीक्षा गरिएको छ र नयाँ राष्ट्रिय रेड रणनीति तर्जुमा भइरहेको छ, जसले अन्तर्राष्ट्रिय नीतिहरूमा भएका परिवर्तनहरू साथै राष्ट्रिय वन प्रशासन र कानुनी संरचनामा भएका परिवर्तनहरूलाई समेट्ने छ।
- नेपालले अझै संयुक्त राष्ट्रसंघीय  प्रारुप  महासन्धिमा रेडप्लसका   नतिजाहरू पेश गरेको छैन, यद्यपि तेस्रो राष्ट्रिय प्रतिवेदनमा रेडप्लस न्यूनीकरण कार्यक्रमलाई उत्सर्जन घटाउने प्राथमिकता कार्यक्रमहरूमध्ये एकका रूपमा समावेश गरिएको छ। एकपटक प्रतिवेदन गरेपछि, यसले रेडप्लसले राष्ट्रिय र अन्तर्राष्ट्रिय  लक्ष्यहरूमा

पुऱ्याएको योगदान मूल्याङ्कन गर्न मद्दत गर्नेछ, र त्यसैले यसलाई सुरक्षण उपाय "क" अन्तर्गतको प्रतिवेदनमा विचार गरिनु पर्दछ।

- राष्ट्रिय वन सूचना प्रणालीलाई वेबसाइटमा राखिएको छ; तर, यस प्लेटफर्मले हालसम्म सबै तहमा वन, जैविक विविधता लगायतका सूचनाहरू जोड्न शुरु गरेको छैन। रेड कार्यान्वयन केन्द्रले सन् २०२४-२०२५ सम्ममा राष्ट्रिय वन सूचना प्रणाली र सुरक्षण सूचना प्रणालीलाई साथ साथै अद्यावधिक वा परिमार्जन गर्ने योजना बनाएको छ।

- प्रादेशिक नीतिहरू, कानुन र नियमावलीहरूले रेडप्लस कार्यहरूलाई मार्गदर्शन गर्ने भूमिकाको अझै पूर्णरुपमा अध्ययन गरिएको छैन। यी नीति, कानून र नियमहरू रेडप्लससँग कसरी सम्बन्धित छन् र सुरक्षण उपायहरूलाई कसरी सम्बोधन गर्छन् भन्ने कुरा भविष्यका समीक्षाहरू र सूचनाको सारांशहरूमा समावेश गर्नुपर्छ।

**सुरक्षण (ख) : राष्ट्रिय कानुन र सार्वभौमिकतालाई ध्यानमा राखी पारदर्शी र प्रभावकारी राष्ट्रिय वन शासकीय संरचनाहरू स्थापना र संचालन भएका हुन्छन्।**

**व्याख्यात्मक टिप्पणी**:

राष्ट्रिय रेडप्लस रणनीति र वन सम्बन्धी कार्यक्रम तथा परियोजनाहरूको कार्यान्वयनमा संलग्न संस्थाहरू पारदर्शी छन्, र शासकीय संरचनाहरू प्रभावकारी छन्।
यस व्याख्याका मुख्य तत्वहरू देहाय बमोजिम छन्:

- सरोकारवालाहरूको स्पष्ट भूमिका र जिम्मेवारी सहित पारदर्शी र प्रभावकारी शासकीय संरचना, साथै क्षमता अभिवृद्धि
- सूचनामा पहुँच
- लैङ्गिक समता र समानता
- भ्रष्टाचारको शून्यता
- न्यायोचित र समतापूर्ण लाभको बाँडफाँट
- न्यायमा समान पहुँच

**भूमिका र जिम्मेवारीहरू**

**पारदर्शी र प्रभावकारी शासकीय संरचना**

- नेपाल सरकार, प्रादेशिक सरकारहरू, स्थानीय तहहरू र अन्तर्गतका सम्पूर्ण संयन्त्रहरू सामान्यतया पारदर्शी र प्रभावकारी शासनका लागि जिम्मेवार हुन्छन्। सुरक्षण उपाय "क" अन्तर्गत छलफल गरिए अनुसार, नेपालको वन स्रोतहरू वन तथा वातावरण मन्त्रालय र यसका मातहतका निकायहरू साथै सम्बन्धित प्रादेशिक

मन्त्रालयहरू र डी.व.का.हरूद्वारा नियमन र व्यवस्थापन गरिन्छ। प्रचलित नीतिगत, कानुनी र नियामक ढाँचा अनुसार यी सबै निकायहरू पारदर्शी र प्रभावकारी वन शासनका लागि जिम्मेवार हुन्छन्।

- राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र संवैधानिक निकाय हो, जसले मानव अधिकार संरक्षण र प्रवर्द्धनको पहरदारको रूपमा काम गर्छ।

**सूचनामा पहुँच**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सूचनाको हकको संरक्षण, प्रवर्द्धन र अभ्यासका लागि स्वतन्त्र राष्ट्रिय सूचना आयोगको स्थापना गरेको छ। आयोगमा प्रमुख सूचना आयुक्त र दुईजना सूचना आयुक्त हुन्छन्, जसलाई नेपाल सरकारले नियुक्त गर्दछ[92]।

- रेडप्लस शासकीय संस्थाहरू (मन्त्रालयहरू, रेड कार्यान्वयन केन्द्र, विभागहरू, प्रादेशिक मन्त्रालयहरू, डी.व.का. र रेडप्लस डेस्कहरू) ले सम्बन्धित सूचना उपलब्ध गराउने संयन्त्रहरू देहाय बमोजिम विकास गरेका छन्:

    - वन तथा वातावरण मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखाले मन्त्रालय र यसका विभाग, केन्द्र, समिति, संस्था, कोष, कम्पनी र परियोजनाहरूको काम सम्बन्धी आवधिक र वार्षिक प्रगति प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अन्य तोकिएका निकायहरूमा बुझाउँछ।

    - रेड कार्यान्वयन केन्द्रको वेबसाइटले[93] केन्द्रका कार्यहरू र रेडप्लस सम्बन्धी गतिविधिहरूको जानकारी उपलब्ध गराउँछ, र उक्त साइट (https://redd.gov.np/page/pro-active-disclosure/) ले थप वित्तीय जानकारी समेत प्रस्तुत् गर्दछ।

    - प्रादेशिक र जिल्ला स्तरका रेडप्लस डेस्कहरूले सूचना-पाटी, रेडियो तथा अन्य माध्यम मार्फत सूचना उपलब्ध गराउँछन्। स्थानीय सरकारको नेतृत्वमा रहेका स्थानीय स्तरका रेडप्लस संरचनाहरूले पनि समुदाय तथा समुदायमा आधारित वनका उपभोक्ता समूह स्तरमा सूचना प्रवाह गर्दछन्।

- सुशासन ऐन २०६४ अनुसार, सरकारी निकायहरूले मासिक रूपमा आफ्नो सार्वजनिक खर्च सार्वजनिक गर्नु पर्दछ। रेड कार्यान्वयन केन्द्रले उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयन सहित आफ्नो कामको मासिक प्रगति प्रतिवेदन वन तथा वातावरण मन्त्रालयमा पेश गर्दछ । वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका विभाग, केन्द्र, समिति, संस्था, कोष, कम्पनी र परियोजनाका सबै कार्यक्रम र गतिविधिका लागि मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखा जिम्मेवार हुन्छ, र पृष्ठपोषणको व्यवस्था मिलाउछ । यो महाशाखा वार्षिक कार्यक्रम कार्यान्वयनको मासिक, त्रैमासिक र वार्षिक प्रगति समीक्षाको लागि जिम्मेवार

[92] सभामुख अध्यक्ष रहने, सूचना तथा सञ्चार मन्त्री वा राज्यमन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष भएको समितिले सिफारिश गर्छ।

[93] http://www.redd.gov.np/

हुन्छ, साथै कार्यान्वयन र प्रगतिको प्रक्रियामा समस्या देखिए समाधान गर्न मन्त्रालय स्तरीय बैठकहरू आयोजना गर्ने कार्य समेत गर्दछ।

**लैंगिक समता र समानता**

- महिला आयोग नेपालको संविधान, २०१५ को धारा २५२ अन्तर्गत स्थापना गरिएको हो र यसका देहाय बमोजिम काम, कर्तव्य र अधिकार रहेका छन् : महिलाका अधिकार र हित सम्बन्धी नीति तथा कार्यक्रमहरू निर्माण गर्नु; महिला अधिकारसम्बन्धी कानुनको कार्यान्वयन तथा अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतका दायित्वहरूको अनुगमन गर्नु र प्रभावकारी अनुपालन तथा कार्यान्वयनका लागि सरकारलाई सुझाव दिनु; नीति तथा कार्यक्रमहरूको अनुगमन गर्नु र तिनको प्रभावकारी कार्यान्वयनका लागि सरकारलाई सिफारिस गर्नु; लैंगिक समानता, महिलाको सशक्तीकरण आदि सम्बन्धी कानुनी प्रावधानहरूको अध्ययन-अनुसन्धान गर्नु र सुधारका लागि सिफारिस गर्नु; महिलासम्बन्धी अधिकार र अन्तर्राष्ट्रिय सन्धि वा सम्झौतासँग सम्बन्धित प्रतिवेदन पेश गर्न सरकारलाई सिफारिस गर्नु; र महिलामाथि हिंसा, सामाजिक कुप्रथाहरू वा महिलाका अधिकार उल्लंघनको मामलमा सम्बन्धित निकायलाई अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्नु।
- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय महिला, बालबालिका, ज्येष्ठ नागरिक र सामाजिक कल्याणसँग सम्बन्धित नीति, योजना र कार्यक्रम निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवार निकाय हो। अन्य सबै मन्त्रालय र सरकारी निकायले आफ्नो योजना र कार्यक्रम राष्ट्रिय लैंगिक समानता नीति (२०७७)[94] सँग मेल खाने गरी बनाउनु पर्दछ।
- अन्य मन्त्रालयहरूले पनि आफ्नो क्षेत्रका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति वा रणनीति तर्जुमा गरेका छन्, र सबै सरकारी संस्थामा लैङ्गिक सम्पर्क व्यक्ति हुनु आवश्यक छ। उदाहरणका लागि, वन तथा वातावरण मन्त्रालयले का लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (२०७८) तर्जुमा गरेको छ[95]।

**भ्रष्टाचारको शून्यता**

- नेपालको सम्विधान अनुसार भ्रष्टाचार नियन्त्रण गर्ने जिम्मेवारी सहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, (२०४८) अन्तर्गत भ्रष्टाचार सम्बन्धी मुद्दाहरूको सुनवाइ गर्न  विशेष अदालत स्थापना गरिएको छ।
- वन क्षेत्रको सन्दर्भमा वन तथा वाताबरण मन्त्रालयको प्रशासन महाशाखाको शासकीय सुधार शाखाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क बिन्दुको रूपमा कार्य गर्दछ र अख्तियार दुरुपयोगको अनुसन्धान तथा मन्त्रालय र यसको मातहत निकायद्वारा गरिएका काम सम्बन्धी उजुरीहरूको अनुगमनमा सहयोग पुऱ्याउँछ।

**न्यायोचित र समतापूर्ण लाभको बाँडफाँट**

[94] https://mowcsc.gov.np/rules/IMG-1634795515.pdf

[95] https://www.mofe.gov.np/uploads/documents/gesiclimate-chng-repnepali1625885588pdf-9628-989-1657876169.pdf

- वन विकास कोष रेडप्लस सम्बन्धी लाभ वितरणको संयन्त्र हो। उत्सर्जन न्यूनीकरण भुक्तानीको समग्र वितरण वन विकास कोषको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन समितिले व्यवस्थापन गर्छ। पूर्ण रूपमा कार्यान्वयनयोग्य वन विकास कोषको सचिवालय स्थापना नहुन्जेल रेड कार्यान्वयन केन्द्रनै सचिवालयको रूपमा कार्य गर्छ।

- स्थानीय स्तरमा, नगरपालिकाहरू वा गाउँपालिकाहरूले आफ्नो क्षेत्राधिकारभित्र लाभ वितरण हेर्ने गरी कोष व्यवस्थापन निर्देशक समिति बनाउनेछन्। यी समितिहरूले डी.व.का.द्वारा तयार गरिएको लगानी योजनाको समीक्षा र मूल्याङ्कन गर्नेछन्, र उत्सर्जन न्यूनीकरण कार्यक्रमबाट लाभको न्यायोचित वितरणका लागि निर्णय गर्नेछन्। रेड कार्यान्वयन केन्द्र र वन कार्यालयहरू क्रमशः संघीय र जिल्ला स्तरका कार्यक्रम व्यवस्थापन इकाईका रूपमा समितिलाई सहयोग गर्नेछन्। कार्यक्रम व्यवस्थापन इकाईले कोषको कार्यक्रम तर्जुमा तथा कार्यान्वयन समिति, रेड कार्यान्वयन केन्द्र र नगरपालिका/गाउँपालिकासँग समन्वय गरी लाभ वितरणको सहजीकरण गर्नेछ ।

**न्यायमा समान पहुँच**

- न्यायसम्बन्धी अधिकारहरू नेपालको संविधान (२०७२), अन्य कानुन, नियम, स्वीकृत न्याय सिद्धान्त र सर्वोच्च अदालतको स्थापित नजीरहरू प्रयोग गरी अदालत तथा अन्य न्यायिक निकायहरूले प्रचलनमा ल्याउछन्। विशेष प्रकारका मुद्दा हेर्न विशेष अदालत वा न्यायाधिकरण गठन गर्न सकिन्छ। स्थानीय स्तरमा पनि स्थानीय सरकार सञ्चालन ऐन वा अन्य कानुन अनुसारका न्यायिक निकायहरू गठन गर्न सकिन्छ।

- डिभिजनल वन अधिकृतले देवानी प्रकृतिका मुद्दा टुंग्याउने अधिकार राख्छन्। फौजदारी मुद्दाहरू भने सामान्यतया प्रहरी मार्फत अदालतमा अभियोजन भई न्यायिक प्रक्रिया अनुसार टुंग्याइन्छ।

- राष्ट्रिय न्यायिक प्रतिष्ठान २०६१ मा स्थापना भएको हो । यसले न्यायाधीशहरू र न्याय प्रशासनमा संलग्न अन्य व्यक्तिहरूलाई तालिम दिन्छ र न्याय परिषद् तथा न्याय सेवा आयोगसँग समन्वय गरी नेपालको न्याय प्रणाली सुधार गर्न सहयोग गर्छ।

- केन्द्रीय कानूनी सहायता समिति र जिल्ला कानूनी सहायता समितिहरूले विपन्न नागरिकहरूलाई कानूनी सहयोग प्रदान गर्दछन्।

**सिद्धान्त (ख): रेडप्लस रणनीति र कार्यक्रमहरूले सुशासन, दिगो विकास र सामाजिक न्यायमा योगदान पुऱ्याउँछन्।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**पारदर्शी र प्रभावकारी शासकीय संरचना**

- नेपालले मानवीय सशक्तीकरणका लागि राष्ट्रिय स्तरमा विधिको शासन सुनिश्चित गर्नु प्रत्यक्ष रूपमा आवश्यक ठान्दछ। क्रियाशील राष्ट्रिय संस्थाको निर्माण, अधिकार र जिम्मेवारीको स्पष्ट परिभाषा, र राष्ट्रिय न्यायिक प्रणालीको सुदृढीकरण नै नागरिकलाई विधिको शासनको प्रत्याभूति गराउने आवश्यक तत्वहरू हुन्।

- नेपालको संविधान (२०७२) नेपाल राज्यको मूल कानून हो, र यससँग बाझिने कुनै पनि कानून अमान्य हुन्छन् (धारा १)। यसले कानूनको शासन, मानव अधिकार, मौलिक स्वतन्त्रता, र लोकतान्त्रिक शासनका अन्तर्राष्ट्रिय स्तरका मूल्यमान्यताहरूको अवलम्बन गर्दछ । उदाहरणको लागि शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, र समावेशी तथा समानुपातिक प्रतिनिधित्व।
- पछिल्ला वर्षहरूमा विभिन्न कानुनहरू संशोधन भएका छन्, र कानूनको शासन सुदृढ पार्नका लागि संस्थाहरू निर्माण भएका छन्। उदाहरणका लागि, दुई नयाँ ऐनहरू पारित भएका छन्: मुलकी अपराध (संहिता) ऐन (२०७४) र मुलुकी देवानी (संहिता) ऐन (२०७४)।
- नेपालको वन क्षेत्रका सबै उपक्षेत्रहरूमा पारदर्शिता र सुशासन सुनिश्चित गर्ने उद्देश्यका साथ कानुन र निर्देशनहरूको कानुनी ढाँचा बनाइको छ। राष्ट्रिय वन नीति (२०७५), वन ऐन (२०७६), वन नियमावली (२०७९), वन क्षेत्र रणनीति (२०१६-२०२५), राष्ट्रिय  नीति (२०७६), र खुद शून्य उत्सर्जनका लागि दीर्घकालीन रणनीति (२०२१) सबैमा सुशासन (पारदर्शीता, प्रभावकारिता, जवाफदेहिता, र भ्रष्टाचार शून्यता) सम्बन्धी प्रावधानहरू छन्। उदाहरणका लागि:
    - राष्ट्रिय वन नीति (२०७५) को एक उद्देश्य (उद्देश्य १०) वन क्षेत्रको सुशासन सुधार गर्ने र प्राप्त लाभको न्यायोचित वितरण सुनिश्चित गर्ने हो। यस नीतिको एउटा रणनीतिक कार्य (नीति ८.८.४) वन क्षेत्रका सबै संस्थाहरूमा पारदर्शिता, जवाफदेहिता, र निष्पक्षता कायम राखी प्रभावकारी सेवा प्रदान गर्नु हो।
    - वन ऐन (२०७६) को दफा ११ मा राष्ट्रिय वन व्यवस्थापनका लागि सुशासन संरचनाहरू उल्लेख गरिएको छ। यसले नेपाल सरकारलाई प्रदेश सरकारसँग परामर्श गरी राष्ट्रिय वन व्यवस्थापनका लागि रणनीतिक योजना बनाउन र डिभिजन वन अधिकृतलाई आफ्नो अधिकारक्षेत्रभित्र वन व्यवस्थापनका लागि रणनीतिक योजना बनाउन अधिकार प्रदान गर्दछ (अनुमोदनको शर्तसहित)। धारा ७३ ले नेपाल सरकारलाई संघीय, प्रादेशिक, र स्थानीय स्तरका प्रतिनिधिहरू सम्मिलित गरी अन्तरतह समन्वय समिति गठन गर्ने अधिकार प्रदान गर्दछ। यी तीनै तहमा मन्त्रालय, प्रादेशिक मन्त्रालय, र डिभिजन वन अधिकृतलाई वनको संरक्षण, विकास र उपयोगका लागि अनुगमन तथा मूल्याङ्कन गर्न आह्वान गरिएको छ (दफा ८०)।
    - वन नियमावली (२०७९) ले यी रणनीतिक योजनाका लागि थप मार्गनिर्देशन प्रदान गर्दछ (नियम १४) र तिनको पेश गर्ने तथा अनुमोदन गर्ने संस्थागत संरचनाबारे व्यवस्था गरेको छ। नियम १२१ र १२२ ले क्रमशः अन्तरतह वन क्षेत्र समन्वय संयन्त्र/कार्यदल र जिल्ला वन क्षेत्र समन्वय समिति गठन गर्ने व्यवस्था गरेको छ (सदस्यहरूको लागि विशेष आवश्यकतासहित)। नियम १३४ ले राष्ट्रिय वन व्यवस्थापनसँग सम्बन्धित सबै तहका शासकीय संरचनामा अनुगमन र प्रतिवेदनको व्यवस्था गरेको छ, जसअन्तर्गत डिभिजन वन अधिकृतले त्रैमासिक प्रगति प्रतिवेदन तयार गरी पठाउनुपर्ने हुन्छ।
    - वन क्षेत्र रणनीति (२०१६-२०२५) को लक्ष्य समावेशी, विकेन्द्रीकृत, प्रतिस्पर्धात्मक र सुशासित वन क्षेत्रमार्फत वन, जैविक विविधता, वनस्पति, वन्यजन्तु, जलाधार र अन्य पारिस्थितिकीय

प्रणालीहरुलाई संरक्षित, व्यवस्थित र जलवायु उत्थानशील बनाउने हो। वन क्षेत्रका संस्थाहरू विकेन्द्रीकृत, प्रतिस्पर्धात्मक, जवाफदेही, र समावेशी हुनेछन्। यस रणनीतिको स्तम्भहरूमा (i) अनुकूल नीतिगत प्रक्रिया र कार्यान्वयन वातावरण, (ii) उत्तरदायी र पारदर्शी संस्था तथा साझेदारी, र (iii) सुधारिएको शासन र प्रभावकारी सेवा प्रवाह समावेश छन्।

- राष्ट्रिय नीति (२०७६) ले जीविकोपार्जनलाई सहजीकरण र सुधार गर्न सुशासन तथा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई जलवायु नीति, संस्थागत संरचना र कार्यक्रम कार्यान्वयनको मूलधारमा ल्याउने उल्लेख गर्दछ ।

**सूचनामा पहुँच**

- नेपालले विश्वव्यापी मानव अधिकार घोषणापत्र सम्बन्धी विभिन्न सन्धिहरू अनुमोदन गरेको छ, जसमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संझौता (१९६६), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संझौता (१९६६) लगायतका सन्धि-संझौताहरु समावेश छन्। नेपाल दक्षिण एसियामा संविधानमै सूचनाको हकलाई मान्यता दिने पहिलो देश हो (१९९० को संविधानमा), जुन पछि नेपालको संविधान (२०७२) मा समाविष्ट गरिएको छ। यसले प्रत्येक नागरिकलाई आफ्नो हित वा सार्वजनिक चसोका कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ (धारा २७)।
- सूचनाको हकलाई कार्यान्वयन गर्न, नेपालको संसदले सूचनाको हक सम्बन्धी ऐन (२०६४) पारित गरेको छ[96]। यसमा सूचना भन्नाले "सार्वजनिक निकायले गरेका कार्य, प्रक्रिया वा सार्वजनिक महत्वका निर्णयसँग सम्बन्धित कुनै पनि लिखित कागजात, सामग्री वा सूचना" भन्ने बुझिन्छ। सूचनाको हक भन्नाले सार्वजनिक निकायहरूसँग रहेको सार्वजनिक महत्वको सूचना माग्ने र प्राप्त गर्ने अधिकार हो। ऐनले प्रत्येक सार्वजनिक निकाय (रेडप्लस सम्बन्धी संस्थागत निकायहरू समेत) लाई नागरिकहरूको सूचनाको हकलाई सम्मान र संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ।
- पारदर्शिता सुशासनका मापदण्डमध्ये एक हो, जसको व्यवस्था सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन (२०६४[97]) को प्रस्तावना र दफा ६ मा गरिएको छ। यस ऐनले कुनै पनि सरकारी निकाय वा अन्य संस्थाको सम्बन्धित अधिकारीलाई छिटोछरितो ढंगले प्रशासनिक कार्य सम्पन्न गर्ने, सुशासन कायम गर्ने, र त्यसका नतिजा जनतालाई उपलब्ध गराउने दायित्व सुम्पिएको छ (दफा ८)। यस ऐनको दफा ३३ ले सेवाप्रवाहमा संलग्न सबै तहका प्रमुख पदाधिकारीहरूले आफ्ना गतिविधिलाई निष्पक्ष, पारदर्शी र वस्तुगत बनाउन र सर्वसाधारण तथा सरोकारवालाहरूका वैधानिक चासो सम्बोधन गर्न सार्वजनिक सुनुवाइ सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ।
- सबै सार्वजनिक निकायहरू (रेडप्लस सम्बन्धी संस्थागत निकायहरू समेत) ले सम्बन्धित सूचना उपलब्ध गराउन आफ्ना वेबसाइट सञ्चालन गरेका छन्। प्रत्येक सरकारी कार्यालयमा तोकिएको सूचना अधिकारी, प्रवक्ता, र लैंगिक सम्पर्क व्यक्ति हुन्छन्, जसले जनतालाई सूचना उपलब्ध गराउँछन्। सम्पर्क विवरण (इमेल, फोन

[96] https://nic.gov.np/files/new_files/rti-act-2007.pdf

[97] https://faolex.fao.org/docs/pdf/nep137755.pdf

नम्बर आदि) सूचनापाटी र वेबसाइटमा राखिन्छ। प्रत्येक वेबसाइटमा हटलाइन नम्बर उपलब्ध हुन्छ, र प्रत्येक सरकारी कार्यालयमा गुनासो पेटिका राखिएको हुन्छ। साथै, प्रत्येक सरकारी निकायले आफ्नो कार्यसम्बन्धी सूचना दिन नागरिक बडापत्र पनि सार्वजनिक गरेका हुन्छन्[98]।

- वन तथा वातावरण मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखाले मन्त्रालय र यसको विभाग, केन्द्र, समिति, संस्था, कोष, कम्पनी तथा परियोजनाको आवधिक र वार्षिक प्रगति प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, राष्ट्रिय योजना आयोग र अन्य तोकिएका निकायहरूमा बुझाउँछ। वन तथा वातावरण मन्त्रालयले वार्षिक अनुगमन/प्रगति प्रतिवेदन तयार गरी संघीय संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति समक्ष पेश गर्दछ। मन्त्रालयको पछिल्लो वार्षिक प्रगति प्रतिवेदन अनलाइनमा उपलब्ध छ[99]।
- सार्वजनिक निकायका सूचना अधिकारीहरूले रेडप्लस कार्यक्रम लगायत सबै विकास कार्यक्रम, तिनको कार्यान्वयन अवस्था, बजेट विनियोजन र कोष वितरण सम्बन्धी जानकारी अनलाइनमा उपलब्ध गराई नियमित अद्यावधिक गर्नुपर्ने हुन्छ (सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६६ को नियम ३ अनुसार)। यसै ऐनको दफा ११ ले स्वायत्त निकायको रुपमा राष्ट्रिय सूचना आयोग गठन गरेको छ, जसलाई सूचना दिन नमान्ने, अन्यायपूर्ण रूपमा सूचना लुकाउने, आंशिक वा गलत सूचना दिने, वा सूचना नष्ट गर्ने सूचना अधिकारी वा प्रमुखलाई सजाय दिन तथा विभागीय कारबाही सिफारिस गर्ने अधिकार दिइएको छ (दफा ३२)। सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा २५ अनुसार, आयोगले वार्षिक प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदमा बुझाउनुपर्ने हुन्छ। आयोगका प्रतिवेदनहरू आयोगको वेबसाइटमा उपलब्ध हुन्छन्[100]।
- तर, सूचनाको हक सम्बन्धी कानूनको कार्यान्वयनमा चुनौतीहरू छन्। जस्तै: केही कार्यालयहरूमा सूचना अधिकारी नभएको वा उनीहरूको गैर-जवाफदेहीपन, अनलाइनमा प्रकाशित सूचनाको

---

[98] सार्वजनिक निकायले प्रकाशन गर्नुपर्ने जानकारीहरूमा निम्न विषयहरू समावेश हुनुपर्दछः (क) निकायको संरचना तथा स्वरूप, (ख) निकायका काम, कर्तव्य र अधिकार, (ग) निकायमा कार्यरत कर्मचारीको संख्या तथा कार्यसम्बन्धी विवरण, (घ) निकायबाट प्रदान गरिने सेवा, (ङ) सेवा प्रदान गर्ने निकायको शाखा तथा जिम्मेवार अधिकारी, (च) सेवाका लागि लाग्ने शुल्क तथा समयसीमा, (छ) निर्णय गर्ने प्रक्रिया तथा निर्णय गर्ने अधिकारप्राप्त निकाय, (ज) निर्णयविरुद्ध पुनरावेदन सुन्ने अधिकारप्राप्त निकाय, (झ) सम्पादित कार्यहरूको विवरण, (ञ) प्रमुख तथा सूचना अधिकारीको नाम र पदनाम, (ट) ऐन, नियम, विनियम वा निर्देशिकाहरूको सूची, (ठ) आय, व्यय तथा वित्तीय कारोबारको अद्यावधिक विवरण, र (ड) प्रत्येक तीन महिनामा तोकिएबमोजिमका अन्य विवरणहरू (ऐनको दफा ५ को उपदफा (३) र (४))।सार्वजनिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रसारण गर्ने प्रयोजनार्थ एक सूचना अधिकारी तोक्नुपर्नेछ (ऐनको दफा ६ को उपदफा (१)) र आवश्यकता अनुसार सूचना प्रसारण गर्नका लागि सूचना शाखाको स्थापना पनि गर्नुपर्नेछ (ऐनको दफा ६ को उपदफा (३))।

[99] https://www.mofe.gov.np/uploads/documents/annual-report-079-80pdf-5895-844-1715750520.pdf

[100] www.nic.gov.np

वर्गीकरण/व्यवस्थितीकरणको कमी, गोपनीयताको परम्परा, र यी अधिकारसम्बन्धी नागरिक समाज संस्थाहरूको न्यून संलग्नता वा वकालतको कमी[101],[102]।

**लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

- नेपाल  महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि, १९७९ को पक्षराष्ट्र हो। नेपालको संविधान (२०७२) ले सार्वजनिक प्रशासनलाई न्यायपूर्ण, दक्ष, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, उत्तरदायी र सहभागी बनाउन प्रत्याभूति गरेको छ, साथै महिला र दलितको अधिकार सम्बन्धी विशेष प्रावधानहरू समेटेको छ। धारा १८(३) मा भनिएको छ:
  *"राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।"*

- राष्ट्रिय भूमि नीति, २०75 र भूमि ऐन, २०२१ (2077  मा गरिएको संशोधन समेत) ले जग्गमा व्यक्तिको. अधिकारलाई सुरक्षित गर्ने उद्देश्य राख्दछन्। राष्ट्रिय भूमि नीति (२०७५) ले जग्गाको स्वामित्वको संरक्षण, जग्गा स्वामित्वको सुरक्षा, भूमिहीन, सुकुम्बासी र अव्यवस्थित वसोवासीको पुनःस्थापना, आवास सुधारका लागि जग्गाको पहुँच, महिला सहित सबै कमजोर समूहलाई समान अवसर दिने प्रतिबद्धता जनाएको छ। व्यक्तिको जग्गासँगको सम्बन्धबारे अभिलेख राख्ने प्रणालीका रुपमा नेपालमा सामाजिक स्वामित्व क्षेत्र प्रतिमान (सोसल टेन्युअर डोमेन मोडेल) लागू गरिएको छ, जसले भूमि ऐन (२०२१) कार्यान्वयनका लागि आवश्यक जानकारी उपलव्ध गराउँछ ।

- राष्ट्रिय  नीति (२०७६) ले जलवायु सम्वन्धी नीति निर्माण, संस्थागत संरचना र कार्यक्रम कार्यान्वयन गर्दा सुशासन, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई जीविकोपार्जनसंग मूलप्रवाहीकरण गर्ने बताएको छ। नेपालले पेश गरेको दोस्रो राष्ट्रिय निर्धारित योगदान (२०२०) मा पनि यो लक्ष्य राखिएको छ:
  *"सन् २०३० सम्ममा विशेषगरी स्थानीय समुदाय, महिला र आदिवासी जनजातिका लागि सामाजिक र वातावरणीय सुरक्षणका उपाय  सुनिश्चित गर्न पूर्व सूचित सहमति, वन अधिकार, वित्त र प्रविधिमा पहुँचका लागि पर्याप्त बजेट र संस्थागत संयन्त्रको व्यवस्था गरिने छ ।"*

[101] उदाहरणको लागि: https://kslreview.org/index.php/kslr/article/download/2207/1547; http://www.cmr.org.np/esp_rti_policy_brief.pdf

[102] https://www.nepjol.info/index.php/nlr/article/view/57522/43003

- नेपालले वन क्षेत्रको लैङ्गिक र सामाजिक समावेशीकरण  रणनीति (२०६४)[103] र का लागि लैङ्गिक समानता र सामजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०२०)[104] जारी गरेको छ। २०२० को रणनीतिले चार प्रमुख क्षेत्रलाई परिवर्तन क्षेत्रका रूपमा पहिचान गरेको छ:(i) लैङ्गिक तथा समता संवेदनशील नीति र रणनीति, (ii) न्यायोचित सुशासन, (iii) लैङ्गिक तथा समता संवेदनशील संस्थागत विकास र कार्यक्रम, (iv) स्रोत र लाभमा न्यायोचित पहुँच।वन क्षेत्रको लैङ्गिक र सामाजिक समावेशीकरण रणनीति (२०६४) ले महिलाको निर्णय प्रक्रियामा सहभागिता बढाउन दिशानिर्देश गरेको छ। वन तथा वातावरण क्षेत्रको नयाँ मस्यौदा लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति र कार्ययोजना पनि तयार भइरहेको छ [105]।

- वन क्षेत्रको लैङ्गिक र सामाजिक समावेशीकरण  रणनीति (२०६४) कार्यान्वयन गर्न, वन मन्त्रालयले वि.सं.२०६५ मा सामुदायिक वन निर्देशिका संशोधन गरी वन उपभोक्ता समूहमा समितिमा कम्तीमा ५०% महिला सदस्यको अनिवार्य व्यवस्था गरेको हो। वन नियमावली (२०७९) को नियम ४२(८) ले १५ सदस्यीय कार्यसमितिमा कम्तीमा ५०% महिला हुनुपर्ने, र अध्यक्ष वा सचिव मध्ये कम्तीमा एक महिला, उपाध्यक्ष वा कोषाध्यक्ष मध्ये कम्तीमा एक महिला हुनुपर्ने व्यवस्था गरेको छ। महिलाको संलग्नताका नीति अबलम्बन पछि कार्यसमितिमा महिलाको सहभागिता उल्लेख्य रूपमा बढेको छ अध्ययनहरूले देखाएका छन्[106] ।

- राष्ट्रिय रेडप्लस रणनीति (२०१८) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण  सम्बन्धी देहायका प्रावधानहरू समावेश छन्: *"सुरक्षण उपायहरूको प्रभावकारी कार्यान्वयनबाट अधिकारवाला, महिला, आदिवासी जनजाति, माधेसी, दलित र वनमा आश्रित स्थानीय समुदायको स्रोतमाथिको अधिकार सुनिश्चित गर्नु र कार्बन र गैरकार्बन लाभहरूको निश्पक्ष र न्यायोचित बाँडफाँट गर्नु" (रणनीति ५, ११); र महिला, आदिवासी जनजाति, माधेसी, दलित, स्थानीय समुदाय र वनमा आश्रित विपन्नहरूको जीविकोपार्जनका पूँजीलाई बढाउनु र रोजगारीका अवसरलाई विविधीकरण गर्नु"* (रणनीति ६, ७ र ८) । राष्ट्रिय रेड रणनीति (२०१८) को हालैको समीक्षामा आदिवासी जनजाति, महिला, स्थानीय समुदायका प्रतिनिधि र अन्य सरोकारवालाहरूसँग परामर्श गरिएको छ।

- रेडप्लसको लागि एफपिक मार्गदर्शनको मस्यौदाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रमुख सिद्धान्तका रूपमा लिएको छ र विशेषगरी महिला, गरिब र सीमान्तकृत समूहको सहभागितामा ध्यान दिन आह्वान गरेको छ। यसले कम्तीमा ५०% महिला सहभागिता र आदिवासी जनजाति तथा स्थानीय समुदाय (दलितसहित) को समानुपातिक प्रतिनिधित्व हुने गरी सुरक्षण सूचना प्रणालीको लक्ष्य राखेको छ।

- एफसीपीएफको लाभ बाँडफाँड योजनाका सूचकहरू अनुसार *"वन गतिविधिमा २५% लगानी गरेपछि बाँकी रकमको कम्तीमा ५०% विपन्न, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम र ती समूहका महिलालाई*

---

[103] https://policy.asiapacificenergy.org/sites/default/files/Forest%20Sector%20Gender%20and%20Social%20Inclusion%20Strategy%20%28EN%29.pdf

[104] www.gesiclimate-chng-repnepali1625885588pdf-9628-989-1657876169.pdf

[105] https://policy.asiapacificenergy.org/sites/default/files/Forest%20Sector%20Gender%20and%20Social%20Inclusion%20Strategy%20%28EN%29.pdf

[106] https://www.sciencedirect.com/science/article/pii/S2666719321000455#fig0010

*लक्षित गरी महिलाको सशक्तीकरण, नेतृत्व विकास र आम्दानी बढाउने गतिविधिमा प्रयोग गरिनेछ।"*
यसका अतिरिक्त, सन् २०१७ मा कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापनको परिवर्तनमा महिलाहरूको अभियान (ओकन) द्वारा रेडप्लस र विश्व बैंकको उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि लैङ्गिक समानताको आधारतह र संभावित अवसरहरूको बारेमा एक अध्ययन गरिएको थियो[107] । सो अध्ययनबाट तर्जुमा गरिएको रेडप्लसका लागि लैङ्गिक कार्ययोजना (२०१७) ले पनि रेडप्लस क्रियाकलापबट महिलाहरूका लागि अवसर पहिचान गर्न मद्दत पुऱ्याएको छ।

- विश्व बैंकको वन लगानी कार्यक्रम अन्तर्गत संचालित समृद्धिका लागि वन परियोजनाले पनि लैङ्गिक कार्ययोजना  तयार गरेको छ।

- चुरे उत्थानशील परियोजनाले लैङ्गिक अध्ययनका आधारमा लैङ्गिक कार्य योजना तयार गरेको छ[108]। यसले लैङ्गिक दृष्टिले संवेदनशील उपायहरू मूलधारमा ल्याउने, लैङ्गिक जोखिम टार्ने/न्यून गर्ने, र जलवायु तथा विकास सम्बन्धी सह-लाभलाई अधिकतम गर्ने उद्देश्य राखेको छ। यसले महिलालाई समान समूह नठान्ने, बरु आदिवासी, दलित र सीमान्तकृत महिलाले थप चुनौती भोग्ने कुरा उल्लेख गरेको छ। यसले परियोजनाको नतिजा फ्रेमवर्कमा लैङ्गिक प्रदर्शन सूचक र लैङ्गिक-भिन्न लक्ष्यहरू समेत समावेश गरेको छ।

**भ्रष्टाचारको शून्यता**

- नेपालले संयुक्त राष्ट्र संघीय भ्रष्टाचारविरुद्धको महासन्धि  सन् २००३ मा हस्ताक्षर गऱ्यो र २०११ मा अनुमोदन गऱ्यो। यस महासन्धिको उद्देश्यहरूमा भ्रष्टाचार रोकथाम र नियन्त्रणका उपायलाई थप प्रभावकारी बनाउने र प्रवर्द्धन गर्ने; भ्रष्टाचार रोकथाम तथा नियन्त्रण (सम्पत्ति पुनःप्राप्ति सहित) सम्बन्धी अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहयोगलाई सहज र मजबुत बनाउने; र सार्वजनिक मामिला तथा सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन, उत्तरदायित्व र इमान्दारी प्रवर्द्धन गर्ने लगायत पर्दछन्। यसलाई कार्यान्वयन गर्न, नेपाल सरकारले कानुनी, प्रशासनिक र न्यायिक उपायहरू समावेश हुने राष्ट्रिय रणनीति र कार्ययोजना जारी गरेको छ।

- नेपालको संविधानहरू (२०४७, अन्तरिम संविधान, २०६३  र २०१५) को मार्गदर्शन अनुसार भ्रष्टाचार नियन्त्रण गर्नका लागि धेरै ऐनहरू विकास र कार्यान्वयन भएका छन्। तीमध्ये: अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (१९४८); भ्रष्टाचार निवारण ऐन (२०५९); लेखा परीक्षण ऐन (२०७५); सार्वजनिक खरिद ऐन (२०६४); सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन (२०६४); स्थानीय सरकार सञ्चालन ऐन (२०७४); राजस्व व्यवस्था ऐन (२०७५); राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन (२०५२); विशेष अदालत ऐन (२०५९); र सम्पत्ति शुद्धीकरण निवारण ऐन (२०६४) पर्दछन्।

---

107 https://www.forestcarbonpartnership.org/system/files/documents/Final%20Report%20and%20Gender%20Action%20Plan_FCPF.pdf
108 https://www.greenclimate.fund/sites/default/files/document/gap-fp118.pdf

- भ्रष्टाचार निवारण ऐन (२०५९)[109] ले भ्रष्टाचार नियन्त्रणलाई शान्ति, सुविधा, वित्तीय अनुशासन, नैतिकता र आचरण कायम गर्ने माध्यमका रूपमा मान्यता दिएको छ। यसले दण्डनीय अपराधहरूको सूचीकरण गरेको छ र सजाय तोकेको छ। यो ऐन नेपालको बाहिर बसोबास गर्ने नेपाली नागरिक र सरकारी कर्मचारी, साथै विदेशी नागरिकका कार्यहरूमा पनि लागु हुन्छ। यसले राष्ट्रिय सतर्कता केन्द्र स्थापना गर्ने आधार तयार गरेको छ र भ्रष्टाचार विरुद्ध जनचेतना बढाउन मद्दत गरेको छ।

- लेखा परीक्षण ऐन (२०७५) ले लेखा परीक्षणलाई सरकारी कार्यालय, नेपाल सरकारको स्वामित्वका संस्थान, प्रदेश सरकार वा स्थानीय तह, र महालेखा परिक्षकले तोकेको अन्य निकायहरूको लेखा परीक्षण प्रक्रियाका रूपमा परिभाषित गरेको छ। नेपालको संविधानको धारा २४१ अनुसार, संघीय र प्रादेशिक सरकारका सबै कार्यालयहरूको लेखा परीक्षण महालेखा परीक्षक गर्ने व्यवस्था छ, जसमा नियमितता, मितव्ययिता, दक्षता, प्रभावकारिता र औचित्यको मूल्याङ्कन गरिन्छ[110]।

- सुशासन ऐन (२०६४) ले सबै सरकारी निकायहरू (रेड कार्यान्वयन केन्द्र सहित) ले आफ्नो सार्वजनिक खर्च मासिक रूपमा प्रकाशित गर्नुपर्ने प्रावधान राखेको छ। मासिक प्रगति प्रतिवेदन तालुक मन्त्रालयलाई प्रगति समीक्षा बैठकका लागि पठाइन्छ। सोही अनुसार, रेड कार्यान्वयन केन्द्रले पनि उत्सर्जन न्यूनीकरण सहित आफ्ना गतिविधिहरू सम्बन्धी मासिक प्रतिवेदन वन तथा वातावरण मन्त्रालयलाई पठाउँछ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग एक संवैधानिक निकाय हो जसले भ्रष्टाचारको अनुसन्धान र अभियोजनका लागि संस्थागत व्यवस्था गरेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन (१९४८); भ्रष्टाचार निवारण ऐन (२०५९) र सम्पत्ति शुद्धीकरण निवारण ऐन (२०६४) अन्तर्गतका मुद्दाको सुनवाइका लागि विशेष अदालत स्थापना गरिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिलाई बुझाउँछ। यस प्रतिवेदनमा अनुसन्धान, दर्ता भएका मुद्दा र न्यायिक प्रक्रियामा पुगेका विवरण, साथै वन क्षेत्र सम्बन्धी उजुरी पनि समेटिन्छन्। यी प्रतिवेदनहरू अनलाइन (नेपाली भाषामा) उपलब्ध हुन्छन[111]।

- नेपालले अवैध सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध नियन्त्रण सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएको छ, जसमा सम्पत्ति शुद्धीकरण विरुद्ध र आतंकवादलाई आर्थिक सहयोग विरुद्ध प्रणालीलाई वित्तीय अपराध (भ्रष्टाचारसहित) नियन्त्रण गर्ने उपकरणका रूपमा मानिएको छ। नेपालले आफ्नो इलेक्ट्रोनिक निगरानी प्रणाली पूर्ण सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ[112]।

---

[109] https://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/prevention-of-corruption-act-2059-2002.pdf

[110] राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय तथा तिनका कार्यालयहरू, अदालतहरू, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल समेतको लेखा परीक्षण गरिन्छ।

[111] ३३ औं प्रतिवेदन यस वेबसाइटमा उपलब्ध छ https://ciaa.gov.np/uploads/publicationsAndReports/0wS8NV.pdf

[112] विद्यमान "सम्पत्ति शुद्धीकरण"/"आतंकवादमा लगानी बिरुद्ध" रूपरेखाहरूमा विश्वव्यापी रूपमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी वित्तपोषण विरुद्ध निगरानी गर्ने निकाय फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) का मापदण्ड तथा असल अभ्यासहरू अनुरूप कानुनी तथा संस्थागत व्यवस्थाहरू समावेश छन्। नेपाल राष्ट्र बैंकको वित्तीय सूचना एकाइले अन्य निकायहरूलाई एएमएल/सीएफटी सम्बन्धी उपकरणहरूको विकासमा सहयोग गरेको छ र एएमएल/सीएफटी तालिम तथा क्षमता

- सरकारी कर्मचारीका लागि आचार संहिता र कार्यविधिहरू पनि छन्। जस्तैः न्यायाधीशको आचारसंहिता (२०७४); सरकारी वकिल तथा कर्मचारी हरूको आचारसंहिता (२०७५); अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि (२०७८); अर्थ मन्त्रालय र अन्तरगतका कर्मचारीहरूको आचारसंहिता (२०७५); आन्तरिक लेखापरिक्षकको आचारसंहिता (२०७९); र निजामति कर्मचारीहरुको आचरणसम्बन्धी नियमावली (२०६४)। साथै, हेलो सरकार (प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको जनगुनासो संयन्त्र)[113] र राष्ट्रिय सतर्कता केन्द्र[114] पनि भ्रष्टाचार नियन्त्रणका लागि क्रियाशील छन्।

- वन क्षेत्रमा वन तथा वातावरण मन्त्रालयको प्रशासन महाशाखा अन्तर्गत शासकीय सुधार शाखाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क बिन्दुका रूपमा काम गर्छ। यसले वन क्षेत्रका कर्मचारीद्वारा अख्तियार दुरुपयोग सम्बन्धी अनुसन्धानमा सहयोग गर्छ। अन्य जिम्मेवारीहरूमा मन्त्रालय र मातहत निकायद्वारा गरिएको कार्य सम्बन्धी उजुरी जाँच गर्ने र वन क्षेत्रमा संगठनात्मक तथा प्रशासनिक प्रक्रियाको व्यवस्थापनका लागि गुणस्तर संचालन कार्यविधि तर्जुमा गर्ने काम समावेश छ।

- वन नियमावली (२०७९) अनुसार, सामुदायिक वन र साझेदारी वन उपभोक्ता समूहहरूले आफ्नो गतिविधिको विस्तृत वार्षिक प्रतिवेदन सम्बन्धित डी.व.का. र स्थानीय तहलाई बुझाउनुपर्छ। यसमा आर्थिक विवरण, कटानी तथा बिक्री भएका वन पैदावर, वन, समुदाय र सामाजिक विकास गतिविधि, वन उद्यम र पर्या-पर्यटन, रोजगारी सिर्जना, साथै समूहको लेखा परीक्षण प्रतिवेदन (नियम ४४ र ५९) समावेश हुन्छ। त्यस्तै, प्रादेशिक स्तरमा, प्रदेश वन निर्देशनालयले आफ्नो अधिकारक्षेत्रमा रहेका सरकारी वन व्यवस्थापन योजनाको कार्यान्वयन (नियम ३९(७)) र सामुदायद्वारा व्यवस्थित वन समूहका योजना कार्यान्वयन (रेडप्लस गतिविधिसहित) डी.व.का. मार्फत अनुगमन गर्छ र वार्षिक प्रतिवेदन सम्बन्धित प्रादेशिक तथा संघीय मन्त्रालयलाई बुझाउँछ।

**लाभको निश्पक्ष र न्यायोचित बाँडफाँट**

- नेपालको संविधानको धारा ५१(ग)(१) अनुसार प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने लाभको न्यायसंगत वितरणका क्रममा राज्यले राष्ट्रिय हितलाई विचार गर्दै स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिनेछ। धारा ५९(४) अनुसार प्राकृतिक स्रोतहरूको प्रयोग वा विकासबाट उत्पन्न लाभको निश्चित अंश प्रभावित क्षेत्र तथा स्थानीय समुदायलाई रोयल्टी, सेवा वा वस्तुको रूपमा वितरण गरिनेछ।

- न्यायोचित लाभ बाँडफाँट राष्ट्रिय रेडप्लस रणनीतिका नौ सिद्धान्तहरूमध्ये एक हो । यसमा भनिएको छ-- "मानव केन्द्रित, लैंगिक तथा सामाजिक रुपमा समावेशी अभ्यास र दृष्टिकोण, साथै न्यायोचित लाभ बाँडफाँट र सामाजिक न्याय प्रवर्द्धन गर्नु"।

---

अभिवृद्धि कार्यक्रमहरूका लागि स्रोत व्यक्तिहरू उपलब्ध गराउनुका साथै नीति तथा मार्गदर्शनहरूको तयारीमा समेत सहकार्य गरेको छ। नेपाल सम्पत्ति शुद्धीकरण सम्बन्धी एसिया-प्रशान्त समूह, वित्तीय निगरानी एकाइको इग्मोन्ट समूह, एसेट रिकभरी इन्टरएजेन्सी नेटोरकवर्क फर एसिया प्यासिफिक र इन्टरपोलको सदस्य समेत हो भने यो अन्तर्राष्ट्रिय स्तरमा सहयोग प्रदान गर्न प्रतिबद्ध रहेको छ।

[113] https://gunaso.opmcm.gov.np/home

[114] https://www.nvc.gov.np/

- वन ऐन (२०७६) को दफा ४४ ले सरकारलाई कार्बन सेवाबाट प्राप्त हुने लाभहरूको व्यवस्थापन, उपयोग र वितरणका लागि उपयुक्त व्यवस्था गर्नुपर्ने बताउँछ। यस ऐनमा सामुदायिक वन उपभोक्ता समूह, आदिवासी जनजाति र स्थानीय समुदाय जस्ता हकवालाहरुमा लाभ वितरण गर्ने संयन्त्रको रूपमा वन विकास कोषलाई प्रयोग गर्ने व्यवस्था गरिएको छ । कोषको वित्तीय स्रोत, शासन प्रणाली र निर्णय प्रक्रिया सहितका अन्य व्यवस्थाहरू दफा ४५ मा र वन नियमावली (२०७९) का दफा १०८-११४ मा प्रष्ट गरिएको छ। यो कोष (२०७९) देखि सञ्चालनमा आएको हो र सञ्चालन निर्देशिका तयार भइरहेको छ। यो निर्देशिकाले भूमिका, जिम्मेवारी र प्रमाणीकरण भएका उत्सर्जन न्यूनीकरण क्रेडिटहरूको वितरण प्रक्रियालाई परिभाषित गर्नेछन्। सार्वजनिक निकाय भएकोले वन विकास कोषले सूचनाको हक सम्बन्धी ऐन (२०६४) अनुसार कोष व्यवस्थापन र लाभ वितरण सम्बन्धी सूचना सक्रियतापूर्वक र पारदर्शी रूपमा उपलब्ध गराउनु पर्छ।

- वन नियमावली (२०७९) अनुसार, लाभको समग्र वितरण कोषको कार्यक्रम विकास तथा कार्यान्वयन समितिद्वारा व्यवस्थापन गरिन्छ। पूर्ण सक्षम सचिवालय स्थापना नभएसम्म रेड कार्यान्वयन केन्द्रले कोषको सचिवालयको रूपमा काम गर्नेछ। स्थानीय तहमा, नगरपालिका वा गाउँपालिकाले कोष व्यवस्थापन निर्देशक समिति गठन गर्नुपर्नेछ, जसको संयोजन स्थानीय तहको निर्वाचित सदस्यले गर्नेछ र यसमा सातदेखि नौ सदस्य रहनेछन्, जसले स्थानीय सरकार, आदिवासी जनजाति, दलित, महिला र मुस्लिम समुदायको प्रतिनिधित्व गर्नेछन्। यी समितिहरूले डी.व.का.ले तयार पारेका लगानी योजनाको समीक्षा गर्नेछन् र स्वीकृत लाभ बाँडफाँट योजनामा प्रस्तुत मापदण्डअनुसार लाभको न्यायोचित वितरण सम्बन्धी निर्णय गर्नेछन्। लाभ बाँडफाँट सम्बन्धी सुपरीवेक्षण र निर्णय गर्ने काम कोषको कार्यक्रम विकास तथा कार्यान्वयन समिति तथा नगरपालिका/गाउँपालिकाको हुनेछ । रेड कार्यान्वयन केन्द्र र डी.व.का. जस्ता सम्बन्धित कार्यक्रमका परियोजना व्यवस्थापन इकाईहरू ले वितरण प्रक्रियालाई सहजीकरण गर्ने छन्।

- वन नियमावली (२०७९) को दफा ११५ मा लाभको समानुपातिक वितरण यसरी तोकिएको छः
  (क) कोषको व्यवस्थापनका लागि: १०%; (ख) वन व्यवस्थापनमा संलग्न निकाय वा उपभोक्ता समूहका लागि: ८०%; (ग) कार्यक्रम क्षेत्रमा रहेका निजी वन धनीहरूका लागि: ५%; र (घ) कुनै वन उपभोक्ता समूहसँग सम्बन्धित नभएका वनमा आश्रित घरपरिवारका लागि: ५%।

- एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि लाभ बाँडफाँट योजना[115] सबै सरोकारवालाहरूसँगको विस्तृत परामर्श प्रक्रिया मार्फत तयार गरिएको हो र यसले एफसीपीएफ कार्बन फण्डको पद्धतिगत ढाँचाको शर्तहरू समेत पालना गरेको छ[116]। यसले लाभार्थीहरूको पहिचान, प्रयोगमा आएका कार्यसम्पादन मापदण्ड, वन विकास कोष व्यवस्थापन प्रणाली र प्रस्तावित अनुगमन प्रक्रियाको जानकारी प्रदान गर्दछ। लाभार्थीहरूको पहिचान संस्थागत व्यवस्थाहरू, रेडप्लस कार्यान्वयनमा संलग्नता, वनमा निर्भरता र सामाजिक न्यायका मापदण्डको आधारमा गरिएको हो। यसमा (i) सरकारी निकायहरू, (ii) सामुदायिक वन उपभोक्ता समूहहरू, (iii) निजी वनका धनीहरू, र (iv) वनमा आश्रित तर उपभोक्ता समूह बाहिरका घरधुरी समावेश छन्। वन

[115] https://www.forestcarbonpartnership.org/sites/default/files/documents/revised_bsp_nepal_03_june_2023_clean_version_0.pdf

[116] https://www.forestcarbonpartnership.org/system/files/documents/fcpf_carbon_fund_methodological_framework_revised_2020_final_posted.pdf

नियमावली (२०७९) अनुसार, ८०% लाभ सरकारी वन निकाय (सरकारी वन तथा संरक्षित क्षेत्रका मध्यवर्ती वन) र समुदायमा आधारित वन समूहलाई कार्यसम्पादनका आधारमा वितरण गरिनेछ। निजी वनका धनी र उपभोक्ता समूह बाहिरका वनमा आश्रित घरधुरीलाई ५%-५% लाभ दिइनेछ। बाँकी १०% सञ्चालन र व्यवस्थापन खर्चका लागि विनियोजन गरिनेछ।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि सरोकारवाला नक्साङ्कन प्रतिवेदनले संघीय तहदेखि प्रत्येक प्रदेशका सरोकारवाला र हकवालाहरूको पहिचान गरेको छ, जसमा आदिवासी जनजाति पनि समावेश छन् (थप जानकारी सुरक्षणका उपाय ग अन्तर्गत प्रस्तुत गरिएको छ)। कार्यक्रमका लागि प्रारम्भिक लाभ बाँडफाँट योजना तयार गरिएको छ र प्रमुख सरोकारवालाहरू तथा हकवालाहरूसँग धेरै चरणका परामर्शहरू सम्पन्न भइसकेका छन्। राष्ट्रिय, प्रादेशिक र जिल्ला तहमा आदिवासी जनजाति, समुदायमा आधारित वन व्यवस्थापन समूह, विज्ञ, महिला संगठन तथा दलित जस्ता सीमान्तकृत समुदायका प्रतिनिधिहरूसँग निरन्तर छलफल भइरहेको छ। लाभ बाँडफाँट योजना सबैभन्दा संवेदनशील र विवादास्पद दस्तावेज मानिने हुदा सरोकारवाला र हकवालाहरू बीच व्यापक सहमति भएपछि मात्र लाई अन्तिम रूप दिई स्वीकृतिको प्रक्रियामा लगिनेछ ।

**न्यायमा समान पहुँच**

- नेपालको संविधान (२०१५) सबै नागरिकलाई न्यायमा पहुँच र निष्पक्ष परीक्षणको अधिकार सुनिश्चित गर्दछ, र सरकारले उक्त सुनिश्चितता पूरा गर्न नीति, कानून र संस्थाहरू लागू गरेको छ। नेपालको कानुनी प्रणाली सामान्य कानून र नागरिक कानून परम्परामा आधारित छ। न्याय सम्बन्धी अधिकारहरू अदालतहरू र अन्य न्यायिक निकायहरूले संविधान, अन्य कानुन, नियमावली, न्यायका मान्य सिद्धान्तहरू र सर्वोच्च अदालतद्वारा स्थापित सिद्धान्त अनुसार प्रयोग गर्न सक्छन्। अदालतहरू तीन तहमा गठन हुन्छन्: सर्वोच्च अदालत, पुनरावेदन अदालतका रुपमा उच्च अदालतहरू, जिल्ला अदालतहरू र अन्य अदालत/निकायहरू। विशेष प्रकारका मुद्दाहरू सुनुवाइका लागि विशेष अदालत वा न्यायाधिकरण गठन गर्न सकिन्छ। नेपालको न्याय प्रणालीका व्यवस्था न्याय प्रशासन ऐन (२०७३) मा थप स्पष्ट गरिएको छ।
- वैकल्पिक विवाद समाधानका विधिहरू मार्फत मुद्दा हेर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का आधारमा स्थानीय तहका न्यायिक निकाय वा अन्य न्यायिक निकाय गठन गर्न सकिन्छ । स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को दफा २१७ अनुसार नगरपालिका उप-मेयर वा गाउँपालिकाका उपाध्यक्षको नेतृत्वमा न्यायिक समिति गठन गर्न सकिन्छ। नगर वा गाउँ पालिका भित्रका विवादहरू यस समितिले गैर-प्रतिद्वन्द्वी सहभागितामूलक विधिबाट समाधान गर्न सक्छ।
- कानुनी सहायता मानवअधिकारको आधारभूत अधिकार हो र गरिब तथा पिछडिएका व्यक्तिहरूका लागि अत्यावश्यक सेवा हो। कानुनी सहायता सम्वन्धी ऐन, २०५४ ले केन्द्रीय कानुनी सहायता समिति (दफा ६) र

जिल्ला कानुनी सहायता समिति (दफा ७) स्थापना गरेको छ, जसले गरिब व्यक्तिहरूलाई कानुनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गर्नेछ[117]। यस ऐनअन्तर्गत कानुनी सहायता कोष पनि स्थापना गरिएको छ ।

- वन क्षेत्रको नीति, कानून, नियमावली र निर्देशिकाहरूले उजुरी दर्ता र निवारणका स्पष्ट प्रावधानहरू राखेका छन्। सम्बन्धित नीति कागजातहरू, जस्तै नेपालको संविधान (२०७२), राष्ट्रिय वन नीति (२०७५), वन क्षेत्रको रणनीति (२०१६-२०२५), वन ऐन (२०७६), वन नियमावली (२०७९), नागरिकहरूलाई वन शासनसँग सम्बन्धित उजुरी सम्बन्धी मुद्दा सम्बन्धित निकायमा पेश गर्न प्रोत्साहित गर्छन् र ती उजुरीहरूलाई शीघ्र र प्रभावकारी रूपमा समाधान गर्न निकायलाई निर्देशन दिन्छन्। प्रत्येक सरकारी कार्यालयमा नागरिक बडापत्र, उजुरी पेटिका, सूचना अधिकारी, र लैंगिक सम्पर्क व्यक्ति राख्ने अनिवार्य प्रावधान पनि छन् (माथि "सूचनामा पहुँच" पनि हेर्नुहोस्)।

- डी.व.का.हरूलाई वन ऐन, २०७६ अन्तर्गत दण्डनीय मुद्दाहरूको निर्णय र समाधान गर्ने अधिकार छ। यी प्रक्रियाहरू विशेष अदालत ऐन (२०५९) अनुसार अगाडि बढाइन्छ। यसमा अवैध रूपमा रूख काट्ने र अन्य वन पैदावारहरू सम्बन्धी मुद्दाहरू समावेश छन्, जसमा ऐन अनुसार सजाय तोकिन्छ। फौजदारी प्रकृतिका मुद्दाहरू प्रायः प्रहरी मार्फत अदालतले मुद्दा चलाउँछ र न्यायिक प्रक्रियाअनुसार समाधान हुन्छ।

- स्थानीय तहमा विभिन्न च्यानल र संयन्त्रहरू छन् जसमार्फत रेडप्लस  सम्बन्धी समेत उजुरी वा विवाद दर्ता गर्न सकिन्छ।

- उपाध्यक्ष/उप-प्रमुख र प्रमुख जिल्ला अधिकारीलाई अर्ध-न्यायिक निकायको रूपमा विवाद समाधान गर्ने अधिकार दिइएको छ।सरोकारवालाले स्थानीय न्यायिक समिति, जिल्ला अदालतको आचारसंहिता कोर्ट, स्थानीय स्तरको मेलमिलाप केन्द्र र जिल्ला अदालत, सूचना अधिकारी, नोडल अधिकारी र प्रवक्ता, उजुरी पेटिका मार्फत उजुरी पेश गर्न सक्दछन्। यी सबै कार्यालयहरूमा उजुरी पेटिका उपलब्ध हुने व्यवस्था छ।

- नेपालमा रेडप्लसका लागि प्रयोग गरिने गुनासो संबोधन संयन्त्र  मौजुदा नियम र संरचनाहरूमा आधारित हुने गरी संघीय, प्रादेशिक तथा स्थानीय तहमा स्थापना गरिएको छ। गुनासो संबोधन संयन्त्रको उद्देश्य

[117] केन्द्रीय कानुनी सहायता समितिका काम, कर्तव्य र अधिकारहरू देहाय अनुसार रहेका छन्: (क) कानुनी सहायता सम्बन्धी कार्यक्रम तथा नीतिहरू निर्धारण गर्ने।;(ख) जिल्ला समितिहरूको कार्यसम्पादनको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने र त्यस्ता समितिहरूलाई आवश्यक निर्देशन प्रदान गर्ने।;(ग) कानुनी सहायताका लागि जिल्ला समितिलाई अनुदान उपलब्ध गराउने।;(घ) कानुनी सहायताका लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने।;(ङ) विपन्न व्यक्तिको तर्फबाट सर्वोच्च अदालतमा प्रतिनिधित्व गरी कानुनी सहायता प्रदान गर्न वकिलहरूको सूची (प्यानल) तयार गर्ने।; (च) कानुन तथा कानुनी सहायता सम्बन्धी परिचयात्मक पुस्तिका, पर्चा, हातेपुस्तिका आदि प्रकाशन तथा वितरण गरी सर्वसाधारणलाई सचेत गराउने व्यवस्था गर्ने वा गराउने, तथा यस सम्बन्धमा अनुसन्धान गर्ने वा गराउने व्यवस्था मिलाउने।;(छ) कानुनी सहायता सम्बन्धी कार्यका लागि आवश्यकतानुसार विभिन्न समितिहरू गठन गर्ने तथा तिनका कार्य, कर्तव्य र अधिकार निर्धारण गर्ने।;(ज) केन्द्रीय समितिका लागि आवश्यक कर्मचारी नियुक्त गर्ने।;(झ) यस ऐन बमोजिम समितिलाई प्रदान गरिएका अधिकारमध्ये केही अधिकार त्यस्तो कुनै समिति वा केन्द्रीय समितिका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्ने।;(ञ) यस ऐनका उद्देश्यहरू परिपूर्ति गर्न तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

रेडप्लसको तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित सम्भावित उजुरी वा द्वन्द्वलाई सम्बोधन गर्नु हो। यदि रेडप्लसका लागि स्थापित विशेष गुनासो संबोधन संयन्त्र मार्फत विवाद समाधान गर्न सकिएन भने, कुनै पनि पक्ष अदालत मार्फत औपचारिक न्यायिक प्रक्रिया प्रयोग गर्न सक्छ। प्रदेश र जिल्ला स्तरका रेडप्लस डेस्कहरूले पनि सरोकारवालाहरूलाई आफ्ना उजुरीहरू बुझाउन सक्षम बनाउनु पर्छ।

- रेड कार्यान्वयन केन्द्रले सन् २०१५ मा पृष्ठपोषण र गुनासो संबोधन संयन्त्र तर्जुमा गर्न अध्ययन गरेको थियो । त्यसैका आधारमा एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि पृष्ठपोषण र गुनासो संबोधन संयन्त्र तर्जुमा गर्न सुरु गरियो। माथि उल्लेखित विद्यमान प्रणालीहरू मार्फत पृष्ठपोषण र गुनासो संबोधन संयन्त्रको व्यवस्था गरिएको छ भने उजुरीहरू पत्र, इमेल, वेबसाइट, गुनासो पेटिका, एस.एम.एस. र टोल-फ्री नम्बर जस्ता विद्यमान र रेडप्लस विशेष च्यानलमार्फत लिखित रूपमा उजुरी पेश गर्न सकिन्छ। स्थानीय मुद्दाहरूको लागि, प्रत्येक नगरपालिकामा एक अनुसन्धान टोली गठन गरिनेछ, जसको नेतृत्व उत्सर्जन न्यूनीकरण कार्यक्रमको सम्पर्क अधिकृतको रूपमा नियुक्त वन अधिकृतले गर्नेछन्। यस प्रणालीको उद्देश्य उजुरीहरू २८ दिन भित्रै सम्बोधन गर्नु हो। पृष्ठपोषण र गुनासो संबोधन संयन्त्रका सिद्धान्त, चरणहरू र प्रक्रिया तराइ भूपरिधिको उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज (सेक्शन १४.३) र वातावरणीय र सामाजिक व्यवस्थापन खाका (यस सूचना सारांशको अनुसूची ३ मा पनि हेर्नुहोस्) मा वर्णन गरिएको छ।
- अख्तियरा दुरुपयोग अनुसन्धान आयो, राष्ट्रिय सतर्कता केन्द्र र माथि उल्लेखित अन्य संरचना मार्फत उजुरी गर्न सकिने व्यवस्था बाहेक रेडप्लस सम्बन्धी उजुरी पेश गर्नका लागि देहायका विशेष व्यवस्था समेत गरिएको छ:
    - रेड कार्यान्वयन केन्द्रको वेबसाइटमा रहेको सम्पर्क फारम (http://www.redd.gov.np/contact) र सम्पर्कहरू (info@redd.gov.np, फोन: 015339126, टोल-फ्री)
    - सुरक्षण सूचना प्रणाली (http://sis.redd.gov.np/sis/contact-us) को सम्पर्क पृष्ठ, उजुरी पृष्ठ र इमेल ठेगाना info@redd.gov.np
    - हेलो सरकार: https://gunaso.opmcm.gov.np/home
- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत सरोकारवालाहरूलाई उजुरी र पृष्टपोषण कसरी पेश गर्न सकिन्छ भन्ने जानकारी प्रदान गरिएको छ। गुनासो व्यवस्थापनमा रहेका सीमिततालाई मध्यनजर गर्दै रेडप्लस सरोकारवालाहरूका लागि उपलब्ध गुनासो संबोधन संयन्त्रहरूको प्रभावकारिता र उपयुक्तताको समीक्षा र सम्बन्धित क्षमता विकासका कार्यक्रमहरू २०२५ मा योजना गरिएको छ ।

## यस सुरक्षणलाई कसरी पालना गरिएको छ ?

### पारदर्शी र प्रभावकारी शासन संरचना र सूचनाको हक

- रेडप्लस व्यवस्थापन गर्ने निकायहरू (मन्त्रालयहरू, रेड कार्यान्वयन केन्द्र, विभागहरू, प्रदेश मन्त्रालयहरू, डी.व.का.हरू, र रेडप्लस डेस्कहरू) ले रेडप्लस सम्बन्धी पर्याप्त सूचना उपलब्ध गराउन देहायका संयन्त्रहरू विकास गरेका छन:

- वन क्षेत्रसम्बन्धी जानकारी राष्ट्रिय वन सूचना प्रणाली[118] अनलाइन पोर्टलमा पाउन सकिन्छ, जसलाई वनसम्बन्धी विस्तृत जानकारी उपलब्ध गराउन स्थापना गरिएको हो।
- रेड कार्यान्वयन केन्द्रको वेबसाइटमा केन्द्रका कार्यहरू र रेडप्लस   सम्बन्धी गतिविधिहरू  बारे जानकारी उपलब्ध हुन्छ। साथै, उक्त वेबसाइट (redd.gov.np) मा स्वत: प्रकाशन गर्दा वित्तीय जानकारी समेत सक्रिय रूपमा सार्वजनिक गरिन्छ। रेड कार्यान्वयन केन्द्रले रेडप्लस   सरोकारवालाहरूले  प्रयोग गर्न सक्ने गरी एउटा इमेल ठेगाना (info@redd.gov.np) र सम्पर्क फारम पनि व्यवस्था गरेको छ। सन् २०२३ अक्टोबरदेखि २०२४ जनवरीसम्म वन तथा वातावरण मन्त्रालयमा विभिन्न माध्यमबाट जम्मा १८२ वटा जानकारी अनुरोधहरू प्राप्त भएका थिए, जसमा १३० वटा टेलिफोनमार्फत, १५ वटा इमेलमार्फत, १४ वटा पत्रमार्फत र २३ वटा प्रत्यक्ष मन्त्रालयमै आएर मागिएका थिए[119]।
- रेड कार्यान्वयन केन्द्रले रेडप्लसका सुरक्षणका उपायहरूलाई कसरी सम्बोधन गरिएको छ र देशमा कसरी पालना गरिएको छ भन्ने जानकारी उपलब्ध गराउन सुरक्षण सूचना प्रणालीको अनलाइन पोर्टल पनि स्थापना गरेको छ। यसमा राष्ट्रिय सुरक्षणका सिद्धान्त, मापदण्ड र सूचकहरू राखिएका छन्। यो पोर्टलको वेबसाइट (http://sis.redd.gov.np/sis) अंग्रेजी र नेपाली दुवै भाषामा उपलब्ध छ र यसको ज्ञान केन्द्र खण्डमा रेडप्लस सम्बन्धी मुख्य कागजातहरू राखिएको छ। सूरक्षण सूचना प्रणाली, यसको संस्थागत व्यवस्था र तथ्याङ्क स्रोत सम्बन्धी थप जानकारी माथिको अध्याय ४ मा दिइएको छ।

- प्रादेश वन निर्देशनालय र डी.व.का.हरूमा  स्थापित रेडप्लस   डेस्कहरूको नेतृत्व सरकारी अधिकृतले गरेका हुन्छन् र यिनले स्थानीय जनतालाई सूचना पाटी, रेडियो र अन्य माध्यममार्फत सूचना प्रदान गर्दछन्। रेडप्लस कार्यक्रम र गतिविधिहरूको तर्जुमा, कार्यान्वयन, निगरानी र मूल्याङ्कन चरणहरूमा एफपिक प्रक्रिया सहित सरोकारवालासँग विभिन्न प्रकारका परामर्शहरू सञ्चालन गरिन्छ। यसले संवाद र जानकारी आदान-प्रदानलाई सहज बनाउँछ। रेडप्लसका लागि एफपिक प्रक्रिया  सम्बन्धी मार्गदर्शन तयार गरिएको छ र यसलाई लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रमा परीक्षण गर्ने योजना रहेको छ । मार्गदर्शनको प्रारम्भिक मस्यौदामा "सूचना प्याकेज" तयार गर्ने र परामर्श प्रारम्भ गर्नु अघि अधिकारवाला र सरोकारवालालाई कार्यक्रम/परियोजना तथा प्रस्तावित एफपिक प्रक्रियाबारे जानकारी दिने व्यवस्था गरिएको छ। यसले सूचनालाई सजिलो, स्पष्ट, सही, सुसंगत र पारदर्शी ढङ्गमा सम्प्रेषण गर्नुपर्छ भन्ने सिफारिस पनि गरेको छ। साथै, सूचनाहरू उपयुक्त भाषा र संस्कृतिसँग मेल खाने ढङ्गमा प्रस्तुत हुनुपर्छ (जस्तै: रेडियो, भिडियो, ग्राफिक्स, वृत्तचित्र, तस्बिर, मौखिक प्रस्तुति आदि)।

- रेडप्लस   सरोकारवाला संयन्त्रहरूले पनि सूचना आदान-प्रदानका लागि प्लेटफर्म उपलब्ध गराउँदछन्। यसमा राष्ट्रिय रेडप्लस निर्देशक समिति, राष्ट्रिय रेडप्लस  समन्वय समिति, प्रादेशिक रेडप्लस  समन्वय समितिहरू, रेडप्लस   बहु-सरोकारवाला मञ्च, रेडप्लस नागरिक समाज र आदिवासी संगठनहरूको संजाल  तथा रेड कार्यान्वयन केन्द्र द्वारा आयोजित नियमित सरोकारवाला बैठकहरू समावेश छन् (सरोकारवाला संलग्नता

---

[118] http://nfis.redd.gov.np/nfis

[119] https://www.mofe.gov.np/notices/details/proactive-disclosure-on-rti-2080-kartik-poush-0747

संयन्त्रबारे थप जानकारीका लागि सूरक्षण "घ" हेर्नुहोस्)। राष्ट्रिय रेड रणनीति विकास, एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्र, र लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको तयारीका क्रममा जानकारी दिने उद्देश्यले परामर्श गोष्ठी र बैठकहरू भइसकेका छन्। परामर्शसम्बन्धी थप विवरण यस दस्तावेजको सुरक्षण "ग" र "घ" अन्तर्गत समावेश गरिएका छन्।

- उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूले वेबसाइटहरू (जस्तै: रेड कार्यान्वयन केन्द्रको वेबसाइट, सुरक्षण सूचना प्रणाली, एफसीपीएफको वेबसाइट आदि) मार्फत साथै अनुगमन प्रतिवेद मार्फत समेत सूचना सम्प्रेषण गरिन्छ। भविष्यमा रेड कार्यान्वयन केन्द्रको वेबसाइट, सुरक्षण सूचान प्रणालीको प्लेटफर्म र राष्ट्रिय वन सूचना प्रणालीको वेबसाइटमा प्रयोगकर्ता सम्बन्धी तथ्यांक पनि उपलब्ध हुने योजना गरिएको छ।

**लैङ्गिक समता र समानता**

- राष्ट्रिय रेडप्लस निर्देशक समिति जस्ता समितिहरू र राष्ट्रिय रेड रणनीतिको समीक्षा जस्ता रेडप्लस सम्बन्धी संरचना र क्रियाकलापमा महिला सहभागिता रेडप्लसमा महिलाको सहभागिता लैङ्गिक समानता सम्बन्धी जानकारी, जसमा महिलाको रेडप्लसमा सहभागिता सम्बन्धी सूचना सुरक्षण "ग" र "घ" मा दिइएको छ ।

**भ्रष्टाचार शून्यता र लाभको बाँडफाँट**

- नेपालले रेडप्लस कार्यान्वयनबाट प्राप्त उत्सर्जन कटौती र हटाइएका कार्बनको लागि अझैसम्म कुनै नतिजामा आधारित भुक्तानी प्राप्त गरेको छैन। तर पनि, भ्रष्टाचारविरुद्धका उपायहरू र उत्सर्जन न्यूनीकरण कार्यक्रमका लाभ बाँडफाँटसँग सम्बन्धित देहायका केही जानकारीहरू उपलब्ध छन् :
    - रेड कार्यान्वयन केन्द्रको सार्वजनिक खर्च सम्बन्धी विवरण समेत समावेश भएको त्रैमासिक स्वत: प्रकाशन वेबसाइटमा उपलब्ध हुने गरेको छ[120]। यसैगरी, वन तथा वातावरण मन्त्रालयका वार्षिक प्रगति विवरणहरू पनि अनलाइनमा उपलब्ध छन्[121]।
    - अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वार्षिक प्रतिवेदन प्रकाशित गर्छ, जसमा यसको कार्यसम्बन्धी विवरणसँगै दर्ता भएका र अनुसन्धान/न्यायिक प्रक्रिया अघि बढाइएका भ्रष्टाचार उजुरी/मामिलाहरू समावेश हुन्छन्। सबै भन्दा पछिल्लो ३३औं प्रतिवेदनमा आर्थिक वर्ष २०७९-२०८० लाई समेट्छ र यसमा विशेष अदालतमा दर्ता गरिएका भ्रष्टाचारका मुद्दाहरूको संख्या समावेश छ, जसमा विभिन्न जिल्लाका वन अधिकृत/सामुदायिक वन उपभोक्ता समूहहरूमाथि दर्ता गरिएका मुद्दाहरू समेत छन्[122]। वन तथा वातावरण मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७९-८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका र टुंग्याइएका उजुरीहरूको (विशेष अदालतमा पु¥याइएका मुद्दासहित) संख्या यस सूचनाको सारांश को परिशिष्ट ५ को तालिका १ मा प्रस्तुत गरिएको छ।
    - विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत, पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन नोभेम्बर २०२३ मा प्रकाशित गरिएको छ। तर, लाभ बाँडफाँट योजनाको

---

[120] http://redd.gov.np/post/proactive-disclosure-srawan-to-poush-2080

[121] annual-report-078-79pdf-7076-384-1684837725.pdf (mofe.gov.np)

[122] https://ciaa.gov.np/uploads/publicationsAndReports/0wS8NV.pdf

कार्यान्वयन सम्बन्धी विवरण र गैर-कार्बन लाभ (क्रमशः अनुसूची २ र ३) सम्बन्धी जानकारी अझै उपलब्ध छैन। एफसीपीएफ लाभ बाँडफाँट योजनाले अनुगमन र मूल्याङ्कनका लागि सूचकहरूको सूची दिएको छ, जसलाई वित्तीय अडिट प्रतिवेदन मार्फत प्रमाणित गरिनेछ। यी सूचकहरूको प्रतिवेदन भविष्यमा उपलब्ध हुने अपेक्षा गरिएको छ। यसैगरी, लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना सम्बन्धी प्रतिवेदन पनि भविष्यमा उपलब्ध हुने अपेक्षा गरिएको छ, जसमा छुट्टाछुट्टै तथ्याङ्क, नतिजाहरू र लाभ बाँडफाँटका प्रभावहरू समावेश हुनेछन्।

**न्यायमा समान पहुँच**

रेडप्लस सम्बन्धी उजुरी तथा विवादका लागि गुनासो संबोधन संयन्त्रको व्यवस्था गरिएको भए पनि रेडप्लस विशेष उजुरी दर्ता र समाधान बारे हालसम्म सीमित जानकारी मात्र उपलब्ध छ। विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा यो जानकारी पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन मार्फत उपलब्ध हुने अपेक्षा गरिएको छ, जुन अहिले सत्यापन र प्रमाणीकरण प्रक्रियामा छ र यो प्रक्रिया पूरा भए लगत्तै सार्वजनिक गरिनेछ। वन तथा वातावरण मन्त्रालय अन्तर्गत आर्थिक वर्ष २०७९/८० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता तथा टुंग्याइएका उजुरीहरूको संख्या (विशेष अदालतमा पु¥याइएका मुद्दाहरू समेत) आर्थिक वर्ष २०७९-२०८० का लागि यस सूचनाको सारांशको अनुसूची ५ को तालिका २ मा उपलब्ध छ।

**मापदण्ड र सूचकहरू**

नेपालमा यो सिद्धान्त कसरी संबोधन र पालना गरिएका छन् भन्ने सम्बन्धमा देहायका मापदण्ड र सूचकहरूले प्रस्तुत गर्छन् भने यिनलाई भविष्यमा यिनलाई थप विस्तृत रूपमा पेश गरिने छ:

**मापदण्ड ख1: रेडप्लसका लागि सुशासन संरचनाहरू स्पष्ट रूपमा परिभाषित, प्रभावकारी, पारदर्शी र जवाफदेही छन् र यिनले रेडप्लस कार्यक्रम र कार्यहरूमा साझा अपनत्व प्रवर्धन गर्दछन् ।**

- ख1.1 प्रभावकारी रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरू स्पष्ट रूपमा परिभाषित काम, कर्तव्य, अधिकार सहित स्थापना भएका छन्। (संबोधन)
- ख1.2 रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरूको भूमिका, जिम्मेवारी र निर्णय प्रक्रिया सम्बन्धी जानकारी सार्वजनिक रूपमा उपलब्ध छ, जसमा सरोकारवालाको संलग्नता प्रक्रिया तथा एफपिक सम्बन्धी प्रक्रियाहरू पनि समावेश छन्। (संबोधन)
- ख1.3 रेडप्लस कार्यहरूको विभिन्न पक्षहरू (प्राविधिक, वित्तीय र सुरक्षण) सम्बन्धी पर्याप्त सूचना आदिवासी जनजाति, दलित, महिला र स्थानीय समुदायहरू लगायत सबै सरोकारवालाहरू र हकवालाहरूलाई उपलब्ध गराइन्छ। (पालना)
- ख1.4 रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरूमा आफ्ना समुदायहरूले चयन गरेका र तिनै समुदायप्रति जवाफदेही भएका सरोकारवाला प्रतिनिधिहरू (आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरूको पर्याप्त प्रतिनिधित्वसहित) समावेश हुन्छन् । (पालना)

**मापदण्ड ख2: रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लस कार्यहरूको तर्जुमा र कार्यान्वयनका क्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्छन्:**

- ख2.1 रेडप्लस  रणनीति र कार्यक्रमहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जोखिमहरू र तिनका निवारणका उपायहरूको मूल्याङ्कन र पहिचान गर्छन्। (संबोधन)
- ख2.2 रेडप्लस   रणनीति र कार्यक्रमहरूले रेडप्लस  कार्यहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका सम्पूर्ण प्रक्रियामा लैङ्गिक संवेदनशील र सामाजिक रूपमा समावेशी दृष्टिकोण र प्रक्रिया प्रयोग गर्छन्। (संबोधन)
- ख2.3 रेडप्लस कार्यहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सरोकारवालाहरू (जसमा आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरू समावेश छन्) को सहभागिता मार्फत लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गरिन्छ। (पालना)

**मापदण्ड ख३: रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले वित्तीय पारदर्शिता र जवाफदेहिता सहित वित्तीय सुशासन कायम राख्छन् र कोषको दुरुपयोगबाट जोगिन्छन्:**

- ख3.1 जवाफदेहिता र भ्रष्टाचार नियन्त्रण सम्बन्धी नीतिहरू, कानुन र नियमावलीहरू लागू भएका छन् (संबोधन)
- ख3.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणसम्बन्धी जोखिम र उपायहरू पहिचान गर्दछन् (संबोधन)
- ख3.3 रेडप्लस    कार्यान्वयन गर्ने निकायहरूले जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणका उपायहरू कार्यान्वयन सुनिश्चित गर्दछन् (पालना)
- ख3.4 रेडप्लस    रणनीति र कार्यक्रमसँग सम्बन्धित वित्तीय जानकारी, समुदाय स्तर समेतका सबै तहमा उचित रूपमा लेखा परीक्षण गरिन्छ र सार्वजनिक रूपमा उपलब्ध गराइन्छ (संबोधन)

**मापदण्ड ख4:  रेडप्लसका संस्थाहरू र सरकारी कर्मचारी, वन उपभोक्ता समूहहरू, आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरू सहित सबै सम्बन्धित सरोकारवालाहरूको क्षमता र चेतना बढाइन्छ:**

- ख4.1 रेडप्लस संस्थाका कर्मचारीहरू रेडप्लस प्रक्रियामा तालिम प्राप्त गर्छन् (पालना)
- ख4.2 सरोकारवालाहरूका लागि क्षमता विकास र चेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिन्छ (जसमा आदिवासी, स्थानीय समुदाय, महिला र दलितबाट ५०% सहभागिताको सुनिश्चितता गरिन्छ) (पालना)

**मापदण्ड ख5: रेडप्लस कार्यक्रमका लाभहरू लाभग्राहीहरूमा पारदर्शी र न्यायोचित ढंगले वितरण गरिन्छ:**

- ख5.1 लाभ बाँडफाँट सम्बन्धी नीतिहरू, कानुन र नियमावलीहरू लागू छन् (सम्बोधन)
- ख5.2 रेडप्लस कार्यक्रमका लाभग्राहीहरू सम्बन्धित सरोकारवालासँग परामर्श गरी पहिचान र नक्शाङ्कन गरिन्छ (सम्बोधन)
- ख5.3 रेडप्लस लाभ बाँडफाँटका संयन्त्र, योजना र प्रक्रियाहरू सबै सम्बन्धित सरोकारवालासँग परामर्श गरी विकास गरिन्छ (सम्बोधन)

- ख5.4 स्वीकृत लाभ बाँडफाँट योजना अनुसार रेडप्लस कार्यक्रमद्वारा विभिन्न प्रकारका लाभग्राहीहरूलाई प्राप्त र वितरण गरिएका कुल लाभ (पालना)
- ख5.5 रेडप्लस लाभ बाँडफाँटका परिणामहरूको अनुगमन र मूल्याङ्कन गरिन्छ (पालना)

**मापदण्ड ख6: कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र लाभ बाँडफाँटसँग सम्बन्धित सबै उजुरीहरू समयमै र सांस्कृतिक रूपमा उपयुक्त तरिकाले सम्बोधन गर्ने विषय रेडप्लस कार्यक्रमले सुनिश्चित गरेको हुन्छ:**

- ख6.1 सबै तहमा रेडप्लसका लागि राष्ट्रिय कानुनअनुसार सुचारु र उपयुक्त गुनासो संबोधन संयन्त्रहरू संचालनमा छन् (सम्बोधन)
- ख6.2 गुनासो संबोधन संयन्त्र र प्रक्रियाहरूको उपलब्धता बारेको सूचना उपयुक्त माध्यम मार्फत सम्बन्धित सबै सरोकारवालासम्म व्यापक रूपमा वितरण गरिएको छ (पालना)
- ख6.3 रेडप्लस कार्यक्रमसँग सम्बन्धित गुनासोहरू दर्ता गरिन्छ, सम्बोधन गरिन्छ र समयमै तथा सांस्कृतिक रूपमा उपयुक्त तरिकाले समाधान गरिन्छ (पालना)

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- वेबसाइटमा आधारित राष्ट्रिय वन सूचना प्रणाली  स्थापना गरिएको छ, जसले वन, जैविक विविधता लगायतका सूचना उपलब्ध गराउने अपेक्षा गरिएको छ, तर यो अझै पूर्ण रूपमा संचालनमा आएको छैन। राष्ट्रिय वन सूचना प्रणालीलाई सबै तहका वन शासनका सूचना उपलव्ध गराउन सक्ने गरी पूर्ण रूपमा संचालनमा ल्याउदै अद्यावधिक गर्नु पर्नेछ ।  यसको २०८१-२०८२ मा अद्यावधिक गर्ने योजना छ। सुरक्षण सूचना प्रणालीको वेब प्लेटफर्मको अद्यावधिक गर्ने कार्य पनि जारी छ।

- रेडप्लस  सम्बन्धी उजुरी र विवादका लागि गुनासो संबोधन संयन्त्रहरू स्थापना गरिएका छन् तापनि थप सूचना संकलन र स्थानीय तहमा उजुरी व्यवस्थापनमा प्रमुख भूमिका खेल्ने डी.व.का. जस्ता निकायहरूको लागि क्षमता विकास आवश्यक छ। रेड कार्यान्वयन केन्द्रमा उजुरी व्यवस्थापनका लागि एक सम्पर्क व्यक्ति वा डेस्कको पनि आवश्यकता छ। यी क्षमता विकास सम्बन्धी आवश्यकताहरू सन् २०२५ मा गुनासो संबोधन संयन्त्रको समीक्षा र सुदृढीकरण योजनामा समावेश गरिनेछन्।

सुरक्षण (ग):  सम्बन्धित अन्तर्राष्ट्रिय दायित्वहरू, राष्ट्रिय परिस्थितिहरू र कानुनहरूलाई विचार गर्दै र संयुक्त राष्ट्र महासभाले आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र अपनाएको कुरा ध्यानमा राख्दै आदिवासी जनजाति तथा स्थानीय समुदायका सदस्यहरूको ज्ञान र अधिकारको सम्मान गरिन्छ।

**व्याख्यात्मक टिप्पणी:**

रेडप्लस  रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति तथा स्थानीय समुदायका सदस्यहरूको अधिकार र ज्ञानको पालना र सम्मान गर्छन्, जसमा तिनीहरूले परम्परागत रूपमा ओगटेको जमिनको संरक्षण, उनीहरूको सीप, संस्कृति, रीति-रिवाज, अभ्यास र परम्परागत जीवनशैलीको सम्मान तिनीहरूको इच्छा अनुसार गरिन्छ। यो सबै

राष्ट्रिय नीतिगत, कानुनी र नियामक (PLRs) प्रावधान र नेपालले ILO 169 (आदिवासी र जनजाति जनताको सम्मेलन, १९८९) र आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र को अनुमोदनबाट उत्पन्न अन्तर्राष्ट्रिय दायित्वसँग सुसंगत छ।

रेडप्लस रणनीति तथा कार्यक्रमहरूले आदिवासी जनजाति र स्थानीय समुदायका अधिकार तथा ज्ञानको पालना र आदर गर्दछन्। यस अन्तर्गत उनीहरूले परम्परागत रूपमा वसोवास तथा उपयोग गर्दै आएको भूमिको संरक्षण गर्ने, साथै उनीहरूको सीप, संस्कृति, मूल्य-मान्यता, अभ्यास तथा उनीहरूको चाहना अनुसार परम्परागत जीवनशैलीलाई जोगाइराख्ने व्यवस्था समावेश गरिएको छ, जुन देशको नीति, कानुन तथा नियमका प्रावधानहरू तथा नेपालले अनुमोदन गरेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ (आदिवासी तथा जनजाति महासन्धि, १९८९) र आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र अन्तर्गतका अन्तर्राष्ट्रिय दायित्वहरूसँग अनुरूप रहेको छ।

**व्याख्याका मुख्य तत्वहरू:**

- रेडप्लस रणनीति र कार्यक्रमको कार्यान्वयन गर्दा यसमा लागू हुने सान्दर्भिक अन्तराष्ट्रिय सन्धि संझौतासंग नबाझिने गरी वन उपभोक्ता र स्थानीय समुदाय, आदिवासी जनजाति, प्रथाजनित जग्गा-धनी र संकटासन्न समूहहरूको अधिकारको प्रवर्धन र संरक्षण गरिन्छ ।
- राष्ट्रिय रेडप्लस रणनीति र कार्यक्रमको कार्यान्वयन गर्दा आदिवासी र परम्परागत सीप, ज्ञान, अभ्यास र संस्कृतिको पहिचान र संरक्षण गरिन्छ।

**भूमिका र जिम्मेवारी**

- रेडप्लस कार्यक्रमको जिम्मेवारी बोकेका संस्थाहरू लगायत नेपाल सरकार, प्रदेश सरकारहरू, स्थानीय तहहरू र अन्तर्गतका सम्पूर्ण संयन्त्रहरूले आदिवासी जनजाति तथा वन उपभोक्ता समूह जस्ता सरोकारवालाहरू सहित स्थानीय समुदायका सदस्यहरूको अधिकार र ज्ञानको सम्मान गर्नु पर्दछ
- संवैधानिक अंगका रुपमा रहेको आदिवासी जनजाति आयोग आदिवासी जनजातिको अधिकार र चाहनालाई संरक्षण गर्ने विषयमा अध्ययन-अनुसन्धान गर्दछ । त्यसै गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले आदिवासी जनजातिहरूको समग्र हीतको सुनिश्चितता गर्दछ । प्रतिष्ठानको उद्देश्य अन्य विषयका अतिरिक्त देहाय बमोजिम रहेका छन्:
    - आदिवासी जनजातिको सामाजिक, शैक्षिक, आर्थिक र सांस्कृतिक विकास तथा उत्थानसंग सम्बन्धित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने।
    - आदिवासी जनजातिको भाषा, लिपि, संस्कृति, साहित्य, कला, इतिहासको संरक्षण र प्रवर्धन गर्ने र परम्परागत सीप, प्रविधि र विशिष्ट जानकारीको संरक्षण र प्रवर्धन गरी त्यसलाई व्यावसायिक प्रयोगमा ल्याउन सहायता पुर्याउने ।

- विभिन्न आदिवासी जनजाति, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्बन्ध, सदभाव र सामाञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी जनजातिलाई सहभागी गराउने ।
- आदिवासी जनजातिको सामाजिक, आर्थिक, धार्मिक तथा सांस्कृतिक उत्थान र विकास गरी समतामूलक समाजको निर्माणमा मद्दत पुर्याउने ।

- यसका अतिरिक्त दलित आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ[123]:
    - दलित समुदायको अवस्थाबारे अध्ययन र अनुसन्धान गर्नु, आवश्यक नीति, कानुनी र संस्थागत सुधार क्षेत्रहरू पहिचान गर्नु, र दलितको उत्थान र विकासका लागि राष्ट्रिय नीति तथा कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस र सुझाव दिनु, साथै सबै राज्यका निकायमा उनीहरूको समानुपातिक सहभागिता सुनिश्चित गर्नु र अन्तर्राष्ट्रिय सन्धि संझौता अन्तर्गतका दायित्वहरूको प्रभावकारी कार्यान्वयन र पालनका लागि सुझाव दिनु।
    - जातीय विभेद, छुवाछुत वा सामाजिक कुरीतिहरू, वा दलित अधिकारको उल्लङ्घन वा वञ्चितीकरणका विषयमा सम्बन्धित निकायहरूलाई अदालतमा मुद्दा दर्ता गर्न सिफारिस गर्नु।

**सिद्धान्त "ग": रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति र स्थानीय समुदायहरूको भूमि, क्षेत्र, स्रोतहरूका साथै तिनीहरूको परम्परागत सीप र ज्ञानमाथिको अधिकारलाई मान्यता दिन्छन् र पालना गर्दछन्।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**आदिवासी जनजाति र स्थानीय समुदायहरूको पहिचान**

• नेपालमा "आदिवासी जनजाति" भन्ने पदावली निश्चित जातीय समूहहरूलाई जनाउन प्रयोग गरिन्छ, जसलाई नेपालको संविधानले पनि मान्यता दिएको छ। आदिवासी जनजाति समुदायसँग सम्बन्धित निर्णयहरूमा उनीहरूलाई सहभागी गराउन विशेष अवसर र लाभ प्रदान गर्दै उनीहरुले सम्मानपूर्वक जीवन यापन गर्ने, पहिचानको संरक्षण, साथै परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवको संरक्षण र प्रवर्द्धनको सुनिश्चितता गर्ने राज्यको नीति नै रहेको छ ।

• आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजातिलाई देहाय बमोजिम परिभाषित गरेको छ:

"आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनुसूची बमोजिमको जाति वा समुदाय सम्झनु पर्छ ।"

---

123 https://ndc.gov.np/pages/about-us?lan=en

उपरोक्त परिभाषा अनुसार, नेपालमा ६० समूहहरूलाई आदिवासी जनजातिका रूपमा पहिचान गरिएको छ[124], जसलाई थप संकटासन्नताको आधारमा देहायका पाँच समूहमा वर्गीकृत गरिएको छ।

**तालिका नं. 10 संकटासन्नताका आधारमा आदिवासी जनजातिहरूको वर्गीकरण**

| | |
|---|---|
| लोपोन्मुख समूह | वनकारिया, कुशुण्डा, कुशवाडिया, राउटे, सुरेल, हायु, राझी, किसान, लेप्चा, मेचे (वोडो) (१० समूह) |
| अति सिमान्तकृत समूह | सतार(सन्थाल), झांगड, चेपाङ, थामी, माझी, बोटे, धानुक (राजवंशी), ल्होमी (शिङसावा), थुदाम, सियार, बरामो, दानुवार (१२ समूह) |
| सिमान्तकृत समूहहरू | सुनुवार, थारु, रानाथारु, तामाङ, भुजेल, कुमाल, राजवंशी (कोच), गनगाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहारी, तोप्केगोला, डोल्पो, फ्री, मुगाली, लार्के, ल्होपा, दुरा, वालुङ (२१ समूह) |
| सुविधा वञ्चित समूह | जिरेल, ताङबे (ताङ्बेतानी), ह्योल्मो, लिम्बु, याक्खा, राई, छन्त्याल, मगर, छैरोतन, तीन गाउँले थकाली, बाह्र गाउले, व्यासी, गुरुङ, मार्फाली थकाली, शेर्पा (१५ समूह) |
| उन्नत समूह | नेवार, थकाली (२ समूह) |

- "स्थानीय समुदाय" को कुनै कानूनी परिभाषा छैन, तर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार "स्थानीय तह" लाई गाउँ वा सहरको रूपमा परिभाषित गरिएको छ र यस शब्दले जिल्ला सभालाई समेत जनाउनेछ भनिएको छ ।  वन ऐन, २०७६ सामुदायिक वनको बारेमा व्यवस्था गरेको छ । वन ऐन अनुसार "सामुदायिक वन" भनेको डी.व.का. मार्फत् उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको राष्ट्रिय वनको भाग हो । यसमा उपभोक्ता समूहले सामूहिक हितका लागि वनको संरक्षण, विकास र व्यवस्थापन गरी वनपैदावार उपयोग गर्न, वनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने अधिकार सहित वनपैदावारको स्वतन्त्र ढंगले मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने अधिकार दिइएको हुन्छ ।
- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि सरोकारवालाहरूलाई देहायका सातवटा वर्गमा नक्साङ्कन र पहिचान गरिएको छ: (क) सरकार र सरकारी संस्थाहरू, (ख)निजी क्षेत्र, (ग)नागरिक समाज, (घ) आदिवासी जनजाति र अन्य वनमा आश्रित समूहहरू, (ङ)जीविकोपार्जनका लागि वनसँग प्रत्यक्ष सम्बन्धित समूहहरू, (च) संकटासन्न समूहहरू, (छ) प्राज्ञिक तथा अनुसन्धान संस्थाहरू थप जानकारी एफसीपीएफ रेडप्लस तयारीको प्रस्तावना दस्तावेजमा उपलब्ध छ[125]।
- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि सरोकारवालाहरू, अधिकारवालाहरू र प्रभावित समुदायहरू संघीय र प्रादेशिक तहमा पहिचान गरिएको थियो। उत्सर्जन न्यूनीकरणका लागि एफपिक मार्गदर्शनको मस्यौदा अनुसार लिफ कार्यक्रम क्षेत्रमा रहेका आदिवासी जनजातिहरूमा थारु, मगर, गुरुङ, तामाङ, नेवार, धिमाल, ताजपुरिया, राजबंशी, गन्गाई, माझी, कुमाल, दराई, चेपाङ (प्रजा) र दानुवार समावेश छन्। मस्यौदा प्रतिवेदन

124 https://english.indigenousvoice.com/indigenous-peoples-of-nepal (source: NEFIN (2004))

125 https://www.forestcarbonpartnership.org/system/files/documents/R-PP_Nepal_revised_October.pdf

अनुसार आदिवासी जनजाति सबैभन्दा ठूलो समूहमा पर्दछ भने पहाडी ब्राहमण र क्षेत्रीहरू दोस्रो ठूलो समूहमा र दलित तथा मुस्लिम समुदाय जनसंख्या कम भएको समूहमा पर्दछन्।

- कार्यक्रम क्षेत्रमा सञ्चालन हुने क्रियाकलापहरू राष्ट्रिय रेड रणनीतिका उद्देश्य सँग मेल खान्छन्, जसमा विशेष गरी सामुदायिक वन र दिगो वन व्यवस्थापनको विस्तार पर्दछन् । विभिन्न व्यवस्थापन पद्धतिहरूको वन व्यवस्थापन योजनाको तर्जुमा वा परिमार्जन गर्दा प्रथाजनित अधिकार र अभ्यासलाई समावेश गर्न सक्ने अवसर छ ।

**आदिवासी जनजाति र स्थानीय समुदायहरूको अधिकार**

- नेपालले विश्वव्यापी मानवअधिकार घोषणापत्रसंग सम्बन्धित विभिन्न सन्धि संझौताहरू अनुमोदन गरेको छ, जसमा अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संझौता (1966), अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी संझौता (1966), स्वाधिन देशहरूमा आदिवासी जनजाति सम्बन्धी अन्तराष्ट्रिय श्रम संगठन महासन्धी (अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं.169, 1989), आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (2007) लगायत पर्दछन्।त्यसै गरी नेपाल सीबीडी (१९९३ मा अनुमोदित), नागोया अभिसन्धि (२०१८ मा अनुमोदित) र संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि (१९९४ मा अनुमोदित) जस्ता एफपिक सम्बन्धी प्रावधानहरू भएका अन्य अन्तर्राष्ट्रिय सन्धि संझौताहरूको पक्षराष्ट्र रहेको छ ।
- नेपालको संविधान (२०७२)[126] ले आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित आफ्ना नागरिकका विभिन्न मौलिक हकहरूको सुनिश्चितता गरेको छ। संविधानको धारा १८(३) मा भनिएको छ: "*राज्यले नागरिकका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा वा अन्य यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत किसा, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रुपले विपन्न खास आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन* ।" धारा २४ ले नागरिकलाई छुवाछुत र भेदभावविरुद्धको हक प्रदान गरेको छ। दलितका हकहरू धारा ४० मा उल्लेख छन्, जसमा उनीहरूको निर्णय प्रक्रियामा सहभागी हुने र शिक्षामा पहुँच सुनिश्चित गर्ने प्रावधानहरू समावेश छन्।

- यसैगरी, सामाजिक सुरक्षाको हक (धारा ४२) र विकासका निर्णय प्रक्रियामा नागरिकको सहभागिता सम्बन्धी हक पनि संविधानमा मौलिक हकका रूपमा स्थापित छन्। संविधानले सुनिश्चित गरेका अन्य मौलिक हकहरूमा धारा ३६ (खाद्यको अधिकार), ३७ (आवासको अधिकार), ४३ (सामाजिक सुरक्षा), ३८ र ३९ जसले क्रमशः महिला र बालबालिकाका अधिकारहरू निर्दिष्ट गर्छन्, समावेश छन्। साथै, नेपाल दक्षिण एसियामा पहिलो

126 https://lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf

देश हो जसले संविधानमार्फत सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा मान्यता दिएको छ (धारा २७) ।

- विशेष गरी सहभागिताको अधिकार सम्बन्धमा नेपालको संविधान (धारा ५१(ञ)(८), ४०(५), ४०(४) र ३२), वन नियमावली (२०७९) को नियम १०७, राष्ट्रिय वन नीति (२०७५), वन ऐन (२०७६), नीति र राष्ट्रिय वातावरण नीति (२०७६), तथा वन क्षेत्र रणनीति (२०१६-२०२५) ले विकास कार्यक्रमहरूमा आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न जोड दिएको छ।वन ऐन (२०७६) को दफा ११(३) अनुसार, डिभिजनल वन अधिकृतले सहभागितामूलक ढंगले आफ्नो अधिकारक्षेत्रको राष्ट्रिय वनका लागि रणनीतिक योजना तयार पार्नुपर्ने व्यवस्था गरिएको छ।

- यसका साथै राष्ट्रिय जैविकविविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०), खुद शून्य उत्सर्जनको दीर्घकालीन रणनीति (२०२१) र १५औं योजना (२०७६/77-२080/81) लगायतका नीतिगत दस्तावेजहरूमा कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनमा सबै सरोकारवालाहरू, विशेष गरी आदिवासी जनजाति र स्थानीय समुदायहरूको सक्रिय सहभागिताका प्रावधानहरू रहेका छन्। उदाहरणका लागि, नेपालको राष्ट्रिय जैविकविविधता रणनीति तथा कार्ययोजनाले प्राकृतिक स्रोतहरूको व्यवस्थापनमा स्थानीय समुदायहरूको अर्थपूर्ण सहभागिता, जैविक विविधता विनाशका विभिन्न कारकहरू सम्बोधन गर्न भूपरिधीय दृष्टिकोणको कार्यान्वयन, र जैविक विविधता संरक्षणको सफलताको लागि सम्बन्धित निकायबीच सहकार्यको आवश्यकता औंल्याएको छ।
- विशेष गरी जमीन, थातथलो, र प्राकृतिक स्रोतहरूमाथिको अधिकार सम्बन्धमा नेपालले आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र को पक्षमा सन् २००७ मा मतदान गरेको छ। यस घोषणापत्रको धारा २६(१) अनुसार, आदिवासी जनजातिहरूले परम्परागत स्वामित्व वा अन्य प्रथाजनित भोगचलन वा उपयोग गरिरहेको वा अन्य तरिकाबाट उनीहरूले प्राप्त गरेको जमीन, थातथलो र प्राकृतिक स्रोतहरूमा उनीहरूकै स्वामित्व, उपयोग, विकास, र नियन्त्रणको अधिकार रहन्छ ।
- नेपालमा भूमिमाथिको अधिकार एकिन गर्ने गरी राष्ट्रिय भूमि नीति (२०७६) र भूमि ऐन २०२१ (८औं संशोधन समेत) प्रचलनमा छन् । व्यक्ति र भूमिबीचको सम्बन्ध समेट्ने गरी भूमि सूचना प्रणालीको रुपमा नेपालमा सामाजिक अधिकार क्षेत्र प्रतिमान (सोसल टेन्युअर डोमेन मोडेल) कार्यान्वयन गरिएको छ जसले भूमि ऐनका नयाँ संशोधित प्रावधानहरू कार्यान्वयन गर्न आवश्यक जानकारी उत्पादन गर्न सक्छ। सन् २०१३ देखि संयुक्त राष्ट्र संघीय आवास कार्यक्रमको भूमि, आवास तथा आश्रय शाखा अन्तर्गत विश्वव्यापी भूमि उपकरण संजालले नेपालको भूमि सुधारमा सहयोग गर्दै आएको छ । यस अन्तर्गत उद्देश्य अनुरुपको भूमि प्रशासनका लागि रणनीति विकास, भूकम्प प्रभावित समुदायका लागि पुनःस्थापना र उत्थानशीलता सहितको दिगो र उन्नत जीविकोपार्जनको उपायहरू समावेश छन् । यस सम्बन्धमा दोलखा जिल्लाका तीन गाउँ र रत्ननगर तथा बेलका नगरपालिकामा सामाजिक अधिकार क्षेत्र प्रतिमान र उद्देश्य अनुरुपको भूमि प्रशासन कार्यान्वयन गरिएको अनुभव र शिक्षा पनि रहेको छ ।
- भूमि ऐन (१९६४) (अन्तिम संशोधन सहित) मा जमीनको अधिग्रहणमा केही प्रतिबन्धहरू रहेका छन्, जसमा छुटका प्रावधानहरू पनि समावेश छन्। उदाहरणका लागि, दफा ७ र १० मा उल्लेखित प्रावधानहरू देहायका भूमिहरूमा लागु हुने छैनन्:(क) नेपाल सरकारको स्वामित्व र भोगचलनमा रहेको भूमि, (ख) जिल्ला विकास समिति, गाउँ पालिका वा विभिन्न तहका नगरपालिकाहरूको स्वामित्व र भोगचलनमा रहेको भूमि।यी प्रावधानहरूले आदिवासी जनजाति र स्थानीय समुदायहरूका पक्षमा कार्य गर्दछ। भूमि ऐनकै

दफा २१ अनुसार यो ऐन अनुसार अधिग्रहण गरिएको वा जफत गरिएको भूमि कुनै स्थानीय व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्नुपर्ने भएमा भूमिहीन दलित, आदिवासी जनजाति  र स्थानीय भूमिहीन (सुकुमबासी)हरू लाई प्राथमिकता दिइनेछ। कुनै व्यक्ति (वा कम्पनी) ले राख्न पाउने जग्गाको हद ऐनमा परिभाषित गरिएको छ। यो हद भन्दा बढी कुनै परियोजनाका लागि जमीन प्राप्त गर्न भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको स्वीकृति आवश्यक पर्दछ[127]। दफा ११ ले जग्गा प्राप्तिका सम्बन्धमा जग्गाधनीलाई उजुरी दर्ता गर्ने अधिकार प्रदान गर्दछ, जसमा उजुरी पेश गर्ने समय, समाधान गर्ने समय, सुनुवाइ सम्बन्धी प्रावधानहरू आदि समावेश छन्।

- दफा ३ अनुसार सरकारले कुनै पनि भूमि नगद क्षतिपूर्ति भुक्तानी गरी प्राप्त गर्न सक्दछ, जुन सम्झौताद्वारा वा सम्झौता नभएको अवस्थामा सरकारले नियुक्त गरेको मध्यस्थकर्ताको उपस्थितिमा तय गर्न सकिन्छ[128]। दफा १९ अनुसार, सरकारले जारी गरेका मार्गदर्शन बमोजिम समितिले क्षतिपूर्तिको रकम निर्धारण गर्दछ। यदि कुनै व्यक्तिले जग्गाको सट्टा जग्गा नै क्षतिपूर्तिको रूपमा चाहन्छ भने सरकारले बाँझो भूमि, सरकारी स्वामित्वको भूमि वा अन्य उपलब्ध भूमि वितरण गर्न सक्छ।

- सरोकारवालाहरू, विशेष गरी समुदायमा आधारित वन उपभोक्ता समूहहरूले वन ऐन (२०७६) र वन नियमावली (२०७९) अनुसार स्वीकृत वन व्यवस्थापन योजनाहरूको आधारमा वन भूमि र स्रोतमाथि पहुँच, उपयोग र व्यवस्थापन र नियन्त्रणको अधिकार पाउने व्यवस्था छ।समुदायमा आधारित वन उपभोक्ता समूहहरूमा समावेश भएका आदिवासी जनजाति र स्थानीय समुदायहरूले व्यवस्थापन योजनामा आफ्नो वन व्यवस्थापनको प्रथाजनित अभ्यास समावेश गर्न सक्ने अधिकार छ। यी व्यवस्थापन योजना वन ऐन (२०७६) र वन नियमावली (२०७९) अनुसार सम्बन्धित डी.व.का.को स्वीकृति पछि लागू गर्न सकिन्छ। कतिपय अवस्थामा, समुदायमा आधारित वन व्यवस्थापन पद्धतिमा स्थानीय समुदायहरूलाई आदिवासी वन व्यवस्थापन प्रणाली, आदिवासी ज्ञान, सांस्कृतिक अभ्यास, प्रथाजनित संस्था, परम्परागत अधिकार तथा स्व-नियमन गर्ने अनुमति दिएको हुन्छ[129]।नेपालमा विगतमा किपट भूमि प्रथा अन्तर्गत कुनै जनजाति समूहको सदस्य भएका नाताले उनीहरूको निश्चित क्षेत्रको थातथलोमा स्वामित्व हुने व्यवस्था रहेको थियो [130]।

---

[127] हाल कायम गरिएको अधिकतम हदबन्दी यसप्रकार रहेको छः सम्पूर्ण तराई क्षेत्रमा (भित्री मधेश समेत) ६८,८२० वर्ग मिटर; काठमाडौं उपत्यका १२,७१८.५० वर्ग मिटर; र काठमाडौं उपत्यका बाहेकका सम्पूर्ण पहाडी क्षेत्रहरू ३५,६११.८० वर्ग मिटर

[128] https://jndmeerut.org/wp-content/uploads/2022/09/volume-34-No.2-winter-2021-16.pdf

[129] https://nepjol.info/index.php/sjs/article/view/63807/48244

[130] https://lcipp.unfccc.int/sites/default/files/2022-04/CIPRED%20Climate%20Change%20and%20Indigenous%20Peoples%20Policies%20and%20Practices%20in%20Nepal_0.pdf#page=25

- आदिवासी जनजाति र स्थानीय समुदायहरूको अधिकारको मान्यता र सम्मान सुनिश्चित गर्न देहायका विभिन्न आयोग र संस्थाहरू कार्यरत छन्:

    - राष्ट्रिय मानवअधिकार आयोग स्वतन्त्र संवैधानिक निकाय हो, जसले मानवअधिकारको संरक्षण र प्रवर्द्धनको पहरेदारको काम गर्दछ। यो राष्ट्रिय मानवअधिकार संस्थाहरूले पालना गर्नुपर्ने मुख्य मापदण्ड निर्धारण गर्ने पेरिस सिद्धान्तहरूबाट पूर्ण रूपमा निर्देशित छ[131] र यस आयोगले राष्ट्रिय मानवअधिकार संस्थाहरूको विश्वव्यापी संजालबाट "क" श्रेणीको मान्यता समेत प्राप्त गरेको छ[132]।

    - ऐनद्वारा स्थापना गरिएको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले देशभर बसोबास गर्ने विभिन्न आदिवासी जनजातिहरूको समग्र कल्याण सुनिश्चित गर्दछ (थप जानकारी भूमिका र जिम्मेवारी खण्डमा दिइएको छ)।

    - संविधानको धारा २५५ अनुसार स्थापना गरिएको दलित आयोगले दलित समुदायको मानवअधिकार संरक्षण र सशक्तीकरण सुनिश्चित गर्ने जिम्मेवारी राख्दछ (थप जानकारीको लागि माथि उल्लेखित भूमिका र जिम्मेवारी खण्ड हेर्नुहोस्)।

    - नेपालको संविधान अनुसार स्थापना गरिएको आदिवासी जनजाति आयोगले आदिवासी जनजातिहरूको अधिकार र हितको संरक्षण गर्न अध्ययन र अनुसन्धान गर्दछ।

- रेडप्लसका सन्दर्भमा, नेपालको संविधान साथै रेडप्लस सम्बन्धी अन्य कानूनी दस्तावजेहरू, जस्तै राष्ट्रिय रेड रणनीति (२०१८), वन नीति (२०७५), वन ऐन (२०७६), वन नियमावली (२०७९), वन क्षेत्र रणनीति (२०१६-२०२५), राष्ट्रिय वातावरण नीति (२०७६), वातावरण संरक्षण ऐन (२०७६), राष्ट्रिय नीति (२०७६), राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्यायोजना (२०१४-२०), खुद शून्य उत्सर्जनको दीर्घकालीन रणनीति (२०२१) र १५औं आवधिक योजनामा रेडप्लस कार्यहरूको तर्जुमा र कार्यान्वयन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायहरूको अधिकारको मान्यता र सम्मान गर्ने प्रावधानहरू समावेश छन्।

---

[131] उदाहरणका लागि: संविधान वा मूल कानुन अन्तर्गत स्थापना; मानव अधिकारको प्रवर्द्धन तथा संरक्षण गर्ने व्यापक अधिकारक्षेत्र; औपचारिक तथा कार्यगत स्वतन्त्रता; उत्पन्न हुने कुनै पनि मानव अधिकारसम्बन्धी विषयमा स्वतन्त्र रूपमा सम्बोधन गर्न सक्ने स्वतन्त्रता आदि।

[132] सेप्टेम्बर २५ देखि २९, २०२३ सम्म जेनेभामा सम्पन्न मानवअधिकार संस्थाहरूको अन्तराष्ट्रिय संजालको बैठकले राष्ट्रिय मानव अधिकार आयोग "क" श्रेणीको मान्यता ("क" अर्थात् "पेरिस सिद्धान्तहरूसँग पूर्ण अनुरूप") यथावत् कायम राख्ने निर्णय गरेको थियो। उक्त निर्णय आयोग सम्बन्धी विधायिकी प्रक्रियामा भएको उल्लेखनीय प्रगति, आयोगको सुदृढ कार्यसम्पादन तथा समग्र सन्तुष्टिलाई आधार मानी गरिएको थियो।(https://inseconline.org/en/news/ganhri-decides-to-maintain-national-human-rights-commission-in-category-a/)

- रेडप्लसका सामाजिक तथा वातावरणीय प्रभाव निर्धारण गर्दा वनमाथिको अधिकार स्पष्ट हुनु आवश्यक र महत्वपूर्ण रहेको विषय राष्ट्रिय रेड रणनीति (२०१८) ले जोड दिएको छ। स्थानीय वनमा आश्रित समुदायको भोगाधिकार र आदिवासी जनजातिको प्रथाजनित वन व्यवस्थापन र उपयोगको अधिकारका सम्बन्धमा रणनीतिले विशेष जोड दिएको छ । राष्ट्रिय रेड रणनीति अन्तर्गत सुरक्षण उपायहरूको प्रभावकारी कार्यान्वयन गर्दै स्रोतको अधिकार सुधार गरी वनका हकवाला, महिला, आदिवासी जनजाति, मधेसी, दलित र वनमा आश्रित स्थानीय समुदायहरूबीच वनका कार्बन तथा गैर-कार्बन लाभहरूको निष्पक्ष र न्यायोचित बाँडफाँट गर्न रणनीति ५ मा उल्लेख गरिएको छ । रेड कार्यान्वयन केन्द्र र सामुदायिक वन उपभोक्ता महासंघको संयुक्त पहलमा सहभागितामूलक र समावेशी ढंगबाट सन् २००९ मा शुरु गरी रेडप्लसका लागि सामाजिक तथा वातावरणीय मापदण्ड (२०१४) तर्जुमा गरियो।आदिवासी जनजाति र स्थानीय समुदायहरूको प्रथाजनित तथा सांस्कृतिक अधिकारको मान्यता र सम्मान गर्ने रेडप्लस कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न र उल्लेख्य सामाजिक र वातावरणीय लाभहरू बढाउन यो मापदण्डलाई सरकार, गैर-सरकारी संस्था, वित्तीय संस्थाहरू र अन्य सरोकारवालाहरूले स्वेच्छिक रूपमा प्रयोग गर्न सक्छन् । यस मापदण्डका सिद्धान्त अन्तर्गत विभिन्न सूचकांकहरू विस्तृतमा दिइएका छन् । उदाहरणका लागि सिद्धान्त 7.1.2 मा “रेडप्लस कार्यक्रमले आदिवासी जनजाति र स्थानीय समुदायहरूको मानव अधिकारको मान्यता र सम्मान गर्छ” भनिएको छ।सुरक्षण सूचना प्रणालीको तर्जुमा गर्दा सामाजिक तथा वातावरणीय मापदण्डलाई समेत आधार मानिएको छ ।

- उत्सर्जन न्यूनीकरणका लागि एफपिक मार्गदर्शनको मस्यौदामा पनि भूमिको स्वामित्व र अधिकार सम्बन्धी प्रावधानहरू समावेश छन्। उदाहरणका लागि, यस मस्यौदा मार्गदर्शनको दफा १.२ अनुसार आदिवासी जनजाति र स्थानीय समुदायलाई एफपिक प्रक्रियामा सहभागी गराउन औपचारिक र अनौपचारिक अधिकारहरू समावेश भएका वनका भू-उपयोग नक्साहरू तयार गर्नु पर्दछ र ती नक्साहरू संभव भए सम्म डिजिटाइज्ड हुनु पर्दछ। यी नक्साहरुले ती समुदायलाई आफ्ना कानूनी र प्रथाजनित अधिकार क्षेत्रहरू, साथै कुनै सांस्कृतिक वा आध्यात्मिक क्षेत्रहरूको पहिचान गर्न सहयोग गर्छन्। परियोजना क्षेत्र भित्र र राष्ट्रिय स्तरमा परम्परागत भूमिमा समुदायको अधिकारको मान्यतालाई सुरक्षित राख्ने संयन्त्रहरू पहिचान गर्नु कार्यक्रम तथा परियोजनाहरूको कर्तव्य हो भन्ने विषय पनि एफपिक मार्गदर्शनको मस्यौदामा उल्लेख छ ।
- विश्व बैंकको जलवायु लगानी कोष अन्तर्गतको वन लगानी कार्यक्रमबाट आर्थिक सहायता प्राप्त भएको र रेड कार्यान्वयन केन्द्रबाट संचालित मधेस र लुम्बिनी प्रदेशका ५० नगरपालिका क्षेत्रमा कार्यान्वयन भइरहेको समृद्धिका लागि वन कार्यक्रमले वातावरणीय र सामाजिक व्यवस्थापन खाका तर्जुमा गरेको छ, जसमा आदिवासी जनजाति योजना प्रारुप र पुनर्वास नीति प्रारुप समेत समावेश छन्। यस कार्यक्रमले सरोकारवाला सहभागिता योजना र वातावरणीय तथा सामाजिक प्रतिवद्धता योजना पनि तर्जुमा गरेको छ ।
- एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि उत्सर्जन न्यूनीकरण परियोजना अवधारणापत्र र उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज चरणमा सरोकारवालाहरूको पहिचान र परामर्श गरिएको थियो (थप जानकारी सुरक्षण घ अन्तर्गत दिइएको छ)। नेपाल आदिवासी जनजाति महासंघले एफसीपीएफ उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजको तर्जुमा र कार्यान्वयनमा आदिवासी जनजातिका मुद्दा र चासोहरू पहिचान गर्न क्षेत्रीय स्तरको परामर्श गोष्ठी आयोजना गरेको थियो। परामर्श पछि, यसले २८-

बुँदे अडान-पत्र विकास गरेको थियो, जुन नेपाल आदिवासी जनजाति महासंघका १२ जिल्ला समन्वय परिषद्को तर्फबाट महासंघको राष्ट्रिय सचिवालयले रेड कार्यान्वयन केन्द्रमा पेश गरेको थियो।यस अडान-पत्रले उत्सर्जन न्यूनीकरण कार्यक्रमको तर्जुमा र कार्यान्वयनको क्रममा आदिवासी जनजातिहरूको वनभूमि स्रोत अधिकार सुनिश्चित गर्नु पर्ने लगायतका सिफारिसहरू गरेको छ । यी सिफारिशहरू एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम को तर्जुमा र कार्यान्वयनमा समावेश गरिएका छन् र अडान-पत्रलाई उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजको अनुसूची 11 मा राखिएको छ।

- इच्छा विपरीत पुनर्वास गर्नु नपरोस भन्ने उद्देश्यले वन क्षेत्रको सीमांकन गर्नु अघि आदिवासी जनजातिहरूले परम्परागत रूपमा स्वामित्व र प्रयोग गर्ने भूमिको उचित नक्सांकन गरिने विषय उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजमा उल्लेख छ। यस क्रममा सन् २०१६तराइ भूपरिधि क्षेत्रको भूमि र प्राकृतिक स्रोतको स्वामित्व र अधिकार अध्ययन समेत गरिएको थियो । विश्व बैंकको सुरक्षण नीति अनुसार उत्सर्जन न्यूनीकरण कार्यक्रमले आदिवासी जनजातिहरू प्रभावित हुने संभावना छ भने उनीहरुको एफपिक लिनु पर्दछ (ओपी/बीपी ४.१०) । वातावरणीय तथा सामाजिक व्यवस्थापन प्रारुप (२०१९) ले पनि रेडप्लस कार्यक्रमलाई स्थलगत रुपमा कार्यान्वयन गर्दा बिचार गरिनु पर्ने वातावरणीय र सामाजिक सुरक्षण सम्बन्धी देहायका मार्गदर्शन गरेको छ :
    - आदिवासी जनजाति तथा ऐच्छिक सामुदायिक विकास खाका अनुसार उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनले परम्परागत रूपमा व्यवस्थापन गरिएको भूमिमा आदिवासी जनजातिहरूको अधिकार पूर्णरूपले सम्मान गर्ने, र आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्रको धारा २६(१) अनुसार सरकारको कानुनी प्रावधानको दायरा भित्र कार्यान्वयन हुने विषयमा जोड दिन्छ। आवश्यक परेमा, उक्त खाकाले परम्परागत अधिकारहरूको मान्यता, सम्मान र संरक्षण सुनिश्चित गर्नेछ, जस्तै भूमि अधिकार, प्राकृतिक स्रोतमा पहुँच, थातथलो माथिको अधिकार, जीविकोपार्जन रणनीति, ज्ञान, सामाजिक संरचना, परम्परा, र स्थानीय समुदायको परम्परागत प्रणालीहरू।
    - उत्सर्जन न्यूनीकरण कार्यक्रमले कुनै भूमि अधिग्रहणको योजना नगरे पनि पूर्व सावधानी उपायका रूपमा पुनर्वास नीति प्रारुप तर्जुमा गरिएको विकास गरिएको छ।

**स्वतन्त्र पूर्व सूचित सहमति (एफपिक)**

- एफपिकलाई विशेष गरी वन क्षेत्रमा, आदिवासी जनजाति र स्थानीय समुदायहरूको अधिकारको मान्यता र सम्मान सुनिश्चित गर्ने प्रमुख साधन मानिन्छ। नेपालले अनुमोदित गरेको विभिन्न अन्तर्राष्ट्रिय सन्धि संझौताहरू र देशभित्रको नीति, कानून र नियममा एफपिक सम्बन्धी प्रत्यक्ष वा परोक्ष आवश्यकताहरू र प्रावधानहरू समावेश छन्। उदाहरणका लागि, आ.एल.ओ.सी. १६९ अनुसार यति कुनै कानूनी वा प्रशासनिक कदमले आदिवासी जनजातिहरूलाई प्रत्यक्ष असर गर्छ भने उनीहरूसँग परामर्श गर्नु पर्दछ[133]। नेपालको दोस्रो राष्ट्रिय निर्धारित योगदान(२०२०) मा यस्तो लक्ष समावेश गरिएको छ: *"स्थानीय समुदाय, महिला तथा आदिवासी जनजातिहरूका लागि एफपिक लगायत सामाजिक तथा वातावरणीय सुरक्षणको व्यवस्था गर्दै वनमाथिको उनीहरूको अधिकार र*

[133] https://www.ilo.org/wcmsp5/groups/public/---ed_norm/---normes/documents/publication/wcms_205225.pdf

*वित्त र प्रविधिमा उनीहरूको पहुँच सुनिश्चित गर्न संस्थागत संयन्त्र, संरचना र पर्याप्त बजेटको व्यवस्था गरिने छ ।"*

- वन नीति (२०१९) ले वन क्षेत्रमा कुनै पनि परियोजना कार्यान्वयन गर्नु अघि प्रभावित समुदायबाट एफपिक प्राप्त गर्ने रणनीतिक कदमहरू प्रस्ताव गरेको छ। वन तथा वातावरण मन्त्रालयले जारी गरेको वनक्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधिले सामुदायिक वन भित्रको जग्गा भएमा सामुदायिक वन उपभोक्ता समूहको कार्यकारी समिति र साधारण सभाबाट सहमति प्राप्त गर्नु पर्ने व्यवस्था गरेको छ । वन नियमावली (२०७९) को नियम १०७ (६) अनुसार, दिगो वन व्यवस्थापनमा आधारित उत्सर्जन न्यूनीकरणको भुक्तानी वा वनको कार्बन विक्री गर्ने प्रयोजनका लागि कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय संझौता गर्नु पूर्व त्यसबाट प्रभावित हुने सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय समुदायलाई जानकारी गराउनु पर्ने र नेपाल सरकारले तय गरेको प्रक्रियाबाट पूर्व सूचित सहमति प्राप्त गर्नु पर्ने प्रावधान छ ।
- राष्ट्रिय रेड रणनीति (२०१८) को रणनीतिक कार्य 11(2) मा पनि एफपिकको व्यवस्था उल्लेख गरिएको छ। रेडप्लसका लागि एफपिकको मार्गदर्शन वा कार्यविधिको मस्यौता भइरहेको छ । यस मस्यौदामा रेडप्लस कार्यक्रमबाट प्रभावित हुन सक्ने आदिवासी जनजाति र स्थानीय समुदायहरूको सहमति प्राप्त गर्दा अनुसरण गर्नुपर्ने प्रक्रियाको विस्तृत विवरण राखिदैछ ।यो मार्गदर्शन वा कार्यविधिलाई लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम लागू हुने क्षेत्रमा परीक्षण गरिनेछ । उत्सर्जन न्यूनीकरण कार्यक्रम वा परियोजनाले समुदायका अधिकार, अधिकार प्रवर्धनका लागि सहायता र गुनासो संबोधन संयन्त्र जस्ता व्यवस्थाका बारेमा समुदायले जानकारी पाएका छन् कि छैनन् भन्ने विषयमा पहिलो चरणमा परामर्श गर्ने प्रावधान मस्यौदा मार्गदर्शनमा समावेश गरिन्छ । त्यस पछिका चरणमा हुने परामर्शमा भने सहमति प्राप्त गर्नु पर्ने विषयहरू र समुदायका अधिकार संरक्षण गर्ने मापदण्ड र योजनाहरू (उदाहरणका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन योजना, आदिवासी जनजाति योजना, सामाजिक समावेशीकरण योजना, सामाजिक-वातावरणीय योजना आदि) बारेमा मस्यौदा मार्गदर्शनमा राखिने छ । यदि रेडप्लस कार्यक्रमले आदिवासी जनजाति र स्थानीय समुदायका भूमिमाथिको अधिकार, थातथलो, प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदालाई प्रभावित गर्ने भएमा कार्यक्रमको तर्जुमा गर्दा र तिनको कार्यान्वयन गर्नु पूर्व उनीहरूको एफपिक प्राप्त गर्नु पर्ने व्यवस्था पनि मस्यौदा मार्गदर्शनमा राखिनेछ ।

**आदिवासी एवं परम्परागत सीप तथा ज्ञान**

- नेपालले आ.एल.ओ.सी. नं. १६९; आनुवंशिक स्रोतहरूमाथिको पहुँच र लाभको न्यायोचित तथा समान बाँडफाँड सम्बन्धी नागोया प्रोटोकल; सीबीडी, आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र जस्ता आदिवासी जनजाति र स्थानीय समुदायहरूको ज्ञानलाई सम्मान र संरक्षण गर्ने अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरूलाई अनुमोदन गरेको छ। उदाहरणका लागि, नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०) मा आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको ज्ञान, नवप्रवर्तन, र अभ्यासले जैविक विविधताको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्ने र स्थानीय जैविक स्रोतहरूमा आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, दलित, र अन्य सीमान्तकृत सामाजिक समूहहरूको वैध अधिकारलाई आवश्यक मान्यता दिनुपर्ने जस्ता सिद्धान्त समावेश गरिएको छ ।

- विशेष रूपमा राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजनाको परम्परागत ज्ञान रणनीति क१ ले जैविक विविधताको संरक्षण र दिगो उपयोग सम्बन्धी आदिवासी जनजाति र स्थानीय समुदायहरूको परम्परागत

ज्ञान, नवप्रवर्तन, र अभ्यासहरूको संरक्षण तथा प्रवर्द्धनका लागि कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने उल्लेख गरेको छ । यो रणनीति वन तथा वातावरण मन्त्रालयले र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र आदिवासी जनजाति महासंघको सहयोगमा कार्यान्वयन गर्दै आएको छ। यसबाहेक, नेपालले संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि समक्ष पेश गरेको तेस्रो राष्ट्रिय प्रतिवेदन (२०२१) मा पनि आदिवासी जनजाति र स्थानीय समुदायहरूको परम्परागत ज्ञान तथा अभ्यासहरूको बारेमा उल्लेख गरिएको छ।

- यसै गरी, आनुवंशिक स्रोतहरूको पहुँच र तिनको उपयोगबाट प्राप्त लाभको निष्पक्ष र न्यायोचित बाँडफाँड सम्बन्धी नागोया अभिसन्धिको धारा ७ ले भन्छः "देशको कानुन अनुसार प्रत्येक पक्ष राष्ट्रले आदिवासी जनजाति र स्थानीय समुदायको आनुवंशिक स्रोतसँग सम्बन्धित परम्परागत ज्ञानमा तिनीहरूको पूर्व-सूचित सहमति वा स्वीकृति र सहभागिता सहित आपसी सहमतिमा बनेका शर्तका आधारमा मात्र पहुँच दिनु पर्नेछ ।"

- आदिवासी जनजाति आयोग ऐन (२०७४) अनुसार, आदिवासी जनजातिहरूको अधिकार र हितको संरक्षण गर्न अध्ययन अनुसन्धान गर्ने र आदिवासी जनजातिहरू भित्र विद्यमान परम्परागत सीप, प्रविधि र विशेष ज्ञानको संरक्षण तथा प्रवर्द्धन गर्ने र तिनको व्यावसायिक उपयोगका लागि सहयोग गर्ने दायित्व आयोगको हुन्छ।

- नेपालको संविधानको धारा ५१ (ञ) (८) मा उल्लेख छ : "*आदिवासी जनजातिको पहिचान सहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने*" । त्यसै गरी धारा ५१ (ग)(३) मा भनिएको छः "*सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने*।" धारा ३२ ले नेपालका नागरिकलाई "भाषा र संस्कृतिको अधिकार" सुनिश्चित गरेको छ। यसैअन्तर्गत धारा ३२(३) मा भनिएको छः "*नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नी भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुनेछ*।"

- वातावरण संरक्षण ऐन (२०७६) अनुसार, संघीय सरकारले स्वच्छ र स्वस्थ वातावरणको संरक्षण, संवर्द्धन र व्यवस्थापनका लागि "वातावरण संरक्षण योजना" बनाउन र कार्यान्वयन गर्न सक्छ (दफा ३१(१)) भने र प्रादेशिक तथा स्थानीय सरकारले वातावरण संरक्षणका लागि आवश्यक योजना बनाउन र कार्यान्वयन गर्न सक्छन् (दफा ३१(२))। यस योजनामा वातावरणको संरक्षण, संवर्द्धन र दिगो उपयोगका लागि परम्परागत तथा स्थानीय अभ्यासहरू समावेश गरिनुपर्दछ।

- राष्ट्रिय वन नीति (२०७६) अन्तर्गत नीति ८.८.२ ले आदिवासी जनजाति र स्थानीय समुदायहरूको जैविक विविधता र परम्परागत ज्ञानलाई अभिलेख, दर्ता र संरक्षण गर्नु पर्ने व्यवस्था गरेको छ। त्यस्तै, राष्ट्रिय सिमसार नीति (२०६९) ले आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको ज्ञान, सीप र अभ्यासलाई नवप्रवर्तन र परम्परागत अनुसन्धान मार्फत सिमसार स्रोतहरूको दिगो व्यवस्थापन र उपयोगका लागि महत्वपूर्ण रूपमा मान्यता दिएको छ (उद्देश्य ४.२)। वन नियमावली (२०७९) को नियम १०७ (२) ले पनि वनमा आधारित कार्बन कार्यक्रमहरूको तयारी र कार्यान्वयन गर्दा स्थानीय समुदायका सामाजिक, आर्थिक र

सांस्कृतिक अधिकार वा तिनको परम्परागत ज्ञान र अभ्यासमा कुनै प्रतिकूल असर नपर्ने सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ।

- आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन (२०५९) ले प्रतिष्ठानका काम, कर्तव्य र अधिकारलाई धारा ६ मा व्याख्या गरेको छ। यसमा आदिवासी परम्परागत ज्ञान, संस्कृति र भाषाको प्रवर्द्धन र संरक्षण गर्ने, साथै आदिवासी समुदायका भाषाहरू सिकाउने विद्यालय र अभिलेखालय स्थापना गर्ने कार्यहरू समावेश छन्।

- नेपालको परम्परागत ज्ञान तथ्याङ्क भण्डार (टीकेडीएन) वनस्पतिसँग सम्बन्धित परम्परागत ज्ञान समावेश गरिएको एउटा सूचना केन्द्र हो । यसले ले आदिवासी समुदायमा छरिएर रहेका वनस्पति स्रोतहरूसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासको संरक्षण, सुरक्षा, रक्षण र प्रसारको लागि एकै पुस्तकालयमा अभिलेख गरी राख्दछ। यसमा स्थानीय समुदायहरूले गर्ने गरेका वनस्पतिको प्रयोगसम्बन्धी सार्वजनिक क्षेत्रमा उपलब्ध जानकारीलाई पनि समावेश गरिएको हुन्छ [134]।

- रेडप्लसका सम्बन्धमा, राष्ट्रिय रेड रणनीति (२०१८) ले आदिवासी र स्थानीय समुदायहरूको अधिकारको मान्यता र पालना सम्बन्धी विशिष्ट कार्यहरू समावेश गरेको छ। यसमा रणनीतिक कार्य १.४ अन्तर्गत वन र चरिचरण सम्बन्धी नीति र व्यवस्थापन योजनामा प्रथाजनित वन तथा चरण व्यवस्थापनका अभ्यासहरु र सो सम्बन्धी आदिवासी ज्ञान प्रणाली र सीपलाई मान्यता दिनु पर्ने र रणनीतिक कार्य ५.५ अन्तर्गत खासगरी सामुदायिक वन , साझेदारी वन व्यवस्थापन तथा अन्य सामुदायमा आधारित वन व्यवस्थापन योजनाहरूमा परम्परागत ज्ञान र अभ्यासलाई समावेश गर्ने विषय उल्लेख छ ।

- रेडप्लस कार्यक्रमहरूमा समावेश गर्न उपयुक्त परम्परागत वन र चरण व्यवस्थापनका प्रकार, शैली र संरचनाहरू पहिचान गर्ने उद्देश्यले सन् २०१५ मा रेड कार्यान्वयन केन्द्रले एउटा अध्ययन गराएको थियो [135]। सो अध्ययन अनुसार यस्ता प्रमुख परम्परागत संस्थाहरूमा वन र चरन व्यवस्थापनका लागि किपट वा सुब्बा संस्था; जिम्मावाल र मुखियाको संस्था; खुम्बु क्षेत्रको शिङ्गिनावा संस्था; कर्णाली क्षेत्रका मुखिया, नोरा/रोकाया संस्था; डोल्पाको पुग्मो गाउँमा गुम्बा प्रणाली; र माथिल्लो मनाङको नार र फु गाउँका परम्परागत गाउँ परिषद् पर्दछन्। अध्ययनले आदिवासी/परम्परागत भूमि, वन र चरन स्रोत व्यवस्थापन प्रणाली/अभ्यासलाई मान्यता र सम्मान गर्ने सहयोगी नीतिगत वातावरण विकास गर्न सिफारिस गरेको थियो।

- रेडप्लसका लागि तयार गरिएको एफपिक मार्गदर्शन  मस्यौदामा पनि परम्परागत ज्ञान र अभ्याससँग सम्बन्धित प्रावधानहरू समावेश गरिएका छन्। मस्यौदाको प्रकरण १.२ ले रेडप्लसले प्रभाव पार्न सक्ने आनुवंशिक स्रोतहरू तथा सांस्कृतिक सम्पदा (भौतिक र अभौतिक) सहित अधिकारवाला, सरोकारवाला, र

---

[134] यी तथ्यांकहरूको आधारमा थप अनुसन्धान सञ्चालन गर्न सकिनेछ, जसले जैविक-अन्वेषण (बायोप्रोस्पेक्टिङ) तथा नयाँ औषधि आविष्कारलाई सहयोग पुऱ्याउनेछ। यो डाटाबेस आर्थिक वर्ष २०१९/२० मा स्थापना गरिएको हो, र जुन २०२२ सम्म आइपुग्दा यसमा १३,४६४ वटा विवरण संकलित भइसकेका छन्।वन तथा वातावरण मन्त्रालय मातहतको वनस्पति विभाग यस डाटाबेसको संरक्षण तथा व्यवस्थापन गर्ने अधिकारप्राप्त निकाय हो, र यसले परम्परागत ज्ञानसम्बन्धी सूचनाहरू निरन्तर संकलन गर्दै आएको छ।

[135] रेड कार्यान्वयन केन्द्र (२०१५)। *स्थानीय तहमा वन स्रोत व्यवस्थापनसम्बन्धी परम्परागत अभ्यासहरूको अभिलेखीकरण तथा मूल्याङ्कन*। बाबरमहल, काठमाडौं: रेड कार्यान्वयन केन्द्र, वन तथा वातावरण मन्त्रालय।

तिनको भू-उपयोग र ज्ञानको पहिचान गर्नु पर्ने प्रावधान तय गरेको छ। यसमा आदिवासी जनजाति र स्थानीय समुदायहरूलाई आफ्नो ज्ञान लिखित वा अन्य तरिकाले हस्तान्तरण गर्ने विषयमा सहभागी हुन अस्वीकार गर्ने अधिकार रहन्छ । त्यसको साथै परम्परागत ज्ञान केवल परामर्श प्रयोजनका लागि मात्र संकलन गरिने प्रतिवद्धताको अग्रिम जानकारी गराउनु पर्दछ र उनीहरूको मञ्चूरी बिना कुनै तेस्रो पक्षलाई उपलव्ध नगराउने सुनिश्चितता समेत मस्यौदामा राखियएको छ ।

- उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूको हकमा, एफसीपीएफ उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजले विद्यमान सामुदायिक र साझेदारी वनहरूमा प्रथाजनित तथा प्रचलित अभ्यासहरूमा आधारित भएर व्यवस्थापन अभ्यास सुधार गर्ने एउटा विशेष क्रियाकलाप समावेश गरेको छ। प्रस्तावित लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमले एफपिकको मस्यौदाको छलफलमा परम्परागत ज्ञानलाई समावेश गर्नेछ र आदिवासी जनजाति तथा स्थानीय समुदायहरूलाई सो कार्यक्रमका सम्भावित सामाजिक र वातावरणीय फाइदा तथा जोखिमहरू (परम्परागत ज्ञानसँग सम्बन्धित पक्षहरू समेत) बारेमा जानकारी दिने सुनिश्चित गर्नेछ।

**कार्बन अधिकार**

- नेपालको संविधान २०७२ जारी भएपछि संघीय, प्रादेशिक र स्थानीय गरी देश तीन तहको संघीय शासन प्रणालीमा पुनःसंरचना गरिएको छः । संविधानको धारा ५७(१) र अनुसूची ५(२७) ले कार्बन सेवाहरूलाई संघीय अधिकार क्षेत्रको रूपमा निर्दिष्ट गरेकोले यो संघीय सरकार (नेपाल सरकार)को जिम्मेवारीमा पर्दछ ।

- नेपालमा कार्बन अधिकारसँग सम्बन्धित विभिन्न कानुन, नीति र नियमहरू बनेका छन्, जसमा देहायका प्रमुख छन् :
    - मुलुकी देवानी संहिता (२०७४) ले वन, जंगल वा वन जंगलमा रहेका रुख बुट्यानलाई सरकारी सम्पत्तिको रूपमा मान्ने व्यवस्था गरेको छ (धारा २९९)।
    - वन ऐन (२०७६) ले वन पारिस्थितिकीय प्रणालीबाट उत्पन्न हुने वातावरणीय सेवामध्ये कार्बन सेवालाई पनि एउटा सेवा मानेको छ । दफा ४४ (१क र १ख) अनुसार, सरकारले कार्बन सेवाबाट प्राप्त हुने लाभांशको "व्यवस्थापन, उपयोग र वितरण" गर्न सक्नेछ। सोही ऐनको दफा ४४(२) अनुसार निजी वनधनीको हकमा उनीहरूले उत्पादन गरेको कार्बन सेवाको डी.व.का.हरूले तोकिएका शर्तअनुसार भुक्तानी गर्ने व्यवस्था गर्न सक्नेछन् । सोही ऐनको दफा ४५ ले अधिकारवालाहरू (वन उपभोक्ता समूह, आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित) लाई लाभ वितरण गर्ने संयन्त्रको रूपमा वन विकास कोष स्थापना र संचालन गर्ने प्रावधान गरेको छ ।
    - वातावरण संरक्षण ऐन (२०७६) ले नेपाल सरकारले कुनै अन्तर्राष्ट्रिय सन्धिले स्थापना गरेका कुनै संयन्त्र मार्फत कुनै विदेशी सरकार वा संगठन, व्यवसायिक इकाइ वा निजी क्षेत्रसँग सहकार्य गरी कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिका लागि कार्बन व्यापारमा सहभागी हुन सक्ने व्यवस्था गरेको छ (दफा २८)।
    - वातावरण संरक्षण नियमावली (२०७७) को नियम २८ ले नेपाल सरकारले राष्ट्रिय वा अन्तर्राष्ट्रिय बजारमा कार्बन सञ्चिति बिक्री गर्ने सक्ने व्यवस्था गरेको छ। सोही नियमको उपनियम (६) ले मात्र संघीय सरकारबाहेक अरू पक्षलाई कार्बन बेच्ने उल्लेख गरेको छ, जसअनुसार "*कुनै निजी वन धनीले आफ्नो हकभोगको वनलाई कार्बन व्यापारमा समावेश गर्न चाहेमा त्यस्तो धनीसंग*

*कार्ययोजना बमोजिम काम गर्ने शर्तमा मन्त्रालयले कार्बन व्यापारमा समावेश गर्न सक्छ"* ।

- त्यसैले, संघीय तहमा रहेको नेपाल सरकार नै कार्बन सेवाबाट प्राप्त उत्सर्जन न्यूनीकरणलाई व्यापार गर्ने प्रमुख निकाय हो। अन्य पक्षहरूले भने आफ्ना वनहरू सरकारको व्यापारिक गतिविधिमा समावेश गर्न र तोकिएका योजनाअनुसार त्यसबाट लाभांश प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।
- रेडप्लसको तयारी चरणमा गरिएको विभिन्न अध्ययनहरू (जस्तै वन विनाश र वनको क्षयीकरणका चालकहरू, कार्बन स्वामित्व आदि) ले राष्ट्रिय रेड रणनीति तर्जुमा गर्न आवश्यक महत्वपूर्ण जानकारी उपलब्ध गराएका थिए। नेपालको राष्ट्रिय रेड रणनीति (२०१८) को प्रमुख प्राथमिकता मध्ये एक भनेकै वन व्यवस्थापन गर्दै आएका समुदायहरूलाई वनमा संचित कार्बनको बिक्रीबाट स्पष्ट भोगाधिकार अन्तर्गत लाभ पाउने अधिकार सुनिश्चित गर्नु हो। रेड रणनीतिले सामुदायिक वन उपभोक्ता समूहहरू जसमा आदिवासी जनजाति, महिला, दलित र अन्य सीमान्तकृत समूहहरू समेत समावेश छन्, तिनीहरूले आफ्नो नाममा हस्तान्तरण भएका वनलाई विकास, संरक्षण, व्यवस्थापन र उपयोग गर्ने अधिकार राख्छन्। यसको अर्थ वन उपभोक्ता समूहका वन कार्बन अधिकारहरू अन्य वन उत्पादन र सेवाहरूमा हुने अधिकार जस्तै हुनेछन् र ती व्यवस्थापनमा गरिएको योगदानसँग सम्बद्ध हुनेछन्। यसले सामुदायिक वन उपभोक्ता समूह र अन्य सरोकारवालाहरूको कार्बन अधिकारसम्बन्धी चासोलाई सम्बोधन गर्न सक्छ जसअनुसार वन व्यवस्थापन गर्ने र वनबाट हुने उत्सर्जन घटाउन सहयोग गर्ने समुदायहरूले नै कार्बन अधिकार पाउनुपर्छ भन्ने प्रष्ट छ।

## यस सुरक्षणलाई कसरी पालना गरिएको छ ?

### आदिवासी जनजाति र स्थानीय समुदायहरूको अधिकार

- सरोकारवालाहरू, विशेषगरी समुदायमा आधारित वन व्यवस्थापन समूहहरूले वन क्षेत्र र स्रोतहरूमा पहुँच, प्रयोग र व्यवस्थापन र नियन्त्रण गर्ने पाएका छन्। पछिल्ला वर्षहरूमा, देशभर ३०,००० समुदायमा आधारित वन व्यवस्थापन समूहहरूले ४० लाखभन्दा बढी घरपरिवारलाई समेट्दै २५ लाख हेक्टरभन्दा बढी वन क्षेत्र व्यवस्थापन गरिरहेका छन्[136]।

- रेडप्लस शासनलाई सहयोग गर्न राष्ट्रिय रेड निर्देशक समिति, राष्ट्रिय रेड समन्वय समिति, रेडप्लस सरोकारवाला मञ्च जस्ता सहभागिता संयन्त्रहरू स्थापना गरिएको छ । यी सबैमा आदिवासी जनजाति र स्थानीय समुदायका प्रतिनिधिहरू समावेश गरिएका छन् । यस सम्बन्धी थप विवरण सुरक्षाण 'घ" अन्तर्गत दिइएको छ।

- रेडप्लस कार्यक्रमहरूले भूमि, भू-क्षेत्र र स्रोतहरूमा वैधानिक अधिकार स्थापना र सुरक्षित गर्न कसरी प्रवर्द्धन गर्छन् र योगदान पुर्‍याउँछन् भन्नेबारे पर्याप्त जानकारी अहिलेसम्म छैन तापनि संशोधित र अद्यावधिक राष्ट्रिय रेड रणनीति तथा अन्य रेडप्लस कार्यक्रम/परियोजनाका दस्तावेजहरूमा यस्ता कार्यहरूको प्रगति सँगै जानकारी प्रस्तुत गरिनेछ।

---

136 http://journals.grassrootsinstitute.net/journal1-natural-resources/vol-3/issue-2/nr.03-02-2.ghimire-lamichhane.pdf

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, सरोकारवाला संलग्नता सम्बन्धी रेडप्लस तयारी (२०१२) का दिशानिर्देशहरू अनुसार व्यापक परामर्श प्रक्रिया अपनाइएको थियो, जसमा संस्थागत व्यवस्था, लाभ बाँडफाँट, सरोकारवालाको भूमिका, कार्बन तथा गैर-कार्बन लाभ, सुरक्षामूलक उपाय, र उत्सर्जन न्यूनीकरण गतिविधि कार्यान्वयन रणनीतिहरू समेटिएका थिए[137]। उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज तर्जुमाको क्रममा जिल्ला तहको परामर्श प्रक्रियामा विभिन्न जाति र समुदाय पृष्ठभूमिका ८२२ जना सहभागी भएका थिए। ब्राह्मण र क्षेत्रीको सहभागिता ४४% थियो, त्यसपछि आदिवासी जनजाति २८%, मधेसी २१% र दलित ७% थिए। सहभागीमध्ये ८०% पुरुष र २०% महिला थिए[138]। उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज सम्बन्धी फोकस समूह छलफलमा ९१ जना सहभागी (६१ पुरुष; ३० महिला) भएका थिए, जसमा आदिवासी जनजाति ३३, दलित २० र मधेसी ६ थिए[139]।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, आदिवासी जनजाति, स्थानीय समुदाय र अन्य सरोकारवालाहरूलाई लक्षित गर्दै ३६ जिल्लामा परामर्श र एफपिक प्रक्रिया तेस्रो पक्षको गैर सरकारी संस्था मार्फत सञ्चालन गरिएको थियो। गण्डकी र बागमती प्रदेशमा २०२३ मे र जुन महिनामा गरिएको परामर्शमा २२९ जना सरोकारवालाहरू सहभागी भएका थिए (२५% फेकोफन, १४% नेपाल आदिवासी जनजाति महासंघ, १३% स्थानीय सरकार, ३२% डी.व.का., र १६% अन्य–दलित, स्थानीय सञ्चारमाध्यम, निजी वनधनी, उद्यमी आदि)। सहभागीहरूलाई उत्सर्जन कार्यक्रमबारे जानकारी दिइएको थियो, जसमा विभिन्न सरोकारवालाको भूमिका, प्रस्तावित हस्तक्षेपहरू, कार्बन हक र परम्परागत अधिकार, सम्भावित लाभ र अनपेक्षित परिणाम, सुरक्षामूलक उपाय, लाभ बाँडफाँट र गुनासो संवोधन संयन्त्र समावेश थिए। सहभागीहरूलाई एफपिक प्रक्रिया, संस्थागत संयन्त्र, कार्बन अधिकार आदिबारे आफ्ना विचार र चासो हरू राख्न अनुरोध गरिएको थियो। त्यसै गरी गण्डकी र बागमती प्रदेशमा विभिन्न चरणका परामर्शहरू आयोजना गरिएका थिए।

- अन्य सम्बन्धित परियोजनाहरूको हकमा, यसको वातावरणीय र सामाजिक व्यवस्थापन खाका अनुसार, हरित जलवायु कोषको सहयोगमा संचालित चुरे उत्थानशील परियोजनाले चुरे क्षेत्रमा रहेका सबैभन्दा संकटासन्न २६ वटा नदी प्रणालीमा कम्तिमा १,७३,१६० घरधुरी (८३१,१६८ भन्दा बढी जनसंख्या) सहितका ७५० वटा स्थानीय समुदायमा आधारित संस्थाहरू/उपभोक्ता समूहहरूलाई प्रत्यक्ष लाभ दिने अपेक्षा गरिएको छ। यी गतिविधिहरू आदिवासी जनजाति र स्थानीय समुदायहरूको सहभागिता सुनिश्चित हुने गरी तर्जुमा गरिएको छ, जसको सहभागिताको लक्ष सुरक्षामूलक उपाय "घ" अन्तर्गत वर्णन गरिएको छ।

**स्वतन्त्र पूर्व सूचित सहमति**

- नेपालमा उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि एफपिक आवश्यक छ । सोही सन्दर्भमा रेडप्लस उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि एफपिक मार्गदर्शनको मस्यौदालाई लिफ उत्सर्जन न्यूनीकरण

[137] https://www.forestcarbonpartnership.org/system/files/documents/Guidelines%20on%20Stakeholder%20Engagement%20April%2020,%202012%20(revision%20of%20March%2025th%20version).pdf

[138] उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावेज, तालिका ६६

[139] उही, तालिका १०

कार्यक्रम क्षेत्रमा परीक्षण गरिएको थियो। विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा भने यसको पहिलो उत्सर्जन न्यूनीकरण मापन प्रतिवेदन (२०२३) मा तयार पारिएको छ, जुन अझै प्रमाणीकरण र मान्यकरण प्रक्रियामा छ, र सुरक्षण उपायहरूको कार्यान्वयन सम्बन्धी परिशिष्ट अझै सार्वजनिक रूपमा उपलब्ध छैन।

- नेपालको सुरक्षण सम्बन्धी सिद्धान्त, मापदण्ड र सूचक (मापदण्ड ग 2.3) अनुसार "पीडित सरोकारवालाहरूको स्वतन्त्र पूर्व सूचित सहमति बिना कुनै पुनर्वास हुने छैन, र कुनै पुनर्वास वा विस्थापन हुन अवस्था आएमा, त्यहाँ वैकल्पिक भूमि र/वा उचित क्षतिपूर्ति प्रदान गर्ने पूर्व सहमति हुने छ।" रेडका कारणले हालसम्म कुनै पनि पुनर्वासको घटना भएको जानकारी उपलब्ध छैन, तर विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा भूमिअधिग्रहण वा अनैच्छिक पुनर्वासलाई समर्थन गरिएको छैन (वातावरणीय र सामाजिक व्यवस्थापन खाका अनुसार)।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत कुनै पनि अनैच्छिक पुनर्वास हुने छैन, र यदि कुनै स्वेच्छिक पुनर्स्थापना हुने अवस्था आयो भने त्यसका लागि एफपिक प्रक्रिया कडाइका साथ पालना गरिनेछ। कुनै पनि पुनर्वास सम्बन्धी घटना भएमा त्यसलाई भविष्यमा एफपिक प्रक्रिया मार्फत ट्र्याक गरिनेछ, जसमा प्राप्त एफपिक, पुनर्स्थापना सम्बन्धी गुनासो संबोधन संयन्त्रमा दर्ता गरिएका गुनासाहरू र तिनको समाधान स्थिति, अनैच्छिक पुनर्स्थापनासम्बन्धी आरोपहरूमा गरिएको प्रतिवेदन/अनुसन्धान आदिलाई समेटिनेछ।

**आदिवासी र परम्परागत सीप तथा ज्ञान**

- हाल नेपालमा रेडप्लस कार्यान्वयनका क्रममा परम्परागत ज्ञानको संरक्षणबारे सीमित जानकारी मात्र उपलब्ध छ। विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा, रेडप्लस क्रियाकलापहरू सबै सरोकारवालासँग परामर्श प्रक्रियापछि तर्जुमा गरिएको थियो, जसमा आदिवासी जनजाति र स्थानीय समुदायहरू समेत समावेश थिए। प्रस्तावित क्रियाकलापसँग सम्बन्धित सबै चासो र सवालहरू उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजको तर्जुमा चरणमै छलफल गरी समाधान गरिएका थिए।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, हालको चरणमा, सरोकारवालाहरूको पहिचान प्रतिवेदन (मस्यौदा)ले तीनवटा लिफ प्रदेशहरू (बागमती, गण्डकी र लुम्बिनी) का चितवन, नवलपरासी, गोरखा, तनहुँ, मकवानपुर, म्याग्दी, बागलुङ, सिन्धुपाल्चोक र दोलखा जिल्लामा आदिवासी वन व्यवस्थापन अभ्यासहरू पहिचान गरेको छ, जुन रेड कार्यान्वयन केन्द्रको २०१५ को अध्ययनमा आधारित छ। रेड कार्यान्वयन केन्द्रले थप परामर्शहरू आयोजना गरेको थियो, जसमा सरोकारवालाहरूलाई प्रस्तावित कार्यक्रम, सम्भावित नतिजा र प्रभावबारे जानकारी दिने र सम्बन्धित चासोहरू, सुरक्षण उपायहरू समावेश गरी परामर्श लिन लक्षित गरिएको थियो। यस पहिलो परामर्श चरणका लागि फेकोफन, नेपाल आदिवासी जनजाति महासंघ, डी.व.का., दलित, महिला समूह र स्थानीय सरकार प्रमुख सरोकारवालाका रूपमा चयन गरिएको थियो। एफपिक सँग सम्बन्धित अर्को परामर्श चरण अहिले तीनवटा प्रदेश र लिफ कार्यक्रम क्षेत्रका सम्बन्धित जिल्लाहरूमा जारी छ। थप जानकारी सुरक्षामूलक उपाय "घ" अन्तर्गत उपलब्ध छ।

**कार्बन अधिकार**

- माथि उल्लेख गरेझैं (ठेगाना सम्बन्धी खण्डमा), संघीय तहमा रहेको नेपाल सरकार नै कार्बन सेवाहरूको प्रमुख नियामक निकाय हो र कार्बन सेवाबाट उत्सर्जन घटाउने/हटाउने कार्यमा व्यापार गर्ने अधिकार राख्दछ। अन्य पक्षहरूले आफ्नो वनलाई सरकारको व्यापारिक गतिविधिमा समावेश गर्न र लाभ प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ।
- नेपालको सुरक्षण सम्बन्धी सिद्धान्त, मापदण्ड र सूचकमा विशेष रूपमा कार्बन अधिकारहरूलाई संकेत गरिएको छ (सूचक 1.4.2)। उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूका लागि प्रक्रियाहरू र ढाँचाहरू, जस्तै वातावरणीय र सामाजिक व्यवस्थापन खाका, पुनर्वास नीति, एफपिक प्रक्रिया, लाभ बाँडफाँट योजना, कार्यक्रम अनुगमन प्रतिवेदनहरू, उत्सर्जन न्यूनीकरण हस्तान्तरण र लाभ वितरण सम्बन्धी तथ्याङ्कहरू कार्बन अधिकारको मान्यता र अनुगमन सँग सम्बन्धित पक्षहरूको कार्यान्वयन र अनुगमनका मुख्य उपकरणहरू हुनेछन्।

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा, नेपाल सरकारले उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज तर्जुमा टोलीको सहयोगमा व्यापक "तल्लो तहदेखि माथिल्लो तहसम्म" परामर्श प्रक्रिया अपनाएको थियो, जसले जिल्लास्तरीय र समुदाय-स्तरीय सम्भावित गतिविधिहरू तयार पार्न सहयोग पुर्‍यायो। सबै परामर्शहरू "रेडप्लस तयारीमा सरोकारवालाको संलग्नता सम्बन्धी दिशानिर्देश" अनुसार सञ्चालन गरिएका थिए, जसमा संस्थागत व्यवस्था, लाभ बाँडफाँट, सरोकारवालाको भूमिका, कार्बन र गैर-कार्बन लाभ, सुरक्षणका उपायहरू, र उत्सर्जन न्यूनीकरण क्रियाकलापहरू समावेश थिए। (एफपिक र सरोकारवालाको परामर्श सम्बन्धी खण्ड पनि हेर्नुहोस्)।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको हकमा, माथि उल्लिखित अनुसार, आदिवासी जनजाति, स्थानीय समुदाय र अन्य सरोकारवालाहरूका लागि परामर्श र एफपिक प्रक्रिया सम्पन्न भइसकेको छ। गण्डकी र बागमती प्रदेशमा २०२३ मे र जुन महिनामा गरिएको परामर्शमा विभिन्न आवश्यकताहरू, हित र वर्गका प्रतिनिधित्व गर्ने २२९ जना सरोकारवालाहरू सहभागी थिए, जसलाई उत्सर्जन न्यूनीकरण कार्यक्रम र कार्बन अधिकारसम्बन्धी जानकारी दिइएको थियो। अर्को चरणको परामर्श गण्डकी र बागमती प्रदेशमा सम्पन्न भएको थियो भने थप बिभिन्न तहका परामर्श समेत सम्पन्न गरिएको थियो, जसमा सहमति लिनका लागि परामर्श पनि समावेश थियो।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा यस सिद्धान्तलाई कसरी सम्बोधन र गर्नुपर्छ भन्ने बारे स्पष्ट गर्दछन् भने भविष्यमा यस विषयमा थप विस्तृत रूपमा प्रतिवेदनमा समावेश गरिनेछ:

**मापदण्ड "ग1": रेडप्लस रणनीति र कार्यक्रमहरूले विभिन्न अधिकारवालाहरू पहिचान गर्छन् र आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत स्वामित्वमा रहेको, भोगचलन गरेको वा अन्य तरिकाले प्रयोग वा प्राप्त गरेको भूमि,थापथलो र प्राकृतिक स्रोतमा उनीहरुको कानूनी वा प्रथाजनित अधिकारको सम्मान गर्छन् । ,**

- ग1.1 रेडप्लस रणनीति र कार्यक्रमका नीति र प्रक्रियाहरूमा प्रचलित कानुनको अधीनमा रही लैंगिक संवेदनशील, सामाजिक समावेशी र सहभागितामूलक विधिबाट कानूनी र प्रथाजनित अधिकारको संरक्षण र सम्मान गरिन्छ ।(संबोधन)

- ग1.2 रेडप्लस कार्यक्रमहरूले सबै सम्बन्धित अधिकारवालाहरू, जसमा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलित समावेश छन्, र तिनका भूमि, थातथलो, प्राकृतिक स्रोत तथा सांस्कृतिक र आध्यात्मिक स्थलमा वैधानिक र परम्परागत अधिकार पहिचान र नक्सांकन गर्ने प्रभावकारी र पारदर्शी प्रक्रिया अपनाउँछन् (संबोधन)।

- ग1.3 रेडप्लस कार्यक्रमहरूले भूमि, थातथलो र प्राकृतिक स्रोतमा वैधानिक अधिकार स्थापना र सुरक्षित गर्ने प्रवर्द्धन र योगदान गर्छन् (पालना)।

- ग1.4 रेडप्लस रणनीति र कार्यक्रमहरूले दिगो वन व्यवस्थापन र समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू प्रवर्द्धन गर्छन्, जसमा वन व्यवस्थापन र भूमिको उपयोग योजनाहरूमा आदिवासी जनजाति र स्थानीय समुदायका अधिकारको मान्यता र सम्मान समावेश हुन्छ (पालना)।

**मापदण्ड ग२: आदिवासी जनजाति र स्थानीय समुदायको भूमि, थातथलो र प्राकृतिक स्रोतमाथिको अधिकारमा रेडप्लस कार्यक्रम वा क्रियाकलापहरूले प्रभाव पार्ने भएमा उनीहरूको एफपिक आवश्यक पर्दछ,:**

- ग2.1 स्वतन्त्र पूर्व र सूचित सहमति प्राप्त गर्ने प्रक्रिया सरोकारवालाहरू, अधिकारवालाहरू र रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले सामूहिक रूपमा तर्जुमा गर्छन् (संबोधन)।

- ग2.2 जसले तिनको भूमि, थातथलो र प्राकृतिक स्रोतको अधिकारलाई प्रभावित गर्ने भएमा कुनै पनि रेडप्लस कार्यक्रम वा क्रियाकलापमा भाग लिन आदिवासी जनजाति र स्थानीय समुदायबाट स्वतन्त्र, पूर्व र सूचित सहमति प्राप्त गरिन्छ (पालना)।

- ग2.3 प्रभावित सरोकारवालाहरूको स्वतन्त्र पूर्व सूचित सहमति बिना कुनै पुनर्वास गराइने छैन, र यदि पुनर्वास वा विस्थापन हुने भएमा वैकल्पिक भूमि र/वा उचित क्षतिपूर्ति प्रदान गर्ने पूर्व सहमति प्राप्त भएको हुनुपर्छ (पालना)।

**मापदण्ड ग3: रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति र स्थानीय समुदायका ज्ञान र अभ्यासको मान्यता र सम्मान गर्दछन्:**

- ग3.1 रेडप्लसका सन्दर्भमा आदिवासी जनजाति र स्थानीय समुदायको संस्कृति, परम्परागत ज्ञान र अभ्यासको मान्यता र सम्मान गर्न कानुनी दस्तावेज विद्यमान छन् (संबोधन) ।

- ग3.2 रेडप्लस रणनीति र कार्यक्रमका नीति तथा कार्यविधिले सहभागितामूलक ढंगबाट आदिवासी जनजाति र स्थानीय समुदायको संस्कृति, स्थल, परम्परागत ज्ञान र अभ्यासको सम्मानलाई प्रवर्द्धन र कायम गर्दछन् (संबोधन)।

- ग3.3 रेडप्लस क्रियाकलापको तर्जुमा र कार्यान्वयनबाट आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र अभ्यास साथै सांस्कृतिक/आध्यात्मिक स्थलहरूको सम्मान र प्रवर्द्धन गरिन्छ (पालना)।

**मापदण्ड ग4, रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दा जसले भूमि, थातथलो र प्राकृतिक स्रोतहरूमा कानूनी तथा प्रथाजनित अधिकारका आधारमा कार्बन अधिकारहरू स्पष्ट रूपमा परिभाषित गरिनुका साथै सम्मान गरिन्छ:**

- ग4.1 कार्बन अधिकारहरू देशको प्रचलित कानुन अनुसार परिभाषित र नियमन गरिन्छ (संबोधन)।

- ग4.2 भूमि, थातथलो र प्राकृतिक स्रोतहरूमा कानूनी तथा प्रथाजनित अधिकारका आधारमा हरितगृह ग्यास उत्सर्जन घटाउने र हटाउने क्रियाकलापहरू हुदा रेडप्लस कार्यक्रमहरूले कार्बन अधिकारको (निजी स्वामित्वको जमीन भए सो समेत) पहिचान र वितरण गर्ने नीति र कार्यविधि कार्यान्वयन गर्दछन् (पालना)।

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

• वन क्षेत्र र संरक्षित क्षेत्रको मौजुना कानूनले आदिवासी जनजातिहरूको वन स्रोतमा परम्परागत अधिकारलाई पर्याप्त रूपमा मान्यता नदिएको विषय नेपालको राष्ट्रिय रेड रणनीति (२०१८-२०२२) ले नै स्वीकार गरेको छ । अधिकारको नक्सांकन जस्ता प्रक्रियाका लागि नियमवलीहरू पनि पर्याप्त छेनन्। यो समस्या हाल वन नियमावली (२०७९) (परम्परागत अभ्यासहरू सम्बन्धी) र एफपिक मार्गदर्शन तर्जुमाबाट सम्बोधन हुन शुरु भएको छ । यो विषय राष्ट्रिय रेड रणनीतिको हालैको समीक्षामा छलफल समेत गरिएको थियो। परिमार्जित राष्ट्रिय रेड रणनीति को तर्जुमा र एफपिक मार्गदर्शनको परीक्षणले यस विषयलाई थप सम्बोधन गर्ने अवसर प्रदान गरेको छ।

• आदिवासी जनजाति र स्थानीय समुदायद्वारा वन व्यवस्थापनमा प्रयोग गरिने परम्परागत ज्ञान र अभ्यास सम्बन्धी कानुनी प्रावधानहरू भए तापनि तिनको कार्यान्वयन बारे थप जानकारी आवश्यक छ। कानुनी प्रावधान (वन नियमावली को नियम १५ र अनुसूची २४) भए तापनि, अहिलेसम्म केही वन कार्य योजनामा मात्र प्रथाजनित र प्रचलित अभ्यास समावेश छन्। डी.व.का.हरूले संशोधित वन व्यवस्थापन योजना अनुमोदन गर्नु अघि परम्परागत ज्ञान र अभ्यास योजना भित्र समावेश भएको सुनिश्चित गर्नुपर्छ।

• २०२३ सम्म, रेडप्लस सम्बन्धी एफपिकका लागि राष्ट्रिय स्तरको कुनै मार्गदर्शन उपलब्ध थिएन। त्यस यता रेडप्लस एफपिक मार्गदर्शनको मस्यौदा गरिएको छ र पाइलटिङ सुरु भएको छ। मार्गदर्शन एउटा परिवर्तनशील दस्तावेज हुनाले स्थलगत कार्यान्वयनका क्रममा सिकाइ र प्रतिक्रिया अनुसार यसलाई संशोधन गर्दै लगिने छ।

**सुरक्षण (घ): विशेष गरी आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित सम्बन्धित सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता**

व्याख्यात्मक टिप्पणी: रेडप्लस रणनीति र कार्यक्रमहरूले सम्बन्धित सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्छन्, जसमा विशेष गरी आदिवासी जनजाति, महिला, दलित, मधेसी, युवा, अपाङ्गता भएका व्यक्ति र वन तथा भूमिमा आश्रित स्थानीय समुदायहरू सहित अधिकारवालाहरू समावेश छन्।

**व्याख्याका मुख्य तत्वहरू:**

- सम्बन्धित सरोकारवालाहरूको पहिचान गरी तिनीहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्ने (सुरक्षण "ग" पनि हेर्नुहोस्)।
- सबै रेडप्लस कार्यक्रम र गतिविधिहरूको जानकारी उपयुक्त भाषा र माध्यममा प्रदान गर्ने (सुरक्षण "ख" पनि हेर्नुहोस्)।
- सम्बन्धित सरोकारवालाहरू र अधिकारवालाहरूलाई उनीहरूको अधिकार र सम्बन्धित नीति, कानून, नियम तथा प्रक्रियाका प्रावधानहरूको बारेमा जानकारीको सुनिश्चितता गर्ने।
- सांस्कृतिक, लैङ्गिक र समावेशी दृष्टिकोणबाट उपयुक्त हुने गरी सम्बन्धित सरोकारवालाहरू र अधिकारवालाहरूसँग परामर्श गर्ने र कार्यक्रमको लक्ष्य र सवालहरूमा उनीहरूको विचार प्राप्त गर्ने।
- परम्परागत अधिकारवाला, सामुदायिक संस्था र आदिवासी जनजाति संगठनहरू सहित सम्बन्धित सरोकारवालाहरू र अधिकारवालाहरूको प्रतिनिधि संस्थाहरूसँग परामर्श गर्ने।
- स्वतन्त्र पूर्व र सूचित सहमति सिद्धान्तहरूको पूर्ण सम्मान गर्ने (सुरक्षण "ग" पनि हेर्नुहोस्)।

**भूमिका र जिम्मेवारीहरू**

- रेडप्लस लगायत विभिन्न कार्यक्रम र परियोजनाहरूको तर्जुमा र कार्यान्वयन गर्दा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा यिनका मातहत निकायहरू (जसमा रेडप्लस कार्यक्रम संचालन गर्ने निकाय समेत पर्दछन्) ले आदिवासी जनजाति र महिला, दलित, मधेसी र युवा, अपाङ्गता भएका व्यक्ति तथा वनभूमिमा आश्रित लगायत स्थानीय समुदायहरू सहित सम्बन्धित सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न जिम्मेवार छन् ।
- रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय र रेड कार्यान्वयन केन्द्र आदिवासी जनजाति र महिला, दलित, मधेसी र युवा, अपाङ्गता भएका व्यक्ति तथा वनभूमिमा आश्रित

लगायत स्थानीय समुदायहरू सहित सम्बन्धित सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न विशेष रुपमा जिम्मेवार छन् ।

- सबै सरोकारवालाहरू र अधिकारवाला समूहहरूको कार्यसमिति पनि रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा आफ्ना प्रतिनिधिहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न जिम्मेवार छन्।

**सिद्धान्त घ: रेडप्लस रणनीति र कार्यक्रमहरूमा विशेष गरी आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित सबै सम्बन्धित सरोकारवालाहरू पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन्छन्।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**संबन्धित सरोकारवालाहरू/अधिकारवालाहरू र तिनीहरूको अधिकारको पहिचान र मान्यता**

- नेपालले धेरै अन्तर्राष्ट्रिय महासन्धिहरू अनुमोदन गरेको छ र नेपाल संधि ऐन (२०४७) अनुसार ती प्रावधानहरूको प्रवर्द्धन र कार्यान्वयन गर्ने दायित्व रहेको छ।
- आदिवासी जनजाति र स्थानीय समुदायको पहिचान र उनीहरूको अधिकारसंग सम्बन्धित नीति, कानून, नियम र अन्तराष्ट्रिय सन्धि संझौताको सूची माथि सुरक्षण "ग" अन्तर्गत राखिएको छ ।
- रेडप्लसका लागि एफपिक मार्गदर्शनको मस्यौदामा सरोकारवालाहरू, अधिकारवालाहरू, तिनीहरूको भूमि, सम्पत्ति, वन र अन्य प्राकृतिक स्रोतहरूसम्बन्धी अधिकार तथा प्रथाजनित अधिकारहरू साथै भू-उपयोगको स्थिति र ज्ञानको पहिचान र नक्साङ्कनका लागि आवश्यक देहायका चरणहरू निर्धारण गरिएको छ: (क) एफपिक प्रक्रियासँग सम्बन्धित प्रमुख पक्षहरूको प्रारम्भिक समीक्षा वा नक्साङ्कन, (ख) सम्बन्धित कागजातहरूको समीक्षा, तथ्याङ्क संकलन र नक्साङ्कन तथा भौगोलिक विश्लेषण, र (ग) प्रक्रियामा सरोकारवालाहरू र अधिकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता।
- आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलितहरू लगायतका सम्बन्धित अधिकारवालाहरूको पहिचान र नक्साङ्कन, साथै तिनीहरूको अधिकारहरूबारे थप जानकारी माथि सुरक्षण "ग" मा उल्लेख गरिएको छ।

**पूर्ण र प्रभावकारी सहभागिता**

- नेपालले आदिवासी जनजाति र स्थानीय समुदाय सहित सबै सरोकारवालाको पूर्ण र प्रभावकारी सहभागितालाई मान्यता दिने अन्तर्राष्ट्रिय महासन्धि र सम्झौताहरू अनुमोदन गरेको हुनाले नेपाल संधि ऐन (२०४७) अनुसार यी प्रावधानहरूको प्रवर्द्धन र कार्यान्वयन गर्ने दायित्व नेपाल सरकारमा रहेको छ। उदाहरणका लागि:
    - मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २१ (१) ले भन्दछ: "*प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपमा रोजिएका प्रतिनिधिमार्फत सहभागिता गर्ने अधिकार हुन्छ*[140]*।*"

[140] https://www.un.org/en/about-us/universal-declaration-of-human-rights

- संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि को धारा २५ (१) ले भन्दछ: "*प्रत्येक नागरिकलाई, धारा २ मा उल्लेखित भेदभाव नगरी र कुनै अविवेकपूर्ण प्रतिबन्ध बिना, सार्वजनिक मामिलाहरूको सञ्चालनमा प्रत्यक्ष वा स्वतन्त्र रूपमा रोजिएका प्रतिनिधिमार्फत सहभागी हुने अधिकार र अवसर हुनेछ*[141]।"
- वातावरण तथा विकास सम्बन्धी रियो घोषणापत्र (१९९२) को सिद्धान्त १० ले भन्दछ: "*वातावरणसम्बन्धी मुद्दाहरू सम्बन्धित तहमा सबै सरोकार भएका नागरिकहरूको सहभागिता मार्फत नै उत्कृष्ट ढंगले सम्बोधन गर्न सकिन्छ*[142]।"

- नेपालको संविधान (२०७२) साथै राष्ट्रिय वन नीति (२०७६), वन ऐन (२०७६), वन नियमावली (२०७९), वन क्षेत्रको रणनीति (२०१६-२०२५), राष्ट्रिय वातावरण नीति (२०७६), वातावरण संरक्षण ऐन (२०७६), राष्ट्रिय जलवायु परिवर्तन नीति (२०७६), राष्ट्रिय रेड रणनीति (२०१८), राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४), खुद शून्य कार्बन उत्सर्जनको दीर्घकालीन रणनीति (२०२१), १५औं योजना (२०७६/77-२०80/81) र हाल अनुमोदित १६औं योजना (२०81/82-२०85/86) लगायतका अन्य नीतिहरू र रणनीतिहरूले समेत सबै सरोकारवालाहरूलाई पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन पाउने अधिकारको मान्यता दिएका छन्। यसमा छलफल अघि समयमै जानकारी उपलब्ध गराउने र सांस्कृतिक दृष्टिले उपयुक्त सूचना उपलब्ध गराउने प्रावधानहरू पनि समावेश छन्। उदाहरणका लागि, नेपालको संविधान (२०७२) ले सार्वजनिक प्रशासनलाई उत्तरदायी र सहभागितामूलल बनाउन प्रत्याभूत गर्नुका साथै यसले महिलाको अधिकार तथा दलितको अधिकारसम्बन्धी विशेष प्रावधानहरू पनि समेटेको छ। राष्ट्रिय वातावरण नीति (२०७६) ले वातावरण संरक्षण र दिगो प्राकृतिक स्रोत व्यवस्थापनमा जनसहभागिता सुनिश्चित गर्ने (उद्देश्य ७.६) जोड दिएको छ भने वन नियमावली (२०७९) को नियम १०७ ले उत्सर्जन न्यूनीकरखो भुक्तानी सम्बन्धी कुनै पनि राष्ट्रिय वा अन्तर्राष्ट्रिय सम्झौतामा पुग्नु अघि एफपिक अनिवार्य गरेको छ।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन (२०६४) ले पनि निर्णय प्रक्रियामा सरोकारवालाको सहभागिता सम्बन्धी प्रावधान राखेको छ। यसमा दफा २८ अन्तर्गत कुनै पनि आयोजना/कार्यक्रममा नागरिकहरूको प्रत्यक्ष सहभागिता र स्वामित्व सुनिश्चित गर्ने व्यवस्था गर्न सक्ने प्रावधान छ भने दफा ३० र ३१ मा सार्वजनिक सुनुवाइ र उजुरी व्यवस्थापन सम्बन्धी व्यवस्था समावेश छन्।

- स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को दफा २४ मा गाउँपालिकाले दलित र 'सीमान्तकृत तथा संकटापन्न समुदाय" लगायतका सरोकारवालाको सहभागितामा योजना तर्जुमा र विकास गर्नुपर्ने व्यवस्था गरिएको छ। यस ऐनको दफा २५ ले स्थानीय सरकारले गैरसरकारी संस्था र सामाजिक तथा सामुदायिक संस्थाहरूसँग सहकार्य गरी कार्यसम्पादन गर्नुपर्ने प्रावधान गरेको छ।

---

[141] Ibid

[142] https://www.un.org/en/conferences/environment/rio1992

- वन क्षेत्रका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति (२०६५)[143] ले निर्णय प्रक्रियामा महिलाको सहभागिता बढाउने मार्गदर्शन प्रदान गरेको छ (माथि *सुरक्षण "ख"* मा विस्तृतमा वर्णन गरिएको छ)। यस रणनीति अनुसार नै वन तथा वाताबरण मन्त्रालय  ले २०६६ मा सामुदायिक वन निर्देशिका परिमार्जन गर्दै सामुदायिक वन उपभोक्ता समूहका समितिहरूमा कम्तीमा ५०% महिला प्रतिनिधित्व अनिवार्य गर्ने प्रावधान राखेको हो।

- नेपालमा १९७० दशकदेखि समुदायका सरोकारवालाहरूसंग सहकार्य गरी वन व्यवस्थापन गर्ने गरी समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरूको अभ्यास थालनी गरियो । समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अन्तर्गतका सामुदायिक वन, कवुलियती वन, साझेदारी वन व्यवस्थापन, धार्मिक वन, वन संरक्षण क्षेत्र र मध्यवर्ती सामुदायिक वनहरू पर्दछन्। साझेदारी वन व्यवस्थापनमा वन स्रोतको प्रयोगको अधिकार समुदाय, स्थानीय र संघीय सरकारबीच बाँडिन्छ, र डी.व.का., स्थानीय सरकार र वन उपभोक्ता समूहहरूले संयुक्त रूपमा वन व्यवस्थापन गर्दछन्।

- उपभोक्ता वा समुदायमा आधारित वन व्यवस्थापन प्रणालीका समूहहरू यस्ता वन व्यवस्थापनका प्रमुख शासकीय इकाइ हुन्, जसमा महिला, दलित र आदिवासी जनजाति समेत विभिन्न वडाका प्रतिनिधिहरू चयन गरी बनाइन्छन्। यी समुदायमा आधारित वन व्यवस्थापन प्रणालीका कार्यविधिहरू वन ऐन (२०७६), वन नियमावली (२०७९) र मध्यवर्तीक्षेत्र व्यवस्थापन नियमावली (२०५२) लगायतमा प्रावधान गरिएको छ। उदाहरणका लागि, वन क्षेत्रहरू वन व्यवस्थापन परिषद् मार्फत सञ्चालन हुन्छन् जसमा स्थानीय जनताको सहभागिता व्यवस्थापन योजनामा परिभाषित गरिन्छ भने मध्यवर्ती क्षेत्र भित्र *मध्यवर्ती क्षेत्र सामुदायिक वन* स्थापना गर्न सकिन्छ। सामुदायिक वन उपभोक्ता समूह घरधुरीका प्रतिनिधिहरू मिलेर बनेका हुन्छन् जसलाई साधारण सभा हुन्छ। वन नियमावली (२०७९) को नियम ४२ (८) अनुसार, १५ सदस्यीय कार्यसमितिमा कम्तीमा ५०% महिला हुनुपर्ने र अध्यक्ष वा सचिव मध्ये एक जना तथा उपाध्यक्ष वा कोषाध्यक्ष मध्ये एक जना महिला हुनु पर्ने अनिवार्य गरिएको छ।

- सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल (छोटकरीमा फेकोफन) देशभरका वन उपभोक्ता समूहको औपचारिक सञ्जाल हो। हाल यसमा २२,४१५ सामुदायिक वन उपभोक्ता समूह समावेश छन् जसले करिब २९ लाख घरधुरीलाई समेट्छन्[144]। साथै यसमा कवुलियती वन समूह, धार्मिक वन समूह, मध्यवर्ती वन समूह तथा परम्परागत वन व्यवस्थापन समूहहरू पनि संलग्न छन्। फेकोफनले आफ्ना सदस्यहरूसँग विभिन्न तहमा परामर्श गरी आफ्ना नीतिहरूको तर्जुमा र परिमार्जन गर्दछ। यसको  लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजनाले आदिवासी जनजाति, दलित, महिला, अपाङ्गता भएका व्यक्ति, गरिब र अल्पसंख्यक समुदायहरूको समावेशीकरणलाई मूलधारमा ल्याउने लक्ष लिएको छ । फेकोफनका संगठनहरू प्रदेश, जिल्ला र स्थानीय तहसम्म विस्तार भएका छन् जसमा करिब १५,००० सदस्यहरू विभिन्न फेकोफन

[143] https://policy.asiapacificenergy.org/sites/default/files/Forest%20Sector%20Gender%20and%20Social%20Inclusion%20Strategy%20%28EN%29.pdf

[144] https://fecofun.org.np/about/

शाखाहरू मार्फत निर्वाचित हुन्छन्। यसले प्रमुख पदहरू सहित ५०% महिला प्रतिनिधित्व सुनिश्चित गर्ने लक्ष पनि लिएको छ।

- राष्ट्रिय रेड रणनीति (२०१८) को रणनीति १० मा सम्बन्धित निर्णय प्रक्रियामा महिला, आदिवासी जनजाति, मधेसी, दलित, स्थानीय समुदाय, निजी क्षेत्र र वनमा आश्रित विपन्नहरूको पर्याप्त प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने प्रतिवद्धता जनाएको छ । यसका लागि नीतिगत प्रावधान, संस्थागत व्यवस्था र क्षमता विकासलाई जोड दिइएको छ। यस रणनीतिले राष्ट्रिय र अन्तर्राष्ट्रिय निर्णयअनुसार एफपिकको आधारमा सरोकारवालासँग परामर्श गर्ने व्यवस्था गरेको छ र वन व्यवस्थापनमा संलग्न स्थानीय समुदायलाई रेडप्लस गतिविधिहरूको अनुगमनमा सहभागी गराउने प्रावधान पनि राखेको छ।

- आदिवासी जनजाति, स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूको प्रतिनिधित्व रहेको राष्ट्रिय रेड निर्देशक समितिले विभिन्न क्षेत्र र पक्षबीच समन्वयको सुनिश्चितता गर्दछ । साथै, महिला, आदिवासी जनजाति संगठनहरू, मधेसी, दलित र नागरिक समाज संगठनहरूलाई समेत समेट्धे रेडप्लस सम्बन्धी साझा बुझाइ विकास गर्ने उद्देश्यले दुई वटा अर्ध-औपचारिक सञ्जालहरू---रेडप्लस बहुसरोकारवाला मञ्च र रेडप्लस नागरिक समाज र आदिवासी जनजाति संगठन संजाल समेत स्थापना गरिएको छ ।
- नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रम र यस सम्बन्धी परियोजनाहरूमा सरोकारवालाको संलग्नता प्रक्रियाहरूको देहाय बमोजिम तर्जुमा र कार्यान्वयन गरिएको छ :
    - विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम: इआरपीडी तर्जुमा चरण (सेप्टेम्बर २०१६) मा सरोकारवाला परामर्शहरू व्यापक रुपमा सञ्चालन गरियो, जसबाट जिल्ला तथा समुदायस्तरमा सन्चालन गर्नु पर्ने क्रियाकलापहरूको पहिचाह गरियो । यी सबै परामर्शहरू रेडप्लसको तयारीका लागि सरोकारवाला संलग्नता मार्गदर्शन (२०१२) अनुसार गरिएको थियो [145]। छलफलका विषयहरूमा संस्थागत व्यवस्था, लाभ बाँडफाँट, सरोकारवालाहरूको भूमिका, कार्बन तथा गैर-कार्बन लाभ, सुरक्षण र उत्सर्जन न्यूनीकरणका गतिविधिहरू समावेश थिए।ओकनद्वारा सहजीकरण गरी तयार गरिएको रेडप्लसका लागि लैङ्गिक कार्ययोजना (2017) ले लैङ्गिक अवस्थाको आधारभूत जानकारी उपलब्ध गराउने र रेडप्लस हस्तक्षेपमार्फत अवसरहरू पहिचान गर्ने उद्देश्य राखेको थियो [146]। यसमा नेपालको वन क्षेत्रमा लैङ्गिक समावेशीकरणको स्थिति, नीतिगत रिक्तता, लैङ्गिक मूल्याङ्कन र उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेजका लागि सिफारिसहरू समेटिएका छन् । उत्सर्जन न्यूनीकरण कार्यक्रमको वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाले सरोकारवालासँग संलग्न हुने सम्भावित संयन्त्रहरू औंल्याउछ, जसमा सार्वजनिक बैठकहरू, सूचना/सचेतना अभियानहरू, समूह, नागरिक समाज संगठन र गैरसरकारी संस्था, परियोजनाबाट प्रभावित घरधुरीको अन्तर्वार्ता वा सर्वेक्षण, लक्षित समूह छलफल आदि पर्दछन्। उत्सर्जन न्यूनीकरण कार्यक्रमले समुदायमा आधारित वनव्यवस्थापनलाई विस्तार गर्ने लक्ष्य लिएको छ । इआरपीडी अनुसार दिगो वन व्यवस्थापनको लागि मार्गदर्शन तर्जुमा गर्ने र डी.व.का.ले समूहहरूसंग सहकार्य गरी समूहको वन कार्य योजना सुधार

[145] https://www.forestcarbonpartnership.org/system/files/documents/Guidelines%20on%20Stakeholder%20Engagement%20April%2020,%202012%20(revision%20of%20March%2025th%20version).pdf
[146] https://www.forestcarbonpartnership.org/system/files/documents/Final%20Report%20and%20Gender%20Action%20Plan_FCPF.pdf

वा अद्यावधिक गर्ने भनिएको छ । स्थानीय समुदाय, आदिवासी जनजाति, निजी क्षेत्र र स्थानीय सरकारको सहभागिता र संलग्नतामा वन व्यवस्थापन योजनाहरू तर्जुमा गरिनेछन् ।

- नेपालमा आदिवासी जनजाति र स्थानीय समुदायका लागि समर्पित अनुदान संयन्त्र परियोजना विश्व बैंक र जलवायु लगानी कोषको विश्वव्यापी सहायतामा संचालित छ [147]। यस परियोजनाले मधेश र लुम्बिनी प्रदेशमा संचालित समृद्धिका लागि वन कार्यक्रम, रेडप्लस र अन्य सम्बन्धी कार्यक्रममा आदिवासी जनजाति र स्थानीय समुदायको सहभागिता बढाउन एवं प्रथाजनित अभ्यासको अधिकार सुरक्षा र वनमा आश्रित समुदायको आय वृद्धि गर्दै दिगो वन व्यवस्थापनको प्रवर्धन गर्दछ । यसले विभिन्न मन्त्रालय, स्थानीय तह, नागरिक समाज र आदिवासी जनजातिका संगठन सहित राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहका व्यापक सरोकारवालाहरूलाई समेट्छ । यस अन्तर्गत परियोजना क्षेत्रका सबै सरोकारवालाहरू र समुदायहरूलाई विश्व बैंकको सुरक्षण नीति अनुसरण हुने गरी सूचित गर्ने, परामर्श गर्ने र परिचालित गर्ने गरी सरोकारवालाहरूको संलग्नता र संचार क्रियाकलाप समावेश गरिएको "सरोकारवाला संलग्नता योजना"[148] पनि रहेको छ ।

- हरित जलवायु कोष अन्तर्गत संचालित चुरे उत्थानशील परियोजना[149] अन्तर्गत, २०१९ मा एक लैङ्गिक कार्य योजना तयार गरिएको थियो जसले लैङ्गिक विषयलाई मूलधारमा ल्याउने, लैङ्गिक सम्बन्धी जोखिमहरूबाट जोगाउने वा न्यूनीकरण गर्ने र जलवायु तथा विकास सम्बन्धी सह-लाभहरू अधिकतम गर्ने उद्देश्य राख्दछ। यस सम्बन्धी थप जानकारी सुरक्षण "ख" अन्तर्गत दिइएको छ।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, पहिलो चरणको परामर्श २०२३ को मे/जुन महिनामा विभिन्न तह (संघीयदेखि स्थानीयसम्म) र श्रेणी (सरकारी निकाय, वन उपभोक्ता, निजी वनधनी, आदिवासी जनजाति र स्थानीय समुदाय) का सरोकारवालासँग आयोजना गरिएको थियो। यस चरणमा उत्सर्जन न्यूनीकरण कार्यक्रमका क्रियाकलापहरू र ट्रीज दर्ता दस्तावेज मस्यौदा गर्ने काम गरियो । त्यस यता पनि रेडप्लसका लागि प्रारम्भिक, एफपिक सम्बन्धी मार्गदर्शनको प्रारम्भिक मस्यौदा अनुसार विभिन्न तहमा परामर्शहरू निरन्तर भइरहेका छन्।रिकफ्टले यस कार्यक्रमका लागि सरोकारवाला नक्साङ्कन/विश्लेषण सम्पन्न गरिसकेको छ, जसमा अधिकारवालाहरू पनि समावेश छन् (यसको विस्तृत विवरण सरोकारवाला नक्साङ्कन र एफपिक मार्गदर्शनमा सुरक्षण "ग" अन्तर्गत दिइएको छ)। लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत योजना गरिएका केही क्रियाकलापहरूको कार्यान्वयनका क्रममा वन सम्बन्धी सूचना संकलन गर्दा स्थानीय समुदायलाई सहभागी गराइने छ । वन सम्वन्धी तथ्याङ्क संकलनको जिम्मेवारी भने डी.व.का. र वन उपभोक्ता समूहको हुने गरी पहिले नै तय भइसकेको छ ।

---

147 https://dgmnepal.org/en/about-us/

148 https://view.officeapps.live.com/op/view.aspx?src=https%3A%2F%2Fdocuments1.worldbank.org%2Fcurated%2Fen%2F488691583855357506%2FStakeholder-Engagement-Plan-SEP-Investing-in-Forests-for-Prosperity-at-a-Time-of-Transformation-P170798.docx&wdOrigin=BROWSELINK

149 https://www.greenclimate.fund/sites/default/files/document/gap-fp118.pdf

- लैङ्गिक समानतासम्बन्धी जानकारी सुरक्षण "ख" अन्तर्गत दिइएको छ। सरोकारवाला संलग्नताको अर्को महत्वपूर्ण पक्ष, गुनासो संबोधन संयन्त्रमा पहुँच सम्बन्धी विवरण पनि सुरक्षण "ख" अन्तर्गत विस्तृत रुपमा दिइएको छ।

**सूचना आदानप्रदान**

- माथि उल्लेख गरिएको *सुरक्षण "ख"* ले "सूचनाको अधिकार" कसरी सम्बोधन गरिएको छ र पालना गरिएको छ भन्नेबारे जानकारी दिएको छ।

- रेडप्लसका लागि एफपिक मार्गदर्शनले सरोकारवालासँग परामर्श गर्दा पालन गर्नुपर्ने प्रक्रिया स्पष्ट गरेको छ। यसको उद्देश्य रेडप्लस कार्यक्रमका गतिविधि सम्बन्धी सूचना उपयुक्त भाषा र माध्यममार्फत उपलब्ध गराउने, सम्बन्धित सरोकारवाला र अधिकारवालाहरूलाई आफ्ना अधिकारबारे सचेत गराउने, र परामर्श उचित तरिकाले सम्पन्न गर्नु हो।परामर्श अघि प्रस्तावित आयोजना/कार्यक्रमसम्बन्धी सूचना संग्रह तयार गरी पहिचान गरिएका सरोकारवालाहरू र तिनका प्रतिनिधिहरूसँग आदानप्रदान गर्नुपर्ने हुन्छ। प्रस्तावित कार्यक्रम, त्यसका क्रियाकलापहरू, गुनासो संबोधन संयन्त्र, लाभ बाँडफाँट संयन्त्र र एफपिक प्रक्रिया सम्बन्धी विवरणहरू सरोकारवालासँग प्रस्तुत गरी छलफल गर्नु पर्दछ।

**यस सुरक्षणलाई कसरी पालना गरिएको छ ?**

**सम्बन्धित सरोकारवालाहरू/अधिकारवालाहरू र तिनका अधिकारहरूको पहिचान र मान्यता**

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गतको रेडप्लस तयारी कार्ययोजनाले रेडप्लस कार्यक्रमका विभिन्न सरोकारवालाहरूलाई पहिचान गरेको छ[150]। यी सरोकारवालाहरु देहायका  सात समूहमा समूहकृत गरिएका छन्: (१) सरकार र सरकारी निकाय; (२) निजी क्षेत्र; (३) नागरिक समाज; (४) आदिवासी जनजाति तथा अन्य वनमा आश्रित समूहहरू; (५) जीविकोपार्जनका लागि प्रत्यक्ष रूपमा वनसँग जोडिएका समूहहरू; (६) संकटासन्न समूहहरू, र (७) प्राज्ञिक तथा अनुसन्धान संस्थानहरू। लिफ उत्सर्जन न्यूनीकरणकार्यक्रम क्षेत्रको सरोकारवालाहरूको नक्सांकनले संघीय र प्रादेशिक तहका देहाय बमोजिमका विभिन्न सरोकारवालाहरू पहिचान गरेको छ:
    - संघीय तह: सरकारी निकाय, नागरिक समाज र सञ्जालहरू, शैक्षिक संस्था (वन तथा वातावरण संकाय), र निजी क्षेत्र।
    - प्रादेशिक तह: सरकारी निका, गैर सरकारी पक्ष (नागरिक समाज र सञ्जालहरू), शैक्षिक संस्था (वन तथा वातावरण संकाय), र निजी क्षेत्र।

---

[150] https://www.forestcarbonpartnership.org/system/files/documents/R-PP_Nepal_revised_October.pdf

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, प्रारम्भमा रेडप्लस तयारी चरणमा तयार पारिएका सरोकारवालाको नक्सांकन प्रतिवेदनको आधारमा फेकोपन, नेफिन, डी.व.का., दलित समूह, महिला समूह र स्थानीय तहका प्रमुखलाई सरोकारवालाका रूपमा छनोट गरी परामर्शका लागि आमन्त्रण गरिएको थियो।लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रको सरोकारवालाको नक्सांकन प्रतिवेदनको मस्यौदाले संघीय तह र प्रत्येक प्रदेशमा सरोकारवालाहरू र अधिकारवालाहरूको पहिचान गरेको छ। यसमा कार्यक्रम क्षेत्रमा रहेका आदिवासी जनजातिहरू –थारू, मगर, गुरुङ, तामाङ, नेवार, धिमाल, ताजपुरिया, राजबंशी, गंगाई, माझी, कुमाल, दराई, चेपाङ (प्रजा) र दनुवार–समावेश छन्।उक्त मस्यौदा प्रतिवेदन अनुसार आदिवासी जनजाति सबैभन्दा ठूलो समूह बनेको छ, त्यसपछि पहाडी ब्राह्मण र क्षत्रीहरू पर्दछन् भने त्यसभन्दा साना समूहमा दलित र मुस्लिमहरू पर्दछन्।

**पूर्ण र प्रभावकारी सहभागिता र सूचना आदानप्रदान**

- समुदायमा आधारित वन व्यवस्थापन नेपालको वन क्षेत्रको प्रमुख नीति हो भने रेडप्लस कार्यान्वयनका लागि महत्वपूर्ण रणनीति हो। पछिल्ला वर्षहरूमा, ३०,००० भन्दा बढी समुदायमा आधारित वन व्यवस्थापन समूहहरूले करिब ४० लाख घरधुरी समेट्दै देशका २५ लाख हेक्टरभन्दा बढी वनक्षेत्र व्यवस्थापन गर्दै आएका छन् [151]।

- रेडप्लस शासनको शासकीय प्रवन्धलाई सहयोग गर्ने उद्देश्यले स्थापना गरिएका सरोकारवालाको संलग्नता संयन्त्रहरूले आदिवासी जनजाति र स्थानीय समुदायको सहभागिता प्रवर्द्धन गर्दछन्। राष्ट्रिय रेडप्लस निर्देशक समिति, राष्ट्रिय रेडप्लस समन्वय समित, प्रादेशिक रेडप्लस समन्वय समिति, रेडप्लस सरोकारवाला मञ्च सबैमा आदिवासी जनजाति, स्थानीय समुदाय र नागरिक समाजको प्रतिनिधित्व हुने व्यवस्था गरिएको छ । उदाहरणका लागि, राष्ट्रिय रेडप्लस निर्देशक समिति,मा महिला, आदिवासी जनजाति, स्थानीय समुदाय, मधेसी, दलित र निजी क्षेत्रका संस्थाबाट ६ जना सम्म प्रतिनिधि समावेश गरिने व्यवस्था छ। नेपालको रेडप्लसका संरचनामा गैरसरकारी पक्षहरूको प्रतिनिधित्व र सहभागिता सम्बन्धी सन् २०१८ मा गोष्ठी र अन्तर्वार्ताहरू मार्फत गरिएको एक अध्ययन अनुसार "*सहभागितको स्तर, सूचनाको गुणस्तर, समझदारी र बुझाइ, छलफलमा शक्ति सम्बन्ध खासगरी आदिवासी जनजाति, वन उपभोक्ता समूह, दलित र महिलाहरूको संजाल अनुसार फरक फरक पाइएको छ* [152]।" सो अध्ययनमा लिइएको अन्तर्वार्ता अनुसार नेपाल आदिवासी जनजाति महासंघले रेडप्लसको शासकीय संरचनामा सहभागी भई महत्वपूर्ण सुझावहरू पेश गर्नका साथै आफ्ना अडान-पत्रको प्रकाशन सहित रेडप्लस नीति तथा कार्यक्रममा आदिवासी जनजातिका दृष्टिकोण र चासोलाई बढी भन्दा बढी समेटनका लागि पैरवी गरेको छ [153]। यसैबीच, हिमवन्ती मार्फत महिलाहरू र डानार मार्फात दलितहरूको सहभागिता सीमित रहेको अन्तर्वार्ता सहभागीहरूले बताए।

---

151 http://journals.grassrootsinstitute.net/journal1-natural-resources/vol-3/issue-2/nr.03-02-2.ghimire-lamichhane.pdf

152 सत्याल, प., कोरबेरा, ई., डासन, एन., ढुङ्गाना, ह., र मास्के, ग. (२०१८)। नेपालको रेडप्लस दृष्टिकोण निर्माणमा प्रतिनिधित्व र सहभागिता। क्लाइमेट पॉलिसी, १९(सुपर१), 8-22. https://doi.org/10.1080/14693062.2018.1473752

153 शेर्पा, प. द., र राई, त. ब. (२०१३)। स्वतन्त्र, पूर्वसूचित र जानकार सहमति सम्बन्धी नेपाली आदिवासी समुदायको अनुभव। जर्नल अफ फरेस्ट एन्ड लाइभलिहुड, ११(२), ८२-८६.

- राष्ट्रिय रेड रणनीति (२०१८) तर्जुमाका क्रममा रेडप्लस रणनीति विकल्पहरूबारे विचार संकलन र उपलब्ध तथ्याङ्क र स्रोतहरूको पहिचान गर्न राष्ट्रिय र जिल्ला तहमा परामर्शहरू सञ्चालन गरिएको थियो। यसमा सम्बन्धित मन्त्रालय र निकायहरू, निजी क्षेत्रका संस्था, गैरसरकारी संगठनहरू, नागरिक समाज र सामुदायिक संस्था (सीमान्तकृत र संकटासन्न समूहका प्रतिनिधि सहित) संलग्न थिए।राष्ट्रिय स्तरको परामर्श अन्तर्गत नोभेम्बर-डिसेम्बर २०१३ मा विभिन्न सरोकारवाला संघसंस्थाहरू (सरकारी विभागहरू, नागरिक समाज र आदिवासी जनजातिका संगठनहरू, गैरसरकारी संस्थाहरू, र निजी क्षेत्रका संस्था) संग गरिएको थियो। क्षेत्रीय र स्थानीय तहको परामर्श २०१३ मा मकवानपुर, चितवन, पर्सा र बारा जिल्लामा सञ्चालन गरिएको थियो। रेडप्लस पाइलट परियोजना/कार्यक्रमहरू भ्रमण गरी स्वदेशी, सीमान्तकृत र संकटासन्न समूह, दलित र महिलासँग लक्षित समूह छलफलहरू आयोजित गरिएका थिए। परामर्श प्रतिवेदन सहभागीहरूलाई टिप्पणीका लागि वितरित गरी प्रतिक्रियाका आधारमा परिमार्जन गरिएको थियो।हाल राष्ट्रिय रेड रणनीति (२०१८)को समीक्षा र नयाँ रणनीतिको मस्यौदा गर्ने कार्य भइरहेको छ। सो कार्य रेड कार्यान्वयन केन्द्रको नेतृत्वमा रेडप्लस सम्बन्धी सरोकारवालाहरू र अधिकारवालाहरू, खासगरी आदिवासी जनजाति, महिला, सरकारी क्षेत्र र अन्य प्रमुख सरोकारवालासँग परामर्श गरिएको थियो। यी परामर्शहरूको उद्देश्य प्रतिक्रिया, सुझाव र अनुभव संकलन गर्नु हो, जसमा विशेषज्ञहरू, संघीय र प्रादेशिक स्तरका सरकारी अधिकारीहरू, नागरिक समाजको संजालहरू, फेकोफन, एकोफन, नेफिन, आदिवासी महिला मञ्च, महिला संगठन, दलित, मधेसी र निजी क्षेत्रको सहभागिता थियो। काठमाडौंमा सात र विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रमा तीन गरी कुल १० परामर्शहरू सञ्चालन गरिएको थियो जसमा कुल २१८ सहभागी मध्ये २१% महिला र २७% आदिवासी जनजाति थिए।

- एफसीपीएफ रेडप्लस तयारीको प्रस्तावना-पत्रमा उक्त प्रस्तावना-पत्र तर्जुमा गर्दा देहायका छलफलहरू आयोजना गरिएको उल्लेख छ:
  - मे २००९ मा राष्ट्रिय स्तरको सचेतना गोष्ठी।
  - समुदायहरूको महासंघ, नागरिक समाजका संगठनहरू, राष्ट्रियस्तरका संघहरू, प्राज्ञिक संस्था, निजी परामर्श फर्महरू र रेड फरेष्ट्री तथा जलवायु परिपर्तन इकाइ सहित १३ वटा संस्थाहरूले परामर्श छलफलहरू संचालन गेरका थिए ।
  - सरोकारवालाहरूलाई व्यापक रुपमा समेट्ने गरी स्थानीय १७, क्षेत्रीय १३, र राष्ट्रिय २७ गरी कुल ५७ गोष्ठी गोष्ठीहरू सञ्चालन गरिएको थियो। यीमध्ये चार गोष्ठी आदिवासी जनजातिका लागि, तीन महिला समूहका लागि र एक दलित समुदायका लागि आयोजना गरिएको थियो। कुल ३,०७५ व्यक्ति यी गोष्ठीमा सहभागी भएका थिए।
  - विशेषज्ञ परामर्शहरूमा १०५ व्यक्तिहरू सहभागी थिए, जसमा वन विशेषज्ञ, वातावरण विशेषज्ञ, दातृनिकाय, निजी क्षेत्र, सरकारी कर्मचारी, आदिवासी जनजाति, संचार प्रतिनिधि, पत्रकार, परियोजना कर्मचारी, वन उपभोक्ताहरूको महासंग, दलित, तालिम तथा प्रसार विशेषज्ञ, शैक्षिक संस्था र अनुसन्धानकर्ता समावेश थिए।

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको तर्जुमा चरणमा आदिवासी जनजाति र स्थानीय समुदाय सहित सम्बन्धित सरोकारवालाहरूसंग विभिन्न तहमा परामर्श गरिएको विस्तृत विवरण उत्सर्जन न्यूनीकरण कार्यक्रम दस्तावजेमा दिइएको छ । उदाहरणका लागि, लैंगिक कार्योजनाको लागि कार्यदल

(ओकन, हिमवन्ती रेड कार्यान्वयन केन्द्र) ले  तराईका छ जिल्ला र पहाडी भेगका १ जिल्लाका समुदायमा आधारित वन व्यवस्थापन समूहका  ५८५ सदस्य (३८४ महिला र २०१ पुरुष) बाट तथ्याङ्क तथा सूचना संकलन गरी काठमाडौँमा बहु-सरोकारवालाको बैठक आयोजना गरेको थियो। लाभ बाँडफाँट योजना सम्बन्धी परामर्श संघीय तहमा ४५ सहभागी (२९ पुरुष, १६ महिला) सहित सञ्चालन गरिएको थियो[154]।

- वातावरणीय र सामाजिक व्यवस्थापन खाका तर्जुमाका लागि परामर्श बैठकहरू पनि दस्तावेज गरिएको छ[155]। उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज तर्जुमाको समयमा जिल्ला स्तरमा ८२२ सहभागीहरू संलग्न थिए, जसमा ४४% ब्राह्मण र क्षत्री, २८% आदिवासी जनजाति, २१% मधेसी र ७% दलित पृष्ठभूमिका थिए (औसत: ८०% पुरुष र २०% महिला)। साथै, ९१ सहभागी (पुरुष: ६१; महिला: ३०; आदिवासी जनजाति: ३३; दलित: २०; मधेसी: ६) लक्षित समूह छलफलमा सहभागी थिए। सन् २०१७ मा १२ जिल्लामा ६ वटा रेडप्लस प्रशिक्षक तालिम सञ्चालन गरिएको थियो, जसमा कुल ११४ सहभागी थिए (६५% नागरिक समाज, ३५% सरकारी निकाय, र ३२% महिला)। उत्सर्जन न्यूनीकरण मापन प्रतिवेदन (२०२३) को मस्यौदा अनुसार, समुदायहरूलाई वन स्रोतको मूल्याङ्कन र राष्ट्रिय वन अनुगमन प्रणालीमा सहभागी गराउन र प्रोत्साहित गर्ने उद्देश्यले तोकिएको स्थान सम्म पुग्ने बाटो पहिल्याउन, प्रजाति पहिचान गर्न, वनविनाश र वनको क्षयीकरणको विशेषताहरू बुझ्न अवसर प्रदान गरिएको थियो।विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमले आफ्नो पहिलो उत्सर्जन न्यूनीकरण मापन प्रतिवेदन नोभेम्बर २०२३ मा प्रकाशित गरेको छ, जुन हाल प्रमाणीकरण र सत्यापन प्रक्रियामा छ। सुरक्षण कार्यान्वयन सम्बन्धी जानकारी गराउन अनुसूची १ मा वातावरणीय र सामाजिक व्यवस्थापन खाका, एफपिक र आदिवासी जनजाति तथा स्थानीय समुदायका अधिकारको सम्मान सम्बन्धी जानकारी प्रदान गर्ने अपेक्षा गरिए तापनि सो विवरण हाल प्राप्त भएको देखिएन ।

- अन्य सम्बन्धित परियोजनाहरूको सन्दर्भमा कुरा गर्दा हरित जलवायु कोषबाट सहायता प्राप्त चुरे उत्थानशील परियोजना को वातावरणीय र सामाजिक व्यवस्थापन खाका अनुसार, यसले प्रत्यक्ष रूपमा ७५० स्थानीय समुदायमा आधारित संस्था/उपभोक्ता समूहहरूलाई लाभ पुर्‍याउने अपेक्षा गरिएको छ, जसमा कम्तिमा १,७३,१६० घरधुरी र ८,३१,१६८ भन्दा बढी मानिसहरू समावेश छन्। यी समूहहरू चुरिया क्षेत्रका सबैभन्दा संकटासन्न २६ नदी प्रणालीमा रहेका छन्। आदिवासी जनजाति र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न विभिन्न गतिविधिहरू तर्जुमा गरिएको छ। उदाहरणका लागि, नर्सरीहरू लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्तअनुसार विकास गरिनेछ, जसले महिला, आदिवासी जनजाति, दलित र सीमान्तकृत समूहहरूका लागि न्यायोचित रोजगारीका अवसरहरू प्रवर्द्धन गर्नेछ।परियोजनाले अति संकटासन्न  समूहहरूको

---

[154] साउथ एसिया इन्स्टिच्युट फर एडभान्स्ड स्टडिज, रिकफ्ट,  नेपाल वन प्राविधिक संघ, नेपाल आदिवासी जनजाति महासंघ, फेकोफन, एकोफन,  दलित गै.स.स. महासंघ, राष्ट्रिय दलित नेटवर्क (एन.डी.एफ.), प्राकृतिक स्रोतका लागि दलित एलायन्स (डानार), हिमवन्ती,  नेशनल आदिवासी जनजाति महिला मञ्च, कफ्सन,  इन्टरनेशनल वाटरशेड म्यानेजमेन्ट इन्स्टिच्युट (इमी) का प्रतिनिधिहरूसँग।

[155] https://www.forestcarbonpartnership.org/system/files/documents/NEPAL%20ER%20Program%20ESMF%20October%202019%20for%20FCPF%20website.pdf

अनुपात अनुसार न्यूनतम सहभागिता लक्ष्य पनि निर्धारण गरेको छ, जसमा आदिवासी जनजाति (३१%) र दलित (१३%) समावेश छन्[156]।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि, पहिलो चरणका परामर्श २०२३ मा सम्पन्न भएका थिए, जसमा कुल २२९ सरोकारवालाहरू सहभागी भएका थिए। (जसमा २५% फेकोफन, १४% नेफिन, १३% स्थानीय सरकार, ३२% डी.व.का. र १६% मा दलित, स्थानीय संचारकर्मी, निजी वनधनी र उद्यमीहरू लगायतका अन्य समुदाय समावेश थिए।थप परामर्शहरू पुन: स्थानीय, जिल्ला, प्रादेशिक र राष्ट्रिय तहमा सम्पन्न गरियो, जसको उद्देश्य प्रस्तावित कार्यक्रमबारे आदिवासी जनजाति, स्थानीय समुदाय र अन्य सरोकारवालाबाट प्रतिक्रिया प्राप्त गर्नु र सहमति सुनिश्चित गर्नु हो।योजनाबद्ध कार्यक्रमका केही गतिविधिहरूको कार्यान्वयनमा पनि स्थानीय समुदायहरू सहभागी हुनेछन्, जस्तै, मापन र अनुगमन गतिविधिहरू, जसले वन कार्बन संचिति अनुगमनमा स्थानीय समुदाय र आदिवासी जनजातिहरूको संलग्नतालाई थप बलियो बनाउनेछ। परामर्श र नतिजाहरूको विवरण अनुसूची १ मा दिइएको छ।

- सूचनामा पहुँच सम्बन्धी थप विवरण माथि उल्लेखित सुरक्षण "ख" अन्तर्गत समेत राखिएको छ।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा यस सिद्धान्तलाई कसरी सम्बोधन र पालना गर्नुपर्छ भन्ने बारे स्पष्ट गर्दछन् भने भविष्यमा यस विषयमा थप विस्तृत रूपमा प्रतिवेदनमा समावेश गरिनेछ:

**मापदण्ड घ1: रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लसको तर्जुमा, कार्यान्वयन र अनुगमनमा आदिवासी जनजाति र स्थानीय समुदाय सहित सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिताको अधिकारलाई मान्यता दिन्छन्:**

- घ1.1 आदिवासी जनजाति र स्थानीय समुदाय तथा तिनका अधिकारहरू पहिचान गर्ने र मान्यता दिने कानुनी दस्तावेजहरू विद्यमान छन् (सम्बोधन)।

- घ1.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलितहरू सहित सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको तिनका रुचि र कार्यक्रमसँगको सान्दर्भिकता सहित सहभागितामूलक ढंगले पहिचान र नक्सांकन गर्छन् (सम्बोधन)।

- घ1.3 रेडप्लस कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलितहरूको कार्यक्रममा सहभागिता सुनिश्चित गर्न नीति र प्रक्रियाहरू कार्यान्वयन गर्छन् (सम्बोधन)।

---

156 https://openknowledge.fao.org/server/api/core/bitstreams/9b13b19b-7c9a-4221-8de3-17aa5a4eed32/content

**मापदण्ड घ2: रेडप्लस रणनीति र कार्यक्रमहरूले तिनको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्छन्:**

- घ2.1 रेडप्लस क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न सांस्कृतिक र लैङ्गिक संवेदनशील प्रक्रिया, संस्थागत संरचना, र सञ्चार माध्यमहरू उपलब्ध हुन्छन् (सम्बोधन)।

- घ2.2 जहाँ उपयुक्त छ, रेडप्लस र सम्बन्धित वन क्षेत्रका योजनाहरू तथा प्रक्रियामा आदिवासी जनजाति र स्थानीय समुदायका प्रथाजनित संस्था र निर्णय प्रक्रिया प्रतिबिम्बित र समावेश गरिएका छन् (पालना)।

- घ2.3 रेडप्लसको शासकीय संरचना, वन व्यवस्थापन र सहभागितामूलक प्रक्रियाहरूमा विशेष गरी आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र अन्य सीमान्तकृत समूहलाई मध्यनजर गर्दै सरोकारवालाहरूको न्यायोचित रूपले प्रतिनिधित्व गरिएको हुन्छ; जसमा सरोकारवालाका प्रतिनिधिहरू पारदर्शी तरिकाले चयन गरिन्छन् र उनीहरु आफ्नो सरोकारवाला संस्थासँग जवाफदेही हुन्छन् [157](पालना)।
- घ2.4 अधिकारवालाहरू र सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रिया वा सुझावहरू रेडप्लस रणनीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा मान्यता दिइन्छ र अपनाइन्छ (पालना)।
- घ2.5 आदिवासी जनजाति, स्थानीय समुदायका सदस्य, महिला, दलित र अन्य सीमान्तकृत समूहका सदस्यहरू सहित सरोकारवालाहरू र अधिकारवालाहरू रेडप्लस रणनीति र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र लाभ बाँडफाँटमा सहभागी हुन्छन् (पालना)।

**मापदण्ड घ3: रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले अधिकारवालाहरू र सरोकारवालाहरूलाई रेडप्लस कार्यक्रम र क्रियाकलापको बारेमा सांस्कृतिक रूपमा उपयुक्त र लैङ्गिक रुपमा संवेदनशील ढंगले समयमै जानकारी प्रदान गर्ने सुनिश्चित गर्छन्, साथै उनीहरूलाई कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पूर्ण र प्रभावकारी सहभागिता जनाउने क्षमताको समेत सुनिश्चित गर्छन्:**

- घ3.1 रेडप्लस सम्बन्धी सूचना आदानप्रदानलाई सहज बनाउने कानुनी ढाँचा विद्यमान छ (सम्बोधन)।

- घ3.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले सूचना प्राप्त गर्ने लक्षित समूहहरू पहिचान गर्छन् र सांस्कृतिक रूपमा उपयुक्त तथा लैङ्गिक रुपमा संवेदनशील सूचना आदानप्रदानका माध्यम र संयन्त्रहरू स्थापना गर्छन् (सम्बोधन)।

- घ3.3 रेडप्लसको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सुरक्षण, साथै सम्बन्धित अधिकार र कानुनी प्रावधानहरूको सूचना अधिकारवालाहरू र सरोकारवालाहरूसँग प्रभावकारी र पारदर्शी रूपमा सांस्कृतिक रूपमा

---

[157] "अन्य सीमान्तकृत समूह"मा युवा, बृद्धवृद्धा, अपाङ्गता भएका व्यक्ति, विपद् प्रभावित समूह र भूमिहीन सुकुम्वासीहरू समावेश छन्। यस शब्दको प्रयोग देशभरी र रेडप्लस क्रियाकलाप अनुसार फरक पर्न सक्ने हुदा यसलाई सबै प्रसङ्गहरूका लागि समान ढंगले परिभाषित गर्न सकिँदैन।

उपयुक्त, लैङ्गिक रुपमा संवेदनशील ढंगले संभव भए सम्म स्थानीय भाषामा समयमै आदान-प्रदान गरिन्छ (पालना)।

- घ3.4 रेडप्लस कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र सीमान्तकृत समूहलाई विशेष रुपमा ध्यान दिदै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको क्षमता-आवश्यकता पहिचान गरी उनीहरूलाई रेडप्लसको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन सहयोग प्रदान गर्छन् (पालना)।

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- तर्जुमा चरणका लागि सरोकारवालाको सहभागिताबारे पर्याप्त जानकारी उपलब्ध भए पनि, रेडप्लस कार्यक्रमको कार्यान्वयन र अनुगमनमा आदिवासी जनजाति र स्थानीय समुदायको सहभागिता सम्बन्धी सूचना अहिलेसम्म संकलन गरिएको छैन, तर भविष्यमा उपलब्ध हुने अपेक्षा गरिएको छ ।

- नेपालका नीति, कानून र नियमले सूचक घ2.5 मा उल्लेख भए अनुसार "अन्य सीमान्तकृत समूहका सदस्यहरू" उल्लेख गरे पनि यी सरोकारवालाहरू औपचारिक रूपमा परिभाषित भएका छैनन्। सीमान्तकृत समूहहरू सहित अन्य प्रमुख सरोकारवाला समूहहरू परियोजना र कार्यक्रम पिच्छे फरक हुन सक्छन् । तथापि भविष्यमा विशेषगरी सुरक्षणको अनुगमन र रिपोर्टिङमा सबै सम्बन्धित समूहहरूको तथ्याङ्क विस्तृत रूपमा वर्गीकरण गर्न आवश्यक छ।

- नेपालका विभिन्न रेडप्लस कार्यक्रमहरू, साथै राष्ट्रिय रेड रणनीति तर्जुमा र समीक्षा प्रक्रिया (२०२४) का लागि सरोकारवालाको संलग्नता प्रक्रिया सञ्चालन र दस्तावेज गरिएको छ। तथापि रेडप्लस निर्णय-प्रक्रिया र सुरक्षणमा नियमित र अविच्छिन्न सहभागिता सुनिश्चित गर्ने अवसरहरू, र विशेष गरी आदिवासी जनजाति, स्थानीय समुदाय र नागरिक समाजका संगठनहरू सहित पूर्ण रूपमा कार्यरत सरोकारवालाको सहभागिता हुने मञ्चहरू अझै आवश्यक छन्, ।
- सरोकारवालाको संलग्नता संयन्त्रको समीक्षा र सुदृढीकरण गर्ने कार्य २०२५ मा योजना गरिएको छ।

**सुरक्षण (ङ): क्रियाकलापहरू प्राकृतिक वन र जैविक विविधताको संरक्षणसँग तादात्म्यता भएको हुनुपर्छ, र यस निर्णयको अनुच्छेद ७० मा उल्लेखित क्रियाकलापहरूले प्राकृतिक वनको परिवर्तन गर्नु हुदैन, बरु प्राकृतिक वन र तिनका पारिस्थितिकीय सेवाहरूको सुरक्षा र संरक्षणमा प्रोत्साहन गर्नुका साथै अन्य सामाजिक र वातावरणीय लाभहरू वृद्धि गर्नु पर्दछ ।**

**व्याख्यात्मक टिप्पणी**

राष्ट्रीय रेडप्लस रणनीति र रेडप्लस कार्यक्रम अन्तर्गत रेडप्लस क्रियाकलापहरूले प्राकृतिक वन र जैविक विविधताको संरक्षण तथा सामाजिक र वातावरणीय लाभहरूको वृद्धि प्रवर्द्धन गर्नेछन्; र देशका सम्बन्धित नीति,

कानून र नियम अनुसार यी क्रियाकलापहरूले प्राकृतिक वन वा अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीको परिवर्तन गर्ने छैनन्।

**व्याख्याका मुख्य तत्वहरू:**

- रेडप्लस क्रियाकलापहरूले सम्भावित रूपमा प्रभावित गर्न सक्ने प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको पहिचान गर्दछन्।

- रेडप्लस क्रियाकलापहरू प्राकृतिक वन वा अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीको परिवर्तन वा क्षयीकरणका लागि प्रयोग हुदैनन्, बरु प्राकृतिको सुरक्षा र संरक्षणका लागि प्रोत्साहित गर्ने खालका हुन्छन्, र तिनीहरूले विशेष गरी पहिचान भएका प्राकृतिक वन, जैविक विविधता र तिनका पारिस्थितिकीय सेवाहरूको प्राथमिकतालाई कायम राख्ने र वृद्धि गर्ने कार्य गर्दछन्।

- सकारात्मक र नकारात्मक सामाजिक तथा वातावरणीय प्रभावहरूको मूल्याङ्कन गरिन्छ, नकारात्मक प्रभावहरू कम गरिन्छ र सामाजिक तथा वातावरणीय लाभहरू वृद्धि गरिन्छ।

**भूमिका र जिम्मेवारीहरू**

- वन तथा वातावरण मन्त्रालय (सबै विभाग, विभागहरू र केन्द्रहरू), साथै प्रादेशिक वन तथा वातावरण मन्त्रालयहरू र वन कार्यालयहरू प्राकृतिक वन र जैविक विविधताको संरक्षणको लागि जिम्मेवार छन्। समुदायमा आधारित वन व्यवस्थापन समूहहरू पनि प्राकृतिक वन र जैविक विविधताको संरक्षणमा सरकारी संस्थाहरूलाई समयोग गर्नु उनीहरूको जिम्मेवारी हो ।

- वन तथा वातावरण मन्त्रालय र रेड कार्यान्वयन केन्द्रले रेडप्लस क्रियाकलापहरूको तर्जुमा र कार्यान्वयन गर्दा प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणाली बारेको जानकारी ध्यानमा राख्नु पर्ने सुनिश्चित गर्छन्; साथै नीति, योजना र ऐनहरू अनुसार यी प्राकृतिक वन तथा अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीको परिवर्तन गर्ने कार्यलाई निषेध गर्छन्।

- वनक्षेत्रको वितरणको मानचित्रण सम्बन्धमा देशको वन स्रोतको मापनका साथै देशका वन क्षेत्रहरूको सर्वेक्षण र मानचित्रण गर्ने जिम्मेवारी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको हो। यस क्रममा केन्द्रका मूलत: देहायका भूमिका र जिम्मेवारीहरू छन्: (क)वन क्षेत्रको वैज्ञानिक अनुसन्धान र सर्वेक्षण गर्नु, (ख) राष्ट्रिय स्तरको वन स्रोत सर्वेक्षण गर्नु र वन स्रोत तथ्याङ्क भण्डार विकास गर्नु, (ग) वनले ढाकेको क्षेत्रको नक्साङ्कन गरी वनका मानचित्रहरू तयार गर्नु, र (घ) वनका कर्मचारीलाई वन स्रोत व्यवस्थापनसँग सम्बन्धित तालिमहरू सञ्चालन गर्नु।

- नेपालको जिल्ला स्तरीय वन अनुगमन र प्रतिवेदन प्रणालीले राष्ट्रिय वन अनुगमन प्रणालीको पूरकको काम गर्दछ । डी.व.का. र संरक्षित क्षेत्र कार्यालयहरूले भू-उपयोग परिवर्तन र वनसम्बन्धी जानकारीको मापन, अनुगमन, अद्यावधिक गरी वार्षिक रूपमा वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग जस्ता केन्द्रिय निकायहरूमा पेश गर्दछन्।

- राष्ट्रिय वन अनुगमन प्रणालीसँग मेलखाने गरी समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरूको स्रोत सर्वेक्षण पनि प्रत्येक ५-१० वर्षमा सञ्चालन गरिन्छ। डी.व.का.हरूले तथ्याङ्क र जानकारी अद्यावधिक गरी सम्बन्धित केन्द्रिय निकायहरूलाई पेश गर्छन्। विभागहरू आफ्ना तथ्याङ्कहरू राख्छन्, अद्यावधिक गर्छन् र वार्षिक प्रतिवेदनमा सारांश प्रकाशित गर्छन्।

- राष्ट्रिय स्तरमा, वन तथा वातावरण मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखाले सबै विभागहरूमा र अन्य सम्बन्धित निकायहरूमा हुने अनुगमन गतिविधिहरूको समन्वय गर्दछ।

**सिद्धान्त ङ: रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीको संरक्षणको प्रवर्द्धन गर्नुका साथै जैविक विविधता एवं पारिस्थितिकीय सेवाहरू एवं अन्य सामाजिक र वातावरणीय लाभहरूको निरन्तरता र वृद्धि गर्दछन्।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ?**

**प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाहरूको पहिचान**

- भुमि ऐन (२०२१ मा संशोधित) ले नेपालमा विभिन्न वर्ग, समुदाय वा क्षेत्रका मानिसहरू बीच सम्बन्ध कायम राख्नका लागि जमिनको सर्वेक्षण र मापन गर्ने, तिनको श्रेणी निर्धारण गर्ने व्यवस्था गरेको छ, साथै देशमा जमिनको सूचीकरण र नक्सांकनको संयन्त्र स्थापित गरेको छ। ऐनले "जमिन" लाई सबै प्रकारका जमिनहरू (जसमध्ये भवन, बगैंचा, रुख, कारखाना, ताल, पोखरी आदि समावेश छन्) भनेर परिभाषित गरेको छ। ऐनले "सरकारी जमिन" लाई *सडक, रेलवे, सरकारी भवन वा कार्यालयहरू भएका साथै सरकारको नियन्त्रणमा रहेको वन, झाडी, जंगल, नदी, खोला, नदी तटभूमि (नदी उकास), ताल, पोखरी र तिनका छेउछाउ, मुख्य नहर (नहर), जलधारा (कुलो) र अन्य प्रकारका जमिनहरू र नेपाल सरकारको सूचनाद्वारा सरकारी भनी तोकिएका अन्य जमिनहरू समेतलाई परिभाषित गरेको देखिन्छ ।* सामान्य रूपमा, सरकारी जमिन भनेको निजी संस्थाहरू/फर्म/कम्पनी वा व्यक्तिहरू/परिवारहरूको नाममा दर्ता नभएको जमिन, साथै सरकारी संस्थाहरूको नाममा दर्ता भएको जमिन हो।

- ऐन अनुसार, "सर्वेक्षण र मापन" भनेको जग्गाधनी र मोहीसँग सम्बन्धित तथ्याङ्क संकलन, जमिनको नक्सा तयार पार्नु, जमिनको क्षेत्र निर्धारण गर्नु, जमिनको श्रेणी वर्गीकरण गर्नु वा नक्सा वा अभिलेखको आधारमा क्षेत्रीय किताबमा दर्ता गर्नु हो। यसमा हवाई सर्वेक्षण, सर्वेक्षणको लागि नियन्त्रण बिन्दु स्थापना, विभिन्न मापनमा स्थलगत सर्वेक्षण सञ्चालन, र नक्सा प्रकाशन गर्ने कार्य समावेश छ।

- भू-उपयोग ऐन (२०१९) र भूमि नियमावली (२०२१) ले देशको जमिनलाई १० विभिन्न श्रेणीमा वर्गीकरण गरेको छ, जस मध्ये एक श्रेणी वन भूमि हो। ऐनले भूमि व्यवस्थ तथा सहकारी मन्त्रालयले सबै स्थानीय सरकार अन्तर्गत जमिनको भू-उपयोग नक्सा तयार पार्नुपर्ने व्यवस्था गरेको छ (दफा५)।

- वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले देशको वन स्रोत सर्वेक्षण, वन क्षेत्रहरूको सूचीकरण र नक्सांकन, वन स्रोत डेटाबेसको व्यवस्थापनको जिम्मेवारी लिएको छ। यसले वन

क्षेत्रको सर्वेक्षण, तथ्याङ्क विश्लेषण र नतिजा प्रकाशन सम्बन्धी म्यानुअलहरू तयार गरेको छ[158]। साथै, केन्द्रले राष्ट्रिय भू आवरण अनुगमन प्रणाली विकास गरेको छ[159], जसले एकै समान रिमोट सेन्सिङ डेटासेट प्रयोग गरी वार्षिक रुपमा भू-उपयोग आवरण नक्सा प्रदान गर्छ। यस सूचनामा नेपालका विभिन्न वन व्यवस्थापन प्रणाली अन्तर्गतका वन क्षेत्रहरू समावेश छन्।

- यसका अतिरिक्त अन्य संस्थाहरू पनि जमिन र वनको दर्ता र सूचीकरणमा संलग्न छन्। सामुदायिक वनहरू डी.व.का.मा दर्ता गरिन्छ, भने स्थानीय तहहरूले आफ्नो क्षेत्राधिकारमा पर्ने निजी वनहरूको दर्ता गर्छन्। जिल्ला मालपोत कार्यालयहरूले अन्य प्रकारका जमिन दर्ता गर्दछन्।

**प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवालाई परिवर्तन नगर्ने र तिनको सुरक्षा र संरक्षण प्रवर्धन गर्न प्रोत्साहन गर्ने**

- प्राकृतिक वनको नेपालमा अलग्गै परिभाषा गरिएको छैन। वन ऐन (२०७६) ले वनलाई रुख वा बिरुवाले पूर्ण वा आंशिक रूपमा ढाकिएको क्षेत्र भनेर परिभाषित गरेको छ। ऐनले वनका वातावरणीय सेवाहरूलाई वनक्षेत्रको पारिस्थितिकीय सेवाबाट प्राप्त हुने कार्बन सेवा, जैविक विविधताको संरक्षण, जलाधार र जलचक्र प्रणाली, पर्या-पर्यटन, तथा तोकिए बमोजिम अन्य बस्तु, सेवा तथा लाभ" भनी परिभाषित गरेको छ। अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरू पनि वन क्षेत्रको कानुनी परिभाषा अनुसार वनकै भागका रुपमा मानिन्छ (दफा २ (भ))।त्यसैले, वन क्षेत्रलाई अन्य भू-उपयोग प्रणालीमा परिवर्तन गर्न रोक्ने सबै कानुनी प्रावधान र नियमहरू कृषि भूमि र केही हदसम्म निजी वन बाहेक कुनै पनि अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीमा लागू हुन्छन्। पर्यावरणीय परिभाषा अनुसार १०% भन्दा बढी रुखको छत्रले ढाकिएको, कम्तिमा ०.५ हेक्टर क्षेत्रफलमा फैलिएको र स्थानीय अवस्थामा परिपक्व रूखको न्यूनतम उचाइ ५ मिटर भएमा नेपालमा त्यसलाई वन भनिन्छ।

- राष्ट्रिय सीमसार नीति (२०६९)[160] ले "भूमिगत पानी वा वर्षाबाट उत्पन्न हुने, प्रवाहशील वा स्थिर, ताजा वा नूनीलो पानी भएको, प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, दलदलले जमिन, नदी तटीय जलमैदान, ताल, पोखरी, जल सञ्चयन क्षेत्र र कृषि भूमि" समेतलाई सिमसारको रुपमा परिभाषित गरेको देखिन्छ।रामसार रणनीति तथा कार्ययोजना(२०१८-२०२४)[161] ले सिमसार संरक्षणका लागि विभिन्न रणनीतिहरू प्रस्तुत् गरेको छ।

- नेपालको संविधान (२०७२) मा प्राकृतिक साधन स्रोतहरूको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिहरू छन्[162]जसमा देहायका नीति समेत पर्दछन् (धारा ५१ (छ)):

---

[158] https://frtc.gov.np/uploads/files/Final_FRA_data_analysis_manual_2021.pdf

[159] http://nepal.spatialapps.net/nlcms

[160] https://www.scribd.com/doc/247212092/Nepal-Wetland-Policy-Act-2069#:~:text=The%20policy%20aims%20to%20effectively,while%20supporting%20other%20sectoral%20policies

[161] https://faolex.fao.org/docs/pdf/nep197380.pdf

[162] संविधानको भाग ४ मा उल्लेखित "राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व" राज्यको शासनका लागि मार्गनिर्देशनको रूपमा हुनेछ।

- राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलको न्यायोचित वितरण गर्ने,

- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने,

- वातावरणीय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने,

- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने

- नेपालको राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०) ले संरक्षण क्रियाकलापका लागि रणनीति र प्राथमिकताहरू पहिचान गरेको छ, जसमा संरक्षित क्षेत्र, संरक्षित क्षेत्र बाहेकका वन, चरणक्षेत्र, सिमसार, कृषि र पर्वत गरी छ वटा जैविक विविधता विषयवस्तुहरूमा समूहबद्ध गरिएको छ । उदाहरणका लागि, रणनीति १ अन्तर्गत संरक्षित क्षेत्र  र प्रजातिहरूको व्यवस्थापन सुधारका प्राथमिक क्रियाकलापहरूमा प्रमुख प्रजातिहरूको संरक्षण योजना तर्जुमा र कार्यान्वयन समावेश छन्। रणनीतिका अन्य क्रियाकलापहरूमा वन संरक्षण क्षेत्रको स्थापना, वनको उत्पादकत्व वृद्धि,  र दिगो व्यवस्थापन मार्फत वनको जैविक विविधता संरक्षण र जलवायु उत्थानशील क्षमता बढाउने विषय समावेश छन्। रेडप्लस   राष्ट्रिय जैविक विविधता यस रणनीतिमा रेडप्लससलाई जैविक विविधतामाथि पर्न गएको को असर कम गर्ने र अनुकूलित गराउने उपायको रुपमा उल्ले गरिएको छ । नेपालका वनसम्बन्धी राष्ट्रिय नीति, रणनीति र कार्ययोजनाहरुले प्राकृतिक वन र अन्य पारिस्थितिकीय प्रणाली, साथै जैविक विविधताको सुरक्षा र संरक्षणका लागि प्राथमिकताहरू स्पष्ट रूपमा पहिचान गरेका छन्।राष्ट्रिय वन नीति (२०७५), राष्ट्रिय वातावरण नीति (२०७६), राष्ट्रिय  नीति (२०७६), वन क्षेत्र रणनीति (२०१६-२५), वातावरण संरक्षण ऐन (२०७६), खुद-शून्य उत्सर्जनको दीर्घकालीन रणनीति (२०२१) र नेपालको दोस्रो राष्ट्रिय निर्धारित योगदान(२०२०) सबैले वन, पारिस्थितिकीय प्रणाली र जैविक विविधताको संरक्षणका लागि प्राथमिकताहरू पहिचान गरेका छन् भने सबैले रेडप्लससलाई तिनको उद्देश्य प्राप्त गर्ने रणनीतिक क्रियाकलाप मध्ये एकको रूपमा उल्लेख गरेका छन्।उदाहरणका लागि, राष्ट्रिय वन नीति (२०१९) ले वन, वनस्पति, वन्यजन्तु र जैविक विविधताको संरक्षण, पुनर्स्थापना र प्रयोगमा जोड दिएको छ (उद्देश्य ४), साथै संघीय, प्रदेश र स्थानीय तहमा प्रजातिको परस्थानीय संरक्षणका लागि चिडियाघर र वनस्पति उद्यान स्थापना गर्ने प्रावधान समावेश गरेको छ (रणनीति ८.४.२) ।

- वन ऐन (२०७६) र वन नियमावली (२०७९) ले वन क्षेत्रलाई अन्य भू-उपयोग प्रणालीमा रूपान्तरण गर्न कडाइका साथ निषेध गरेका छन्। वन नियमावलीको नियम १०७ (२) ले वन कार्बन परियोजना/कार्यक्रमहरूमा “अवस्थित प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीयप्रणालीको संरक्षण र दिगो व्यवस्थापनमा नकारात्मक प्रभाव नपरोस्” भन्ने सुनिश्चित गर्न निर्देशन दिएको छ। वन ऐन ले नेपाल सरकारबाट निर्णय भएकोमा बाहेक वन क्षेत्रलाई अन्य भू-उपयोगमा लैजान रोक लगाउँछ।संरक्षित क्षेत्र बाहेकका वनहरू वन ऐन र यस मातहतका नियमहरू अनुसार व्यवस्थापन गरिन्छ भने १२ राष्ट्रिय निकुञ्ज, ६ संरक्षण क्षेत्र, १ शिकार आरक्ष र १ वन्यजन्तु आरक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन (२०२९) अन्तर्गत व्यवस्थापन गरिन्छ। मध्यवर्ती व्यवस्थापन नियमावली (२०५२) ले पनि मध्यवर्ती क्षेत्रका वनमा वन मास्न, वन स्रोत

नष्ट गर्न, अवैध शिकार/वन्यजन्तु नोक्सान गर्न निषेध गरेको छ। त्यसैगरी, भू-उपयोग ऐन (२०७६) र भू-उपयोग नियमावली (२०७९) ले भू-उपयोगको प्रकार वर्गीकरण र संरक्षण गर्ने प्रावधानहरू राखेका छन् (जसले एक प्रकारको भू-उपयोगलाई अर्को प्रकारमा रूपान्तरण गर्न कठिन बनाउँछ)।

- वन क्षेत्रको रणनीति (२०१६-२०२५), राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४), वातावरण संरक्षण ऐन (२०७६) र वातावरण संरक्षण नियमावली (२०७७) वातावरण, प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको संरक्षणका प्रमुख रणनीतिक दस्तावेज हुन्। यी ऐन र नियमहरूले वनलाई अन्य भू-उपयोगमा परिणत गर्न र प्राकृतिक वनलाई वृक्षारोपणले प्रतिस्थापन गर्न अनुमति दिंदैनन्। नेपालको समुदायमा आधारित वन प्रणाली र तिनका व्यवस्थापन योजनाहरूले पनि प्राकृतिक वनलाई प्राकृतिक वनकै रुपमा राख्न महत्त्वपूर्ण भूमिका खेल्छन्। एफसीपीएफ उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज अनुसार समुदायमा आधारित वनको सुधारिएको व्यवस्थापनले रूखको अनियमित कटान घटाउनुका साथै समुदायलाई संघीय वन अतिक्रमण नियन्त्रण नीति अनुसार काम गर्न अवसर दिन्छ।

- नीति (२०७६) ले का नकारात्मक प्रभावको जोखिममा रहेका पारिस्थितिकीय प्रणालीहरूको उत्थानशीलतामा जोड दिन्छ (उद्देश्य ७.२), साथै जलवायु उत्थानशील पारिस्थितिकीय प्रणाली विकास गरी दिगो वातावरणीय सेवा सुनिश्चित गर्न मार्गदर्शन गर्दछ (रणनीति ८.२)। यी पारिस्थितिकीय प्रणालीहरूमा नदी, सिमसार, वन आदि समावेश छन्।

- वन ऐन (२०७६) ले सरकारलाई वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक र सांस्कृतिक दृष्टिले राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा महत्वपूर्ण ठानिएका वनलाई वन संरक्षण क्षेत्रका रुपमा घोषणा गर्न अधिकार दिएको छ (दफा१५) । त्यसै गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन (२०२९) अनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रको घोषणा र व्यवस्थापन गर्न सकिन्छ (दफा ३;३(क)) । वन ऐन अन्तर्गतको वन संरक्षण क्षेत्र घोषणा गर्न देहायका आधार लिइएको छ: (क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको; (ख)जलधार संरक्षणको हिसाबले संवेदनशील देखिएको, (ग)संरक्षित क्षेत्र बाहिर रहेका वन, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न उपयुक्त देखिएको; वा (घ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको ।

- कार्बन सञ्चिति र पारिस्थितिकीय प्रणालीको उत्थानशीलता वृद्धि गर्ने र दिगो वन व्यवस्थापन प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय रेड रणनीति (२०१८) को तर्जुमा गरिएको हो । उदाहरणका लागि, यसको क्रियाकलाप २.१ मा भनिएको छ: "भूरिधि तहमा एकीकृत संरक्षण, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन उपायहरू र सहभागितामूलक पर्यापर्यटन प्रणालीहरू प्रवर्धन गर्दै वन क्षेत्र, संरक्षित क्षेत्रहरू र जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनमा सुधार गरिने छ"।

- रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन (२०१४) ले एकातर्फ राष्ट्रिय रेड रणनीति र एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको तर्जुमा गर्न महत्वपूर्ण जानकारी प्रदान गऱ्यो भने अर्को तर्फ यसले ले प्राकृतिक वनको परिवर्तन नगर्दा हुन सक्ने सम्भावित सामाजिक र वातावरणीय प्रभाव र लाभहरू मूल्यांकन गर्यो । उदारहरणका लागि वातावरण मैत्री पूर्वाधार विकासको प्रवर्द्धन गर्नु र दाउराको दिगो व्यवस्थापन गर्न यसले सुझाब दिएको देखिन्छ। प्राकृतिक वनका लागि रेडप्लस ले पहिचान गरेका जोखिमहरूमा वन र निजी वृक्षारोपणमा पहुच बढ्दा यसबाट वनको अतिक्रमण र कृषिको विस्तार भई, वन्यजन्तुका वासस्थान हराउने वा खंडित हुने संभावना रहन्छ। त्यसैले रेडप्लसका सात क्रियाकलाप मध्ये एकले रूपान्तरणको जोखिम

घटाउन "*पूर्वाधार विकाससँग सम्बन्धित वनक्षेत्रको परिवर्तन घटाउन एकीकृत भू-उपयोग योजना लागू गर्नु हो*" भने त्यसको लागि "*सबै प्रकारका वनको भू-उपयोग परिवर्तनका लागि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन र अनुपालन सुनिश्चित गर्नु*" रणनीतिक उपाय हो ।

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वनको नक्साङ्कन र सर्वेक्षण गर्ने  साथै राष्ट्रिय वन अनुगमन प्रणालीको तर्जुमा, सञ्चालन र अद्यावधिक गर्ने केन्द्रीय केन्द्रीय आधिकारिक निकाय हो। को अन्तरसरकारी मञ्चले विकास गरेको भू-उपयोग, भू-उपयोग परिवर्तन र वनको असल अभ्यास मार्गदर्शनको कार्यविधि ढाँचा अनुसरण गरी स्रोतबाट उत्सर्जन र भण्डारबाट अवशोषणको आँकलन गर्ने विधिबाट  राष्ट्रिय वन अनुगमन प्रणाली संचालन हुन्छ [163]।यस केन्द्रले राष्ट्रिय भू आवरण अनुगमन प्रणाली समेत विकास गरेको छ[164], जसबाट सन् २०००-२०१९ बीचको देश भरिको भू आवरण तथ्याङ्क सबैको पहुँचमा पुर्याएको छ (यसका विवरणमा वन, झाडिबुट्यान, घासेमैदान, कृषिभूमि र अन्य भू-आवरणहरूको सूचना उपलब्ध छन् )।यस देशका प्रमुख पारिस्थितिकीय प्रणाली र तिनका सेवाहरूको नक्सांकन गर्ने उद्देश्यले यस केन्द्रले सन् २०२०-२०२२ मा पारिस्थितिकीय प्रणाली र वनका प्रकारहरूको नक्सांकन कार्यक्रम समेत संचालन गरेको थियो । केन्द्रले दूरसंवेदन तथा मानचित्रण प्रयोगशाला[165] मार्फत् वनको क्षेत्रफलमा आएको परिवर्तनको अनुगमन, संघीय, प्रादेशिक, जिल्लागत तथा स्थानीय तह स्तरका वनस्रोत नक्साहरूको उत्पादन, भू-उपयोग तथा भू-उपयोग परिवर्तनका नक्सा उत्पादन र यी विषयमा सूचना सम्प्रेषण गर्दै आएको छ ।

**सामाजिक र वातावरणीय प्रभावको मूल्याङ्कन, नकारात्मक प्रभावको न्यूनीकरण र सामाजिक तथा वातावरणीय लाभको प्रवर्द्धन**

- नेपालको राष्ट्रिय रेड रणनीति  तथा उत्सर्जन न्यूनीकरण कार्यक्रमहरू मार्फत कार्यान्वयन गरिएका रेडप्लस क्रियाकलापहरूबाट समुदाय र राष्ट्रका लागि विभिन्न प्रकारका कार्बन तथा गैर-कार्बन लाभहरू सिर्जना हुने अपेक्षा गरिएको छ। कार्बन लाभ भन्नाले वन विनाशमा कमी, वन क्षयीकरणमा कमी, तथा वन पुनरुत्पादन/वृक्षारोपण/पुनःरोपण जस्ता गतिविधिहरू मार्फत हरितगृह ग्यास उत्सर्जनमा कमी वा अवशोषण क्षमतामा वृद्धि हुनु हो। गैर-कार्बन लाभ भन्नाले रेडप्लस गतिविधिहरूबाट प्राप्त हुने दिगो विकाससम्बन्धी व्यापक लाभहरू जनाउँछ, जसमा उदाहरणका रूपमा स्थानीय जीविकोपार्जनमा सुधार, वन सुशासन सुदृढीकरण, वन स्वामित्व तथा अधिकारको सुनिश्चितता, र जैविक विविधता तथा पारिस्थितिकीय सेवाहरूको संरक्षण वा अभिवृद्धि समावेश छन्।

- अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं.१६९ ले हस्ताक्षरकर्ता राष्ट्रका सरकारहरूलाई आदिवासी जनजातिका व्यक्ति, संस्था, सम्पत्ति, श्रम, संस्कृति तथा वातावरणको संरक्षणका लागि आवश्यकताअनुसार विशेष उपायहरू अवलम्बन गर्न प्रतिबद्ध गराउँछ। यस महासन्धिले आदिवासी जनजातिमा पर्न सक्ने विकास हस्तक्षेपहरूको सम्भावित प्रभावको मूल्याङ्कन गर्नुपर्ने र आवश्यक परे सम्बन्धित समुदायहरूसँगको सहकार्यमा अध्ययनहरू सञ्चालन गर्नुपर्ने व्यवस्था गर्दछ। रेडप्लस कार्यक्रमहरूमा यो महासन्धीका प्रावधानहरू पालना गर्ने अर्को महत्वपूर्ण माध्यम हो एफपिक हो । एफपिक सम्बन्धी थप विवरण सुरक्षण ग र घ अन्तर्गत दिइएको छ।

---

[163] https://www.ipcc.ch/site/assets/uploads/2018/03/GPG_LULUCF_FULLEN.pdf

[164] http://nepal.spatialapps.net/nlcms

[165] वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र (frtc.gov.np)

- नेपालको संविधान (२०७२), राष्ट्रिय वन नीति (२०७५), राष्ट्रिय वातावरण नीति (२०७६), राष्ट्रिय  नीति (२०७६), वन क्षेत्र रणनीति (२०१६-२०२५), राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४), वातावरण संरक्षण ऐन (२०७६), वातावरण संरक्षण नियमावली (२०७७), खुद-शून्य उत्सर्जन सम्बन्धी दीर्घकालीन रणनीति (२०२१) तथा राष्ट्रिय निर्धारित योगदान लगायत नेपालका नीतिगत तथा कानुनी रूपरेखाहरूले रेडप्लस कार्यक्रमहरू समेत समावेश हुने गरी सबै कार्यक्रमका वातावरणीय तथा सामाजिक लाभ र जोखिमहरूको मूल्याङ्कनको महत्वलाई विशेष रूपमा जोड दिएका छन्।

- वातावरण संरक्षण ऐन (२०७६) र वातावरण संरक्षण नियमावली (२०७७) बमोजिम नेपालमा परियोजना तथा कार्यक्रम तहको वातावरणीय मूल्याङ्कन प्रणाली स्थापित गरिएको छ। यस प्रणालीले कुन प्रकारका परियोजना/कार्यक्रमहरूले वातावरणीय मूल्याङ्कन अनिवार्य रूपमा गर्नुपर्ने, कुन परियोजनाका लागि थप विस्तृत अध्ययन आवश्यक पर्ने, तथा स्थानीय समुदायको व्यापक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था स्पष्ट रूपमा निर्धारण गर्दछ। अनिवार्य प्रभाव मूल्याङ्कनलाई परियोजनाको आकार र प्रकृतिका आधारमा तीन वर्गमा विभाजन गरिएको छ: "संक्षिप्त वातावरणीय अध्ययन , प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन"। उदाहरणका लागि, राष्ट्रिय स्तरका परियोजनाहरूको हकमा राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाहरू, एकभन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने परियोजनाहरू, तथा नेपाल सरकारले निर्दिष्ट गरेका अन्य परियोजनाहरूका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण आवश्यक पर्ने व्यवस्था रहेको छ।

- राष्ट्रिय रेड रणनीति (२०१८) ले आफ्नो दूरदृष्टि, उद्देश्य तथा रणनीतिक क्रियाकलापहरूमा वातावरणीय तथा सामाजिक लाभहरूको मूल्याङ्कन र अभिवृद्धिलाई विशेष जोड दिएको छ। यसको दूरदृष्टि अनुसार वन पारिस्थितिकीय प्रणालीबाट प्राप्त कार्बन तथा गैर-कार्बन लाभहरूको अभिवृद्धिले नेपाली जनताको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य राखिएको छ। रणनीतिको उद्देश्य भनेको सरोकारवालाहरूको क्षमता, दक्षता तथा समावेशिता अभिवृद्धि गर्दै सुधारिएका नीति, उपाय तथा संस्थागत व्यवस्थामार्फत उत्सर्जन न्यूनीकरण तथा बढ्दो वातावरणीय, सामाजिक र आर्थिक लाभका लागि वन पारिस्थितिकीय प्रणालीको उत्थानशीलता सुदृढ गर्नु हो। यस रणनीतिका एक प्रमुख कार्यहरूमा राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजनाहरूका लागि वनक्षेत्र प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु हो । सन् २०१४ मा सञ्चालन गरिएको रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कनले रणनीति तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम (तल थप विस्तृत विवरण प्रस्तुत गरिएको) को विकास प्रक्रियालाई मार्गदर्शन गरेको थियो र सम्भावित विभिन्न लाभहरूका साथै न्यूनिकरण गर्नुपर्ने वा हटाउनु पर्ने सम्भावित नकारात्मक प्रभावहरू समेत पहिचान गरेको थियो। यस रणनीतिको सन् २०२३ मा पुनरावलोकन गरिएको थियो, जसले अघिल्लो रणनीतिको प्रभाव सम्बन्धी जानकारी प्रदान गर्दै नयाँ रणनीति तर्जुमा प्रक्रियामा आधार उपलब्ध गराएको छ। पुनरावलोकनले गैर-कार्बन लाभहरूको अनुगमन सम्बन्धी व्यवस्थाको अभावलाई चुनौतीका रूपमा उल्लेख गरेको छ र नयाँ रणनीतिमा गैर-कार्बन लाभहरूको आधार तह निर्धारण तथा कार्यसम्पादन मापनको व्यवस्था समावेश हुन सक्ने औंल्याएको छ।

- एफसीपीएफ रेडप्लस तयारी अनुदानका लागि नेपालद्वारा सन् २०१० मा तयार गरिएको तयारी प्रस्तावना दस्तावेजले सम्भावित नकारात्मक प्रभावहरूबाट बच्न तथा लाभ सुनिश्चित गर्न रेड रणनीतिक विकल्पहरूको रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन आवश्यक रहेको कुरामा विशेष जोड दिएको थियो। सोही अनुसार सन् २०१३ मा सो मूल्याङ्कनको कार्यारम्भ गरिएको थियो भने प्रस्तावित रेडप्लस रणनीतिहरूका

लागि सञ्चालन गरिएको थियो। सो मूल्याङ्कन प्रतिवेदनमा[166] सरोकारवाला विश्लेषण; नेपालका वन क्षेत्रको सामाजिक तथा वातावरणीय आधार तहको अवस्था; कानुनी, नियामक तथा नीतिगत व्यवस्था; रेडप्लस रणनीतिक विकल्पहरू र कार्यान्वयन संरचनाको रूपरेखा; सम्भावित सकारात्मक तथा नकारात्मक प्रभावहरूको विश्लेषण; तथा वातावरणीय तथा सामाजिक अनुगमन खाकाको तर्जुमा र यसको कार्यान्वयनका आवश्यकता सम्बन्धी विषयहरू समेटिएका छन्।राष्ट्रिय तथा जिल्लास्तरका बहु-सरोकारवाला परामर्शहरू मार्फत प्रस्तावित हस्तक्षेपहरूबारे छलफल गरिएको, सम्भावित सामाजिक तथा वातावरणीय प्रभावहरू पहिचान गरिएको, र वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणका उपायहरूको समीक्षा गरिएको थियो। रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कनले संस्थागत व्यवस्था, कार्यविधि तथा कार्यप्रणालीसमेत स्पष्ट गर्दै उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन स्थलहरूका लागि सिफारिस गरिएको स्क्रिनिङ प्रक्रिया प्रस्तुत गरेको छ। साथै, प्रारम्भिक वातावरणीय तथा सामाजिक परीक्षण, वातावरणीय तथा सामाजिक प्रभाव मूल्याङ्कन, यसको स्कोप निर्धारण, तथा न्यूनीकरण उपायहरूको पहिचानसम्बन्धी मार्गदर्शन पनि प्रदान गरेको छ।

- ऐफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको सन्दर्भमा, यसको तर्जुमा चरणमा वन तथा वाताबरण मन्त्रालय तथा रेड कार्यान्वयन केन्द्रले प्रस्तावित सात रेडप्लस कार्यहरूका सम्भावित सामाजिक तथा वातावरणीय जोखिम र लाभहरूको थप मूल्याङ्कन वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका मार्फत गरेका थिए। सम्भावित जोखिम तथा लाभहरू उत्सर्जनन न्यूनीकरण कार्यक्रमका जिल्लाहरूमा आयोजना गरिएका सरोकारवाला परामर्श गोष्ठी मार्फत पहिचान, छलफल तथा अन्तिम रूप प्रदान गरिएको थियो। इआरपीडीमा रेडप्लस कार्यहरूको कार्यान्वयनबाट अपेक्षित विभिन्न सामाजिक तथा वातावरणीय लाभ तथा जोखिमहरूको विवरण सूचीकृत गरिएको छ।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका क्रियाकलापहरू राष्ट्रिय रेड रणनीति(२०१८) मा उल्लेखित क्रियालापहरुमा आधारित छन्, तथापि यस कार्यक्रमले सम्भावित प्रभावहरूलाई थप विचार गर्दै लाभहरूको अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। सम्भावित सामाजिक तथा वातावरणीय प्रभावहरूबारे सरोकारवालाहरूलाई जानकारी गराइँदै आएको छ, र ती प्रभावहरूका बारेमा उनीहरूको धारणा छलफल तथा अभिलेखीकरण गरिएको छ। कार्यक्रमको परामर्श प्रक्रिया तथा सहभागितामूलक कार्यान्वयनले उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रभित्र सामाजिक तथा वातावरणीय लाभहरू अभिवृद्धि हुने अपेक्षा गरिएको छ। लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका क्रियाकलापहरूको मात्रा र कार्यक्षेत्र अन्तिम भएपछि ती क्रियाकलापहरू वातावरण संरक्षण नियमावली (२०७७) का अनुसूचीहरू अन्तर्गत पर्छन् कि पर्दैनन् तथा थप वातावरणीय र सामाजिक मूल्याङ्कन आवश्यक छ कि छैन भन्ने विषयमा स्क्रिनिङ गरिनेछ।

## यस सुरक्षणलाई कसरी पालना गरिएको छ?

### प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाहरूको पहिचान

- माथि उल्लेख गरिएअनुसार, राष्ट्रिय भू-आवरण अनुगमन प्रणालीले वन, झाडीबुट्यान क्षेत्र, घाँसे मैदान, कृषि भूमि तथा अन्य भू-उपयोग समेट्छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको दूरसंवेदन तथा मानचित्रण प्रयोगशालाले वन आवरणमा भएका परिवर्तनहरूको अनुगमन गर्दछ, तथा राष्ट्रिय, प्रादेशिक, जिल्ला र स्थानीय

[166] https://www.forestcarbonpartnership.org/system/files/documents/Annex%201%20-%20Nepal%20draft%20SESA%20and%20ESMF%20Reports.pdf

तहमा वन स्रोतसम्बन्धी नक्साहरू तयार गर्छ। यसका साथै, भूमि उपयोग/भू-आवरण नक्साहरू निर्माण गर्ने, सम्बन्धित विषयहरू पहिचान गर्ने तथा सो सम्बन्धी जानकारी प्रसार गर्ने कार्य पनि गर्दछ।

- माथि उल्लिखित भएजस्तै, २०१६ मा तराइ भूपरिधिमा एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि भूमिअधिकार र प्राकृतिक स्रोतको उपयोग सम्बन्धी मूल्याङ्कन सम्पन्न गरिएको थियो[167]।

- लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन हुने क्षेत्रले देशका समृद्ध जैविक विविधता भएका क्षेत्रहरूको ठूलो भाग समेटेको छ, जसमध्ये बाँके राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, लाङटाङ राष्ट्रिय निकुञ्ज, शिवपुरी-नागारजुन राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, ढोरपाटन शिकार आरक्ष र अन्नपूर्ण संरक्षण क्षेत्र प्रमुख छन्। नेपालको पाँचवटा संरक्षण भूपरिधि मध्ये, यस क्षेत्रमा तराई भूपरिधि र चितवन-अन्नपूर्ण भूपरिधिका केही भाग पनि समावेश छन्। साथै यस क्षेत्रमा विभिन्न प्रकारका वनका प्रकारहरू रहेका छन्।

**प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवालाई परिवर्तन नगर्ने र तिनको सुरक्षा र संरक्षण प्रवर्धन गर्न प्रोत्साहन गर्ने**

- नेपालको राष्ट्रिय रेड रणनीति, एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम र लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रममा समेटिएका रेडप्लस कार्यहरू प्रतिकूल प्रभावबाट बच्ने र प्राकृतिक वन तथा अन्य प्राकृतिक पारिस्थितिकीय प्रणाली, जैविक विविधता र पारिस्थितिकीय सेवाहरूको संरक्षण प्रवर्द्धन गर्ने उद्देश्यले नेपालका कानुनी संरचना अनुरूप तर्जुमा गरिएका छन्। उदाहरणका लागि, राष्ट्रिय रेड रणनीतिको रणनीति २.१ अन्तर्गत समग्र संरक्षण, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन र सहभागितामूलक पर्यापर्यटन प्रवर्द्धन गरी वन, संरक्षित क्षेत्र र जलाधारको व्यवस्थापन तथा संरक्षणमा सुधार गर्ने लक्ष्य राखिएको छ भने रणनीति ११.४ अन्तर्गत राष्ट्रिय प्राथमिकता प्राप्त विकास परियोजनाहरूले वनक्षेत्र प्रयोग गर्दा प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने लक्ष्य राखिएको छ। एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको सातौं क्रियाकलापको रुपमा विद्यमान संरक्षित क्षेत्रहरूको व्यवस्थापन सुधार गर्नु हो भने लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम क्षेत्रमा कार्यान्वयनका लागि डी.व.का.का व्यवस्थापन योजनामा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, संरक्षित क्षेत्रको व्यवस्थापनमा सहयोग, वनको प्राकृतिक पुनरुत्पादनमा सहयोग जस्ता गतिविधिहरू समावेश छन्, जसले प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाहरूको संरक्षणमा योगदान पुऱ्याउँछन्।

- तथापि, हालको अवस्थामा प्राकृतिक वन, पारिस्थितिकय प्रणाली, जैविक विविधता तथा पारिस्थितिकीय सेवाहरूको संरक्षणसँग सम्बन्धित रेडप्लस कार्यहरूबाट प्राप्त उपलब्धिहरूबारे हामीसंग हाल सीमित जानकारी मात्र उपलब्ध छ। पहिलो उत्सर्जन न्यूनीकरण मापन प्रतिवेदन अनुसार सन् २०१८ देखि २०२१ को अवधिमा १,५४,७६६ हेक्टर वन क्षेत्रमा सुधारिएको वन व्यवस्थापन अभ्यास लागू गरिएको थियो, र एफसीपीएफ कार्यक्रमबाट ६ वटा संरक्षित क्षेत्रहरूको व्यवस्थापनमा सुधार गरिएको थियो। वन विनाशका कारणहरूलाई पनि सम्बोधन गरिएको थियो: दाउराका लागि हुने वन विनाशलाई वैकल्पिक ऊर्जा स्रोत (बायोग्यास तथा सुधारिएको चुलो) मार्फत् न्यूनीकरण गरिएको थियो भने कार्यक्रम क्षेत्रका स्थानीय तहहरूसंग समन्वय गरी उनीहरूको

[167] https://pdf.usaid.gov/pdf_docs/PA00MN1N.pdf

स्थानीय तहका  एकीकृत भू-उपयोग योजना मार्फत पूर्वाधार विकासका लागि हुने वनक्षेत्र परिवर्तन हुने दर घटाइएको थियो[168]।

- लिफ कार्यक्रमका सन्दर्भमा कुरा गर्दा, कार्यक्रम क्षेत्रमा रहेको वनले ढाकेको क्षेत्रलाई व्यवस्थापन/स्वामित्व श्रेणीका आधारमा वर्गीकरण गर्दा २१.४% वन क्षेत्र संरक्षित क्षेत्रभित्र पर्छ भने १% भन्दा कम निजी स्वामित्वमा रहेको छ। साथै, ट्रीज गणना क्षेत्रका लागि क्रियाकलाप तथ्याङ्क नक्सा तयार गर्न राष्ट्रिय भू आवरण अनुगमन प्रणाली प्रयोग गरिएको छ, र प्राकृतिक तथा वृक्षारोपण गरिएका वन क्षेत्रका विशेषताहरू *सीइओ* विधि प्रयोग गरी संकलन तथा अनुमान गरिएको छ। ट्रीज गणना क्षेत्रमा वृक्षारोपण गरिएको वनलाई गणनामा समावेश गरिएको छैन, र यदि प्राकृतिक वनलाई रोपिएको वनमा रूपान्तरण गरिएको अवस्था भेटिएमा सीइओ सर्वेक्षण मार्फत पहिचान गरिन्छ, जहाँ त्यस्ता क्रियाकलापलाई अवशोषण नभई उत्सर्जनका रूपमा गणना गरिन्छ।

**सामाजिक र वातावरणीय प्रभावको मूल्याङ्कन, नकारात्मक प्रभावको न्यूनीकरण र सामाजिक तथा वातावरणीय लाभको प्रवर्द्धन**

- नेपालको राष्ट्रिय रेड रणनीति र रेडप्लस   कार्यक्रमहरू सामाजिक र वातावरणीय लाभ प्रवर्द्धन गर्न मूल्याङ्कन र तर्जुमा गरिएको छ। तर कार्यान्वयनको यस चरणमा, यी लाभहरूको उपलब्धि सम्बन्धी सीमित जानकारी मात्र उपलब्ध छ, यद्यपि निकट भविष्यमा थप जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ।

- राष्ट्रिय रेड रणनीति (२०१८) हाल समीक्षा प्रक्रियामा छ, जसले अघिल्लो रणनीतिको प्रभावहरूबारे जानकारी प्रदान गर्नेछ र प्रस्तावित नयाँ राष्ट्रिय रेड रणनीतिमा योगदान पुऱ्याउनेछ।

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि कार्यान्वयन भइरहेका रेडप्लस क्रियाकलापहरूले विभिन्न सामाजिक र वातावरणीय लाभ प्रवर्द्धन गर्न योगदान पुऱ्याएका छन्। पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन र सम्बन्धित परिशिष्टहरू (प्राथमिक गैर-कार्बन लाभ सम्बन्धी परिशिष्ट ३) विश्व बैंकमा बुझाएपछि सार्वजनिक गरिनेछ, जुन प्रमाणिकरण र सत्यापन प्रक्रिया पूरा भएपछि हुनेछ।

- लिफ कार्यक्रमको हाल जारी परामर्श प्रक्रियामा पनि वन र अन्य पारिस्थितिकीय प्रणालीमा पर्ने प्रभावहरू सहित क्रियाकलापहरूका सम्भावित सामाजिक र वातावरणीय प्रभावहरू समेत छलफल गरिनेछ।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा यस सिद्धान्तलाई कसरी सम्बोधन र पालना गर्नुपर्छ भन्ने बारे स्पष्ट गर्दछन् भने भविष्यमा यस विषयमा थप विस्तृत रूपमा प्रतिवेदनमा समावेश गरिनेछ:

**मापदण्ड ङ१:  रेडप्लस   रणनीति र कार्यक्रमहरूले रेडप्लस   क्रियाकलाप र कार्यहरूबाट सम्भावित प्रभाव पर्ने प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाहरूको पहिचान, प्राथमिकता निर्धारण र नक्साङ्कन गर्छन्:**

---

[168]https://www.forestcarbonpartnership.org/sites/default/files/documents/nepal_ermr_ghg_accounting_nov_2023_final.pdf

- ङ1.1 रेडप्लस क्षेत्रहरूमा समेत रेडप्लस रणनीति र कार्यक्रमसँग सम्बन्धित प्राकृतिक वन, अन्य महत्वपूर्ण पारिस्थितिकीय प्रणालीहरू र जैविक विविधताको पहिचान गर्ने कार्य कानून सम्मत् हुन्छन् । (सम्बोधन)

- ङ1.2 प्राकृतिक वन, जैविक विविधता तथा पारिस्थितिक सेवाहरू–जसमा महत्वपूर्ण तथा संकटापन्न वनस्पति र वन्यजन्तु प्रजातिहरू समेत समावेश छन्–जुन रेडप्लस कार्यक्रमहरूबाट सम्भावित रूपमा प्रभावित हुन सक्छन्, तिनको पहिचान, प्राथमिकीकरण तथा नक्साङ्कन गरिएको छ, र रेडप्लस कार्यहरूको सान्दर्भिक लाभ तथा जोखिमहरूको मूल्याङ्कन गरिएको छ, जसमा स्थानीय ज्ञान भएकाहरूसँग परामर्शसमेत समावेश गरिएको छ। (पालना)

**मापदण्ड ङ2: रेडप्लस रणनीति र कार्यक्रमहरूले पहिचान गरिएका प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाका प्राथमिकताहरूलाई निरन्तरता दिदै प्रवर्द्धन गर्दछन्:**

- ङ2.1 रेडप्लस कार्यक्रमहरूले पहिचान गरिएका प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाका प्राथमिकताहरूको निरन्तरता र प्रवर्द्धन गर्नका लागि उपायहरू पहिचान गर्छन्, जसमा तिनीहरूको संरक्षणका लागि प्रोत्साहनहरू पनि समावेश हुन्छन् (सम्बोधन)

- ङ2.2 रेडप्लस कार्यहरू लागू गर्दा पहिचान गरिएका प्राकृतिक वन र जैविक विविधता तथा पारिस्थितिकीय सेवाका लागि महत्वपूर्ण स्थलहरू सुरक्षित र प्रवर्द्धन गरिएका हुन्छन् (पालना)

**मापदण्ड ङ3: पहिचान भएका जैविक विविधता तथा पारिस्थितिकीय सेवाहरूको निरन्तरता र अभिवृद्धिका लागि महत्वपूर्ण मानिएका प्राकृतिक वन वा अन्यक्षेत्रहरूको रेडप्लस कार्यक्रमहरूले परिवर्तन वा क्षयीकरण गर्दैनन्:**

- ङ3.1 प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूको परिवर्तन वा क्षयीकरणको जोखिम घटाउन कानुनी संरचना तथा उपचार उपलब्ध छन् (सम्बोधन)

- ङ3.2 रेडप्लस कार्यान्वयनका कारण प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूको परिवर्तन वा क्षयीकरण भएको छैन भन्ने रेडप्लस रणनीति र कार्यक्रमहरूको अनुगमनबाट प्रमाणित हुन्छ (पालना)

**मापदण्ड ङ४: रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन, जैविक विविधता र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूको संरक्षणमा योगदान पुर्‍याउँछन्:**

- ङ4.1 रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको संरक्षणका लागि राष्ट्रिय र स्थानीय नीतिहरूका उद्देश्यहरूलाई समर्थन गर्छन् (सम्बोधन)
- ङ4.2 रेडप्लस कार्यहरू प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको संरक्षणमा योगदान पुर्‍याउने गरी तर्जुमा र लागू गरिन्छन् (पालना)

**मापदण्ड ङ5: रेडप्लस रणनीति र कार्यक्रमहरूको पूर्वानुमानित र वास्तविक सामाजिक तथा वातावरणीय सकारात्मक र नकारात्मक प्रभावहरू मूल्याङ्कन गरिन्छ, साथै नकारात्मक प्रभाव कम गर्न र सामाजिक तथा वातावरणीय लाभ बढाउन कार्यक्रमहरू समायोजन गरिन्छन्:**

- ङ5.1 रेडप्लस  सम्बन्धी सामाजिक र वातावरणीय प्रभावहरूको मूल्याङ्कन र सम्भावित नकारात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू कानुनी संरचना र प्रक्रिया अनुरुप छन् (सम्बोधन)

- ङ5.2 रेडप्लस  रणनीति र कार्यक्रमहरूको सम्भावित सामाजिक र वातावरणीय सकारात्मक र नकारात्मक प्रभावहरू मूल्याङ्कन गरिन्छ, र नकारात्मक प्रभाव घटाउने तथा लाभ प्रवर्द्धन गर्ने उपायहरू पहिचान गरिन्छ (पालना)

- ङ5.3 रेडप्लस  रणनीति र कार्यक्रमहरूले आफ्ना सामाजिक र वातावरणीय प्रभावहरू अनुगमन गर्छन् र सामाजिक तथा वातावरणीय लाभको सुनिश्चितता‌मा योगदान पुऱ्याउँछन् (पालना)

- ङ5.4 रेडप्लस  रणनीति र कार्यक्रमहरूले अनुकूलन व्यवस्थापन विधिबाट नकारात्मक प्रभाव कम गर्ने र जैविक विविधता र पारिस्थितिकीय सेवाहरू सहित वातावरणीय तथा सामाजिक लाभ प्रवर्द्धन गर्ने कार्य गर्छन्, (पालना)

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- जैविक विविधता, पर्यापर्यटन तथा जलस्रोत लगायतका रेडप्लसका गैर-कार्बन लाभहरूको खास गरी स्थानीय स्तरमा  व्यवस्थित मापन र दस्तावेजीकरण गर्न सकिएको छैन । नयाँ बन्ने राष्ट्रिय रेड रणनीतिले उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूको तर्जुमा गर्दा नै गैर-कार्बन लाभहरूको आधार तह  निर्धारण गर्ने र कार्बन नतिजा सँगै तिनको समेत कार्यसम्पादन मापन गर्ने व्यवस्था मिलाउन विचार गर्नुपर्छ।

- विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमले सामाजिक र वातावरणीय  लाभमा गरेको योगदान सम्बन्धी विवरण समावेश भएको पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदनको सुरक्षण सम्बन्धी अनुसूची हाल सम्म सार्वजनिक गरिएको छैन, तर भविष्यमा उपलब्ध हुने अपेक्षा गरिएको छ।

- रेडप्लस  कार्यक्रमहरूको तर्जुमा चरणमा परामर्श भएको भए तापनि वनमा निर्भर समुदायहरूसँग नियमित परामर्श गर्न र रेडप्लस गतिविधिहरूको अभिन्न अंगको रूपमा जीविकोपार्जन रणनीतिहरू विकास गर्नु पर्ने देखिएको छ । यसबाट रेडप्लस  कार्यहरूले समुदाय स्तरमा लाभ सुनिश्चित गर्न सक्छ।

**सुरक्षण (च) : पुन:उत्सर्जन (रिभर्सल) हुने जोखिम सम्बोधनका लागि गरिने क्रियाकलापहरू**

**व्याख्यात्मक टिप्पणी:**

रेडप्लस रणनीति तथा कार्यक्रमहरूले "भविष्यमा पुन:उत्सर्जन वृद्धि हुने" (रिभर्सल) जोखिमलाई सम्बोधन गर्न साथै पछि हुन सक्ने वन कार्बन उत्सर्जन रोक्न आवश्यक कार्यहरूको पहिचान तथा कार्यान्वयन सुनिश्चित गर्नेछन्।

**व्याख्याका मुख्य तत्वहरू:**

- भविष्यमा हुन सक्ने पुनःउत्सर्जन (रिभर्सल) का जोखिमहरू परिभाषित गरिन्छ र मूल्याङ्कन गरिन्छ, र कम गर्ने योजना तर्जुमा गरिन्छ।

- पुनःउत्सर्जन (रिभर्सल)का घटनाहरू पत्ता लगाउने उद्देश्यले विज्ञहरू, वन प्रशासन तथा स्थानीय समुदायलाई परिचालन गरी राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहमा वन अनुगमन तथा वनसँग सम्बन्धित उत्सर्जन र वन कार्बन सञ्चितिमा हुने परिवर्तन (पुनःउत्सर्जनका घटनासहित) को मूल्याङ्कन गरिनेछ।।

**भूमिका र जिम्मेवारीहरू**

- पुन: उत्सर्जन (रिभर्सल) को जोखिम सम्बोधन गर्ने कार्यका लागि वन तथा वातावरण मन्त्रालय र यस मातहतका महाशाखा, विभाग र केन्द्रहरू, प्रादेशका वन तथा वातावरण मन्त्रालय र डी.व.का.हरू जिम्मेवार छन् ।

- डी.व.का.हरू र संरक्षित क्षेत्र कार्यालयहरूले आ-आफ्ना क्षेत्राधिकार भित्र भएका भू-उपयोग परिवर्तन र वन सम्बन्धी जानकारीको अनुगमन, मापन, र अद्यावधिक गरी क्रमश: वन तथा भू-संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा वार्षिक रुपमा पेश गर्छन् । विभागहरूले यस्ता जानाकारी आफ्नो तथ्याङ्क भण्डारमा राखी अद्यावधिक गर्छन् र वार्षिक प्रतिवेदनमा सारांश प्रकाशित गर्दछन्।

- यसका अतिरकिक्त, वन तथा वातावरण मन्त्रालय को योजना, अनुगमन तथा समन्वय महाशाखाले मन्त्रालयका विभागहरू र अन्य मातहत निकायहरूका सबै अनुगमन क्रियाकलापहरूको समन्वय गर्छ।

- यसका साथै, समुदायमा आधारित वन व्यवस्थान समूहहरू आफ्नो कार्यक्षेत्रभित्र पुनःउत्सर्जन (रिभर्सला) को जोखिम सम्बोधन गर्न नीतिहरू तथा रणनीतिहरू कार्यान्वयन गर्ने जिम्मेवार संस्थाहरू हुन्। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र नियमित अनुगमन गर्ने र पुनःउत्सर्जनका घटनाहरू भएमा तिनको पहिचान गर्ने निकाय हो। वन तथा वातावरण मन्त्रालय र रेड कार्यान्वयन केन्द्र पुनःउत्सर्जनका जोखिमहरूको मूल्याङ्कन तथा तिनलाई उपयुक्त रूपमा सम्बोधन गर्न आवश्यक नीतिहरू र रणनीतिहरू विकास गर्ने जिम्मेवार निकायहरू हुन्। रेड कार्यान्वयन केन्द्रका प्रमुख जिम्मेवारीमध्ये वन कार्बन दर्ता प्रणाली (कार्बन रजिष्ट्री) तथा राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना गर्नु, साथै कार्बन मापन, प्रतिवेदन तयारी तथा प्रमाणीकरणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसंग समन्वय गर्नु पनि हो।

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले राष्ट्रिय वन अनुगमन प्रणालीको रूपरेखा तयार गर्ने, सञ्चालन गर्ने तथा अद्यावधिक गर्ने केन्द्रीय निकायको रूपमा कार्य गर्दै आएको छ, र यस अन्तर्गतको वन सर्वेक्षण तथा कार्बन अनुगमन महाशाखा वन अनुगमन प्रणालीका लागि केन्द्र बिन्दुका रूपमा रहेको छ। यो केन्द्र राष्ट्रिय भू-उपयोग अनुगमन तथा आवधिक राष्ट्रिय वनस्रोत सर्वेक्षणको लागि पनि जिम्मेवार छ।

**सिद्धान्त "च": रेडप्लस रणनीति तथा कार्यक्रमहरूले परिमाण र सन्दर्भ अनुरुपका उपायहरू अवलम्बन गर्दै, प्रदेश र स्थानीय स्तरका कार्यहरू र, राष्ट्रिय स्तरका नीतिगत पहलहरू तथा प्रभावकारी अनुगमनलाई जोड दिई पुनःउत्सर्जन (रिभर्सल) का जोखिमहरू न्यूनीकरण गर्दछन्।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**पुन:उत्सर्जन (रिभर्सल) जोखिमको परिभाषा र आँकलन गरी न्यूनीकरण योजनाको तर्जुमा**

- पुनःउत्सर्जन (रिभर्सल) त्यतिबेला हुन्छ, जब अघिल्लो चरणमा हासिल गरिएको उत्सर्जन न्यूनीकरण प्राकृतिक विपद्, नीतिगत परिवर्तन तथा अन्य कारणहरू (जस्तै, सरोकारवालाहरूको व्यापक र दिगो समर्थनको अभाव, संस्थागत क्षमताको कमी, कमजोर समन्वय, वा वन विनाश तथा वन क्षयीकरणका मूल कारक तत्वहरूलाई दीर्घकालीन रूपमा सम्बोधन गर्न नसक्नु ) ले निष्प्रभावी वा उल्टिने अवस्था सिर्जना हुन्छ। नेपालमा विद्यमान विभिन्न नीति, कानुन तथा नियमहरूले पुनःउत्सर्जनको जोखिम न्यूनीकरण गर्न योगदान पुर्‍याउँछन्। उदाहरणका लागि, राष्ट्रिय वन नीति (२०७५) ले जोखिम न्यूनीकरणमा सहयोग पुर्‍याउने विभिन्न नीतिगत क्षेत्रहरूलाई प्राथमिकता दिएको छ, जसमा वनको उत्पादकत्व, उत्पादन तथा वातावरणीय सेवाहरू अभिवृद्धि गर्ने; वन तथा वन्यजन्तुको संरक्षण, पुनर्स्थापना र दिगो उपयोग गर्ने; हैसियत बिग्रियएको वनहरूको पुनर्स्थापना गर्ने र विद्यमान वन क्षेत्र घटाउन निषेध गर्ने; वन क्षेत्रमार्फत नेपालको उत्सर्जन न्यूनीकरण लक्ष्यमा योगदान पुर्‍याउने; तथा वन प्रमाणीकरणका लागि दिगो वन व्यवस्थापनको राष्ट्रिय मापदण्ड विकास गर्ने आदि समावेश छन्। वन ऐन (२०७६) तथा वन नियमावली (२०७९) ले वन क्षेत्रलाई अन्य भू-उपयोग प्रणालीमा रूपान्तरण गर्न कडाइका साथ निषेध गरेको छ। ऐनको दफा १२ ले वन क्षेत्रमा बस्ती विकास तथा पुनर्बास गर्न निषेध गर्दछ; दफा ४१ ले वन क्षेत्रलाई अन्य भू-उपयोगमा परिवर्तन गर्न रोक लगाउँछ; दफा ४४ ले पारिस्थितिकीय सेवाहरूको दिगो संरक्षण र प्रवर्द्धनको व्यवस्था गर्दछ; र दफा ४५ ले वन अतिक्रमण, वन विनाश, डढेलो, अवैध कटानी तथा चरिचरन जस्ता वन तथा वातावरणीय अपराधमा मुद्दा चलाउने प्रावधान समावेश गरेको छ।

- यसका अतिरिक्त, राष्ट्रिय भू-उपयोग ऐन (२०७६) तथा भू-उपयोग नियमावली (२०७९) मा भू-उपयोग वर्गहरूको संरक्षण सम्बन्धी प्रावधानहरू रहेका छन्, जसले एक वर्गको भू-उपयोगलाई अर्को वर्गमा परिवर्तन वा रूपान्तरण गर्न कठिन बनाएको छ। नेपालका खुद शून्य-उत्सर्जन दीर्घकालीन रणनीति (२०२१), दोस्रो राष्ट्रिय निर्धारित योगदान (२०२०), राष्ट्रिय वन नीति (२०७५), राष्ट्रिय  नीति (२०७६), राष्ट्रिय रेड रणनीति (२०१८) र राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना (२०१४-२०२०) जस्ता प्रमुख नीतिगत दस्तावेजहरूले पनि पुनःउत्सर्जन (रिभर्सल) का जोखिमहरू सम्बोधन गर्न सहयोग पुर्‍याउँछन्। आ.एल.ओ.सी. १६९, युएनएफसीसीसी अन्तर्गतको पेरिस सम्झौता, तथा अन्तर्राष्ट्रिय महत्वका सिमसारसम्बन्धी रामसार महासन्धि जस्ता विभिन्न सन्धि तथा सम्झौता मार्फत नेपालले व्यक्त गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूले पनि वातावरणीय क्षयीकरण र कार्बन उत्सर्जनका जोखिम न्यूनीकरण गर्दै दिगो विकासको मार्ग अनुसरण गरी जलवायु प्रभावहरू कम गर्ने दीर्घकालीन रणनीति अवलम्बन गरिएको दाबीलाई सुदृढ बनाउँछन्। वन संरक्षण तथा दिगो वन व्यवस्थापनलाई प्रोत्साहन गर्नुले पनि पुनःउत्सर्जनका जोखिमहरू घटाउन सहयोग गर्दछ। उदाहरणका लागि, स्थानीय समुदायको बढ्दो भूमिकालाई ध्यानमा राख्दै नेपालको वन ऐन (२०७६) तथा वन नियमावली (२०७९) ले सामुदायिक वन उपभोक्ता समूहहरूलाई थप कानुनी अधिकार प्रदान गरेका छन्, जसले उनीहरूलाई दिगो वन व्यवस्थापनमा निरन्तर संलग्न रहन  प्रोत्साहित गर्दछ। रेडप्लस उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनबाट प्राप्त नतिजामा आधारित भुक्तानी मध्ये ८०% लाभ वन विकास कोष मार्फत समुदायस्तरमा प्रवाह गर्ने व्यवस्था (वन ऐन २०७६, दफा ४५) ले स्थानीय स्तरमा वन व्यवस्थापन प्रति सशक्त स्वामित्व विकास गर्ने सरकारी रणनीतिको उदाहरण हो, जसले नेपालभित्र मानव-सृजित पुनःउत्सर्जनका जोखिम न्यूनीकरणमा योगदान पुर्‍याउँछ।

- रेडप्लस कार्यक्रमहरूको सन्दर्भमा, राष्ट्रिय रेड रणनीति (२०१८) ले वन विनाश तथा वन क्षयीकरणका आधारभूत कारक तत्वहरूलाई सम्बोधन गर्दै दिगो जीविकोपार्जन प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ, जसले पुनःउत्सर्जन

(रिभर्सल) का जोखिमहरू उल्लेखनीय रूपमा न्यूनीकरण गर्ने अपेक्षा गरिएको छ। यसका देहायका रणनीतिक क्रियाकलापहरू यस सुरक्षणका लागि बढी सान्दर्भिक छन् :

- सामुदायिक वन, साझेदारी वन र समुदायमा आधारित अन्य वनहरुको पहिचान तथा सिमाङ्कन, विस्तार गर्दै यी वन व्यवस्थापन प्रणालीहरुको सुधार गर्ने ।(रणनीतिक क्रियाकलाप १.१) ।

- सबै वन व्यवस्थापन प्रणालीका वन व्यवस्थापन योजनाहरुमा कार्वन सञ्चिती मापन र अनुगमन विधिहरु समावेश गर्दै वन व्यवस्थापन योजना अद्यावधिक एवं परिमार्जन गर्ने र वन विनाश र क्षयीकरणका कारकतत्वहरु सम्बोधन गर्ने उपायहरु समावेश गर्ने (रणनीतिक क्रियाकलाप १.३) ।

- विशेष किसिमका व्यवस्थापन योजना, आर्थिक र मानवीय स्रोत, अनुगमन प्रणाली, उपयुक्त प्रविधि र बीमा संयन्त्रहरु सहित समुदायमा आधारित वन व्यवस्थापन समूहहरु, वन कार्यालयहरु र संरक्षित क्षेत्र व्यवस्थापन कार्यालयहरुबाट वन डढेलो नियन्त्रण गर्ने क्षमताको विकास र सवलीकरण गर्ने (रणनीतिक क्रियाकलाप १.५)।

- भूपरिधि तहमा एकीकृत संरक्षण, पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन उपायहरु र सहभागितामूलक पर्यापर्यटन प्रणालीहरु प्रवद्र्धन गर्दै वन क्षेत्र, संरक्षित क्षेत्रहरु र जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनमा सुधार गर्ने (रणनीतिक क्रियाकलाप २.१)।

- ४.४ भूउपयोग योजना तर्जुमा र कार्यान्वयन गर्दा सामाजिक र वातावरणीय सुरक्षा मापदण्डहरुको सुनिश्चितता गर्ने (रणनीतिक क्रियाकलाप ४.४)।

- वनमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदाय, महिला, मधेशी, दलित, सीमान्तकृत र विपन्न वर्गको लागि जानकारीहरु, ज्ञान तथा सीपहरु र अनुदान सुविधाहरु प्रदान गरी स-साना सःमीलबाट काठ प्रशोधन गर्ने, सुधारिएका चुलोहरु निर्माण गर्ने, बायोब्रिकेट उत्पादन गर्ने, वायोग्याँस निर्माण गर्ने जस्ता बैकल्पिक प्रविधिहरुमा पहुँच विस्तार गर्ने (रणनीतिक क्रियाकलाप ६.५)।

- वन स्रोत सर्वेक्षण र मापन गर्नको लागि लगानी, प्राविधिक र मानवीय स्रोत सहितको राष्ट्रिय दक्षता अभिवृद्धि गर्ने (रणनीतिक क्रियाकलाप १२.१)।

- १२.५ समुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा पहिचान गरिएका अनुगमन सूचकहरु सहितको समुदायमा आधारित अनुगमन प्रणालीको स्थापना र सवलीकरण गर्ने (रणनीतिक क्रियाकलाप १२.५)।

- नेपालले विगतका दशकहरूमा समुदायमा आधारित वन व्यवस्थापन मार्फत वनक्षेत्र पुनर्स्थापना गर्न उल्लेखनीय सफलता हासिल गरेको प्रमाणित भएको छ[169],[170]। वन व्यवस्थापनमा सामुदायमा आधारित दृष्टिकोणप्रति नेपालको निरन्तर प्रतिबद्धता रहेको विषय राष्ट्रिय रेड रणनीति (२०१८) मा पनि दोहोर्याएको छ, र यसले सम्भावित पुनःउत्सर्जन (रिभर्सल) विरुद्धको मुख्य न्यूनीकरण उपायका रूपमा कार्य गर्ने स्वीकार गरिएको छ। यससँगै, समुदायमा आधारित दृष्टिकोणलाई सुदृढ बनाउन सहयोग पुग्ने विभिन्न पक्षहरूमा लगानी गर्ने प्रयासहरू पनि भइरहेका छन्, जसमा देहायका पक्षहरू समावेश छन्:

169 https://openknowledge.fao.org/server/api/core/bitstreams/3d27d36f-8ea7-45a7-b3f6-bbad6fd3e3c3/content

170 Study Report Inner-final.pdf (frtc.gov.np)

- संरक्षित क्षेत्र भित्र तथा वरपर समुदायमा आधारित संरक्षणको अवधारणा कार्यान्वयन गर्दै मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरूको विस्तार।
- सूचना उपलब्ध गराउन वन अनुसन्धान, सर्वेक्षण तथा स्रोतसर्वेक्षण (इन्भेन्टोरी) ।
- वनसम्बन्धी शिक्षा विस्तार, मानव स्रोत विकास, तथा वन कर्मचारीहरूको व्यापक पुनःअभिमुखीकरण र पुनर्ताजगी तालीम।
- अतिक्रमण, वन डढेलो र अतिचरन नियन्त्रणका लागि सचेतना अभियान तथा संस्थागत संयन्त्र ।

- वातावरण संरक्षण ऐन (२०७६) तथा वातावरण संरक्षण नियमावली (२०७७) अन्तर्गतका संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्याङ्कन सम्बन्धी प्रावधान तथा तिनको कार्यान्वयन पनि वातावरणीय तथा सामाजिक सुरक्षण सुनिश्चित गर्ने प्रभावकारी माध्यम हुन्। यसले रेडप्लस कार्यक्रमहरू सहित विकास परियोजनाहरूका प्रभावसँग सम्बन्धित जोखिमहरू न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ (प्रभाव मूल्याङ्कनसम्बन्धी आवश्यकताबारे थप जानकारी माथि उल्लेखित सुरक्षण "ङ" अन्तर्गत दिइएको छ)।

- रेडप्लस सँग सम्बन्धित सम्भावित सामाजिक प्रभाव र समस्याहरू, जसमा पुन:उत्सर्जनको जोखिम पनि समावेश छ, मूल्याङ्कन गर्न र छानबिन गर्न राष्ट्रिय रेड रणनीति र रेडप्लस कार्यक्रमहरूमा पनि उपायहरू लागू गरिएको छ (तलको पालना खण्ड हेर्नुहोस्)। पुन:उत्सर्जन जोखिमको थप मूल्याङ्कन राष्ट्रिय रेड रणनीतिको सन् 2024 मा समीक्षा र अद्यावधिकको क्रममा हुनेछ। रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन र अन्य मूल्याङ्कन प्रकारहरूको बारेमा थप जानकारी सुरक्षण "ङ" अन्तर्गत दिइएको छ। नेपालले आफ्नो राष्ट्रिय रेड रणनीतिको अभिन्न अंगको रूपमा स्थानीय समुदाय, सीमान्तकृत समूह, महिला तथा आदिवासी जनजातिहरूलाई समावेश गर्दै समुदायमा आधारित वन व्यवस्थापनलाई वन व्यवस्थापनको मूलधारको रूपमा कार्यान्वयन गर्दै आएको छ। समुदायमा आधारित वन व्यवस्थापनमा सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन तथा वन संरक्षण क्षेत्र समावेश छन्। यसले वनको अवस्था सुधार, वातावरणीय सेवाहरूको वृद्धि तथा स्थानीय समुदायका लागि दिगो जीवनोपार्जनका स्रोतहरू सुनिश्चित गरी पुन:उत्सर्जनका जोखिमहरू उल्लेखनीय रूपमा घटाउन सहयोग गरेको छ। वातावरण, वन तथा मन्त्रालयको सन् २०२१ मा प्रकाशित प्रतिवेदनअनुसार[171], करिब ४८% राष्ट्रिय वन क्षेत्र समुदायमा आधारित वन व्यवस्थापन अन्तर्गत रहेको छ, जसलाई ३१,४६८ वन उपभोक्ता समूहहरूले ३१ लाख हेक्टर वनको व्यवस्थापन गरिरहेका छन्।

**वन, उत्सर्जन, र पुन: उत्सर्जन (रिभर्सल)को अनुगमन र मूल्याङ्कन**

- नेपालले राष्ट्रिय बन अनुगमन प्रणाली स्थापना गरेको छ, जसमा राष्ट्रिय भू-आवरण अनुगमन प्रणाली र राष्ट्रिय बन सूचना प्रणाली समावेश छन् (सम्बन्धी थप जानकारी माथि उल्लिखित सुरक्षण "ङ" अन्तर्गत दिइएको छ)। संयुक्त राष्ट्र संघीय प्रारूप महासन्धिको निर्णय 11/सीपी19 अनुसार, राष्ट्रिय वन अनुगमन प्रणालीले पारदर्शी, दीर्घकालीन रूपमा सुसंगत, मापन, प्रतिवेदन र प्रमाणिकरणका लागि उपयुक्त जानकारी

[171] वन तथा वातावरण मन्त्रालय (2021). नेपालमा समुदाय आधारित वन व्यवस्थापनको कार्यान्वयन स्थिति, वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

उपलब्ध गराउनु पर्दछ, जसमा मानवजन्य बन सम्बन्धी उत्सर्जन स्रोतहरू (सोर्स), अवशोषणका क्षेत्रहरू (सिन्क), बन कार्बन सञ्चिति र बनको क्षेत्र परिवर्तनहरू समावेश छन्। राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना राष्ट्रिय रेड रणनीति (2018) ले पनि औंल्याएको छ, जसमा क्रियाकलाप 11.6 मा बलियो मापन, अनुगमन, प्रतिवेदन र प्रमाणिकरण प्रणाली सहित राष्ट्रिय बन अनुगमन प्रणाली स्थापना र सञ्चालन गर्ने एवं क्रियाकलाप 12.3 मा राष्ट्रिय वन अनुगमन प्रणाली अन्तर्गत सुचारू रुपमा सञ्चालन हुने बन व्यवस्थापन सूचना प्रणाली स्थापना गर्ने विषय रहेको छ।

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले राष्ट्रिय वन अनुगमन प्रणालीको तर्जुमा, सञ्चालन तथा अद्यावधिक गर्ने कार्यमा केन्द्रीय निकायको रूपमा भूमिका निर्वाह गर्दै आएको छ। राष्ट्रिय वन अनुगमन प्रणालीद्वारा अनुगमन गरिने प्रमुख मानकरूमा क्रियाकलाप तथ्याङ्कको अनुमान तथा सम्बद्ध अनिश्चितता; वनको पुनर्वृद्धिबाट हुने अवशोषण दर तथा वन कार्बन घनत्वको गणना (अनिश्चितता अनुमान सहित); उत्सर्जन तथा अवशोषणको गणना; साथै उत्सर्जन न्यूनीकरणसम्बन्धी अनिश्चितताको अनुमान र संवेदनशीलता विश्लेषण पर्दछन्।

- वन स्रोतहरूको आवधिक मूल्याङ्कन गर्न, न्यूनतम आवश्यक नमूना प्लटहरू ९५% विश्वसनीयता सीमाहरू पूरा हुने गरी छनोट गरिन्छ, जसबाट वास्तविक कुल आयतन वा जैविक पिण्डको नतिजा ±१०% शुद्धताको दायराभित्र प्राप्त गर्न सकिन्छ। सबै नमूना प्लटहरू पाँच-पाँच वर्षको अन्तरालमा पुनः मापन गरिने अपेक्षा गरिएको छ। राष्ट्रिय भू आवरण अनुगमन प्रणालीको व्यापक कार्यक्षेत्र अन्तर्गत उपग्रह तस्बिरहरूको प्रयोग गरी वन आवरणको अनुगमन तथा मानचित्रण वार्षिक रूपमा गरिन्छ। साथै आयतन र जैविक पिण्डको यथार्थ अनुमानका लागि देशका १६ प्रमुख वृक्ष प्रजातिका एलोमेट्रिक समीकरण विकास गर्ने कार्यक्रम सन् २०२२ मा प्रारम्भ गरिएको छ।

- राष्ट्रिय वन सूचना प्रणाली राष्ट्रिय वनसँग सम्बन्धित उपलब्ध तथ्याङ्क भण्डार तथा अन्य सान्दर्भिक तथ्याङ्कहरूसँग आबद्ध गरिएको छ । साथै यस प्रणालीमा तथ्याङ्कहरूको विश्लेषण, संश्लेषण, तालिकाकरण तथा अन्य विषयगत वर्गीकरण गरिन्छ । यसमा निर्णयका लागि आवश्यक मोड्युलहरू, तथ्याङ्क खोज तथा प्रतिवेदनका लागि प्रयोगकर्ता-मैत्री ग्राफिकल उत्पादनहरू, तथा विद्यमान वन व्यवस्थापन पद्धतिहरू सम्बन्धी आधारभूत जानकारी भू सूचना प्रणालीमा आधारित दृश्याङ्कनका रुपमा उपलब्ध हुन्छन् ।

- वन तथा वातावरण मन्त्रालयको योजना, अनुगमन तथा समन्वय महाशाखाले मन्त्रालय अन्तर्गतका विभागहरू तथा अन्य मातहत निकायहरू बीचका सम्पूर्ण अनुगमन गतिविधिहरूको समन्वय गर्दछ। अनुगमन तथा मूल्याङ्कनका लागि वार्षिक योजना तथा अनुगमन गोष्ठीहरू, त्रैमासिक समीक्षा गोष्ठीहरू, समुदायमा आधारित वन व्यवस्थापन समूहहरूको वार्षिक अनुगमन तथा प्रतिवेदन प्रणाली, वन पैदावारको संकलन सम्बन्धी अनुगमन प्रणाली, तथा विभागहरूद्वारा वार्षिक प्रतिवेदन प्रकाशन गर्ने जस्ता स्थापित संरचनाहरू रहेका छन्।

- जिल्ला तहको अनुगमन तथा प्रतिवेदन प्रणालीले राष्ट्रिय वन अनुगमन प्रणालीको पूरकको काम गर्दछ । डी.व.का.हरू तथा संरक्षित क्षेत्र कार्यालयहरूले भू-उपयोग परिवर्तन र वनसम्बन्धी सूचनाहरूको अनुगमन, मापन, अद्यावधिकीकरण तथा प्रतिवेदन वार्षिक रूपमा आफ्ना केन्द्रीय निकायहरू–अर्थात् क्रमश: वन तथा भू-संरक्षण विभाग र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग–समक्ष पेश गर्छन्। राष्ट्रिय वन अनुगमन प्रणालीसँग मिल्ने गरी समुदायमा आधारित वन व्यवस्थापनको स्रोत सर्वेक्षण पनि प्रत्येक पाँचदेखि दस

वर्षको अन्तरालमा गरिन्छ। डिभिजन तहका कार्यालयहरूले अद्यावधिक तथ्याङ्क तथा सूचनाहरू अभिलेख राखी सम्बन्धित केन्द्रीय निकायहरूमा पेश गर्दछन्। विभागहरूले आफ्ना तथ्याङ्कहरू अद्यावधिक गरी वार्षिक प्रतिवेदनहरूमा सारांश प्रकाशित गर्छन्।

**यस सुरक्षणलाई कसरी पालना गरिएको छ?**

**पुन:उत्सर्जन (रिभर्सल) जोखिमको परिभाषा र आँकलन गरी न्यूनीकरण योजनाको तर्जुमा**

- नेपालको वनको आधार तह राष्ट्रिय स्तरमै संकलन गरिएको छ, जसले आन्तरिक रूपमा उत्सर्जन स्थानान्तरण हुने जोखिमलाई न्यूनीकरण गर्न तथा राष्ट्रिय नीति र उपायहरूको प्रभावलाई उचित रूपमा मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ। वन विनाश तथा वन क्षयीकरणका अन्तर्निहित कारणहरू सहित कारक तत्वहरू नेपालको तयारी चरण तथा तराइ भूपरिधिको उत्सर्जन न्यूनीकरण कार्यक्रमको तर्जुमा गर्दा पहिचान गरिएको थियो । यी कारक तत्वहरूलाई सन् २०२४ मा हुने राष्ट्रिय रेड रणनीतिको समीक्षामा अद्यावधिक गरिनेछ।

- सन् २०१४ मा तयार गरिएको रणनीतिक वातावरणीय तथा सामाजिक मूल्याङ्कन (सेसा)को उद्देश्य नेपालका रेडप्लस कार्यक्रमहरूसँग सम्बन्धित सम्भावित सामाजिक प्रभाव तथा सवालहरूको प्रारम्भिक छनोट र मूल्याङ्कन गर्नु, तथा रेडप्लस रणनीति कार्यान्वयनका क्रममा वातावरणीय र सामाजिक-आर्थिक जोखिम न्यूनीकरणका लागि विधि र उपायहरू प्रस्ताव गर्नु थियो, जसले रेडप्लसको दीगोपनालाई सुदृढ बनाउँछ। राष्ट्रिय रेड रणनीति तर्जुमा हुनु अगाबै सेसाले रणनीतिक विकल्पहरूको समग्र रुपमा अध्ययन गरेको थियो, र यसले पुन:उत्सर्जनको जोखिमलाई स्पष्ट रूपमा समेटेको नभए पनि रेडप्लसको दीर्घकालीन दिगोपनालाई भने विचार गरेको थियो। जोखिम तथा लाभहरूको थप मूल्याङ्कन पुन:उत्सर्जनका जोखिमहरू सहित सन् २०२४ मा राष्ट्रिय रेड रणनीतिको समीक्षाका क्रममा अद्यावधिक गरिने प्रस्ताव गरिएको छ।

- नेपालको उत्सर्जन न्यूनीकरण कार्यक्रमहरूले कार्यक्रम-विशेषका मूल्याङ्कन गर्छन् भने देहाय बमोजिम रेडप्लसको स्थायित्व सम्बन्धी विशेष जोखिमका तत्वहरूलाई सम्बोधन गर्ने क्रियाकलापहरू तथा पुन:उत्सर्जनका जोखिमसँग सम्बन्धित बफर उपायहरू अवलम्बन गर्छन्:

    - पुनर्वास तथा पूर्वाधार विकासका कारण हुन सक्ने पुन:उत्सर्जन जोखिमलाई विशेष रूपमा रोकथाम तथा न्यूनीकरण गर्न, ऐफसीपीएफ उत्सर्जन-न्यूनीकरण कार्यक्रमले सबै जिल्लाहरूमा भू-उपयोग योजना सम्बन्धी अन्तर-विषयक संभाग समावेश गरेको छ, साथै उन्नत दिगो वन व्यवस्थापन प्रविधिहरू (जस्तै वन डढेलो नियन्त्रणसम्बन्धी तालिम), जनचेतना अभिवृद्धि कार्यक्रमहरू, तथा जलवायु-उत्थानशील रुख प्रजातिहरूको रोपणलाई समेत समेटेको छ। इआरपीडी (२०१८)[172] ले पुन:उत्सर्जन जोखिमको मूल्याङ्कन गरी त्यसको औचित्यसमेत प्रस्तुत गरेको छ । कार्यक्रमले कुल १९% बफर विनियोजन गरेको छ। यसको उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन(२०२३)[173] अनुसार,

---

[172] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ERPD%2024May2018final_CLEAN_0.pdf

[173] https://www.forestcarbonpartnership.org/sites/default/files/documents/nepal_ermr_ghg_accounting_nov_2023_final.pdf

इआरपीडी तर्जुमा टोलीले प्राकृतिक तथा मानव-प्रेरित दुवै प्रकारका पुन: उत्सर्जनको जोखिमलाई ११% अनुमान गरेको थियो। तर, यस अनुमानमा १०% को पूर्वनिर्धारित जोखिम मान समावेश गरिएको थिएन। त्यसैले उल्टिने जोखिम पुनरावलोकन तथा संशोधन गरिएको हो। स्वीकार्य मान निर्धारण गर्न ऐफसीपीएफ बफर कार्यविधि प्रयोग गरिएको र सो अनुसार कटौती दरहरू लागू गरिएका छन्। अद्यावधिक समग्र पुन:उत्सर्जन हुने जोखिम अनुमान १६% कायम गरिएको छ। पुन:उत्सर्जनको जोखिमलाई प्रभाव पार्न सक्ने कारकहरू सहितका थप विवरणहरू पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन(२०२३)मा दिइएको छ।

- लिफ उत्सर्जन कार्यक्रम क्षेत्रका प्रस्तावित क्रियाकलापहरू आदिवासी जनजाति तथा स्थानीय समुदायहरू सहित सबै सरोकारवालाहरूको सक्रिय सहभागितामा, उनीहरूको सहमति प्राप्त गरी कार्यान्वयन गरिनेछ, जसले पुन:उत्सर्जनको जोखिमलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउनेछ। यस सारांशको खण्ड १२ मा लिफ उत्सर्जन कार्यक्रमका लागि पहिचान गरिएको पुन:उत्सर्जनका जोखिमको स्तर, पुन:उत्सर्जन हुने अवस्थाको अनुगमन कसरी गरिनेछ भन्ने व्यवस्था, तथा सो जोखिम व्यवस्थापनका लागि छुट्याइने ५% कार्बन लेखाङ्कन बफर सम्बन्धी जानकारी प्रदान गरिएको छ।

- वन संरक्षण र दिगो व्यवस्थापनका लागि प्रोत्साहनको व्यवस्था सम्बन्धी जानकारी माथि उल्लेखित भागमा दिइएको छ, उदाहरणका लागि सुरक्षण "ख" अन्तर्गत लाभको बाँडफाँट र सुरक्षण "ङ" अन्तर्गत सामाजिक तथा वातावरणीय लाभको वृद्धिका बारेमा दिइएको छ ।

**वन अनुगमन तथा पुन:उत्सर्जनको जोखिम वा घटना बारे जानकारी**

- राष्ट्रिय वन सूचना प्रणाली र राष्ट्रिय वन तथ्याङ्कको प्रतिवेदनहरू सन् 2016 मा तयार पारिएका थिए, जसको जानकारी http://nfis.redd.gov.np/nfis वेबसाइटमा उपलब्ध छ । वन अनुसन्धान तथा प्रशीक्षण केन्द्र नेपालमा राष्ट्रिय वन अनुगमन प्रणाली सञ्चालन तथा अद्यावधिक गर्ने र वन स्रोतहरूको सर्वेक्षण गर्ने आधिकारिक सरकारी निकाय हो, जसले रेडप्लससँग सम्बन्धित र सहयोगी कामहरू गर्दछ। राष्ट्रिय भू आवरण अनुगमन प्रणाली नेपालका लागि सो केन्द्रद्वारा सन् 2021 मा शुरु गरिएको हो। मापन, प्रतिवेदन र प्रमाणीकरण सम्बन्धी कामका लागि, केन्द्रले "तथ्याङ्क विश्लेषण र नतिजा उत्पादन" तथा "राष्ट्रिय वन सर्वेक्षणको गुणस्तर नियन्त्रण र गुणस्तर सुनिश्चितता सम्बन्धी निर्देशिकाहरू तयार पारेको छ।

- नेपालले एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम अन्तर्गत मापन, प्रतिवेदन र प्रमाणीकरण समेटेको उत्सर्जन न्यूनीकरण मोनिटरिङ प्रतिवेदन तयार गरी प्रमाणिकरण र सत्यापनका लागि सेप्टेम्बर 2023 मा विश्व बैंकमा पेश गरेको छ।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा यस सिद्धान्तलाई कसरी सम्बोधन र पालना गर्नुपर्छ भन्ने बारे स्पष्ट गर्दछन् भने भविष्यमा यस विषयमा थप विस्तृत रूपमा प्रतिवेदनमा समावेश गरिनेछ:

**मापदण्ड च1: वन कार्बन सञ्चितिमा हुने आन्तरिक तथा बाह्य जोखिमहरू सहित पुन:उत्सर्जन (रिभर्सल)का जोखिमहरू परिभाषित गरी मूल्याङ्कन गरिएका छन् र त्यसको न्यूनीकरण योजना तयार पारिएको छ:**

- च1.1 सम्बन्धित कानून अनुसार रेडप्लसका नीतिहरू र कार्यविधिहरूले पुन:उत्सर्जनको जोखिमको आँकलन, न्यूनीकरण र अनुगमन गर्न  सहयोग पुर्याउछन् ।(सम्बोधन)
- च1.2 रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले पुन:उत्सर्जनको जोखिम र वन कार्बन सञ्चितिमा आन्तरिक र बाह्य चुनौतिको  आकलन गर्दै यी जोखिम र चुनौतिका कारकहरू पहिचान गरी न्यूनीकरण योजनाको तर्जुमा र कार्यान्वयन गरिन्छ साथै वन संरक्षण र दिगो व्यवस्थापनलाई प्रवर्धन गर्न प्रोत्साहन गरिन्छ ।(पालना)

**मापदण्ड च2: कुनै पुन:उत्सर्जनका घटना भएमा सो समेत वनबाट हुने उत्सर्जन र वन कार्वन सञ्चितिमा आएको परिवर्तनको आवधिक रुपमा अनुगमन र मूल्याङ्कन गरिन्छ:**

- च2.1 पुन:उत्सर्जन पत्ता लगाउन र प्रतिक्रिया दिन सक्ने क्षमता भएको वन अनुगमन प्रणाली स्थापना गरिएको छ । (सम्बोधन)

- च2.2 वन अनुगमन नियमित रूपमा गरिन्छ, र पुन:उत्सर्जन सम्बन्धी जोखिम वा घटनाबारे जानकारीसहितको अनुगमन प्रतिवेदन रेडप्लसका सरोकारवालाहरूलाई उपलब्ध गराइन्छ। (सम्मान)

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- नेपालमा पुन:उत्सर्जन सम्बन्धी जोखिमलाई सम्बोधन गर्ने नीति, कानून र नियम कार्यान्वयनमा भए पनि रेडप्लस  कार्यक्रम/परियोजनाका लागि यी जोखिमहरूको मूल्याङ्कन गर्ने र न्यूनीकरण योजना तयार गर्ने विशिष्ट कार्यविधिहरू तर्जुमा भएका छैनन्। नयाँ बन्ने राष्ट्रिय रेड रणनीति ले यो रिक्ततालाई सम्बोधन गर्न सक्छ, जसअन्तर्गत अद्यावधिक गरिएको राष्ट्रिय रेड रणनीति रणनीतिहरूका लागि जोखिम मूल्याङ्कन सुनिश्चित गरिनेछ, साथै जोखिम मूल्याङ्कनका लागि कार्यविधिहरू तर्जुमा गर्न र उत्सर्जन न्यूनीकरण कार्यक्रम/परियोजना तर्जुमा गर्ने क्रममा न्यूनीकरणका उपायहरू प्रस्ताव गर्न सिफारिस गरिनेछ।

- राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना भई र सञ्चालनमा आएको भए पनि, विशेष गरी वनको क्षयीकरणबाट हुने पुन:उत्सर्जनलाई पहिचान गर्ने र तिनीहरूको व्यवस्थापन/प्रतिवेदन गर्न सक्ने क्षमताको दृष्टिले यो प्रणालीको परीक्षण हुनै बाँकी छ ।

**सुरक्षण (छ): उत्सर्जनको विस्थापन घटाउने कार्यहरू**

**व्याख्यात्मक टिप्पणी**

रेडप्लस रणनीति तथा कार्यक्रमहरूले रेडप्लस परियोजना क्षेत्र वा वन क्षेत्रबाट अन्य क्षेत्र वा वनहरूमा हुने उत्सर्जनको विस्थापन (डिस्प्लेसमेन्ट) वा चुहावट (लिकेज) घटाउन राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय तथा स्थानीय स्तरमा विभिन्न प्रकारका क्रियाकलापहहरूको कार्यान्वयन गर्ने सुनिश्चित गर्दछन्।

**व्याख्याका मुख्य तत्वहरू:**

- विस्थापनका जोखिमहरू स्पष्ट रूपमा परिभाषित तथा आँकलन गरिन्छन्, र न्यूनीकरण योजनाहरू तर्जुमा गरिन्छन्। विस्थापन पहिचान गर्नका लागि विज्ञहरू, वन प्रशासन तथा स्थानीय समुदायको सहभागितामा

राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय तथा स्थानीय स्तरमा वन अनुगमन तथा वनबाट हुने उत्सर्जन र वन कार्बन सञ्चितिमा हुने परिवर्तनको मूल्याङ्कन गरिन्छ।

**भूमिका र जिम्मेवारीहरू**

- रेडप्लस कार्यक्रम कार्यान्वयन हुँदा उत्सर्जनको विस्थापन सम्बन्धी जोखिम न्यूनीकरणका लागि आवश्यक कार्यहरू गर्ने प्रमुख जिम्मेवारी वन तथा वातावरण मन्त्रालय, यसका महाशाखा,विभाग तथा केन्द्रहरु, प्रदेशका वन तथा वातावरण हेर्ने मन्त्रालयहरू र डी.व.का.हरुको हो ।

- यसका अतिरिक्त, समुदायमा आधारित वन व्यवस्थापन समूहहरू पनि आफ्नो कार्यक्षेत्रभित्र उत्सर्जन विस्थापनको जोखिम सम्बोधन गर्न र सम्बन्धित नीति तथा रणनीतिहरू कार्यान्वयन गर्न जिम्मेवार हुन्छन्।

- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले नियमित अनुगमन गर्ने तथा उत्सर्जन विस्थापन भए/नभएको पहिचान गर्दछ।

- उत्सर्जन विस्थापनको जोखिम मूल्याङ्कन गर्ने तथा तिनलाई उपयुक्त रूपमा सम्बोधन गर्ने नीति तथा रणनीतिहरू तर्जुमा गर्ने जिम्मेवारी वन तथा वातावरण मन्त्रालय र रेड कार्यान्वयन केन्द्रमा रहन्छ।

**सिद्धान्त "छ": रेडप्लस रणनीति र कार्यक्रमहरूमा उत्सर्जन विस्थापनको जोखिम न्यूनीकरण गर्ने कार्यहरू समेटिएका हुन्छन् साथै तिनले राष्ट्रिय, प्रादेशिक, जिल्ला र वन व्यवस्थापन इकाई स्तरसम्मका अनुगमन कार्यलाई सहयोग गरेका हुन्छन् ।**

**यस सुरक्षणलाई कसरी सम्बोधन गरिएको छ ?**

**विस्थापनका जोखिमको परिभाषा र आँकलन एवं न्यूनीकरण योजनाको तर्जुमा**

(यसको विस्तृत विवरण सुरक्षण "च" मा दिइएको छ)

- नेपालमा विस्थापनको जोखिम न्यूनीकरणसँग सम्बन्धित विभिन्न नीति तथा कानुनहरू रहेका छन्। उदाहरणका रूपमा, राष्ट्रिय वन नीति (२०७५) र वन ऐन (२०७६) ले सबै प्रकारका वन क्षेत्रमा वनलाई गैर-वन भू-उपयोग प्रणालीमा रूपान्तरण गर्न कडाइका साथ निषेध गरेका छन्, जसले उत्सर्जनको विस्थापनको जोखिम घटाउन सहयोग पुऱ्याउँछ।

- रेड कार्यान्वयन केन्द्रले रेडप्लस नीति तथा कार्यक्रमहरूको तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन तथा नियमित मूल्याङ्कन प्रक्रियामा विस्थापनको जोखिम सम्बन्धी पक्षलाई समावेश गर्दै आएको छ। उदाहरणका रूपमा, राष्ट्रिय रेड रणनीति अन्तर्गत वन अनुगमनसम्बन्धी राष्ट्रियस्तरका विभिन्न कार्यहरू समेटिएका छन्, जसले उत्सर्जन विस्थापनको जोखिम न्यूनीकरण गर्न समेत सहयोग पुऱ्याउँछन्।रणनीतिका मुख्यत: देहायका रणनीतिक कृयाकलापहरू यससंग सम्बन्धित छन्:

- काठ वितरण प्रणालीमा सुधार गर्दै दिगो रुपमा संकलित काठ तथा काठमा आधारित उत्पादनहरुको वितरण वृद्धि गर्ने ।(क्रियाकलाप १.७)

- उपयुक्त कानूनी संयन्त्र बनाई नहर किनार, सडक किनार, सीमान्तकृत भूमिहरु र नदी किनार जस्ता सार्वजनिक भूमिहरुमा कृषिवन प्रवद्र्धन गरी यस्ता कार्यहरुमा विपन्न, सीमान्तकृत र महिलाहरुको सहभागिता प्रोत्साहित गर्ने सयन्त्र बनाउने । (क्रियाकलाप ३.३)

- भूउपयोग नीति २०१५ मा भएका खासगरी वन क्षेत्रसँग सम्बन्धित प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्ने र वन क्षेत्रको सीमांकन र नक्शांकनलाई नियमित रुपमा अद्यावधिक गर्ने । (क्रियाकलाप ४.१)

- गैरकानूनी रुपमा कब्जा वा अतिक्रमण गरिएका वन क्षेत्रका जग्गाहरु फिर्ता गराउनको लागि स्थानीय स्तरमा कानून कार्यान्वयन गर्ने र वन अतिक्रमण नियन्त्रण गर्ने निकायहरुको कानून कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्ने ।(क्रियाकलाप ४.५)

- छिमेकी मुलुक भारत र चीनका सम्बन्धित निकायहरुसँग अन्तरदेशीय समन्वयका माध्यमबाट वन पैदावारको सिमापार हुने अबैध व्यापार र चोरी निकासी नियन्त्रण गर्ने ।(क्रियाकलाप ९.७)

- पूर्वाधार विकास र पुनरवासका लागि वन क्षेत्र प्रयोग नगर्ने र कुनै विकल्प नभई प्रयोग भएको अवस्थामा कटान भएको वन क्षेत्र वापत अनिवार्य रुपमा वृक्षारोपण गर्ने कुरालाई बाध्यात्मक बनाउने । (क्रियाकलाप ११.५)

- वृहत् तथा गहन रुपमा मापन, अनुगमन, प्रतिवेदन तयारी र प्रमाणीकरण संयन्त्र सहितको राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना गरी निरन्तरता दिने ।(क्रियाकलाप ११.६)

- वन स्रोत सर्वेक्षण र मापन गर्नको लागि लगानी, प्राविधिक र मानवीय स्रोत सहितको राष्ट्रिय दक्षता अभिवृद्धि गर्ने ।(क्रियाकलाप १२.१)

- रेडप्लसको मापन, अनुगमन, प्रतिवेदन तयारी र प्रमाणीकरण एवं योजना तर्जुमाको लागि कार्वन र गैरकार्वनसँग सम्बन्धित तथ्यांक र जानकारीहरु संकलन, विश्लेषण, सञ्चय, व्यवस्थापन र प्रचार प्रसार गर्ने सरकारी निकाय र स्थानीय समुदायको क्षमता विकास गर्ने ।(क्रियाकलाप १२.२)

- समुदायमा आधारित वन व्यवस्थापन प्रणालीमा पहिचान गरिएका अनुगमन सूचकहरु सहितको समुदायमा आधारित अनुगमन प्रणालीको स्थापना र सवलीकरण गर्ने । (क्रियाकलाप १२.५)

- रेडप्लस रणनीतिसँग सम्पूरक हुने वा सम्भावित विरोधाभास हुने र भूउपयोग सम्भाव्यता वा भूमि वितरणसँग सम्बन्धित एउटा स्थानिक स्पष्ट सूचना प्रणाली स्थापना गर्ने ।(क्रियाकलाप १२.६)

यसका साथै उत्सर्जन विस्थापनको जोखिम घटाउने रेडप्लसको तर्जुमा, कार्यान्वयन र अनुगमनसँग सम्बन्धित अन्य केही उपायहरू देहाय बमोजिम रहेका छन्:

- नेपालको वन आधार तह राष्ट्रिय स्तरमा तयार गरिएको छ, जसले उत्सर्जनको आन्तरिक विस्थापन टार्न र राष्ट्रिय नीतिहरू तथा उपायहरूको प्रभाव सही ढंगले मूल्याङ्कन गर्न लाभदायी हुन्छ।

- राष्ट्रिय रेड रणनीतिमा राष्ट्रिय स्तरमा लिइने रणनीतिहरू वा रेडप्लस कार्यहरू पनि समावेश छन्, जुन राष्ट्रिय स्तरका नीतिहरू र उपायहरूसँग सम्बन्धित छन् (जस्तै, समुदायमा आधारित वन व्यवस्थापन र वैकल्पिक ऊर्जा प्रवर्द्धन)।

- वन विनाश र वन क्षयीकरणका कारकहरू, जसमा अन्तर्निहित कारणहरू पनि समावेश छन्, नेपालको तयरी चरण र विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रम तयारी अवधिमा मूल्याङ्कन गरिएका थिए। साथै, राष्ट्रिय रेड रणनीतिको 2024 मा हुने समीक्षामा प्रमुख कारकहरूको पुनरावलोकन गरिनेछ। यसले रेडप्लस कार्यहरूलाई केवल केही क्षेत्रका वन र भूमि प्रयोग नियन्त्रणमा सीमित नगरी, वन विनाश र वनको क्षयीकरणका मूल कारणहरूमा केन्द्रित गरी विस्थापनको उच्च जोखिम घटाउँछ।

- रणनीतिक वातावरणीय र सामाजिक मूल्याङ्कन (2018)[174] को उद्देश्य नेपालमा रेडप्लस कार्यक्रमसँग सम्बन्धित सम्भावित सामाजिक प्रभाव र सवालहरूको छानबिन तथा मूल्याङ्कन गर्नु र रेडप्लस रणनीति कार्यान्वयनको क्रममा वातावरणीय तथा सामाजिक-आर्थिक जोखिम न्यूनीकरणका उपायहरू प्रस्ताव गर्नु थियो। यसले रणनीतिक विकल्पहरूमा ध्यान केन्द्रित गरेको थियो (जुन राष्ट्रिय रेड रणनीति विकास हुनु अघि पहिचान गरिएका थिए), र यद्यपि यसले विस्थापन जोखिमलाई स्पष्ट रूपमा विचार गरेको थिएन तापनि यसले रेडप्लसको दिगोपन र प्रभावकारिता भने विचार गरेको थियो।

**विस्थापन पत्ता लगाउन राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय, र स्थानीय स्तरमा विज्ञहरू, वन प्रशासन, र स्थानीय समुदायको सक्रिय सहभागितामा वन अनुगमन र वनसँग सम्बन्धित उत्सर्जन तथा वन कार्बन सञ्चितिमा हुने परिवर्तनहरूको मूल्याङ्कन गरिन्छ।**

- नेपालले राष्ट्रिय वन अनुगमन प्रणाली स्थापना गरेको छ, जसमा राष्ट्रिय भू आवरण अनुगमन प्रणाली र राष्ट्रिय वन सूचना प्रणाली र समावेश छन्। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र राष्ट्रिय मापन, प्रतिवेदन र प्रमाणीकरण सम्बन्धी केन्द्रीय निकाय हो र यसले वन आवरण अनुगमन, राष्ट्रिय वनस्रोत सर्वेक्षण गर्नुका साथै क्रियाकलाप तथ्याङ्क र उत्सर्जन हटाउने कारकहरू पहिचान गर्दछ। जलवायु सम्मेलनको निर्णय 11/सीपी.19 अनुसार, राष्ट्रिय वन अनुगमन प्रणालीले उपलब्ध गराउने सूचनाहरु पारदर्शी, निरन्तर संगतिपूर्ण, वनबाट हुने उत्सर्जन, वनबाट हुने कार्बन अवशोषण, वन कार्बन संचिति र वनको क्षेत्रफल परिवर्तनको मापन, प्रतिवेदन र प्रमाणीकरणका लागि उपयुक्त हुन्छन् ।

*(यी विवरणहरू माथि सुरक्षण "च" अन्तर्गत थप विस्तृत रूपमा वर्णन गरिएका छन्)*

**यस सुरक्षणलाई कसरी पालना गरिएको छ ?**

[174] https://www.forestcarbonpartnership.org/system/files/documents/Nepal%20ESMF%20Advanced%20Draft%20June%2016-2018_0.pdf

**विस्थापनका जोखिमको परिभाषा र आँकलन एवं न्यूनीकरण योजनाको तर्जुमा**

- नेपालले रेडप्लस तयारी चरण तथा एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको तयारीका क्रममा वन विनाश र वन क्षयीकरणका प्रमुख कारकहरू, साथै अन्तर्निहित कारणहरू समेतको मूल्याङ्कन गरेको थियो। यी कारकहरुलाई सन् २०२४ मा हुने राष्ट्रिय रेड रणनीतिको समीक्षा मार्फत अद्यावधिक गरिनेछ। यसले रेडप्लस सम्बन्धी कार्यहरूलाई केवल निश्चित क्षेत्रका वन तथा भू-उपयोग नियन्त्रणमा मात्र सीमित नराखी, विस्थापनको जोखिम हुने वन विनाश तथा क्षयीकरणका मूल कारणहरूलाई लक्षित गर्न सहयोग गर्दछ।

- उत्सर्जन न्यूनीकरण कार्यक्रमहरू आफैंले पनि आफ्ना कार्यक्रमको मूल्याङ्कन गरी विस्थापनको जोखिम निवारण गर्न आवश्यक उपायहरू अवलम्बन गरेका हुन्छन्, जुन दुई वटा उत्सर्जन कार्यक्रममा देहाय अनुसार छन्:

    - एफसीपीएफ उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज (2018) मा उत्सर्जन विस्थापनका जोखिमहरूको मूल्याङ्कन गरेको छ । उदाहरणका लागि काठ कटानी, अतिक्रमण, पुनर्वास, र अन्य कारकहरू, जसमा सीमा-पार विस्थापनको जोखिमदेखि विस्थापन न्यूनीकरण गर्ने वा घटाउने विभिन्न रणनीतिहरू प्रस्ताव गरिएको छ।

    - लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रम तीन प्रदेशहरू – बागमती, गण्डकी, र लुम्बिनी – को सम्पूर्ण भूभागमा फैलिएको हुदा विस्थापन वा चुहावटको सम्भाव्यता नगण्य छ। तर, परियोजना क्षेत्र नेपालका कुल भूमि क्षेत्र र वन क्षेत्रको क्रमशः 41.7% र 48% मात्र प्रतिनिधित्व गर्ने भएकाले तोकिएका प्रदेश भन्दा बाहिरको क्षेत्रमा अवाञ्छित प्रभावको सम्भावना पूर्ण रूपमा अस्वीकार गर्न सकिँदैन। चुहावट घटाउने मूल्याङ्कन विधि अनुसार अनुसार यस लिफ उत्सर्जन न्यूनीकरण कार्यक्रमलाई विस्थापनका दृष्टिले मध्यम वर्गमा राखिएको छ र चुहावट घटाउने गुणांक 10% निर्धारण गरिएको छ।

**विस्थापन पत्ता लगाउन राष्ट्रिय, प्रादेशिक, क्षेत्रीय, र स्थानीय स्तरमा विज्ञहरू, वन प्रशासन, र स्थानीय समुदायको सक्रिय सहभागितामा वन अनुगमन र वनसँग सम्बन्धित उत्सर्जन तथा वन कार्बन सञ्चितिमा हुने परिवर्तनहरूको मूल्याङ्कन गरिन्छ।**

- भविष्यमा रेडप्लस कार्यक्रम क्षेत्रहरूमा वनसम्बन्धी उत्सर्जन तथा कार्बन भण्डारमा हुने परिवर्तनको अनुगमन सम्बन्धी जानकारी, विस्थापनका कुनै जोखिम वा घटनाबारे विवरणसहित राष्ट्रिय वन अनुगमन प्रणाली/राष्ट्रिय भू-आवरण अनुगमन प्रणाली प्रतिवेदन प्रणालीमार्फत, साथै उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुगमन प्रतिवेदनहरू र संयुक्त राष्ट्र संघीय प्रारुप महासन्धीमा गरिने प्रतिवेदन (जस्तै: रेडप्लस सम्बन्धी प्राविधिक अनुसूचीहरू) मार्फत प्रस्तुत गरिनेछ।

**मापदण्ड र सूचकहरू**

तलका मापदण्ड र सूचकहरूले नेपालमा यस सिद्धान्तलाई कसरी सम्बोधन र पालना गर्नुपर्छ भन्ने बारे स्पष्ट गर्दछन् भने भविष्यमा यस विषयमा थप विस्तृत रूपमा प्रतिवेदनमा समावेश गरिनेछ:

**मापदण्ड "छ१": वन विनाश र वन क्षयीकरणका प्रत्यक्ष, अप्रत्यक्ष तथा आधारभूत कारकहरू सहित उत्सर्जन विस्थापनका जोखिमहरू स्पष्ट रूपमा परिभाषित तथा मूल्याङ्कन गरिएका हुन्छन् र तिनको न्यूनीकरण योजनाहरू तर्जुमा गरिएको हुन्छ:**

- छ1.1: सम्बन्धित कानून अनुसार रेडप्लसका नीति र कार्यविधिहरूले विस्थापन जोखिमलाई मूल्याङ्कन, न्यूनीकरण र अनुगमन गर्न सहयोग पुर्याउछन्।(सम्बोधन)
- छ१.२रेडप्लस कार्यान्वयन गर्ने निकायहरूबाट वन विनाश तथा वन क्षयीकरणका प्रत्यक्ष, अप्रत्यक्ष तथा आधारभूत कारकहरू सहित विस्थापन सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गरिन्छ र यस्ता जोखिम न्यूनीकरणका लागि वन संरक्षण तथा दिगो वन व्यवस्थापन प्रवर्द्धन गर्न प्रोत्साहन गर्दै न्यूनीकरण योजनाहरू तयार गरी कार्यान्वयन गरिन्छ।(पालना)

**मापदण्ड "छ२": वनबाट हुने उत्सर्जन तथा कार्बन सञ्चितिमा हुने परिवर्तनको आवधिक अनुगमन तथा मूल्याङ्कन गरिन्छ, जसमा कार्यान्वयन गरिएका उपायहरू र विस्थापनका घटनाहरूको समेत अनुगमन गरिन्छ:**

- छ2.1: विस्थापन पत्ता लगाउन र प्रतिक्रिया दिन सक्षम वन अनुगमन प्रणाली स्थापना गरिएको छ। (संबोधन)

- छ2.2: वन अनुगमन नियमित रूपमा गरी विस्थापनकका जोखिम वा घटनाहरूको जानकारीसहितको अनुगमन प्रतिवेदन रेडप्लस सरोकारवालाहरूलाई उपलब्ध गराइन्छ। (पालना)

**सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू**

- पुन:उत्सर्जनको विषय जस्तै, रेडप्लस कार्यहरूबाट उत्पन्न हुन सक्ने विस्थापन सम्बन्धी जोखिमको मूल्याङ्कन, न्यूनीकरण तथा अनुगमनका लागि हालसम्म कुनै विशेष कार्यविधि निर्धारित गरिएको छैन। नयाँ बन्ने राष्ट्रिय रेड रणनीतिले अद्यावधिक रणनीतिहरूका सन्दर्भमा जोखिम मूल्याङ्कन सुनिश्चित गर्ने तथा जोखिम मूल्याङ्कनसम्बन्धी कार्यविधिहरू विकास गर्न सिफारिस गर्ने, र उत्सर्जन न्यूनीकरण कार्यक्रम/परियोजनाहरूको तर्जुमा चरणमै न्यूनीकरण उपायहरू प्रस्ताव गर्ने व्यवस्था गरी यस कमीलाई सम्बोधन गर्न सक्ने अपेक्षा गरिएको छ।

- सुरक्षण "च" अन्तर्गत उल्लेख गरिए अनुसार, विस्थापनको पहिचान तथा व्यवस्थापनका लागि राष्ट्रिय वन अनुगमन प्रणालीमा थप परीक्षण तथा प्रमाणीकरण प्रक्रियाको आवश्यकता पर्न सक्नेछ।

# अनुसूची १: मस्यौदा सूचना सारांशमा परामर्श प्रक्रिया र अनलाइन पृष्ठपोषण

**१.१ सरोकारवाला राष्ट्रिय परामर्श गोष्ठी**

**मिति:** २०८१ कार्तिक ११ गते

**आयोजक:** रेड कार्यान्वयन केन्द्र र युएन रेड कार्यक्रम

**स्थान:** क्रिस्टल पार्टी भेन्यू, नयाँ बानेश्वर, काठमाडौं

यस गोष्ठीको मुख्य उद्देश्य  प्रमुख राष्ट्रिय स्तरका सरोकारवालासँग मस्यौदा सूचना सारांश प्रस्तुत गरी छलफल गर्नु र अन्तिम मस्यौदा प्रतिवेदनलाई उनीहरूको सुझाव, विचार र प्रतिक्रिया प्राप्त गरी सुदृढ गर्नु थियो। परामर्श गोष्ठीले रेडप्लस सुरक्षण बारे सरोकारवालाको ज्ञान वृद्धि गर्ने अवसर पनि प्रदान गऱ्यो।गोष्ठी पछि अनलाइन सुझावको अवधि शुरु भएको थियो ।

गोष्ठीमा सरकारी निकायहरू, नागरिक समाज र अन्य सरोकारवालाहरूका प्रतिनिधित्व गर्ने कुल ३२ जना (जसमा १४ महिला) सक्रिय रूपमा सहभागी भए। गोष्ठीका सामग्रीहरू साझा ड्राइभमार्फत सफ्टकपी उपलब्ध गराइएको थिए।

सुरक्षण र सूचना सारांश मस्यौदा सम्बन्धी प्रस्तुतीकरणका अतिरिक्त, सहभागीहरूले सुरक्षणहरू सम्बन्धी सचेतना अभिवृद्धि गतिविधिहरू र समूहकार्यमार्फत मस्यौदा सूचना सारांसको सामग्रीमा प्रतिक्रिया दिनका लागि काम गरेका थिए। छलफलको समय अत्यन्त छोटो भएको कारण दस्तावेजलाई विस्तृत रूपमा समीक्षा गर्न सम्भव भएन। तथापि, थप टिप्पणी, सुझाव र अभिमत प्राप्त गर्न सकियोस् भनी मस्यौदा प्रतिवेदन सहभागीहरूलाई उपलब्ध गराइएको हो । यस गोष्ठी र सम्पूर्ण परामर्श प्रक्रियाबाट प्राप्त प्रतिक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ।





### १.२ अनलाइन सुझाव दिने अवधि

राष्ट्रिय परामर्श गोष्ठीपछि, मस्यौदा सूचना सारांश गोष्ठीका सबै सहभागीहरूलाई पुन: उपलब्ध गराइयो । साथै डिसेम्बर २०२४ भित्र सुझाव र पृष्ठपोषण दिनका लागि र्वजनिक रूपमा अनलाइन साउपलब्ध गराइयो। सूचनाको सारांशमा लिखित/अनलाइन प्रतिक्रियामार्फत प्राप्त सुझाव तथा पृष्ठपोषणहरू तलको तालिकामा प्रस्तुत गरिएको छ।

### १.३ सरोकारवाला पुनरावलोकन गोष्ठी

मिति: २०८१ चैत्र १७ र १८ गते ।

आयोजक: रेड कार्यान्वयन केन्द्र र युएन रेड कार्यक्रम

अनलाइन टिप्पणी अवधि पछि र मस्यौदा सूचनाको सारांशमा थप संशोधनहरू गरेपछि, थप प्रतिक्रिया (विशेष गरी गैर-सरकारी संस्थाहरूबाट) प्राप्त गर्नको लागि, रेड कार्यान्वयन केन्द्रले अर्को गोष्ठी आयोजना गऱ्यो। यस समीक्षा गोष्ठीको उद्देश्य सूचना सारांशलाई सरकारी अनुमोदन प्रक्रियाका लागि अन्तिम रूप दिनु र सयुक्त राष्ट्र संघीय प्रारूप महासन्धिमा पेश गर्नु अघि अतिरिक्त सरोकारवालाबाट प्रतिक्रिया सङ्कलन गर्नु थियो।

विभिन्न रेडप्लस सरोकारवालाहरूका प्रतिनिधित्व गर्ने कुल १९ जना सहभागी (जसमा ०६ महिला) सहभागी भए, जसमा वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, गण्डकी प्रदेशको प्रदेशीय वन निर्देशकालय, फेकोपन, नेफिन, हिमवन्ती र दलित सेवा संघ पनि समावेश थिए।

प्रतिक्रिया प्रदान गरेपछि, सहभागीहरूले दिएको सुझाव समावेश गरी सूचना सारांशको संशोधन गरेपछि सकेसम्म छिटो अनुमोदन गरी सयुक्त राष्ट्र संघीय प्रारूप महासन्धिमा मा पेश गर्नुपर्ने पनि सहमति भयो। साथै, २०२६ मा दोस्रो सूचनाको सारांश तयार गर्दा देशमा रेडप्लस प्रक्रियाका विभिन्न पक्षहरूमा भएको हालसालैको प्रगति सहित थप संशोधन गर्ने अवसर पनि रहने कुरा उल्लेख गरिएको थियो। गोष्ठीको निर्णय पुस्तिका (माइनट) तल प्रस्तुत गरिएको छ:

आज मिति २०८१ साल चैत्र १८ गते सोमबार रेड कार्यान्वयन केन्द्र, बबरमहल काठमाडौंका केन्द्र प्रमुख श्री नवराज पुडासैनी ज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितिमा रेड कार्यान्वयन केन्द्रले तयार पारेको मस्यौदा सूचनाको सारांश (Summary of Information on Safeguard) तथा तराई भूपरिधि क्षेत्रका १३ वटा जिल्लाको Benefit Sharing Plan का सम्बन्धमा छलफल गरि देहाय अनुसार निर्णय गरियो ।

उपस्थिति

१. श्री नवराज पुडासैनी, केन्द्र प्रमुख, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं

२. श्री ठाकुर भण्डारी, अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

३. श्री विर्ख बहादुर शाही, वरिष्ठ उपाध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

४. श्री पार्वता गौतम, सचिव, सामुदायिक वन उपभोक्ता महासंघ

५. श्री शान्ता न्यौपाने, कोषाध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ

६. श्री बिमल सारु मगर, कोषाध्यक्ष, आदिवासी जनजाति महासंघ

७. श्री यमुना छन्त्याल, सचिव, आदिवासी जनजाति महासंघ

८. श्री भद्र बराम, सचिव, आदिवासी जनजाति महासंघ

९. श्री रिदार नोसाङ भोटे, सहकोषाध्यक्ष, आदिवासी जनजाति महासंघ

१०. श्री निर्मला श्रेष्ठ, महासचिव, हिमवन्ती

३. दस्तावेजमा आदिवासी जनजाति, दलित, मधेसी, अपांगता भएका व्यक्ति लगायत सीमान्तकृत समुदायका साथै आदिवासी महिला, दलित महिला, मधेसी महिला, अपांगता भएका महिलाको पूर्ण तथा प्रभावकारी सहभागिताको बारेमा उल्लेख गर्ने ।

**ख. यु एन रेडमा प्रस्ताव पेश गर्ने सम्बन्धमा**

१. नेपालको रेड प्रक्रियामा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित लगायतका अधिकारवाला समुदायको नेतृत्व विकास र निरन्तर क्षमता अभिवृद्धिका रेड कार्यान्वयन केन्द्र मार्फत कार्यक्रम निरन्तरताका लागि युएन रेडमा अनुरोध गर्ने र परियोजना प्राप्त भएमा फेकोफन, नेफिन लगायतका सरोकारवालासंगको सहकार्यमा परियोजना संचालन गर्ने ।

**ग. तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा सञ्चालित उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभांस बाँडफाँट योजना (Benefit Sharing Plan) का सम्बन्धमा**

१. तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा विश्व बैंक सँग सम्झौता भई भुक्तानीको चरणमा प्रवेश गरेको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रमको नेपाल सरकारबाट स्वीकृत लाभांस बाँडफाँट योजना (Benefit Sharing Plan) Emission Reduction Purchase Agreement अनुसार नभएको हुँदा कार्यान्वयनमा जटिलता भएकोले सोको पुनरावलोकनका लागि वन तथा वातावरण मन्त्रालय र अर्थ मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. श्री मुना जोशी, हिमवन्ती

१२. श्री टंक बहादुर विश्वकर्मा, कार्यकारी निर्देशक, दलित सेवा संघ

१३. श्री प्रकाश थापा, उपसचिव, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं

१४. श्री मनोज रानाभाट, वरिष्ठ वन अधिकृत, प्रदेश वन निर्देशनालय, गण्डकी प्रदेश

१५. श्री सुजस फुयाल, वन अधिकृत, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं

विशेष आमन्त्रित

१. डा. सिन्धु प्रसाद ढुङ्गाना, रेड विज्ञ

२. डा. मोहन पौडेल, National Coordinator UN REDD TA

३. डा. यादव कँडेल, वन विज्ञ

४. गोपाल काफ्ले

प्रस्ताव तथा निर्णयहरुः

क. नेपालको **Summary of Information on Safeguards** का सम्बन्धमा

१. समुदायमा आधारित वन उपभोक्ता समूहका साथै सामुदायिक वन उपभोक्ता समूहलाई प्रष्ट रुपमा राख्ने ।

२. कार्बन अधिकारको खण्डमा नेपाल सरकारले अन्तराष्ट्रिय ब्यापारको बार्ता तथा सम्झौतामा नेतृत्व रहने भए तापनि कार्बन अधिकारमा उत्सर्जन न्युनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित लगायतका अधिकारवाला समूह तथा निकायको हुने सम्बन्धमा दस्तावेजमा उल्लेख गर्ने ।

**१.४ नेपालको पहिलो सूचना सारांशको मस्यौदामा अक्टोबर २०२४ र मार्च २०२५ मा प्राप्त सुझाव तथा पृष्ठपोषण**

यस तालिकामा नेपालको पहिलो सूचना सारांशको मस्यौदामा सरोकारवालाबाट प्राप्त सुझाव तथा पृष्ठपोषण प्रस्तुत गरिएको छ, जुन निम्न माध्यमहरूबाट प्राप्त भएका थिए:

(क) २०८१ कार्तिक ११ मा आयोजित राष्ट्रिय परामर्श गोष्ठी;

(ख)२०८१ मंसिर २५ सम्मको खुला अनलाइन टिप्पणी अवधि र त्यसपछिको ईमेल सम्पर्क; तथा

(ग) २०८१ चैत्र १७ र १८ मा आयोजित परामर्श गोष्ठी।

| अध्याय | अनुभाग/सुरक्षण का उपाय | पृष्ठ | सुझाभ/पृष्ठपोषण | स्रोत | कसरी सम्बोधन गर्ने |
|---|---|---|---|---|---|
| अध्याय 1 | .... | | | | |
| अध्याय २ | 2.1 नेपालको रेडप्लस यात्रा र संस्थागत व्यवस्थापन | १४ | भूमिका र जिम्मेवारीहरू स्पष्ट भएको रेडप्लस संस्था र शासन संरचनाको स्पष्ट प्रवाह चित्र (फ्लो डायग्राम) देखाउनुपर्छ । | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | सूचनाको सारांशमा पहिले नै संस्थागत चित्र समावेश गरिएको छ; यो टिप्पणीलाई अद्यावधिक चित्र र/वा भूमिकाहरू तथा जिम्मेवारीबारे थप जानकारीको अनुरोधको रूपमा व्याख्या गर्न सकिन्छ। यस जानकारी पहिले नै पाठमा उपलब्ध छ तर यसलाई स्पष्ट र सम्पूर्ण बनाउने उद्देश्यले पुन: समीक्षा गरिनेछ। चित्र नयाँ राष्ट्रिय रेड रणनीति स्वीकृत/प्रकाशित भएपछि मात्र अद्यावधिक गर्न सकिन्छ, त्यसैले सूचनाको सारांशमा चित्रको शीर्षकमा रहेको "हाल" शब्द पनि हटाउन सुझाव दिइन्छ। |
| अध्याय २ | | २७ | लिफ उत्सर्जन न्यूनीकरणकार्यक्रम सम्बन्धी जानकारी पर्याप्त छैन किनभने "ट्रीज दर्ता दस्तावेज" (टीआरडी) अहिलेसम्म औपचारिक रूपमा पेश गरिएको छैन र उत्सर्जन न्यूनीकरण भुक्तानि संझौता पनि अहिलेसम्म हस्ताक्षर गरिएको छैन। | यादव कंडेल<br>19 अप्रिल 2025 | आर्ट-ट्रीज सचिवालयमा टीआरडी पेश भइसकेको छ, त्यसैले यस तालिकामा प्रदान गरिएको जानकारी कम्तीमा पनि नवीनतम टीआरडी सँग मेल खानुपर्छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| अध्याय ३ | 3.2 नेपालको सुरक्षण दृष्टिकोणका प्रमुख तत्वहरू २ | ८ | धुलीखेलमा २४ तारिखमा आयोजित लाभ बाँडफाँट योजना गोष्ठीमा भएको छलफलको आधारमा विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना मा संशोधन। विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लाभ बाँडफाँट योजना सम्बन्धमा धुलिखेल गोष्ठीमा गहिरो छलफल भएको थियो; सोही निर्णय लिफको लाभ बाँडफाँट योजनाका लागि पनि विचार गरिनु पर्दछ। | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | एफसीपीएफ लाभ बाँडफाँट योजना संशोधित र अद्यावधिक गरिएको छ, जुन सरकारद्वारा अक्टोबर 2024 मा स्वीकृत गरिएको थियो। मुख्य परिवर्तनहरू सूचनाको सारांश पाठमा एफसीपीएफ लाभ बाँडफाँट योजना सम्बन्धी जानकारीमा समावेश गरिनेछ।<br><br>लिफको लाभ बाँडफाँट योजनामा सोही सिद्धान्तहरू लागू गरिने भन्ने टिप्पणी सूचनाको सारांशका लागि सान्दर्भिक छैन, तर लाभ बाँडफाँट योजना प्रक्रिया मार्फत सम्बोधन गरिनु आवश्यक छ; साथै, लिफको लाभ बाँडफाँट योजना सरकार र सरोकारवालाको सुझावअनुसार अलग प्रक्रियामा संशोधित गरिएको छ।<br><br>यदि लिफ लाभ बाँडफाँट योजना अझै सहमति भएको छैन भने यसको विवरण समावेश नगर्न सुझाव दिइन्छ। |
| अध्याय ३ | | ३८ | दोस्रो सूचनाको सारांशमा जनवरी 2024 पछि लिफ उत्सर्जन न्यूनीकरण सम्बन्धी अन्य विवरण समावेश गर्न सुझाव दिइएको। | यादव कंडेल, 19 अप्रिल 2025 | भविष्यको सूचनाको सारांशमा थप विवरण प्रदान गर्न सकिन्छ भन्नेमा सहमति छ; यद्यपि, प्रदान गरिने कुनै पनि विवरण सके सम्म तथ्यपरक र अद्यावधिक हुनु हुनुपर्छ।<br><br>तर, यो टिप्पणीले के सुझाव दिन्छ भने डिसेम्बर 2023 पछिका सबै सामग्री, उदाहरणका लागि रेड रणनीतिको समीक्षा, वन सम्बन्धी नयाँ जानकारी, आर्ट र लिफ सम्बन्धी सबै जानकारी हटाउनुपर्छ। यो अलि ठूलै विषय भएकाले यसका लागि रेड कार्यान्वयन केन्द्रबाट अन्तिम भनाइ आउनु पर्छ । |
| अध्याय ३ | 3.2.3 रेडप्लस सुरक्षण सम्बन्धी नेपालको नीति, | ३० | मरूभूमीकरण विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धी (1994) र | सूचनाको सारांश परामर्श | सीबीडी पहिले नै सम्बन्धित सम्मेलनहरूको सूचीमा समावेश गरिएको छ। मरूभूमीकरण विरुद्धको |

| | | | | | |
|---|---|---|---|---|---|
| | कानुन र नियमहरू | | सीबीडीलाई सम्बन्धित सम्मेलनहरूको सूचीमा समावेश गर्नुपर्छ। | गोष्ठी, 27 अक्टोबर 2024 | संयुक्त राष्ट्र संघीय महासन्धीको हकमा, हाल अन्य रेडप्लस दस्तावेजहरूमा यसको उल्लेख गरिएको छैन।<br>यद्यपि, यो महासन्धीका विषयमा लागि पहिलेको राष्ट्रिय रेड रणनीति पाठ पुन: जाँच गरिनेछ। यदि त्यहाँ उल्लेख छ भने, यसलाई पृष्ठ ३० मा र सिद्धान्त "क" अन्तर्गत राष्ट्रिय रेड रणनीति सम्बन्धी बुँदामा थप्न सकिन्छ। नभए पनि, सरोकारवालाहरूको सिफारिस अनुसार यसलाई थप्न सकिन्छ। |
| अध्याय ३ | | | सूचनाको सारांश मा स्थानीय समुदायको सट्टा स्पष्ट रूपमा सामुदायिक वन उपभोक्ता समूह उल्लेख गर्नुपर्छ।जवाफमा कंडेलले थप्नु भयो कि फेकोफनलाई कोष प्रवाहमा ठुलो आपत्ति छ र नतिजमा आधारित भुक्तानी सिधै उपभोक्ता समूहको खातामा जानु पर्छ भन्ने सुझाव छ । | फेकोफन, समीक्षा गोष्ठी 30-31 मार्च 2025 | यो स्पष्ट रूपमा सामुदायिक वन उपभोक्ता समूहको भूमिकालाई मान्यता दिने बारे टिप्पणी जस्तो देखिन्छ। यद्यपि, यस सन्दर्भ वा सामुदायिक वन उपभोक्ता समूह कहाँ/कसरी उल्लेख गर्नुपर्छ भन्ने बारे कुनै विवरण प्रदान गरिएको छैन। वन प्रयोगकर्ता समूहहरू पहिले नै लाभ बाँडफाँट खण्डमा उल्लेख भएकाले, यो एफपिक खण्डसँग सम्बन्धित हुन सक्ने अनुमान गर्न सकिन्छ।<br><br>एफपिक मार्गदर्शन जाँच गरी सम्भव भएमा सामुदायिक वन उपभोक्ता समूह सम्बन्धी सन्दर्भ थपिनेछ। |
| अध्याय ४ | 4.3 सुरक्षण सूचना प्रणालीको जानकारी र कार्यहरू | ४१ | सुरक्षण सूचना प्रणालीको वेबसाइट दुबै अंग्रेजी र नेपाली भाषामा प्रयोगकर्तामैत्री हुनु पर्छ | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | सुरक्षण सूचना प्रणालीले सबै सम्बन्धित सरोकारवालालाई अंग्रेजी र नेपाली दुवै भाषामा जानकारी उपलब्ध गराउनेछ भनी पृष्ठ ४१ मा निर्दिष्ट गरिएको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| अध्याय ५ | क | | तलका नीति, कानून, नियमहरुका दफाहरू समावेश गर्नुपर्छः<br>• राष्ट्रिय वन नीति, २०७५ को दफा 8.5<br>• वन ऐन, २०७६ को दफा 44<br>• वन नियमावली, २०७९ को नियम 107 | दिल राज खनाल | यी तीनवटै दफाहरू सुरक्षण "क", अध्याय ५ भित्र पुन: रुजु गरिनेछ र यदि आवश्यक भए सम्बन्धित बुँदाहरू थपिनेछ। |
| अध्याय ५ | ख | ६३ | ख1.2. यो केवल आंशिक रूपमा मात्र "सम्बोधन" सूचक हो (ख1.2 रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरूको भूमिका, जिम्मेवारी र निर्णय प्रक्रिया सम्बन्धी जानकारी सार्वजनिक रूपमा उपलब्ध छ, जसमा सरोकारवालाको संलग्नता प्रक्रिया तथा एफपिक सम्बन्धी प्रक्रियाहरू पनि समावेश छन्। (संबोधन)।) | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | यो सूचकले सम्बोधन र पालना दुबैका तत्वहरू समावेश गरेको छ भन्ने ध्यान दिइएको छ ।तर सार्वजनिक गरिएको जानकारीमा भने रेडप्लस संस्थाहरूका भूमिका, जिम्मेवारीहरू र संरचनामा सीमित भएकाले यसलाई "सम्बोधन" भनेर वर्गीकृत गरिएको हो । त्यसैले, यसलाई "सम्बोधन" नै राखिनेछ। |
| अध्याय ५ | ख | ६३-६४ | ख1.4 मा प्रमाणक के हुनेछ?<br>ख5.5 मा कसले अनुगमन र मूल्याङ्कन गर्छ? | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | सूचनाको सारांश मा कुनै पनि सूचकका लागि प्रमाणकहरू राखिएको छैन। तथ्याङ्क स्रोतहरूको विवरण पनि उपलब्ध छैन। यी पक्षहरू हाल सुरक्षण सूचना प्रणाली मार्फत परीक्षणमा छन् र भविष्यका सूचनाको सारांश हरूमा अद्यावधिक हुन सक्छन्। यद्यपि, अपेक्षित तथ्याङ्क स्रोत र अनुगमन तथा मूल्याङ्कन स्पष्ट पार्न सुरक्षण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सूचना प्रणाली सम्बन्धी खण्डमा जानकारी थप गरिएको छ। |
| अध्याय ५ | ख | ५४ | गुनासकोका लागि नि:शुल्क (टोल-फ्री) नम्बरहरू उपलब्ध गराइनुपर्छ।<br><br>गुनासो व्यवस्थापनका लागि स्थानीय स्तरमा क्षमता विकास आवश्यक छ। रेड कार्यान्वयन केन्द्रमा सम्पर्क व्यक्ति/तोकिएको जिम्मेवार व्यक्ति सहित एक सक्रिय गुनासो व्यवस्थापन संयन्त्र हुनुपर्छ। | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | नम्बर र यो टोल-फ्री भएको तथ्य पहिले नै सूचनाको सारांशको खण्ड 3.3.4 र सुरक्षण "ख" मा उल्लेख गरिएको छ । यद्यपि, यसलाई स्पष्ट बनाउन पुनः रुजु गरिनेछ।<br><br>"सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू" अन्तर्गत भविष्यमा गुनासो सम्बोधन संयन्त्र सुदृढीकरण योजनाका लागि सिफारिसहरूमा यो बुँदा थपिनेछ, यसमा 2025 मा गुनासो सम्बोधन संयन्त्रको समीक्षा र सुदृढीकरण क्रियाकलापहरू योजना गरिएको उल्लेख गरिने छ। |
| अध्याय ५ | ख | सबै | तलका नीति, कानून र नियमहरूका दफाहरू समावेश गर्नुपर्छ:<br><br>• वन ऐन, 20७६ को दफा 11, 73, र 80<br>• वन नियमावली, 20७९ का नियम 14, 15, 121, 122, 134<br><br>सुरक्षण "ग" र "घ" सँग सम्बन्धित अन्य नीति/कानुनहरू | दिल राज खनाल | निर्दिष्ट धाराहरू अनुसूची "ख", अध्याय ५ भित्र पुन: जाँच गरिनेछ र छुटेको रहेछ भने सम्बन्धित बुँदाहरू थपिनेछ। |
| अध्याय ५ | ख | | स्थानीय स्तरमा कुनै रेडप्लस संरचना छैन। | यादव कंडेल, 19 अप्रिल 2025 | स्थानीय स्तरका संरचनाहरू (यदि त्यस्तो योजना छ भने) सूचना आदाव-प्रदान गर्नका लागि सक्रिय हुनेछन् भन्ने बुँदा राखिने छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| अध्याय ५ | ग | ७७ | C2.3 पालना सूचक: पुनर्स्थापित/विस्थापित परिवारहरू/समुदायहरूको लागि उचित क्षतिपूर्ति के हुनसक्छ? के क्षतिपूर्तिका लागि वार्ता हुन्छ? | सूचनाको सारांश परामर्श गोष्ठी, 27 अक्टोबर 2024 | नेपालको कानुनी संरचनाअन्तर्गत क्षतिपूर्ति प्रदान गरिन्छ र यो रेडप्लस एफपिक प्रक्रियामा प्रतिबिम्बित गरिएको छ। क्षतिपूर्तिसम्बन्धी प्रावधानहरू स्पष्ट छन् भन्ने सुनिश्चित गर्न निम्न खण्डहरू पुनरावलोकन गरिनेछ:<br><br>• 3.3.2 एफपिक सम्बन्धी<br>• सुरक्षण "ग" सम्बोधन, अर्थात् क्षतिपूर्तिसँग सम्बन्धित कानुनी प्रावधानहरू<br>• एफपिक मार्गदर्शनको वर्तमान अवस्थासँग अद्यावधिक गरिएको छ भन्ने सुनिश्चित गर्न सुरक्षण "ग" का सीमितता र तिनको सम्बोधन गर्ने उपायहरू, । |
| अध्याय ५ | ग | ६६ | "आदिवासी राष्ट्रियता" शब्द आदिवासी जनजातिको लागि प्रयोग गरिएको छ। नेपालको आधिकारिक दस्तावेजहरू, जस्तै संविधानमा आदिवासी जनजाति शब्द प्रयोग गरिन्छ। | यादव कंडेल, 19 अप्रिल 2025 | सूचनाको सारांशमा आदिवासी जनजाति शब्दको सही प्रयोग भएको छ कि छैन भनेर पुन: रुजु गरिनेछ। |
| अध्याय ५ | ग | ७४ | सबै समुदायमा आधारित वन व्यवस्थापन समूहहरूसँग स्वीकृत व्यवस्थापन योजनाको ढाँचाभित्र वन स्रोतहरूको व्यवस्थापन र उपयोग गर्ने अधिकार छ । तर, जमिनको स्वामित्व सम्बन्धी अधिकार पूर्ण रूपमा सरकारसँग छ। | यादव कंडेल, 19 अप्रिल 2025 | यस अनुभागमा जानकारीलाई पाठमा विचार गरिनेछ, तर कुनै उद्धरण उपलब्ध नभएकाले प्रयोग गर्न सकिन्न। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | समुदायमा आधारित वन व्यवस्थापन समूहहरूमा सक्रिय सहभागिता हाल घट्दो प्रवृत्तिमा छ, जसको कारणहरूमा पलायन र विगतका दशकहरूसँग तुलना गर्दा वन स्रोतमा कम निर्भरता रहेका छन्। | | |
| अध्याय ५ | ग र घ | ६८ | कानुनी संरचनाबारे केही असमझदारीहरू छन्, विशेष गरी आदिवासी जनजातिका सारभूत अधिकार (सम्बोधन /प्रवर्धन गर्ने), प्रक्रियागत अधिकार (सम्मान/संरक्षण गर्ने) र सामूहिक स्वामित्वको अधिकारहरू जुन सूचनाको सारांशमा विश्लेषण गर्न अत्यन्त महत्वपूर्ण छन्। तलका नीति, कानून, नियमहरू सुरक्षण "ग" र "घ" मा समावेश गर्नुपर्छ:<br>• नेपालको संविधान (धारा 18, 24, 27, 39, 32, 36, 37, 38, 40, 42, 43)<br>• वन ऐन, 20७६ (दफा 11.3, 44.1.क)<br>• वन नियमावली, 20७९ (नियम 42.8, 107.2, 107.6, 115)<br>• वातावरण संरक्षण ऐन, 20७६ (परिच्छेद 4) | दिल राज खनाल | यी नीति, कानून, नियमहरू मध्ये धेरै पहिले नै सूचनाको सारांश मा उल्लेखित गरिएका छन्, त्यसैले प्रत्येक विशेष धारा ग र घ का लागि पाठमा पुन: जाँच गर्नु पर्नेछ। कुनै विशेष असमझदारी स्पष्ट नभएकाले सुझाव सम्बोधन गर्न कठिन छ।<br><br>वन ऐन 20७६, वन नियमावली 20७९, र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, 20५८ का सम्बन्धित दफाहरूमा केन्द्रित भऐ भूमिको स्वामित्व अधिकार सम्बन्धी खण्ड पुनरावलोकन गरी आवश्यक भए परिमार्जन गरिनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • वातावरण संरक्षण नियमावली, 20७७ (नियम 28.4)<br>• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ (दफा 5.2)<br>• मध्यवर्ती क्षेत्र नियमावली, २०५२<br>• सूचनाको हक सम्बन्दी ऐन, 20६४ (दफा 4-10)<br>• सुशासन (व्यवस्थापन र संचालन) ऐन, 20६४ (परिच्छेद 4, दफा 25, 28, 30, 31)<br>• न्याय प्रशासन ऐन, 20७३<br>• मुलुकी देवानी (संहिता) ऐन, 20७४ (अध्याय 5) र मुलुकी अपराध संहिता, 20७४ (परिच्छेद 8)<br>• स्थानीय सरकार सञ्चालन ऐन, 20७४ (दफा 11, 15, 24, 25)<br>• आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, 20५८<br>• राष्ट्रिय वन नीति, 20७५ (धारा 8.8) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • एफपिक मार्गदर्शन, 2024 | | |
| अध्याय ५ | C & D | सबै | नीति र सरकारी दृष्टिकोण प्रष्टसंग प्रतिबिम्बित भए पनि आदिवासी जनजाति र स्थानीय समुदायका दृष्टिकोण छुटेको छ । | दिल राज खनाल | यसलाई नीति अनुसार भएन वा सरकार सम्बन्धित भयो भन्ने साझा टिप्पणीका रुपमा  व्याख्या गरिएको छ र सुचनाको सारांशका लागि आदिवासी जनजाति र स्थानीय समुदायसंग परामर्श/समीक्षा गर्नु पर्छ र तथ्याङ्कको श्रोत आवश्यक पर्दछ । नेफिन, फेकोफन र अन्य संस्थाहरूलाई परामर्श गोष्ठी र अनलाइन टिप्पणी अवधिबाट आफ्ना दृष्टिकोण प्रस्तुत गर्न आमन्त्रण गरिएको थियो। यद्यपि कुनै प्रतिक्रिया प्राप्त भएन। पहिलो सूचनाको सारांशका लागि स्थानीय स्तरमा परामर्श गर्ने स्रोत उपलब्ध थिएन, र रेडप्लसको मुख्य सरोकारवालाहरूको मञ्चलाई नै सरोकारवालाहरूलाई संलग्न गराउने प्रमुख थलोको रुपमा लिइन्छ ।<br><br>यस सुझाबलाई सम्बोधन गर्न:<br><br>• सुरक्षण "घ" अन्तर्गत "सीमितता र तिनको सम्बोधन गर्ने उपायहरू" खण्डमा सुदृढ सरोकारवालाको संलग्नता प्रक्रियाको आवश्यकता बुँदा थप्ने, साथै यस क्षेत्रमा 2025 मा योजना गरिएको कार्य र भविष्यका सूचनाको सारांश हरूका लागि यसलाई सम्बोधन गर्नु पर्ने आवश्यकतालाई टिपोट गर्ने।<br>• अन्तिम टिप्पणीका लागि फेरि रेड कार्यान्वयन केन्द्र, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फेकोफन, नेफिन, र हिमावन्ती सँग सम्पर्क गर्ने।<br>• आदिवासी जनजाति स्थानीय समुदायको पहलमा भएका भूमि/वन/संरक्षण/कार्बन परियोजना सम्बन्धी अध्ययन प्रतिवेदनहरूको शीघ्र पुनरावलोकन गर्ने । |
| अध्याय ५ | ग, घ | | आदिवासी जनजातिहरूले उत्सर्जन घटाउने कार्यक्रममा प्रत्यक्ष योगदान पुऱ्याउँने हुँदाउनीहरूको कार्बन अधिकारलाई सूचनाको सारांश मा स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ । यो विषय नेपालको संविधानसंग पनि जोडिएकोछ)।<br><br>नेफिनबाट उठाइएको कार्बन अधिकारको विषयलाई नीतिगत संशोधन मार्फत सम्बोधन गर्नुपर्दछ। उदाहरणका लागि, मौजुदा वन नियमावलीमा रहेको लाभ बाँडफाँट योजना तदनुकुल संशोधन हुनु पर्दछ । | सरोकारवाला हरुको गोष्ठी, 30-31 मार्च 2025 मा नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधीहरू | सूचनाको सारांशमा हामी केवल ती अधिकारहरूको उल्लेख मात्र गर्न सक्छौं जुन नेपालमा कानूनी मान्यता प्राप्त छन् वा विचाराधीन छन्।यसका लागि देहायका कार्य गर्नु पर्छः<br><br>१. संविधानमा यस विषयमा आदिवासी जनजातिका अधिकारहरूको अध्ययन गर्ने ।<br>२. वन नियमावलीमा यो विषयको अध्ययन गर्ने । समुदायमा आदिवासी जनजातिका लागी लाभ घुट्यायने विषय छ वा छैन?<br>३. यसका आधारमा आदिवासी जनजातिका कार्बन अधिकारहरूको स्पष्ट भमाई लेख्न सकिन्छ?<br>४. यदि सकिन्न भने, यसलाई सूचनाको सारांशमा "सीमितता" खण्डमा लेखिनु पर्छ। |
| अध्याय ५ | ग, घ | | दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सामाजिक रूपमा सीमान्तकृत समूहहरूको विचार गर्नु आवश्यक छ। सूचनाको सारांशमा उनीहरूको समावेशीकरण स्पष्ट रूपमा सम्बोधन गर्नुपर्छ र | समीक्षा गोष्ठी, 30-31 मार्च 2025<br><br>दलित सेवा संघका प्रतिनिधि | सूचनाको सारांश ले सुरक्षणलाई कसरी सम्बोधन र पालना गरिएको छ भनेर प्रतिवेदन गर्छ तर यसले कानुनी प्रावधानमा परिवर्तन गर्न सक्दैन। यो टिप्पणीले कानुनी प्रावधानका विषयमा वा एफपिक जस्ता सुरक्षण प्रक्रियाहरूमा वा प्रस्तावित सूचकहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धित प्रावधानहरूमा तिनीहरूको मान्यता सुनिश्चित गर्नुपर्छ। | | मध्ये के सँग सम्बन्धित हो सो बारेमा प्रष्ट हुनु पर्ने देखियो। |
| अध्याय ५ | घ | ८३-८४ | रेडप्लस कार्यक्रमहरूमा सामुदायिक परिचालनको सुनिश्चितता हुनु पर्छ। | सूचनाको सारांश परामर्श गोष्ठी, २७ अक्टोबर २०२४ | यो सुझाव रेडप्लस कार्यक्रमहरूको समग्र प्रक्रियाका लागि हो। यसलाई सुरक्षण "घ" अन्तर्गतको 'सीमितता र तिनलाई संबोधन गर्ने उपाय" मा एउटा बुँदाको रुपमा थप्न सकिन्छ । |
| अध्याय ५ | घ | ७८ | दस्तावेजहरू र नीति, कानून र नियमहरू खण्डमा उल्लेख गरिँदा आदिवासी जनजाति, महिला र दलितसँगै "अन्य समूहहरू" लाई पनि समावेश गर्नुपर्छ। | दिल राज खनाल | धेरैजसो नीति, कानून, नियमहरूको खण्डमा आदिवासी जनजाति, स्थानीय समुदायका सदस्य, महिला र दलितहरूको उल्लेख गरिएको छ। तथापि, केहीमा (जस्तै घ2.5) "*आदिवासी जनजाति, स्थानीय समुदायका सदस्य, महिला, दलित, र अन्य सीमान्तकृत समूहका सदस्यहरू*"को उल्लेख गरिएको छ। सबै सूचकहरूलाई एकरूप बनाउन "अन्य समूहहरू" हटाउने विकल्प भए तापनि, समग्र सहभागितालाई अनुगमन गर्ने सम्बन्धित सूचकहरूमा "अन्य समूहहरू" कायम राख्नु उपयुक्त ने हुन्छ। तर "अन्य समूहहरू" को परिभाषामा एकरुपता छैन, किनकि यो देश र रेडप्लस कार्यक्रम अनुसार फरक-फरक हुन सक्छ। यो सुझावलाई सम्बोधन गर्ने सूचनाको सारांश तससील अनुसार परिमार्जन गर्न सकिन्छ:<br><br>• "अन्य सीमान्तकृत समूहहरू" भन्ने शब्द पहिलो पटक प्रयोग हुँदा उहाहरण सहित (जस्तै: युवा, वृद्ध, अपाङ्गता भएका, विपद्-प्रभावित) पादटिप्पणी राख्ने र सबै सन्दर्भका लागि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | यो परिभाषित गर्न नसकिने कुरा उल्लेख गर्ने।<br>• सुरक्षण "घ" को "सीमितता र तिनको सम्बोधन गर्ने उपाय" खण्डमा फरक समूहका फरक-फरक तथ्याङ्क आवश्यक पर्ने भनी उल्लेख गर्ने। |
| अध्याय ५ | | ९० | मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका / विनियम (२०५२) लाई कानूनी सन्दर्भमा समावेश गर्नुपर्छ। | सूचनाको सारांश परामर्श गोष्ठी, २७ अक्टोबर २०२४ | मध्यवर्ती वनहरूको संरक्षणको व्यवस्था यस नीति, कानून र नियमको विषयलाई सुरक्षण "ङ" खण्डमा थप्नुपर्छ ।<br><br>(https://faolex.fao.org/docs/pdf/nep6229.pdf) |
| अध्याय ५ | ङ | ९५ | वनमा निर्भर समुदायहरूको लागि जीविकोपार्जन रणनीतिहरू तयार गर्ने। | सूचनाको सारांश परामर्श गोष्ठी, २७ अक्टोबर २०२४ | यो सुझाव समग्र रेडप्लस कार्यक्रमहरूको लागि देखिन्छ। वनमा निर्भर समुदायहरूको जीविकोपार्जनबारे सुरक्षण "ङ" अन्तर्गत पहिले नै संक्षिप्त रूपमा उल्लेख गरिएको छ। सुरक्षण "ङ" को "सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू" अन्तर्गत वनमा निर्भर समुदायहरूसँग परामर्श गर्ने आवश्यकता अनुसार र रेडप्लसको अंगका रुपमा जीविकोपार्जन रणनीतिहरू तर्जुमा गर्ने विषय थप्न सकिन्छ। |
| अध्याय ५ | ङ | सबै | निम्न नीति, कानून, नियमहरू समावेश गर्नुपर्छ:<br>• वन विनियमावली, २०७९ (नियम १०७.२)<br>• वातावरण संरक्षण ऐन, २०७६ (परिच्छेद २) | दिल राज खनाल | निर्दिष्ट दफाहरू सुरक्षण "ङ", अध्याय ५ भित्र पुनरावलोकन गरी छुटेका भए समावेश गरिनेछन्। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • वातावरण संरक्षण नियमावली, २०७७ (परिच्छेद २)<br><br>• भूमि ऐन, २०२१ (८औँ संशोधन २०७६) (दफा ५२(ख)(४))<br><br>• भू-उपयोग ऐन, २०७६ र भूउपयोग विनियमावली, २०७९ | | |
| अध्याय ५ | ङ | ९२ | जैविक विविधता/पारिस्थितिकीय प्रणालीको आँकलन बारे कुनै जानकारी छैन, वन स्रोत सर्वेक्षण र राष्ट्रिय भूआवरण अनुगमन प्रणाली केवल प्रतिवेदन मात्र हुन्। | यादव कंडेल<br><br>१९ अप्रिल २०२५ | सूचनाको सारांशमा जैविक विविधता, पारिस्थितिकीय प्रणाली र पारिस्थितिकीय सेवाबारे सूचनाको अभाव रहेको कुरा उल्लेख गरिएको छ। |
| अध्याय ५ | च | सबै | उत्सर्जन न्यूनीकरण कार्यक्रमका दस्तावेजहरूमा सूचीकृत गरिएका सबै नीति र कार्यविधिहरू सूचनाको सारांशमा समावेश गर्नुपर्छ। | दिल राज खनाल | उत्सर्जन न्यूनीकरण कार्यक्रमसँग सम्बन्धित कुनै विशेष दस्तावेज सिफारिस गरिएको छैन, न त कुनै विशेष उत्सर्जन न्यूनीकरण कार्यक्रम नै। यस सुझावलाई एफसीपीएफ दस्तावेजहरूमा केवल पुन:उत्सर्जन (रिभर्सल) र विस्थापन (डिस्प्लेसमेनट) सम्बन्धी विषयहरूसँग मात्र सम्बन्धित भनेर बुझ्न सकिन्छ। त्यसैले, यो सुझाबलाई सम्बोधन गर्न निम्न परिमार्जनहरू गर्न सकिन्छ:<br><br>• पछिल्लो एफसीपीएफ इआरपीडीमा पुन:उत्सर्जन र विस्थापन सम्बन्धी कुने कुनै सन्दर्भ (जस्तै: लागू गरिएको बफर) छ कि छैन भनी पुनराबलोकन गर्ने । |
| अध्याय ५ | छ | सबै | | दिल राज खनाल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • वातावरणीय र सामाजिक व्यवस्थापन खाकामा पुन:उत्सर्जन र विस्थापन सम्बन्धी कुनै उपायहरू छन् कि भनेर जाँच गर्ने। |
| सामान्य / समग्र टिप्पणी: | | | रेडप्लस कार्यक्रम सञ्चालन हुने स्थानका प्रदेश र स्थानीय तहका कानून, नियम र विनियमहरू समावेश गर्नुपर्छ। | दिल राज खनाल | राष्ट्रिय संक्षेपको रूपमा, देशका सबै नगरपालिका र प्रदेशहरूको नीति, कानून र नियमहरू समावेश गर्न सम्भव हुँदैन (किनभने रेडप्लस कार्यक्रम सबैमा कार्यान्वयन गरिएको छ)। यदि सुरक्षण हरू कसरी सम्बोधन गरिन्छ भन्ने कुरामा प्रभाव पार्ने कुनै प्रदेश वा स्थानीय तहका नीति, कानून र नियमहरूको उदाहरण दिनु आवश्यक भएमा ती भविष्यका सूचनाको सारांश हरूमा समावेश गर्न सकिन्छ। पहिलो सूचनाको सारांश मा, सुरक्षण "ख" (राष्ट्रिय नीतिहरूसँगको तादात्म्यता) अन्तर्गत "सीमितता र तिनलाई सम्बोधन गर्ने उपायहरू"मा एउटा बुँदा थप्न सकिन्छ, जसमा भविष्यका समीक्षाहरूमा सुरक्षणका लागि प्रदेश तथा स्थानीय तहका नीति, कानून र नियमको प्रासंगिकता अन्वेषण गर्नुपर्ने कुरा उल्लेख गरिनेछ। |
| सामान्य / समग्र टिप्पणी | | | आदिवासी जनजाति शव्दमा प्रष्टता चाहियो ।<br><br>यो प्रश्न नेपाली अनुवादका कारण उठाइएको हो। नेपालमा अंग्रेजीमा स्वीकार्य मानक शब्द इन्डिजिनस पिपल्स एन्ड लोकल कम्युनिटी हो । (अन्य प्रमुख | समीक्षा गोष्ठी, ३०-३१ मार्च २०२५ | यो सुझाव नेपाली संस्करणको अन्तिम समीक्षा गर्न अनुवादकलाई पठाइनेछ। यसको अर्थ आदिवासी जनजाति र स्थानीय समुदायका लागि शब्दहरू अलग गर्ने भन्न पनि हुन सक्छ । यी दुई शब्दहरू अंग्रेजी संस्करणमा भने पहिले नै अलग र स्पष्ट छन्। |

| | | | |
|---|---|---|---|
| | दस्तावेजहरूमा के रहेको छ त्यसको प्रतिविम्बित हुने गरी)।<br><br>उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी विषयमा सामुदायिक वन उपभोक्ता समूहको  क्षमता विकास कार्यमा तीब्रता दिनु पर्यो ।<br><br>देशका विभिन्न क्षेत्रका आदिवासी जनजातिका परम्परागत वन सम्बन्धी अभ्यासहरू अध्ययन गरी दस्तावेजीकरण गर्नुपर्यो।<br><br>महिलाहरूलाई केबल प्रतीकात्मक प्रतिनिधित्वमा सीमित नगरी उनीहरुको अर्थपूर्ण सहभागितालाई सक्रिय रूपमा प्रोत्साहित गर्नु पर्यो  ।<br><br>अधिकारवालाहरूको यी र यस्तै चासोहरूलाई सरकारले आगामी सूचनाको सारांशमा संभब भएसम्म सम्बोधन गर्ने प्रतिवद्धता गर्नु पर्यो। | हिमवन्ती | केही अध्ययनहरू पहिले नै गरिएको छ र सूचनाको सारांश मा उल्लेख गरिएको छ। सुरक्षण "ग" को "सीमितता र तिनको सम्बोधन गर्ने उपायहरू" खण्डमा एउटा बुँदा थप्नु गर्नु पर्दछ।<br><br>महिलाहरूको सहभागिता "प्रतीकात्मक" प्रतिनिधित्व भन्दा बढी सुनिश्चित कसरी गर्ने भन्ने सुझाब आएन । यद्यपि, सरोकारवालाहरुको संलग्नता सम्बन्धी खण्ड र सुरक्षण "ख" र "घ" मा लैङ्गिक समानता, कार्बन अधिकार र लाभ बाँडफाँट योजना खण्ड पुनरावलोकन गरी भाषा सुदृढ गर्न सकिन्छ । |

# अनुसूची २: रेडप्लससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि संझौताहरू

विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको उत्सर्जन न्यूनीकरण परियोजना दस्तावेज र राष्ट्रिय रेड रणनीति (२०१८) को आधारमा नेपालमा रेडप्पससंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताहरू देहाय बमोजिम छन् ।

| क्र.सं. | अन्तर्राष्ट्रिय सन्धि / सम्झौता | सदस्यताको प्रकार |
|---|---|---|
| 1 | सीबीडी (१९९२) | पक्षराष्ट्र |
| 2 | संकटापन्न बन्यजन्तु र वनस्पति प्रजातिहरूको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (साइटिस) (१९७३) | पक्षराष्ट्र |
| 3 | अन्तर्राष्ट्रिय महत्वका सिमसार सम्बन्धी रामसर महासन्धि (१९७१) | पक्षराष्ट्र |
| 4 | स्वतन्त्र राष्ट्रका आदिवासी जनजाति  सम्बन्धी आ.एल.ओ.सी. (आइएलओ कन्भेन्सन. 169) (१९८९) | पक्षराष्ट्र |
| 5 | जैविक विविधता सम्बन्धी सम्मेलन अन्तर्गत आनुवंशिक स्रोतहरूमाथि पहुँच र तिनको उपयोगबाट लाभको न्यायोचित वितरण सम्बन्धी नागोया अभिसन्धि (एबीएस) (२०१०) | पक्षराष्ट्र |
| 6 | सम्बन्धी पेरिस सम्झौता (२०१५) | पक्षराष्ट्र |
| 7 | संयुक्त राष्ट्र संग वन मञ्च (युएनएफएफ) / संयुक्त राष्ट्र संघीय वनका लागि रणनीतिक योजना २०१७-२०३० | सदस्य |
| 8 | मरुभूमिकरण रोकथाम सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि (युएनसीसीडी) (१९९४) | पक्षराष्ट्र |
| 9 | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र संघीय महासन्धि (२००५) | पक्षराष्ट्र |
| 10 | संयुक्त राष्ट्र संघ मानव अधिकार घोषणापत्र (१९४८) | पक्षमा मतदान |
| 11 | आदिवासी जनजातिका अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र) (२००७) | पक्षमा मतदान |
| 12 | संयुक्त राष्ट्र  ढाँचा सम्मेलन (संयुक्त राष्ट्रसंघीय  प्रारुप  महासन्धि(UNFCC) ) (१९९२) | पक्षराष्ट्र |

# अनुसूची३. एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि गुनासो सम्बोधन संयन्त्र

**पृष्ठभूमि**

नेपालले विश्व बैंकको वन कार्बन पार्टनरशिप फ्यासिलिटी (एफसीपीएफ) को कार्बन कोष अन्तर्गत रेडप्लस उत्सर्जन न्यूनीकरण कार्यक्रम तराइ भूपरिधिका १३ जिल्लामा कार्यान्वयन गरिरहेको छ। सातवटा रेडप्लस क्रियकलापहरू कार्यान्वयन भैरहेका छन् र जुलाई २०१८ देखि डिसेम्बर २०२१ सम्मको प्रतिवेदन अवधिको पहिलो उत्सर्जन न्यूनीकरण अनुगमन प्रतिवेदन तयार गरी प्रमाणीकरणको लागि विश्व बैंकमा पेश गरिएको छ। प्रमाणीकरण प्रक्रिया पूरा भएपछि नेपालले उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनबाट उत्पन्न उत्सर्जन न्यूनीकरण क्रेडिटहरूको नतिजामा आधारित भुक्तानी प्राप्त गर्ने अपेक्षा गरिएको छ।

यस उत्सर्जन न्यूनीकरण कार्यक्रमको संभागका रूपमा वातावरणीय र सामाजिक व्यवस्थापन खाका (इएसएमएस) तयार गरिएको छ, जसमा “पृष्ठपोषण र गुनासो सम्बोधन संयन्त्र” (एफजीआरएम) समावेश गरिएको छ। विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि तयार गरिएको एफजीआरएम संक्षेपमा तल वर्णन गरिएको छ।

यस संयन्त्रलाई चार आधारभूत चरणमा विभाजित गरिएको छ:

**१. गुनासो दर्ता**

उत्सर्जन न्यूनीकरण कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित कुन पृष्ठपोषण वा उजुरी भएका व्यक्तिहरू वा समूहहरूले आफ्नो उजुरी आफूलाई पायक पर्ने गरी विभिन्न माध्यमबाट रिपोर्ट गर्न सक्छन्, जस्तै, मौखिक (आमने-सामने भएर, फोन गरेर), लिखित (तोकिएका अधिकारी समक्ष लिखित उजुरी दर्ता गर्ने, गुनासो पेटिकामा खसाल्ने वा हुलाकबाट पठाउने), विद्युतीय (इमेलबाट वा वेबसाइटबाट उजुरी पठाउने) ।उजुरी वा गुनासो विभिन्न तहमा पेश गर्न सकिन्छ, जस्तै स्थानीय स्तरमा समुदायमा आधारित वन व्यवस्थापन समूहको कार्यालयमा, स्थानीय तहमा, डिभिजन/सब-डी.व.का.मा वा जिल्ला अदालतमा; प्रदेश स्तरमा प्रदेशको वन वातावरण हेर्ने मन्त्रालयमा; संघीय स्तरमा रेड कार्यान्वयन केन्द्र, वन तथा भू-संरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय, हेलो सरकार मार्फत् प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ।अदालतमा उजुरी गर्नु परेको अवस्थामा बाहेक गुनासो वा उजुरी जस्तो सुकै ढाँचामा गर्न सकिन्छ ।

**२. गुनासो अनुसन्धान वा छानबिन**

उजुरी वा गुनासो दर्ता हुने वितिक्कै अनुसन्धान शुरु हुन्छ। यो प्रणाली नयाँ नभएर विद्यमान अभ्यासको परिमार्जन मात्र भएको हुनाले, कानुनी वा प्रथाजनित दुवै प्रक्रिया अपनाउँदै अर्ध-न्यायिक ढंगबाट गुनासोको अनुसन्धान गरिन्छ। वातावरणीय र सामाजिक व्यवस्थापन खाकामा पहिचान गरिए अनुसार, प्रस्तावित उत्सर्जन न्यूनीकरण कार्यक्रमका

उपायहरूका अधिकांश सम्भावित प्रभावमा विविध सामाजिक र वातावरणीय सवालहरू समावेश हुन्छन्, जसका लागि व्यावहारिक दृष्टिकोण आवश्यक पर्दछ। उजुरी कहाँ दर्ता भएको हो र मुद्दा के हो त्यसैको आधारमा  स्थानीय, प्रादेशिक वा संघीय तहमा अनुसन्धाग गरिन्छ । धेरै जसो अवस्थामा उजुरी कुन तहको विषयमा रहेको छ, सोही तहमा अनुसन्धान गर्नु पर्ने हुन सक्छ, जस्तै वन उपभोक्ता समूह, स्थानीय तह वा वन कर्मचारी ।

**(i) स्थानीय स्तरको अनुसन्धान वा छानबिन**

उत्सर्जन न्यूनीकरण कार्यक्रमका उपायसँग सम्बन्धित अधिकांश गुनासो स्थानीय स्तरका हुने संभावना रहन्छ, जसको व्यवस्थापनका लागि व्यावहारिक दृष्टिकोण आवश्यक पर्छ (व्यावहारिक दृष्टिकोणले प्रायः अनौपचारिक तर सहभागितामूलका विधिहरूको पालन गर्छ)।स्थानीय तहको उजुरी अनुसन्धान गर्न, प्रत्येक स्थानीय तहमामा सरोकारवालाहरु मध्येबाट तीनदेखि पाँच सदस्यहरूको अनुसन्धान टोली गठन गरिनेछ। टोलीको नेतृत्व उत्सर्जन न्यूनीकरण कार्यक्रमको सम्पर्क व्यक्तिका रुपमा तोकिएका वन कर्मचारीले गर्नेछन्।यसमा सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) वा साझेदारी वन भएको स्थान भए साझेदारी वन उपभोक्ता महासंघ (एकोफन) र नेपाल आदिवासी जनजाति महासंघ (नेफिन) ले आफ्ना स्थानीय प्रतिनिधिलाई टोलीमा मनोनयन गर्नेछन्।बाँकी दुई सदस्य आवश्यकता अनुसार मनोनयन हुनेछन्।उदाहरणका लागि लैङ्गिक विभेद विषयको गुनासो रहेछ भने उत्सर्जन न्यूनीकरण कार्यक्रममा  जोडिएका महिला समूह वा संस्थाबाट एक जना महिलालाई मनोनयन गरिने छ । यस टोलीको प्रमुख उद्‌देश्य भनेको सहभागितामूलक ढंगबाट गुनासोको समाधान गर्नु हो ।विवादित पक्ष बीच सहमति हुन नसकेमा टोलीले आफ्नो सिफारिश सहित माथिल्लो निकायमा गुनासो समाधानका लागि पठाउनेछ ।(जस्तै, स्थानीय तहको वन वातावरण शाखा प्रमुख समक्ष) ।टोलीको निर्णय वा सिफारिश माथिल्लो निकायले निर्णय गर्ने आधार हुन सक्छ, जस्तै स्थानीय तह वा सो विषय अदालत पुगेमा अदालतको लागि समेत सहयोगी हुन सक्छ ।टोलीले तोकिएको समय भित्र विवादमा आकर्षित हुने कानूनको दायरामा रही गुनासो समाधान गरेका छन् भन्ने कुरा उत्सर्जन न्यूनीकरणसंग सम्बन्धित अधिकृत (उदाहरणको लागि स्थानीय वन कर्मचारी) ले सुनिश्चित गर्नु पर्दछ ।

**(ii) प्रदेश स्तरको अनुसन्धान वा छानबिन:**

यदि उजुरी वा विवादले प्रदेश सरकारको वन कानूनलाई सक्रिय बनाउँछ भने प्रदेश स्तरको अनुसन्धान गरिनेछ। यस तहमा गुनासो सम्बोधन गर्न प्रायः अर्ध-न्यायिक प्रक्रिया अवलम्बन गरिन्छ। सम्बन्धित डी.व.का.ले अनुसन्धान गर्नेछ र प्रचलित कानून र नियमअनुसार तोकिएको समयभित्र आवश्यक निर्णय लिनेछ (तालिका १९ हेर्नुहोस्)। यदि गुनासोको लागि अर्ध-न्यायिक भन्दा व्यावहारिक दृष्टिकोणबाट सम्बोधन हुने प्रकृतिको रहेछ भने (जुन अपेक्षित छैन, किनभने यो स्थानीय तहमा जति आवश्यक पर्छ, त्यति प्रदेश तहमा छैन), उत्सर्जन न्यूनीकरण कार्यक्रम हेर्ने डी.व.का.ले तोकेको एक जना उत्सर्जन न्यूनीकरण कार्यक्रमको अनुभव भएको वन कर्मचारीले सरोकारवालाहरु र विवादित पक्षसंग समन्वय गरी अनुसन्धान वा छानबिन गर्नेछन् ।

**(iii) राष्ट्रिय स्तरको अनुसन्धान वा छानबिन:**

उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनबाट उत्पन्न उजुरी व्यवस्थापनको जिम्मेवारी वन तथा वातावरण मन्त्रालयको हो। राष्ट्रिय तहमा, सम्बन्धित क्षेत्रहरूमा उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनबाट उत्पन्न सबै उजुरीहरूको समाधान वन तथा भू-संरक्षण विभाग, वन अनुसन्धान तथा सर्वेक्षण विभाग, र/वा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ले गर्नेछ। यस तहमा गुनासो व्यवस्थापन गर्दा प्रायः अर्ध-न्यायिक दृष्टिकोण अपनाइन्छ।हरेक विभागसँग रेडप्लस सम्पर्क व्यक्ति हुनेछ, जसको जिम्मेवारी सम्पूर्ण पृष्ठपोषण र गुनासो सम्बोधन गर्नु हो। राष्ट्रिय रेडप्लस निर्देशक समितिले सम्बन्धित विभाग, प्रदेश सरकार, र स्थानीय सरकारलाई सहयोग गर्दै उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनबाट उत्पन्न मुद्दा र उजुरी समाधानमा समन्वय र

सहजीकरण गर्नेछ ।रेड कार्यान्वयन केन्द्रले एक उजुरी संयोजक तोक्नेछ, जसले पृष्ठपोषण र गुनासो संम्बोधन संयन्त्रको समग्र समन्वय, सहजीकरण र अन्य आवश्यक समयोग गर्ने जिम्मेवारी लिनेछ। यस्तो संयोजकले विवाद समाधानमा प्रशिक्षण प्राप्त गरेको हुनु अनिवार्य छ। यस्तो संयोजक एक वरिष्ठ वन कर्मचारी हुन सक्छ जसले विवाद समाधान वा सम्बन्धित क्षेत्रमा प्रशिक्षण प्राप्त गरेको होस्। संयोजकले सबै तहबाट पेश गरिएको गुनासोहरूको केन्द्रिय दर्ता, पृष्ठपोषण र गुनासो संम्बोधन संयन्त्रको कार्यसम्पादन अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी पाउनेछ।

**३. कार्यान्वयन:**


पृष्ठपोषण र गुनासो संम्बोधन संयन्त्रको यस चरणमा, अनुसन्धान वा समाधान प्रक्रियाबाट निस्केका निर्णयहरू लागू गरिनेछ। स्थानीय, प्रदेश, र राष्ट्रिय तहमा उत्सर्जन-न्यूनीकरण कार्यक्रम कार्यान्वयनका जिम्मेवार अधिकारीहरूले अनुसन्धान टोलीले सिफारिस गरेको मुद्दाहरूलाई सम्बोधन गर्दै अन्तिम निर्णय लिनेछन्। गुनासो निवारण गर्दा पालना गर्नुपर्ने स्पष्ट निर्देशन (प्रक्रिया, स्थान र समय एवं आवश्यकता भएमा स्रोत साधन समेत) प्रदान गरिनेछ।

**४. अनुगमन र पृष्ठपोषण:**

गुनासो निरूपणका निर्णयहरू सही ढंगले कार्यान्वयन भइरहेका छन् र अनपेक्षित नतिजा उत्पन्न भएको छैन भन्ने सुनिश्चित गर्न, उत्सर्जन न्यूनीकरण कार्यक्रमका जिम्मेवार अधिकारी (उदाहरणका लागि स्थानीय तहको लागी वन तथा वातावरण शाखा प्रमुख) ले अनुगमन र मूल्याङ्कनका मार्गदर्शन र तोकिएको कार्यविधि पालना गर्ने छन् । विवादित पक्ष वा उजुरीसंग सम्बन्धित सरोकारवालाबाट नियमित पृष्ठपोषण पनि अपेक्षा गरिन्छ।

पाँच तहको पृष्ठपोषण र गुनासो सम्बोधन संयन्त्र (अदालत प्रणाली सहित) तलको चित्र 4 मा देखाइएको छ। तालिका ११ ले विश्व बैंकको एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमको लागि प्रस्तावित पृष्ठपोषण र गुनासो सम्बोधन संयन्त्रका मुख्य चरणहरू, प्रक्रिया, र समयसीमा सारांशमा प्रस्तुत गरेको छ।

**चित्र नं.4 रेडप्लस कार्यक्रमका लागि प्रस्तावित गुनासो सम्बोधन संयन्त्र (स्रोत: एफसीपीएफको इएसएमएफ)**



तालिका नं.11 एफसीपीएफ उत्सर्जन न्यूनीकरण कार्यक्रमका लागि प्रस्तावित गुनासो सम्बोधन संयन्त्रको सारांश

| **चरण** | **अवस्था** | **प्रक्रियाको विवरण** | **समय सीमा** | **आवश्यक अन्य व्यवस्था** |
|---|---|---|---|---|
| 1 | दर्ता | गुनासो/उजुरी दर्ता वा स्वीकार गर्ने:<br>**कसरी ?**<br>(i) मौखिक: प्रत्यक्ष भेट, फोन<br>(ii) लिखित: उजुरी पेटीका, हुलाक<br>(iii) विद्युतीय माध्यम (इमेल)<br>**कहाँ?**<br>- सम्बन्धित वन कार्यालय, विभाग, मन्त्रालय<br>- स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहका उत्सर्जन न्यूनीकरण कार्यक्रम सम्बन्धी कार्यालय | १ दिन | - इमेल ठेगाना, फोन नम्बर, पी.ओ.बक्स, उजुरी बाकस<br>- सार्वजनिक मञ्चमा व्यक्त गरिएको गुनासो पनि विचार गर्नुपर्ने<br>- अदालतमा दर्ता गर्ने बाहेक अन्य अवस्थामा कुनै निश्चित ढाँचा आवश्यक नपर्ने<br>- सार्वजनिक मञ्च, सञ्चार माध्यम र पत्रिकामा व्यक्त गुनासो पनि समेटिनुपर्ने |
| 2 | **अनुसन्धान: गुनासो/उजुरीको सम्बोधन** | | | |
| 2.1 | प्रारम्भिक छनोट (स्क्रिनिङ) | - गुनासोको विश्वसनीयता, वैधता, महत्व र संवेदनशीलता (क्षेत्र र दायरा) मूल्याङ्कन गर्ने<br>- सम्बन्धित समूह तथा क्षेत्रको पहिचान गर्ने | ७ दिन | - सम्बन्धित सरोकारवालासँग तथा उपलब्ध अन्य सूचनासँग रुजु गर्ने<br>- स्थानीय तहसँग सम्बन्धित तर प्रदेश वा राष्ट्रिय तहमा दर्ता भएको गुनासो सम्बन्धित तहमा पठाउने |
| 2.2 | प्रमाणीकरण | - सम्बन्धित व्यक्ति/समूहलाई गुनासो/उजुरी प्रमाणित भएको जानकारी दिने<br>- अनुसन्धान योजना र प्रक्रिया सरोकारवालालाई जानकारी गराउने | १ दिन | - गुनासो पेश गर्ने व्यक्ति/समूहलाई स्क्रिनिङको नतिजाबारेको सूचना उपलब्ध गराइनुपर्ने |
| 2.3 | अनुसन्धान | - अनुसन्धान टोली गठन गरी जिम्मेवारी तोक्ने<br>- निर्धारित कार्यविधि अनुसार अनुसन्धान सञ्चालन गर्ने | १५ दिन | - वन अधिकृत, फेकोफन/एकोफन प्रतिनिधि र नेफिन सहित कम्तीमा तीन सदस्यीय टोली<br>- सन्दर्भ, दायरा र संवेदनशीलता अनुसार थप दुई सदस्य समावेश गर्न सकिने<br>- व्यवहारिक (अनौपचारिक) र न्यायिक (औपचारिक तथा आकर्षित हुने |

| | | | | |
|---|---|---|---|---|
| | | | | कानुन/नियमद्वारा निर्देशित) दुवै प्रक्रिया अपनाउन सकिने |
| 2.4 | निर्णय | - अनुसन्धान निष्कर्ष तयार गरी तोकिएको उच्च निकायलाई निर्णयका लागि पेश गर्ने | ६ दिन | - स्थलगत अनुसन्धान सम्पन्न भएपछि छ दिनभित्र अनुसन्धान टोलीले प्रतिवेदन पेश गर्नुपर्ने |
| 3 | **कार्यान्वयन: गुनासो सम्बोधन/द्वन्द्व व्यवस्थापन** | | | |
| 3.1 | निर्णय तथा निर्देशन | - अनुसन्धान टोलीबाट गरिएको निर्णय उच्च निकायले अनुमोदन गर्ने | ६ दिन | - स्पष्ट निर्देशनसहितको निर्णय कार्यान्वयनका लागि कार्यान्वयन इकाई (फिल्ड कार्यालय) लाई उपलब्ध गराइनुपर्ने |
| 3.2 | गुनासो सम्बोधन | - गरिएको निर्णयको कार्यान्वयन प्रारम्भ गर्ने | ७ दिनभित्र | - कार्यान्वयन योजना तयार गरी सम्बन्धित पक्ष/सरोकारवालासँग आदान-प्रदान गर्ने |
| 4 | अनुगमन तथा पृष्ठपोषण:<br>प्रगति र परिणामको अनुगमन गर्ने | | नियमित रूपमा | - मासिक प्रतिवेदन आवश्यक पर्ने |

# अनुसूची ४: नेपालका लागि क्यानकुन सुरक्षणका सिद्धान्त, मापदण्ड र सूचकहरू

| **सुरक्षण "क"का सिद्धान्त, मापदण्ड र सूचकहरू** | | |
|---|---|---|
| **सिद्धान्त (क): रेडप्लस रणनीति र कार्यक्रमहरू मौजुदा स्थानीय तथा राष्ट्रिय कानुनहरूसँग मेल खाने किसिमका छन् र सम्बन्धित राष्ट्रिय नीति तथा कार्यक्रमहरूका साथै अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा अन्य संझौताहरूसँग बाझिएका छैनन् ।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| क१:रेडप्लस रणनीति तथा कार्यक्रमहरू राष्ट्रिय वन, वातावरण, र विकाससम्बन्धी प्रमुख नीति, कार्यक्रम तथा सम्बन्धित कानुनी प्रावधानहरूको उद्देश्यसँग मेल खान्छन् वा ती उद्देश्यहरू प्राप्त गर्न सहयोग पुऱ्याउँछन्। | क1.1 रेडप्लस रणनीति र कार्यक्रमसँग सम्बन्धित वन, वातावरण र विकास सम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरूलाई पहिचान गरी रेडप्लस कार्यहरू यी नीतिहरूसँग मेल खाने सुनिश्चित गरिएको छ । | सम्बोधन |
| | क1.2 रेडप्लस रणनीति र कार्यक्रमहरू वन, वातावरण र विकास सम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरू तथा सम्बन्धित कानुनी प्रावधानहरूसँग अनुपालन हुने सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाइएको छ । | सम्बोधन |
| | क1.3 रेडप्लस रणनीति र कार्यक्रमहरू वन, वातावरण र विकास सम्बन्धी प्रमुख राष्ट्रिय नीतिहरू र कार्यक्रमहरूको उद्देश्यसँग मेल खान्छन् र तिनलाई समर्थन गर्छन् । | पालना |
| **क२:रेडप्लस रणनीति र कार्यक्रमहरू साथै वन, वातावरण, विकास र गरिबी निवारण क्रियाकलापहरू कार्यान्वयन गर्ने नीति तथा कार्यान्वयन निकायहरूबीच प्रभावकारी सञ्चार र समन्वय रहेको छ ।** | क2.1 रेडप्लसका लागि बहुपक्षीय संयन्त्रहरू स्थापना भई सञ्चालनमा छन् । | सम्बोधन |
| | क2.2 राष्ट्रिय, प्रादेशिक र/वा परियोजना स्तरमा रेडप्लस कार्यक्रम कार्यान्वयन सम्बन्धी संयुक्त निर्णयहरूको संख्या । | पालना |

| | | |
|---|---|---|
| | क2.3 अन्तरक्षेत्र सहकार्य मार्फत कार्यान्वयन गर्न तर्जुमा गरिएका रेडप्लस कार्यहरूको संख्या र कार्यान्वयनमा रहेका कार्यहरूको संख्या । | पालना |
| **क३: रेडप्लस रणनीति र कार्यक्रमहरू नेपालले अनुमोदन गरेका सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि र संझौताहरूका उद्देश्यसँग मेल खान्छन् वा तिनलाई हासिल गर्न योगदान पुर्याउछन् ।** | क3.1 सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धि, सन्धि र नीतिहरू पहिचान गरी रेडप्लस रणनीति र कार्यक्रमहरू तिनीहरूसंग तादात्म्य रहेको सुनिश्चित गरिएको छ । | सम्बोधन |
| | क3.2 रेडप्लस रणनीति र कार्यक्रमहरू अन्तर्राष्ट्रिय महासन्धि, संझौता तथा सम्बन्धित कानुनी प्रावधानहरूसँग अनुपालन हुने सुनिश्चित गर्न उपयुक्त उपायहरू अपनाइएको छ । | सम्बोधन |
| | क3.3 रेडप्लस रणनीति र कार्यक्रमहरू अन्तर्राष्ट्रिय महासन्धि, संझौता र सम्बन्धित कानुनी प्रावधानहरूको उद्देश्यसँग अनुपालन गर्छन् र तिनलाई समर्थन गर्छन् । | पालना |
| | क3.4 लैङ्गिक समानता सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिहरूसँग सुसंगत हुने गरी रेडप्लस रणनीति, कार्यक्रम तथा वन योजनाहरूले समान कामको लागि समान ज्याला जस्ता लैङ्गिक समानता सम्बन्धी प्रमुख प्रावधानहरूलाई समावेश गरेका छन् । | पालना |

| **सुरक्षण "ख" का सिद्धान्त, मापदण्ड र सूचकहरू** | | |
|---|---|---|
| **सिद्धान्त (ख): रेडप्लस रणनीति र कार्यक्रमहरूले सुशासन, दिगो विकास र सामाजिक न्यायमा योगदान पुर्‍याउँछन्।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |

| | | |
|---|---|---|
| **ख1: रेडप्लसका लागि सुशासन संरचनाहरू स्पष्ट रूपमा परिभाषित, प्रभावकारी, पारदर्शी र जवाफदेही छन् र यिनले रेडप्लस कार्यक्रम र कार्यहरूमा साझा अपनत्व प्रवर्धन गर्दछन् ।** | ख1.1 प्रभावकारी रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरू स्पष्ट रूपमा परिभाषित काम, कर्तव्य, अधिकार सहित स्थापना भएका छन्। | सम्बोधन |
| | ख1.2 रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरूको भूमिका, जिम्मेवारी र निर्णय प्रक्रिया सम्बन्धी जानकारी सार्वजनिक रूपमा उपलब्ध छ, जसमा सरोकारवालाको संलग्नता प्रक्रिया तथा एफपिक सम्बन्धी प्रक्रियाहरू पनि समावेश छन्। | सम्बोधन |
| | ख1.3 रेडप्लस कार्यहरूको विभिन्न पक्षहरू (प्राविधिक, वित्तीय र सुरक्षण) सम्बन्धी पर्याप्त सूचना आदिवासी जनजाति, दलित, महिला र स्थानीय समुदायहरू लगायत सबै सरोकारवालाहरू र हकवालाहरूलाई उपलब्ध गराइन्छ। | पालना |
| | ख1.4 रेडप्लस संस्थाहरू र सुशासन संरचनाहरूमा आफ्ना समुदायहरूले चयन गरेका र तिनै समुदायप्रति जवाफदेही भएका सरोकारवाला प्रतिनिधिहरू (आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरूको पर्याप्त प्रतिनिधित्वसहित) समावेश हुन्छन् । | पालना |

| | | |
|---|---|---|
| **ख2: रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लस कार्यहरूको तर्जुमा र कार्यान्वयनका क्रममा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्छन् ।** | ख2.1 रेडप्लस रणनीति र कार्यक्रमहरूले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी जोखिमहरू र तिनका निवारणका उपायहरूको मूल्याङ्कन र पहिचान गर्छन्। | सम्बोधन |
| | ख2.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लस कार्यहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका सम्पूर्ण प्रक्रियामा लैङ्गिक संवेदनशील र सामाजिक रूपमा समावेशी दृष्टिकोण र प्रक्रिया प्रयोग गर्छन्। | सम्बोधन |
| | ख2.3 रेडप्लस कार्यहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सरोकारवालाहरू (जसमा आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरू समावेश छन्) को सहभागिता मार्फत लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रवर्द्धन गरिन्छ। | पालना |
| **ख३: रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले वित्तीय पारदर्शिता र जवाफदेहिता सहित वित्तीय सुशासन कायम राख्छन् र कोषको दुरुपयोगबाट जोगिन्छन् ।** | ख3.1 जवाफदेहिता र भ्रष्टाचार नियन्त्रण सम्बन्धी नीतिहरू, कानुन र नियमावलीहरू लागू भएका छन् | सम्बोधन |
| | ख3.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणसम्बन्धी जोखिम र उपायहरू पहिचान गर्दछन् । | सम्बोधन |
| | ख3.3 रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले जवाफदेहिता र भ्रष्टाचार नियन्त्रणका उपायहरू कार्यान्वयन सुनिश्चित गर्दछन् । | पालना |
| | ख3.4 रेडप्लस रणनीति र कार्यक्रमसँग सम्बन्धित वित्तीय जानकारी, समुदाय स्तर समेतका सबै तहमा उचित रूपमा लेखा परीक्षण गरिन्छ र सार्वजनिक रूपमा उपलब्ध गराइन्छ । | सम्बोधन |
| **ख4: रेडप्लसका संस्थाहरू र सरकारी कर्मचारी, वन उपभोक्ता** | ख4.1 रेडप्लस संस्थाका कर्मचारीहरू रेडप्लस प्रक्रियामा तालिम प्राप्त गर्छन् । | पालना |

| | | |
|---|---|---|
| **समूहहरू, आदिवासी जनजाति, महिला, दलित र स्थानीय समुदायहरू सहित सबै सम्बन्धित सरोकारवालाहरूको क्षमता र चेतना बढाइन्छ ।** | ख4.2 सरोकारवालाहरूका लागि क्षमता विकास र चेतना अभिवृद्धि सम्बन्धी क्रियाकलापहरू सञ्चालन गरिन्छ (जसमा आदिवासी, स्थानीय समुदाय, महिला र दलितबाट ५०% सहभागिताको सुनिश्चितता गरिन्छ) । | पालना |
| **मापदण्ड ख5: रेडप्लस कार्यक्रमका लाभहरू लाभग्राहीहरूमा पारदर्शी र न्यायोचित ढंगले वितरण गरिन्छ:** | ख5.1 लाभ बाँडफाँट सम्बन्धी नीतिहरू, कानुन र नियमावलीहरू लागू छन् । | सम्बोधन |
| | ख5.2 रेडप्लस कार्यक्रमका लाभग्राहीहरू सम्बन्धित सरोकारवालासँग परामर्श गरी पहिचान र नक्शाङ्कन गरिन्छ । | सम्बोधन |
| | ख5.3 रेडप्लस लाभ बाँडफाँटका संयन्त्र, योजना र प्रक्रियाहरू सबै सम्बन्धित सरोकारवालासँग परामर्श गरी विकास गरिन्छ । | सम्बोधन |
| | ख5.4 स्वीकृत लाभ बाँडफाँट योजना अनुसार रेडप्लस कार्यक्रमद्वारा विभिन्न प्रकारका लाभग्राहीहरूलाई प्राप्त र वितरण गरिएका कुल लाभ । | पालना |
| | ख5.5 रेडप्लस लाभ बाँडफाँटका परिणामहरूको अनुगमन र मूल्याङ्कन गरिन्छ । | पालना |
| **ख6: कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र लाभ बाँडफाँटसँग सम्बन्धित सबै उजुरीहरू समयमै र सांस्कृतिक रूपमा उपयुक्त तरिकाले सम्बोधन गर्ने विषय रेडप्लस कार्यक्रमले सुनिश्चित गरेको हुन्छ ।** | ख6.1 सबै तहमा रेडप्लसका लागि राष्ट्रिय कानुनअनुसार सुचारु र उपयुक्त गुनासो संबोधन संयन्त्रहरू संचालनमा छन् । | सम्बोधन |
| | ख6.2 गुनासो संबोधन संयन्त्र र प्रक्रियाहरूको उपलब्धता बारेको सूचना उपयुक्त माध्यम मार्फत सम्बन्धित सबै सरोकारवालासम्म व्यापक रूपमा वितरण गरिएको छ । | पालना |
| | ख6.3 रेडप्लस कार्यक्रमसँग सम्बन्धित गुनासोहरू दर्ता गरिन्छ, सम्बोधन गरिन्छ र समयमै तथा सांस्कृतिक रूपमा उपयुक्त तरिकाले समाधान गरिन्छ । | पालना |

| |
|---|
| **सुरक्षण "ग" का सिद्धान्त, मापदण्ड र सूचकहरू** |

| सिद्धान्त "ग": रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति र स्थानीय समुदायहरूको भूमि, क्षेत्र, स्रोतहरूका साथै तिनीहरूको परम्परागत सीप र ज्ञानमाथिको अधिकारलाई मान्यता दिन्छन् र पालना गर्दछन्। | | |
|---|---|---|
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| **"ग1": रेडप्लस रणनीति र कार्यक्रमहरूले विभिन्न अधिकारवालाहरू पहिचान गर्छन् र आदिवासी जनजाति तथा स्थानीय समुदायहरूको परम्परागत स्वामित्वमा रहेको, भोगचलन गरेको वा अन्य तरिकाले प्रयोग वा प्राप्त गरेको भूमि,थापथलो र प्राकृतिक स्रोतमा उनीहरुको कानूनी वा प्रथाजनित अधिकारको सम्मान गर्छन् ।** | ग1.1 रेडप्लस रणनीति र कार्यक्रमका नीति र प्रक्रियाहरूमा प्रचलित कानुनको अधीनमा रही लैंगिक संवेदनशील, सामाजिक समावेशी र सहभागितामूलक विधिबाट कानूनी र प्रथाजनित अधिकारको संरक्षण र सम्मान गरिन्छ । | सम्बोधन |
| | ग1.2 रेडप्लस कार्यक्रमहरूले सबै सम्बन्धित अधिकारवालाहरू, जसमा आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलित समावेश छन्, र तिनका भूमि, थातथलो, प्राकृतिक स्रोत तथा सांस्कृतिक र आध्यात्मिक स्थलमा वैधानिक र परम्परागत अधिकार पहिचान र नक्सांकन गर्ने प्रभावकारी र पारदर्शी प्रक्रिया अपनाउँछन् । | सम्बोधन |
| | ग1.3 रेडप्लस कार्यक्रमहरूले भूमि, थातथलो र प्राकृतिक स्रोतमा वैधानिक अधिकार स्थापना र सुरक्षित गर्न प्रवर्द्धन र योगदान गर्छन् । | पालना |
| | ग1.4 रेडप्लस रणनीति र कार्यक्रमहरूले दिगो वन व्यवस्थापन र समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरू प्रवर्द्धन गर्छन्, जसमा वन व्यवस्थापन र भूमिको उपयोग योजनाहरूमा आदिवासी जनजाति र स्थानीय समुदायका अधिकारको मान्यता र सम्मान समावेश हुन्छ । | पालना |
| **ग२: आदिवासी जनजाति र स्थानीय समुदायको भूमि, थातथलो र प्राकृतिक स्रोतमाथिको अधिकारमा रेडप्लस कार्यक्रम वा क्रियाकलापहरूले प्रभाव पार्ने भएमा उनीहरूको एफपिक आवश्यक पर्दछ,:** | ग2.1 स्वतन्त्र पूर्व र सूचित सहमति प्राप्त गर्ने प्रक्रिया सरोकारवालाहरू, अधिकारवालाहरू र रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले सामूहिक रूपमा तर्जुमा गर्छन्। | सम्बोधन |
| | ग2.2 जसले तिनको भूमि, थातथलो र प्राकृतिक स्रोतको अधिकारलाई प्रभावित गर्ने भएमा कुनै पनि रेडप्लस कार्यक्रम वा क्रियाकलापमा भाग लिन आदिवासी जनजाति र स्थानीय समुदायबाट स्वतन्त्र, पूर्व र सूचित सहमति प्राप्त गरिन्छ । | पालना |

| | | |
|---|---|---|
| | ग2.3 प्रभावित सरोकारवालाहरूको स्वतन्त्र पूर्व सूचित सहमति बिना कुनै पुनर्वास गराइने छैन, र यदि पुनर्वास वा विस्थापन हुने भएमा वैकल्पिक भूमि र/वा उचित क्षतिपूर्ति प्रदान गर्ने पूर्व सहमति प्राप्त भएको हुनुपर्छ । | पालना |
| **ग3: रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति र स्थानीय समुदायका ज्ञान र अभ्यासको मान्यता र सम्मान गर्दछन् ।** | ग3.1 रेडप्लसका सन्दर्भमा आदिवासी जनजाति र स्थानीय समुदायको संस्कृति, परम्परागत ज्ञान र अभ्यासको मान्यता र सम्मान गर्न कानुनी दस्तावेज विद्यमान छन् । | सम्बोधन |
| | ग3.2 रेडप्लस रणनीति र कार्यक्रमका नीति तथा कार्यविधिले सहभागितामूलक ढंगबाट आदिवासी जनजाति र स्थानीय समुदायको संस्कृति, स्थल, परम्परागत ज्ञान र अभ्यासको सम्मानलाई प्रवर्द्धन र कायम गर्दछन् । | सम्बोधन |
| | ग3.3 रेडप्लस क्रियाकलापको तर्जुमा र कार्यान्वयनबाट आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप र अभ्यास साथै सांस्कृतिक/आध्यात्मिक स्थलहरूको सम्मान र प्रवर्द्धन गरिन्छ । | पालना |
| **ग4, रेडप्लस कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दा जसले भूमि, थातथलो र प्राकृतिक स्रोतहरूमा कानूनी तथा प्रथाजनित अधिकारका आधारमा कार्बन अधिकारहरू स्पष्ट रूपमा परिभाषित गरिनुका साथै सम्मान गरिन्छ:** | ग4.1 कार्बन अधिकारहरू देशको प्रचलित कानुन अनुसार परिभाषित र नियमन गरिन्छ । | सम्बोधन |

| | | |
|---|---|---|
| | ग4.2 भूमि, थातथलो र प्राकृतिक स्रोतहरूमा कानूनी तथा प्रथाजनित अधिकारका आधारमा हरितगृह ग्यास उत्सर्जन घटाउने र हटाउने क्रियाकलापहरू हुदा रेडप्लस कार्यक्रमहरूले कार्बन अधिकारको (निजी स्वामित्वको जमीन भए सो समेत) पहिचान र वितरण गर्ने नीति र कार्यविधि कार्यान्वयन गर्दछन् । | पालना |

| **सुरक्षण "घ"का सिद्धान्त, मापदण्ड र सूचकहरू** | | |
|---|---|---|
| **सिद्धान्त घ: रेडप्लस रणनीति र कार्यक्रमहरूमा विशेष गरी आदिवासी जनजाति र स्थानीय समुदायहरू सहित सबै सम्बन्धित सरोकारवालाहरू पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन्छन्।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| **घ1:रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लसको तर्जुमा, कार्यान्वयन र अनुगमनमा आदिवासी जनजाति र स्थानीय समुदाय सहित सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिताको अधिकारलाई मान्यता दिन्छन् ।** | घ1.1 आदिवासी जनजाति र स्थानीय समुदाय तथा तिनका अधिकारहरू पहिचान गर्ने र मान्यता दिने कानुनी दस्तावेजहरू विद्यमान छन्। | सम्बोधन |
| | घ1.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलितहरू सहित सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको तिनका रुचि र कार्यक्रमसँगको सान्दर्भिकता सहित सहभागितामूलक ढंगले पहिचान र नक्सांकन गर्छन् । | सम्बोधन |
| | घ1.3 रेडप्लस कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला र दलितहरूको कार्यक्रममा सहभागिता सुनिश्चित गर्ने नीति र प्रक्रियाहरू कार्यान्वयन गर्छन् । | सम्बोधन |
| **घ2:रेडप्लस रणनीति र कार्यक्रमहरूले तिनको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र** | घ2.1 रेडप्लस क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा सबै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको पूर्ण र प्रभावकारी सहभागिता सुनिश्चित गर्न सांस्कृतिक र लैङ्गिक संवेदनशील प्रक्रिया, संस्थागत संरचना, र सञ्चार माध्यमहरू उपलब्ध हुन्छन् । | सम्बोधन |

| | | |
|---|---|---|
| **प्रभावकारी सहभागिता सुनिश्चित गर्छन् ।** | घ2.2 जहाँ उपयुक्त छ, रेडप्लस र सम्बन्धित वन क्षेत्रका योजनाहरू तथा प्रक्रियामा आदिवासी जनजाति र स्थानीय समुदायका प्रथाजनित संस्था र निर्णय प्रक्रिया प्रतिबिम्बित र समावेश गरिएका छन् । | पालना |
| | घ2.3 रेडप्लसको शासकीय संरचना, वन व्यवस्थापन र सहभागितामूलक प्रक्रियाहरूमा विशेष गरी आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र अन्य सीमान्तकृत समूहलाई मध्यनजर गर्दै सरोकारवालाहरूको न्यायोचित रूपले प्रतिनिधित्व गरिएको हुन्छ; जसमा सरोकारवालाका प्रतिनिधिहरू पारदर्शी तरिकाले चयन गरिन्छन् र उनीहरु आफ्नो सरोकारवाला संस्थासँग जवाफदेही हुन्छन् (पालना)। | पालना |
| | घ2.4 अधिकारवालाहरू र सरोकारवालाहरूबाट प्राप्त प्रतिक्रिया वा सुझावहरू रेडप्लस रणनीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयनमा मान्यता दिइन्छ र अपनाइन्छ । | पालना |
| | घ2.5 आदिवासी जनजाति, स्थानीय समुदायका सदस्य, महिला, दलित र अन्य सीमान्तकृत समूहका सदस्यहरू सहित सरोकारवालाहरू र अधिकारवालाहरू रेडप्लस रणनीति र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र लाभ बाँडफाँटमा सहभागी हुन्छन् । | पालना |
| **घ3: रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले अधिकारवालाहरू र सरोकारवालाहरूलाई रेडप्लस कार्यक्रम र क्रियाकलापको बारेमा सांस्कृतिक रूपमा उपयुक्त र** | घ3.1रेडप्लस सम्बन्धी सूचना आदानप्रदानलाई सहज बनाउने कानुनी ढाँचा विद्यमान छ । | सम्बोधन |

| | | |
|---|---|---|
| **लैङ्गिक रुपमा संवेदनशील ढंगले समयमै जानकारी प्रदान गर्ने सुनिश्चित गर्छन्, साथै उनीहरूलाई कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पूर्ण र प्रभावकारी सहभागिता जनाउने क्षमताको समेत सुनिश्चित गर्छन् ।** | घ3.2 रेडप्लस रणनीति र कार्यक्रमहरूले सूचना प्राप्त गर्ने लक्षित समूहहरू पहिचान गर्छन् र सांस्कृतिक रूपमा उपयुक्त तथा लैङ्गिक रुपमा संवेदनशील सूचना आदानप्रदानका माध्यम र संयन्त्रहरू स्थापना गर्छन् (सम्बोधन)। | पालना |
| | घ3.3 रेडप्लसको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सुरक्षण, साथै सम्बन्धित अधिकार र कानुनी प्रावधानहरूको सूचना अधिकारवालाहरू र सरोकारवालाहरूसँग प्रभावकारी र पारदर्शी रूपमा सांस्कृतिक रूपमा उपयुक्त, लैङ्गिक रुपमा संवेदनशील ढंगले संभव भए सम्म स्थानीय भाषामा समयमै आदान-प्रदान गरिन्छ । | पालना |
| | घ3.4 रेडप्लस कार्यक्रमहरूले आदिवासी जनजाति, स्थानीय समुदाय, महिला, दलित र सीमान्तकृत समूहलाई विशेष रुपमा ध्यान दिदै सम्बन्धित अधिकारवालाहरू र सरोकारवालाहरूको क्षमता-आवश्यकता पहिचान गरी उनीहरूलाई रेडप्लसको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पूर्ण र प्रभावकारी रूपमा सहभागी हुन सहयोग प्रदान गर्छन् । | पालना |
| **सिद्धान्त ङ: रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीको संरक्षणको प्रवर्द्धन गर्नुका साथै जैविक विविधता एवं पारिस्थितिकीय सेवाहरू एवं अन्य सामाजिक र वातावरणीय लाभहरूको निरन्तरता र वृद्धि गर्दछन्।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| **ङ१: रेडप्लस रणनीति र कार्यक्रमहरूले रेडप्लस क्रियाकलाप र कार्यहरूबाट सम्भावित प्रभाव पर्ने प्राकृतिक वन, जैविक विविधता र** | ङ1.1 रेडप्लस क्षेत्रहरूमा समेत रेडप्लस रणनीति र कार्यक्रमसँग सम्बन्धित प्राकृतिक वन, अन्य महत्वपूर्ण पारिस्थितिकीय प्रणालीहरू र जैविक विविधताको पहिचान गर्ने कार्य कानून सम्मत् हुन्छन् । | सम्बोधन |

| | | |
|---|---|---|
| **पारिस्थितिकीय सेवाहरूको पहिचान, प्राथमिकता निर्धारण र नक्साङ्कन गर्छन् ।** | ङ1.2 प्राकृतिक वन, जैविक विविधता तथा पारिस्थितिक सेवाहरू–जसमा महत्वपूर्ण तथा संकटापन्न वनस्पति र वन्यजन्तु प्रजातिहरू समेत समावेश छन्–जुन रेडप्लस कार्यक्रमहरूबाट सम्भावित रूपमा प्रभावित हुन सक्छन्, तिनको पहिचान, प्राथमिकीकरण तथा नक्साङ्कन गरिएको छ, र रेडप्लस कार्यहरूको सान्दर्भिक लाभ तथा जोखिमहरूको मूल्याङ्कन गरिएको छ, जसमा स्थानीय ज्ञान भएकाहरूसँग परामर्शसमेत समावेश गरिएको छ। | पालना |
| **ङ2: रेडप्लस रणनीति र कार्यक्रमहरूले पहिचान गरिएका प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाका प्राथमिकताहरूलाई निरन्तरता दिदै प्रवर्द्धन गर्दछन् ।** | ङ2.1 रेडप्लस कार्यक्रमहरूले पहिचान गरिएका प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाका प्राथमिकताहरूको निरन्तरता र प्रवर्द्धन गर्नका लागि उपायहरू पहिचान गर्छन्, जसमा तिनीहरूको संरक्षणका लागि प्रोत्साहनहरू पनि समावेश हुन्छन् । | सम्बोधन |
| | ङ2.2 रेडप्लस कार्यहरू लागू गर्दा पहिचान गरिएका प्राकृतिक वन र जैविक विविधता तथा पारिस्थितिकीय सेवाका लागि महत्वपूर्ण स्थलहरू सुरक्षित र प्रवर्द्धन गरिएका हुन्छन् । | पालना |
| **ङ3: पहिचान भएका जैविक विविधता तथा पारिस्थितिकीय सेवाहरूको निरन्तरता र अभिवृद्धिका लागि महत्वपूर्ण मानिएका प्राकृतिक वन वा अन्यक्षेत्रहरूको रेडप्लस कार्यक्रमहरूले परिवर्तन वा क्षयीकरण गर्दैनन् ।** | ङ3.1 प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूको परिवर्तन वा क्षयीकरणको जोखिम घटाउन कानुनी संरचना तथा उपचार उपलब्ध छन् । | सम्बोधन |
| | ङ3.2 रेडप्लस कार्यान्वयनका कारण प्राकृतिक वन र अन्य प्राकृतिक पारिस्थितिकीय प्रणालीहरूको परिवर्तन वा क्षयीकरण भएको छैन भन्ने रेडप्लस रणनीति र कार्यक्रमहरूको अनुगमनबाट प्रमाणित हुन्छ । | पालना |
| **ङ४: रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन, जैविक विविधता र अन्य प्राकृतिक पारिस्थितिकीय** | ङ4.1 रेडप्लस रणनीति र कार्यक्रमहरूले प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको संरक्षणका लागि राष्ट्रिय र स्थानीय नीतिहरूका उद्देश्यहरूलाई समर्थन गर्छन् । | सम्बोधन |

| | | |
|---|---|---|
| **प्रणालीहरूको संरक्षणमा योगदान पुऱ्याउँछन्:** | ङ4.2 रेडप्लस कार्यहरू प्राकृतिक वन, जैविक विविधता र पारिस्थितिकीय सेवाको संरक्षणमा योगदान पुऱ्याउने गरी तर्जुमा र लागू गरिन्छन् । | पालना |
| **ङ5: रेडप्लस रणनीति र कार्यक्रमहरूको पूर्वानुमानित र वास्तविक सामाजिक तथा वातावरणीय सकारात्मक र नकारात्मक प्रभावहरू मूल्याङ्कन गरिन्छ, साथै नकारात्मक प्रभाव कम गर्न र सामाजिक तथा वातावरणीय लाभ बढाउन कार्यक्रमहरू समायोजन गरिन्छन् ।** | ङ5.1 रेडप्लस सम्बन्धी सामाजिक र वातावरणीय प्रभावहरूको मूल्याङ्कन र सम्भावित नकारात्मक प्रभावहरूको न्यूनीकरणका उपायहरू कानुनी संरचना र प्रक्रिया अनुरुप छन् । | सम्बोधन |
| | ङ5.2 रेडप्लस रणनीति र कार्यक्रमहरूको सम्भावित सामाजिक र वातावरणीय सकारात्मक र नकारात्मक प्रभावहरू मूल्याङ्कन गरिन्छ, र नकारात्मक प्रभाव घटाउने तथा लाभ प्रवर्द्धन गर्ने उपायहरू पहिचान गरिन्छ । | पालना |
| | ङ5.3 रेडप्लस रणनीति र कार्यक्रमहरूले आफ्ना सामाजिक र वातावरणीय प्रभावहरू अनुगमन गर्छन् र सामाजिक तथा वातावरणीय लाभको सुनिश्चिततामा योगदान पुऱ्याउँछन् । | पालना |
| | ङ5.4 रेडप्लस रणनीति र कार्यक्रमहरूले अनुकूलन व्यवस्थापन विधिबाट नकारात्मक प्रभाव कम गर्ने र जैविक विविधता र पारिस्थितिकीय सेवाहरू सहित वातावरणीय तथा सामाजिक लाभ प्रवर्द्धन गर्ने कार्य गर्छन् । | पालना |

| **सुरक्षण "च" का सिद्धान्त, मापदण्ड र सूचकहरू** | | |
|---|---|---|
| **सिद्धान्त "च": रेडप्लस रणनीति तथा कार्यक्रमहरूले परिमाण र सन्दर्भ अनुरुपका उपायहरू अवलम्बन गर्दै, प्रदेश र स्थानीय स्तरका कार्यहरू र, राष्ट्रिय स्तरका नीतिगत पहलहरू तथा प्रभावकारी अनुगमनलाई जोड दिई पुनःउत्सर्जन (रिभर्सल) का जोखिमहरू न्यूनीकरण गर्दछन्।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| **च1: वन कार्बन सञ्चितिमा हुने आन्तरिक तथा बाह्य जोखिमहरू सहित पुन:उत्सर्जन (रिभर्सल)का जोखिमहरू परिभाषित गरी मूल्याङ्कन** | च1.1 सम्बन्धित कानून अनुसार रेडप्लसका नीतिहरू र कार्यविधिहरूले पुन:उत्सर्जनको जोखिमको आँकलन, न्यूनीकरण र अनुगमन गर्न सहयोग पुर्याउछन् । | सम्बोधन |

| | | |
|---|---|---|
| **गरिएका छन् र त्यसको न्यूनीकरण योजना तयार पारिएको छ ।** | च1.2 रेडप्लस कार्यान्वयन गर्ने निकायहरूले पुन:उत्सर्जनको जोखिम र वन कार्बन सञ्चितिमा आन्तरिक र बाह्य चुनौतिको आकलन गर्दै यी जोखिम र चुनौतिका कारकहरू पहिचान गरी न्यूनीकरण योजनाको तर्जुमा र कार्यान्वयन गरिन्छ साथै वन संरक्षण र दिगो व्यवस्थापनलाई प्रवर्धन गर्न प्रोत्साहन गरिन्छ । | पालना |
| **च2: कुनै पुन:उत्सर्जनका घटना भएमा सो समेत वनबाट हुने उत्सर्जन र वन कार्वन सञ्चितिमा आएको परिवर्तनको आवधिक रुपमा अनुगमन र मूल्याङ्कन गरिन्छ ।** | च2.1 पुन:उत्सर्जन पत्ता लगाउन र प्रतिक्रिया दिन सक्ने क्षमता भएको वन अनुगमन प्रणाली स्थापना गरिएको छ । | सम्बोधन |
| | च2.2 वन अनुगमन नियमित रूपमा गरिन्छ, र पुन:उत्सर्जन सम्बन्धी जोखिम वा घटनाबारे जानकारीसहितको अनुगमन प्रतिवेदन रेडप्लसका सरोकारवालाहरूलाई उपलब्ध गराइन्छ। | पालना |

| **सुरक्षण “छ” का सिद्धान्त, मापदण्ड र सूचकहरू** | | |
|---|---|---|
| **सिद्धान्त “छ”: रेडप्लस रणनीति र कार्यक्रमहरूमा उत्सर्जन विस्थापनको जोखिम न्यूनीकरण गर्ने कार्यहरू समेटिएका हुन्छन् साथै तिनले राष्ट्रिय, प्रादेशिक, जिल्ला र वन व्यवस्थापन इकाई स्तरसम्मका अनुगमन कार्यलाई सहयोग गरेका हुन्छन् ।** | | |
| **मापदण्ड** | **सूचकहरू** | **सूचकको प्रकार** |
| **“छ१”: वन विनाश र वन क्षयीकरणका प्रत्यक्ष, अप्रत्यक्ष तथा आधारभूत कारकहरू सहित उत्सर्जन विस्थापनका जोखिमहरू स्पष्ट रूपमा परिभाषित तथा मूल्याङ्कन गरिएका हुन्छन् र तिनको न्यूनीकरण योजनाहरू तर्जुमा गरिएको हुन्छ ।** | छ1.1: सम्बन्धित कानून अनुसार रेडप्लसका नीति र कार्यविधिहरूले विस्थापन जोखिमलाई मूल्याङ्कन, न्यूनीकरण र अनुगमन गर्न सहयोग पुर्याउछन्। | सम्बोधन |
| | छ१.२रेडप्लस कार्यान्वयन गर्ने निकायहरूबाट वन विनाश तथा वन क्षयीकरणका प्रत्यक्ष, अप्रत्यक्ष तथा आधारभूत कारकहरू सहित विस्थापन सम्बन्धी जोखिमहरूको मूल्याङ्कन गरिन्छ र यस्ता जोखिम न्यूनीकरणका लागि वन संरक्षण तथा दिगो वन व्यवस्थापन प्रवर्द्धन | पालना |

| | | |
|---|---|---|
| | गर्न प्रोत्साहन गर्दै न्यूनीकरण योजनाहरू तयार गरी कार्यान्वयन गरिन्छ।(पालना) | |
| **“छर”: वनबाट हुने उत्सर्जन तथा कार्बन सञ्चितिमा हुने परिवर्तनको आवधिक अनुगमन तथा मूल्याङ्कन गरिन्छ, जसमा कार्यान्वयन गरिएका उपायहरू र विस्थापनका घटनाहरूको समेत अनुगमन गरिन्छ ।** | छ2.1: विस्थापन पत्ता लगाउन र प्रतिक्रिया दिन सक्षम वन अनुगमन प्रणाली स्थापना गरिएको छ। | सम्बोधन |
| | छ2.2: वन अनुगमन नियमित रूपमा गरी विस्थापनकका जोखिम वा घटनाहरूको जानकारीसहितको अनुगमन प्रतिवेदन रेडप्लस सरोकारवालाहरूलाई उपलब्ध गराइन्छ। | पालना |

# अनुसूची ५: अध्याय ५ मा सन्दर्भ दिइएका तथ्याङ्कहरूको तालिका

**तालिका नं. 12 आ.व. २०२२/२३ मा अ.दु.अ.आ.मा दर्ता तथा फर्यौट भएका उजुरीहरूको विवरण**

| क्रं.सं. | मन्त्रालय तथा निकाय | दर्ता भएका उजुरीहरूको संख्या | | | फर्छ्यौट भएका उजुरीहरूको संख्या (विशेष अदालतमा मुद्दा दायर गरिएका सहित) |
|---|---|---|---|---|---|
| | | **अघिल्लो आर्थिक वर्षबाट** | **आ.व. २०७९/२०८० मा दर्ता भएका उजुरी** | **जम्मा** | |
| 1 | वन तथा वातावरण मन्त्रालय (संघीय) | ६२ | १७४ | २३६ | १७९ |
| 2 | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (प्रदेश) | | | | |
| | कोशी | ३८ | ८७ | १२५ | ९८ |
| | मधेश | १६ | ५९ | ७५ | ५५ |
| | बागमती | १८ | ८९ | १०७ | ६५ |
| | गण्डकी | २५ | ६५ | ९० | ६८ |
| | लुम्बिनी | १७ | १८३ | २०० | १६० |
| | कर्णाली | ३१ | ८७ | ११८ | ७२ |
| | सुदूरपश्चिम | ७० | १४२ | २१२ | १५४ |

तालिका नं.13 वन तथा वातावरण मन्त्रालयको शासकीय सुधार शाखामा प्राप्त उजुरी/गुनासोको विवरणहरू

| क्र.सं. | उजुरी/गुनासो पठाउने निकाय | आ.व. २०८०/२०८१ | असोज/कार्तिक | कार्तिक/मंसिर | मंसिर/पुष | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी संख्या | ० | ० | २ | २ |
| | | फर्छ्यौट भएका | ० | ० | ० | ० |
| | | प्रक्रियामा रहेका | ० | ० | २ | २ |
| २ | हेलो सरकार एकाइबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी संख्या | २ | ५ | ४ | ११ |
| | | फर्छ्यौट भएका | १ | ४ | ३ | ८ |
| | | प्रक्रियामा रहेका | १ | १ | १ | ३ |
| ३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी संख्या | ४ | २ | ४ | १० |
| | | फर्छ्यौट भएका | १ | ० | १ | २ |
| | | प्रक्रियामा रहेका | ३ | २ | ३ | ८ |
| ४ | मन्त्रालयमा प्राप्त तथा दर्ता भएका उजुरी/गुनासो | प्राप्त उजुरी संख्या | ० | ० | १ | १ |
| | | फर्छ्यौट भएका | ० | ० | ० | ० |
| | | प्रक्रियामा रहेका | ० | ० | १ | १ |
| ५ | राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी संख्या | ० | ४ | १ | ५ |
| | | फर्छ्यौट भएका | ० | १ | ० | १ |
| | | प्रक्रियामा रहेका | ० | ३ | १ | ४ |